# सामुदायिक रेडियो

वर्ष १ अंक १ २०७३ पुस



## 'अकोराबको निरन्तर वकालतले सार्थकता पाएको छ'




दोलखामा सम्पन्न अकोराबको दशौं साधारणसभा समारोहमा तीन पूर्व प्रधानमन्त्रीहरू क्रमश: शेरबहादुर देउवा, पुष्पकमल दाहाल र झलनाथ खनाल ।




चौथो विश्व रेडियो दिवसका अवसरमा अकोराबद्वारा आयोजित कार्यक्रमका प्रमुख अतिथि तत्कालीन प्रधानमन्त्री स्व. सुशील कोइरालालाई रेडियो प्रदान गर्दै अकोराबका अध्यक्ष मोहन चापागाई ।



चितवनमा भएको ११औं साधारणसभाका प्रमुख अतिथि तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङलाई मायाको चिनो प्रदान गर्दै अकोराबका अध्यक्ष चापागाई ।



भूकम्पले रेडियो भवन क्षतिग्रस्त भएपछि पालमा सञ्चालित रेडियो गोरखाका लागि अन्नपातो दिँदै नयाँशक्ति नेपालका संयोजक एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई ।

# सामुदायिक रेडियो



समुदायका लागि सामुदायिक रेडियो र अकोराब

७




१८



साझा बन्दै साझा खबर ५५



रेडियो धादिङमाथि आक्रमण ६६

- उपलब्धि र भावी रणनीतिहरू २२
- अकोराबका आरोह अवरोह ३०
- दिगोपनामा सामुदायिक रेडियोका चुनौती ३३
- सकारात्मक प्रभावका लागि प्रशंसनीय खोज पद्धति ३८
- सामुदायिक रेडियोमा महिलाः चुनौतीपूर्ण पाइला ४३
- जीवनशैली बन्दै सामुदायिक रेडियो ४७
- विकास र परिवर्तनमा सीआईएन ४९
- गाउँका विवाद गाउँमै साम्य ५३
- जीवन रक्षाका लागि 'जीवन रक्षा' ५८
- सामुदायिक पत्रकारिता अभ्यास, अवसर र चुनौती ६०
- रेडियोमा प्रयोग गरिने अडियो केबल र कनेक्टर ७१
- सफलताको कथा ७५
- South Asian Community Radio Conference 2016 ९२
- Radio summit on radio in times of emergency and disaster १०९

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) द्वारा
प्रकाशित 'सामुदायिक रेडियो' का लागि

**सम्पादन संयोजक**
डा. रामचन्द्र लामिछाने

**सम्पादन मण्डल**
गोविन्द खड्का
दीपक आचार्य
लक्ष्मी बस्नेत
लिलप्रकाश चन्द

**व्यवस्थापन**
बाबुराम खड्का

**लेआउट/प्रिन्टिङ**
मिडिया क्याफे
अनामनगर, काठमाडौं

**पत्राचारका लागि** :
सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)
चाकुपाट, ललितपुर,
पोष्ट बक्स : १९३२४ काठमाडौं, फोन : ५२६०६६१, ५२६०६७१
फोन/फ्याक्स : ५२६०६४६
इमेल : info@acorab.org.np, acorab@gmail.com, वेबसाइट : www.acorab.org.np

**अनुरोध**
देशभरका सामुदायिक रेडियोले गरेका गतिविधि हामीलाइ पठाउनुस् । तपाईंका गतिविधि र क्रियाकलाप सामुदायिक रेडियो (न्युजलेटर) मा समावेश गर्नेछौं ।

# प्रकाशकीय

सामुदायिक रेडियो प्रसारक संघको प्रकाशन 'सामुदायिक रेडियो' विशेषाङ्क तपाईको हातमा छ । सामुदायिक रेडियोहरू स्थापना गर्ने कानुनी बाटोका लागि वकालत गर्ने र सामुदायिक रेडियो खोल्न उत्प्रेरित गर्ने उद्देश्यसाथ स्थापना भएको छाता संगठन सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल अहिलेको दायित्व भनेको सामुदायिक रेडियोमैत्री नीतिका लागि वकालत तथा पैरवी गर्नु र रेडियोहरूको दिगोपनमा काम गर्नु हो ।

यसैको सेरोफेरोमा रहेर संस्थाले गरिरहेको गतिविधि, सामुदायिक रेडियोका सफलताका कथाहरू, सामुदायिक प्रसारणका कारण सामाजिक रूपान्तरणमा परेका सकारात्मक प्रभाव, अन्तर्राष्ट्रिय सभा-समारोह र सम्मेलनहरूमा संघको सहभागिता, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दातृ निकायसँगको साझेदारीका विषय र सामुदायिक रेडियोमैत्री नीति निर्माण गर्नका लागि संघले खेलेको भूमिका अनि भइरहेका प्रयासबारे सबैसामु उजागर गर्नु यो बुलेटिन प्रकाशनको उद्देश्य हो ।

यही उद्देश्यलाई मूर्तरूप दिनकै लागि यस अंकमा अकोराब र सीआईएनको गतिविधिमात्रै होइन, संघका पदाधिकारीहरूले संगठनलाई कस्तो दिशा दिँदै हुनुहुन्छ अनि हामीसित सरोकार राख्ने महानुभावले कसरी हेर्दै हुनुहुन्छ त ? यो पनि प्रकाशनमा समेट्ने प्रयास गरिएको छ । यतिमात्रै होइन, प्राविधिक ज्ञान र गुणस्तरीय उत्पादनका सीप पनि केही मात्रामा साट्ने जमर्को गरिएको छ । प्रकाशनमा धेरै रेडियोकर्मीको लेख, विचार तथा अनुभव समेट्दै मुलुकभर छरिएर रहेका सामुदायिक रेडियोहरू के कस्ता अवस्थामा छन् वा उनीहरूले आफ्नो क्षेत्रमा ती समुदायलाई कसरी सघाइरहेका छन् त भन्ने जानकारी दिने प्रयास पनि यहाँ गरिएको छ ।

यस प्रकाशनमा रहेका बिचारहरूले सामुदायिक रेडियोहरूका आगामी दिनका अभियानलाई पनि दिशानिर्देश गर्न सघाउ पुऱ्याउने छ । देशभर सञ्चालनमा रहेका ३ सय ३ सामुदायिक एफएम रेडियोहरूमा पुग्ने यस विशेषाङ्क पढिसकेपछि आउने प्रतिक्रियालाई आगामी अंकहरूमा समेट्ने नै छौं । अब भने यसलाई ई-बुलेटिनका रूपमा निरन्तरता दिने तयारीमा हामी छौं । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) ले नेपालको सामुदायिक रेडियोको आन्दोलनलाई सामाजिक रूपान्तरणको अभियानका रूपमा परिभाषित गरेर आफ्ना गतिविधिलाई अगाडि बढाएका विषयवस्तु बुलेटिनका लागि प्राथमिकता हुने छ ।

अकोराबको १२ औं राष्ट्रिय साधारणसभाको संघारमा आएर प्रकाशनमा ल्याइएको यी विषयवस्तुमा यहाँहरूबाट स्वच्छ प्रतिक्रियाको अपेक्षा गर्छौं । आगामी अंकहरूमा तपाईको विचार, लेख, रचना र तपाईको रेडियोले गरेका सफलताका कथाहरू पठाउन हामी विनम्र अनुरोध गर्दछौं । नेपालको सामुदायिक रेडियो आन्दोलनको वर्तमान अवस्था र उत्पन्न चुनौतीहरूको लेखाजोखा गरेर अबका दिनमा यस आन्दोलनले समात्नु पर्ने बाटोबारे तपाईले आफ्ना अमूल्य बिचार दिनु भए सामुदायिक रेडियो अभियानले सही बाटो लिन सक्छ ।

संघले सञ्चालन गरेको दक्षिण एसियालाई नै नमुना प्रस्तुत गर्न सफल नेपालको सबैभन्दा ठूलो र प्रभावकारी रेडियो सञ्जालको रूपमा स्थापित सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले गरेका उपलब्धि, पारेको प्रभाव र आगामी दिनमा गर्नुपर्ने कामबारे पनि यो प्रकाशन केन्द्रित भएको छ । लोकतन्त्र, कानुनको शासन र मानव अधिकारमा आधारित सुशासनको अवधारणालाई नेपाली सामुदायिक रेडियो अभियानले अगाडि बढाउँदै आएको कुरालाई पनि यो प्रकाशनले स्मरण गराउने छ । विश्व सामुदायिक रेडियो आन्दोलनको मूलप्रवाहमा समाहित भइसकेको सामुदायिक रेडियो प्रसारक संघलाई थप उचाई लिन यस प्रकाशनले पनि सहयोग पुऱ्याउनेमा आशावादी छौं ।

अन्तमा, यस बुलेटिनका लागि प्रकाशनको नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अकोराबका कार्यकारी निर्देशक डाक्टर रामचन्द्र लामिछाने र सम्पूर्ण सचिवालय कर्मचारीहरू लेख, रचना, विचार उपलब्ध गराउने, फोटो उपलब्ध गराउनेलगायत सम्पादन र व्यवस्थापनमा सहयोग पुऱ्याउने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी प्रकाशनहरूमा पनि यस्तै सहयोग प्राप्त हुने आशा गर्दछौं ।

**मोहन चापागाईं**
अध्यक्ष, अकोराब

# समुदायका लागि सामुदायिक रेडियो र अकोराब

मुलुकको ९५ प्रतिशत जनसंख्यामा सामुदायिक रेडियोको तरङ्गको पहुँच छ । समावेशीकरणको यो युगमा सामुदायिक रेडियोले मुलुकका ७० भन्दा बढी स्थानीय भाषामा कार्यक्रम र समाचार प्रसारण गर्दै आएका छन् ।






नेपालमा सूचना, सञ्चार र सचेतनाका लागि सामुदायिक रेडियोहरु समाजका प्रभावकारी साधनका रुपमा स्थापित भइसकेका छन् । मुलुकको ९५ प्रतिशत जनसंख्यामा सामुदायिक रेडियोको तरङ्को पहुँच छ । समावेशीकरणको यो युगमा सामुदायिक रेडियोले मुलुकका ७० भन्दा बढी स्थानीय भाषामा कार्यक्रम र समाचार प्रसारण गर्दै आएका छन् । देशभरका सामुदायिक रेडियोलाई समुदाय केन्द्रित, सामाजिक रुपान्तरणका लागि अझ बढी जवाफदेही र जिम्मेवार बनाउन सामुदायिक रेडियो प्रसारक संघले समय सापेक्षरूपमा नीति तथा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

सामुदायिक रेडियोलाई संख्यात्मकभन्दा पनि गुणात्मक बनाउनुपर्ने अहिलेको आवश्यकता हो । ग्रामीण जनताको पहल र प्रयासमा दुर्गम गाउँहरूमा सामुदायिक रेडियो स्थापना भएका छन् । विविधताले भरिपूर्ण स्थानीय मातृभाषा बोल्ने र निरक्षर जनताका लागि सामुदायिक रेडियोहरू एकमात्र सूचनाका स्रोत हुन् । सामुदायिक रेडियोहरू सामुदायिक उत्थानका लागि समुदायका सदस्यहरूको पहलमा स्थापना भएका संस्था हुन् । यी संस्थाहरूमा स्थानीय ग्रामीण जनताको करिब एक अर्ब ५० करोडभन्दा बढी रकम लगानी भइसकेको छ भने करिब ५ हजारले स्थानीय स्तरमा रोजगारी पाएका छन् । स्थानीयस्तरमा सामुदायिक रेडियोहरूको सशक्त उपस्थितिले नेपाली समाजको कलंकका रूपमा रहेको जातीय छुवाछूत, बोक्सी, दाइजो, छाउपडी, भ्रष्टाचार जस्ता समस्या दिनानुदिन कम हुँदै गइरहेको छ । समुदायमा सामाजिक सशक्तीकरण बढेर गएको छ ।




## सौर्य ऊर्जा जडान अभियान

नेपालका सम्पूर्ण सामुदायिक रेडियोहरूमा २०७२ भित्रमा सौर्य ऊर्जा जडान गर्ने अभियानसाथ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग छलफल गरी २०७० मा ९५ वटा एफएम रेडियोमा सौर्य ऊर्जा जडान गरिएकामा केही व्यापारिक रेडियोले मन्त्रालय, अख्तियार र पुनरावेदन अदालतमा समेत उजुरी दिएर काममा अवरोध सिर्जना गरेका थिए । पुनरावेदन पाटनमा परेको उजुरीका सम्बन्धमा सामुदायिक रेडियोले प्राप्त गर्ने सौर्य ऊर्जाको अनुदान रोक्न माग गर्दै परेको निवेदन अदालतले खारेज गरेको थियो । अदालतको आदेशले स्पष्ट रूपमा सामुदायिक रेडियोमा अनुदान दिने बाटो खोलिदिएपछि गत वर्ष ९४ रेडियोमा सौर्य ऊर्जा अनुदानका लागि बजेट व्यवस्था भएको थियो ।

# महाभूकम्पमा अकोरावको भूमिका



२०७२ वैशाख १२ गते महाविनासकारी भूकम्प र त्यसपछि नियमित पराकम्पनले देशको पश्चिमाञ्चलका पूर्वी जिल्लाहरू र मध्यामञ्चलको पहाडी जिल्लामा व्यापक धनजनसहित सामुदायिक रेडियोहरूलाई पनि क्षति पुऱ्यायो । त्यतिबेला सामुदायिक रेडियोहरूले खेलेको भूमिका निक्कै प्रशंसनीय रहेको विभिन्न संस्था तथा समुदायले बताएका छन् । भूकम्पका कारण भौतिक रूपमा क्षति भई बन्द भएका सामुदायिक रेडियोहरूको प्रसारण सुचारू गर्न अकोराबले विभिन्न संघसंस्थाहरूसँग समन्वय गरेको थियो ।

- अकोराबले विभिन्न संघसंस्थाहरूसँग मिलेर भूकम्प प्रभावित रेडियोको अवस्था पहिचान गरी प्रतिवेदन सार्वजनिक गऱ्यो र सोही मुताविक प्रस्ताव तयार गरी विभिन्न संघसंस्थामा पेश गरेको थियो ।
- अकोराबले विभिन्न संस्थामा गरेको पहलपछि Give2Asia को सहयोगमा भूकम्प प्रभावित १४ जिल्लाका सम्पूर्ण सामुदायिक रेडियोलाई उपकरण वितरण गरियो । जसमा भूकम्पबाट क्षति भएको अवस्थाबारे टोलीले तयार पारेको रिपोर्टलाई आधार मानेर सहयोग उपलब्ध गराइएको हो ।
- अकोराब र सामुदायिक रेडियोको विश्व संगठन अमार्कको संयुक्त पहलमा युनिसेफद्वारा तीनवटा ठूला साइजका टेन्टहरू रेडियो सिन्धु, रेडियो गोरखा र कृषि रेडियोलाई उपलब्ध गराइयो । त्यस्तै पछिल्लो चरणमा १३ वटा रेडियोलाई ठूलो साइजका टेण्ट उपलब्ध गराइयो ।
- अकोराबसमेतको संयुक्त प्रयासमा आईएमएसको सहयोगमा रेडियो सिन्धु, हाम्रो एफएम, रेडियो गोर्खा, रसुवा एफएम धुन्चे र रेडियो राजमार्गलाई टेलिफोन हाइब्रिड सहयोग उपलब्ध गराइयो ।
- बीबीसी मिडिया एक्सनको सहयोगमा रेडियो पालुङ, सैलुङ, गोरखा, धादिङ, मेलम्ची, सिन्धुलगायतलाई कम्प्युटर उपलब्ध गराइयो ।
- इन्टरनेट सोसाइटीको सहयोगमा रेडियो सिन्धु र रेडियो गोर्खालाई जेनेटर उपलब्ध गराइयो ।
- क्यानेडियन सैनिकको सहयोगमा प्राकृतिक विपत्तिमा परेका रेडियोलाई सेवा दिने उद्देश्यले अकोराबले एउटा सुटकेश रेडियो प्राप्त गरेको छ ।
- आईएफएसकी टीमलिडर एलिजावेथ, अकोराबका कर्मचारीहरू र सचिवालयका पदाधिकारीले सहयोग गरेको रकमबाट रेडियो किनेर दोलखा, सिन्धुपाल्चोक र गोर्खाका अपांगहरूलाई वितरण गरिएको छ ।
- रेडियो ग्रुपको समन्वय वैठक महाभूकम्प पश्चात प्रभावित क्षेत्रका सामुदायिक रेडियोलाइ कसले के कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा निरन्तर छलफल गर्न अकोरावले सम्वन्धित सरोकारवालाहरूसँग नियमित रूपमा वैठकहरू गरेको थियो ।
- महाभूकम्प प्रभावित जिल्लाका सामुदायिक रेडियोका समाचार प्रमुखहरूका लागि क्षमता अभिवृद्धि सम्बन्धी श्रृंखलावद्ध रूपमा कार्यशाला गोष्ठी तथा तालिम आयोजना गरियो जसमा ३५ जनाको सहभागिता रहयो ।



**परियोजना सम्पन्न**

- विश्व बैंक र सेसीको सहयोगमा १५ जिल्लामा सार्वजनिक वित्त व्यवस्थापन परियोजनाको रेडियो कार्यक्रम सम्पन्न भएको छ । जसअन्तर्गत र २०१५ डिसेम्बरको २७ र २८ मा नगरकोटमा मिडिया कार्यशाला आयोजना गरिएको थियो ।

- संयुक्त राष्ट्रसंघीय लोकतान्त्रिक कोष (अनडेप) को सहयोगमा सञ्चालित सामुदायिक रेडियोमा सामाजिक उत्तरदायित्व संस्थागत गर्ने परियोजना सम्पन्न भएको छ । यस परियोजनाबाट २२० रेडियाकर्मीले सामाजिक उत्तरदायित्वसम्बन्धी प्रशिक्षण लिएका छन् । १०० वटा रेडियोले सामाजिक उत्तरदायित्वका सन्दर्भमा सार्वजनिक सुनुवाइ गरे । यस परियोजनाअन्तर्गत २५ रेडियोले सामाजिक लेखापरीक्षण र १०० रेडियोले रणनीतिक योजना, आर्थिक नियमावली, प्रशासनिक नियमावली बनाई कार्यान्वयनमा ल्याएका छन् ।

- वर्ल्डभिजन इन्टरनेसनलको सहयोगमा बालबालिका स्वास्थ्य बहसका लागि रेडियो कार्यक्रम कार्यशाला भएको थियो । कार्यक्रममा २८ सामुदायिक रेडियोको सहभागिता रह्यो । त्यस्तै भूकम्पपछि बालस्वास्थ्य वकालतका लागि २८ रेडियो पत्रकारलाई तालिम दिएपछि उनीहरूले राम्रो रिपोर्टिङ गरेको पाइएको छ । भूकम्प प्रभावित जिल्लालाई लक्षित गरी सञ्चालन भएको सामुदायिक पत्रकारिता परियोजना पहिलो चरणको सकिएको छ ।

- निर्वाचनसम्बन्धी रेडियो कार्यक्रम UNDP ESP र निर्वाचन आयोगको सहकार्यमा सीआईएनले उत्पादन र प्रसारण गरेको निर्वाचनसम्बन्धी रेडियो कार्यक्रम ७४ जिल्लाबाट नियमित रूपमा प्रसारण भई सफलतापूर्वक सम्पन्न भएको छ ।

- यसवर्ष IFES सँग नयाँ सम्झौता भई मतदाता मञ्च कार्यक्रम पनि सञ्चालन भएको छ । यसबाट ३० वटा रेडियोले कार्यक्रम सञ्चालन गर्ने अवसर पाएका छन् ।



- स्त्रीशक्तिको सहयोगमा 'नेपालीको संविधान' नामक कार्यक्रम उत्पादन तथा प्रसारण भइरहेको छ ।

- ईको हिमालसँगको साझेदारीको परियोजना सफलतापूर्वक सम्पन्न भएको छ ।

**क्षमता अभिवृद्धि, सम्मेलन तथा कार्यशालाहरू**

- एक वर्षअघि बीबीसी मिडिया एक्सनको सहयोगमा क्षेत्रीयस्तरमा पाँच प्राविधिक तालिम र पाँचवटा सामाजिक बजारीकरणसम्बन्धी तालिम गरियो । सामाजिक बजारीकरण तालिमबाट १५८ र प्राविधिक तालिमबाट १४४ सामुदायिक रेडियो लाभाविन्त भएका छन् ।

- सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) ले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को सहकार्यमा पश्चिमाञ्चलको बुटवल, पूर्वाञ्चलको विराटनगर र मध्यमाञ्चलको काठमाडौंमा भावी संघीयता प्रणालीमा शिक्षा नीति नामक कार्यशाला गरेको थियो । तालिममा ६० जना रेडियो पत्रकारको सहभागिता रह्यो ।

- २०७२ सालमा सीआईएनको सातौं वार्षिकोत्सवका अवसरमा सामुदायिक रेडियो पत्रकारको राष्ट्रिय सम्मेलन गरियो । सम्मलेनलाई दिगो विकास लक्ष्य प्राप्तिमा सामुदायिक रेडियोको भूमिकामा केन्द्रित गरिएको थियो । सम्मेलनमा सञ्चारमन्त्री शेरधन राई, मुख्य सचिव डा. सोमलाल सुवेदी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडालगायतले दिगो विकास लक्ष्य प्राप्तिका लागि सामुदायिक रेडियोले खेल्न सक्ने भूमिकाबारे आफ्ना धारणा राख्नु भएको थियो ।

- काठमाडौंमा सार्क सम्मेलनको पूर्वसन्ध्यामा आयोजित जनसार्क सम्मेलनमा अकोराबको सक्रिय सहभागिता रहेको थियो । दक्षिण एसियाको सकारात्मक रूपान्तरणका लागि सामुदायिक रेडियो नामक कार्यशाला आयोजना गरिएको थियो ।

- सामुदायिक रेडियो प्रसारक संघ, फेकोफन, कफसन, ग्रीन फाउण्डेसनसहितको संयुक्त आयोजनामा सम्मानित जीवन र समृद्ध समाजका लागि मानवअधिकार, सत्य सूचना र सकारात्मक सोच रूपान्तरणको आधार भन्ने नारासहित 'मानव अधिकार तथा सामाजिक रूपान्तरणको सवालमा हाम्रो भूमिका' विषयक अन्तरसंवाद गरियो ।




- नेपालस्थित युनेस्को कार्यालयको सहयोगमा फेब्रुअरी १३, २०१५ मा ललितपुरको हिमालय होटलमा विश्व रेडियो दिवस मनाइयो । तत्कालीन प्रधानमन्त्री सुशील कोइराला प्रमुख अतिथि रहनु भएको त्यस कार्यक्रममा नेपालको सामुदायिक रेडियो सुरू गर्न अनुमति दिनुहुने तत्कालीन सञ्चारमन्त्री तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाललाइ सम्मानित गरियो ।

- पाँचौं विश्व रेडियो दिवस युनिसेफ, अक्सफाम, द एसिया फाउण्डेसन, अमार्क र युनेस्कोको सहकार्यमा मनाइएको हो । सञ्चारमन्त्री शेरधन राई, अकोराब अध्यक्ष मोहन चापागाई, पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, युनेस्कोका जेबी विश्वकर्मा, युनिसेफका रूद्र जीत, अमार्कका मीनबहादुर शाही उद्घाटन समारोहका वक्ता हुनुहुन्थ्यो ।

  कार्यक्रममा विपत्तिमा सञ्चार, सामुदायिक मध्यस्थता, खाद्य सुरक्षाजस्ता विषयका श्रोता वक्ताका रूपमा क्रमशः रूद्र जीत, प्रीति थापा र डा. सर्वराज खड्का थिए । कार्यक्रममा भएको प्यानल छलफलमा संघका वरिष्ठ उपाध्यक्ष किशोरजङ थापा, रेडियो मेलम्चीका सृजना ढकाल र सीआईएन संयोजक सोहम सुवेदी हुनुहुन्थ्यो भने यस सत्रको सञ्चालन संघका सदस्य प्रेमकुमारी घलेले गर्नुभएको थियो । कार्यक्रममा निम्न ४ वटा विषयगत छलफल भएको थियो :

१. सामुदायिक मध्यस्थतामा सामुदायिक रेडियोको भूमिका

२. सामुदायिक रेडियो मैत्री नीति

३. विपत्तिको समयमा खाद्य सुरक्षामा सामुदायिक रेडियो

४. विपद्को समयमा फैलिने हल्ला र अफवाह रोक्न रेडियोको भूमिका

- अकोराबका क्रियाकलापलाई सशक्त र प्रभावकारी बनाउने उद्देश्यले विभिन्न संघसंस्थासँग साझेदारी गर्दै अगाडि बढ्ने उद्देश्यसहित देशभरका महासंघहरूसँग सहकार्य गर्नका लागि आफ्नो धारणा राख्न २०७२ जेठ २८ गते अकोराबले विभिन्न महासंघहरूसँग छलफल गरेको थियो ।

  बैठकमा जिल्ला विकास महासंघ, गाविस महासंघ, सामुदायिक वन उपभोक्ता महासंघलगायतसँग रणनीतिक रूपमा साझेदार गरेर अगाडि बढ्नेबारे सहमति भएको छ । आगामी दिनमा पनि द्विपक्षीय र बहुपक्षीय बैठक/छलफल गर्दै जाने रणनीति अकोराबको छ ।






## दक्षिण एसियाली सामुदायिक रेडियो सम्मेलन

- गत अगष्ट ९ र १० मा काठमाडौंमा दक्षिण एसियास्तरीय सामुदायिक रेडियो सम्मेलन गरिएको थियो । औपचारिक रूपमा यो नै पहिलो दक्षिण एसियास्तरीय सामुदायिक रेडियो सम्मेलन हो । सम्मेलनमा नेपाल, भारत, बंगलादेश, श्रीलंका, मलेसिया, बेलायतलगायत मुलुकका प्रतिनिधिहरू सहभागी थिए । सम्मेलनलाई उपराष्ट्रपति र बंगलादेशका सञ्चारमन्त्रीले सम्बोधन गर्नुभएको थियो ।

- सोसल मिडिया तालिम : AIBD को सहयोगमा अकोराब र सदस्य रेडियोका प्रतिनिधिका लागि ४ दिने अन्तर्राष्ट्रियस्तरको सोसल मिडिया तालिम सञ्चालन गरियो । तालिममा अकोराब सचिवालय, पदाधिकारी, सदस्य गरी २२ जनाको सहभागिता रह्यो ।

- सामुदायिक मध्यस्थता तालिम : द एसिया फाउण्डेसनसँगको साझेदारीमा भूकम्प प्रभावित ७ जिल्लाका ७ सामुदायिक रेडियोका लागि सामुदायिक मेलमिलाप कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी तालिम सम्पन्न भएको छ । परिचयात्मक तालिममा ७ वटा रेडियोका १४ र कार्यक्रम उत्पादन तथा प्रसारणसम्बन्धी तालिममा १४ जना कार्यक्रम उत्पादक तथा प्रस्तोताको सहभागिता रहेको थियो ।

- लुम्बिनी विकास कोषसँगको सहकार्यमा आन्तरिक पर्यटक प्रवर्द्धनमा सामुदायिक रेडियोको भूमिका विषयमा गत चैत १२ गते लुम्बिनीमा अन्तरक्रिया गरियो ।

- जोखिम तथा विपत्ति पूर्वतयारीसम्बन्धी रेडियोकर्मीको क्षमता अभिवृद्धि : युनिसेफको साझेदारीमा सामुदायिक रेडियोका समाचार प्रमुखका लागि जोखिम तथा विपत्ति पूर्वतयारी सम्बन्धी ३ दिने क्षमता अभिवृद्धि कार्यक्रममा ५ वटै विकास क्षेत्रका सय वटा सामुदायिक रेडियोलाई दिइयो ।

- सुनौला १००० दिन तालिम : युनिसेफको सहयोगमा चितवनमा र धनगढीमा २ वटा सुनौला १००० दिनसम्बन्धी तालिम गरिएको छ । तालिममा ५० वटा रेडियोका प्रतिनिधि सहभागी थिए ।




## क्षेत्रीय हब स्थापना

- अकोराबले प्राविधिक रूपमा दिगो र छिटोछरितो तरिकाले सेवा प्रदान गर्ने उद्देश्यले पाँचवटै विकास क्षेत्रमा क्षेत्रीय हव स्थापना गरेको छ ।

- पूर्वाञ्चल विकास क्षेत्र : रेडियो मकालु, धनकुटा
- मध्यमाञ्चल विकास क्षेत्र : सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) नेपाल, ललितपुर
- पश्चिमाञ्चल विकास क्षेत्र : रेडियो लुम्बिनी, रूपन्देही
- मध्यपश्चिमाञ्चल विकास क्षेत्र : कृष्णसार एफएम, बाँके
- सुदूरपश्चिमाञ्चल विकास क्षेत्र : सुदूरपश्चिम आवाज, डडेल्धुरा

- रेडियो धादिङप्रति ऐक्यद्धता : सामुदायिक रेडियो धादिडमा जिल्ला वन कार्यालयले सुरक्षाकर्मी प्रयोग गरी आक्रमण र हस्तक्षेप गरी तोडफोड गरी रेडियो प्रसारणमा समेत अवरोध गरेकामा संघले विभिन्न कार्यक्रमहरू आयोजना गरी विरोध गर्नुका साथै रेडियोधादिङप्रति ऐक्यवद्धता जनाएको छ । जसअन्तर्गत राजधानीको माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्नुका साथै देशभरका सामुदायिक रेडियोहरूले जिल्ला प्रशासन कार्यालयमा विरोध पत्र बुझाएका थिए ।

  यस्तैगरी अकोराबले राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराउनुका साथै प्रधानमन्त्री कार्यालय, सञ्चार र वन मन्त्रालयमा विरोध पत्र बुझाएको थियो । राज्यले आक्रमण गरेको विरोधमा मिडिया मिसन पुगेर त्यसको प्रतिवेदनसमेत सार्वजनिक गराएको छ ।

### राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा–सम्मेलनमा सहभागिता

- स्थानीय रेडियोहरूले आयोजना गरेका विविध कार्यक्रम र वार्षिकोत्सवमा सामुदायिक रेडियो प्रसारक संघको तर्फबाट प्रतिनिधित्व हुँदै आएको छ ।
- एसआईसी र अमार्कद्वारा बंगलादेशको ढाकामा २० देखि २२ अगस्ट २०१४ मा भएको सामुदायिक रेडियो सम्मेलनमा अध्यक्ष मोहन चापागाईं र वरिष्ठ उपाध्यक्ष किशोरजङ थापा सहभागी हुनुभयो ।
- मकाउमा भएको Asia Pacifict-Broadcasting Union (ABU) को कार्यक्रममा संघका सचिव अर्जुन गिरी सहभागी हुनुभयो । मलेसियाको कोलालम्पुरमा Asia Pacific Institute for Broacasting Development (AIBD) द्वारा आयोजना गरिएको एसिया मिडिया समिटमा संघका महासचिव गोविन्द देवकोटा र कार्यकारी निर्देशक डा. रामचन्द्र लामिछाने सहभागी हुनुभयो ।




- मलेसियामा नै सेप्टेम्बर ८ देखि १० सम्म भएको बालबालिकासम्बन्धी विश्व सम्मेलनमा अकोराबलाई प्रतिनिधित्व गर्दै रेडियो धादिङ र हाम्रो एफएमका प्रतिनिधि सहभागी हुनुभएको थियो । यस्तो सहभागिताले संघको अन्तर्राष्ट्रियस्तरमा पहिचान बढेको छ ।
- सामुदायिक रेडियोको विश्व संगठन (अमार्क) को अगष्ट १० देखि १४, २०१५ मा घानामा भएको ११ औं विश्व सम्मेलनमा निजी खर्चमा संघको प्रतिनिधित्व गर्दै अध्यक्ष मोहन चापागाईं, वरिष्ठ उपाध्यक्ष किशोरजङ थापा, कोषाध्यक्ष सुवास खतिवडा, मध्यपश्चिमाञ्चलका क्षेत्रीय संयोजक इमानसिंह भारतीलगायत अन्य सदस्यले सहभागिता जनाउनु भएको थियो ।
- २०१५ अक्टोबर २५ देखि ३१ सम्म टर्कीको इस्तानबुलमा भएको एबियुको ५२ औं साधारणसभामा संघका अध्यक्ष मोहन चापागाईको नेतृत्वमा वरिष्ठ






उपाध्यक्ष, महासचिव, सचिव, लेखा समिति संयोजक, कार्यकारी निर्देशक, लेखा तथा प्रसासकीय अधिकृत तथा सदस्य रेडियोहरू माई एफएम, रेडियो सिन्धुलीलगायत रेडियो प्रतिनिधिको सहभागिता रह्यो । साधरणसभामा आयोजित कार्यक्रम समितिको बैठकमा संघका कार्यकारी निर्देशक डा. रामचन्द्र लामिछानेले Building Community Resilience in Nepal नामक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त अवसरमा विभिन्न संघसंस्थासँग संघका अध्यक्ष मोहन चापागाईको नेतृत्वमा द्विपक्षीय बैठकहरू भएका थिए । यस कार्यक्रममा भएको सहभागिताले संघको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा मद्दत पुगेको छ ।

- UN-APCICT/ESCAP को निमन्त्रणामा कोरियाको इन्चोनमा भएको क्षेत्रीय बैठकमा संघका कार्यकारी निर्देशक डा. रामचन्द्र लामिछाने सहभागी भई बैठकको मुख्य सत्रमा The linkage between Community Resilience and Sustainable Development in Nepal नामक कार्यपत्र प्रस्तुत गर्नुभयो । यस प्रस्तुतिले नेपालको सन्दर्भमा दिगो विकास र विपत्तिपछिको अवस्थामा सामुदायिक रेडियोको सकारात्मक भूमिकालाई प्रष्ट पार्दै दिगो विकास लक्ष्यका लागि सामुदायिक रेडियोहरूको भूमिकालाई स्विकार गर्ने वातावरण तयार भएको छ । यसले गर्दा आगामी दिनमा दिगो विकास लक्ष्यका लागि काम गर्ने संघसंस्थाहरूसँग अकोराब र सामुदायिक रेडियोको सहकार्यको सम्भावनामा वृद्धि भएको छ ।




- एआईबीडीद्वारा दक्षिण कोरियामा आयोजित एसियन मिडिया समिटमा अध्यक्ष मोहन चापागाईको सहभागिता रह्यो ।

- इन्डोनेसियाको बालीमा भएको एबियुको साधारणसभामा उपाध्यक्ष अर्जुन राई, कोषाध्यक्ष सुवास खतिवडा र लेखा समिति संयोजक तुला अधिकारी तथा इन्जिनियर रादिप महर्जनले प्रतिनिधित्व गर्नुभयो ।

- बंगलादेशमा द एसिया रिसोर्स फाउण्डेसनको आयोजनामा भएको दक्षिण एसियास्तरीय सामाजिक कार्यकर्ता तथा अनुसन्धानकर्ताको सम्मेलनमा वक्ताका रूपमा कार्यकारी निर्देशक डा. रामचन्द्र लामिछाने र सहभागीका रूपमा सचिव अर्जुन गिरीले प्रतिनिधित्व गर्नुभएको थियो ।

जापानको सेन्डाई सहरमा गत मार्च १५ र १६ मा जापान ब्रोडकास्टिङ कर्पोरेसन एनएचकेसँग मिलेर एसिया प्रशान्त क्षेत्रीय प्रसारकको संस्था एसिया प्यासिफिक ब्रोडकास्टिङ युनियन (एबीयू) ले गरेको 'ग्लोबल न्यूज फोरममा' अकोराबका अध्यक्ष मोहन चापागाई र सामुदायिक सूचना नेटवर्क (सीआईएन) का व्यवस्थापक सोहम सुवेदीले सहभागिता जनाउनु भयो ।

- मलेसियामा एआईबीडीद्वारा आयोजित विपद् रिपोर्टिङ तालिममा संघका कार्यक्रम निर्देशक सिर्जन अधिकारीले प्रतिनिधित्व गर्नुभएको थियो ।

### पहिचान र ख्याति

- अन्तर्राष्ट्रियस्तरमा ख्याति कमाएको नेपालको सामुदायिक रेडियो आन्दोलनकै कारण २०१५ मा अफ्रिकी मुलुक घानाको राजधानी आक्रामा सम्पन्न अमार्कको विश्व सम्मेलनमा नेपालको तर्फबाट सदस्यहरूको सहभागिता रहनु नेपालको तर्फबाट संघका पूर्वअध्यक्ष मीनबहादुर शाही सहअध्यक्षमा निर्वाचित हुनु गौरवको कुरा हो । साथै, उहाँको नेतृत्वदायी भूमिकाले आगामी दिनमा अमार्क र संघको संस्थागत सहकार्यमा वृद्धि भई नेपालको सामुदायिक रेडियोको संस्थागत तथा व्यावसायिक प्रगतिमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# सामुदायिक सूचना नेटवर्क

### विषयवस्तु र प्राथमिकता

काठमाडौंको राजनीतिक गतिविधिलाई मात्रै खबर बनाएर सञ्चारका विभिन्न माध्यमबाट पस्कने प्रवृत्तिलाई सीआईएनले चिर्ने प्रयास गरेको छ । बालुवाटार, सिंहदरबार, शीतल निवास, संसद् भवन बानेश्वरको खबर सँगसँगै कञ्चनपुर, बैतडी, कालिकोट, मुगुजस्ता मध्य तथा सुदूरपश्चिम र तेह्रथुम, पाँचथर, झापा, इलामजस्ता सुदूरपूर्वका खबरलाई पनि प्राथमिकतासाथ समावेश गर्ने सीआईएनले नीति बनाएको छ । समाचारको विषयवस्तु कहाँको र केलाई बनाउने भन्ने मान्यता र दृष्टिकोणलाई पनि सीआईएनले परिवर्तन गरेको छ ।

राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सभामुख, दल र दलका नेताहरूको वरिपरि मात्रै समाचारजन्य घटना हुँदैनन्, सामान्य प्राथमिक उपचारसमेत नपाउँदा जीवन गुमाउनुपरेका कालिकोटवासी, निउरो बेचेर पढाइ खर्च जुटाइरहेका ताप्लेजुङका विद्यार्थीको बाध्यता पनि समाचारका प्राथमिकता हुन् भन्ने मान्यता स्थापित गर्ने प्रयास भएको छ । समाचारका स्रोत राजनीति प्रधान घटनामात्रै पनि होइनन्, समुदायको दैनिकी, सफलताका कथा, समुदायले सञ्चालन गरेका प्रेरणादायी कामहरू पनि हुन् भन्ने तथ्यलाई सीआईएनले स्थापित गरेको छ । पूर्वका बासिन्दालाई पश्चिमको, हिमालवासीलाई मधेसको, मधेसवासीलाई हिमाल र पहाडको खबर सुन्ने/सुनाउने अवसर सीआईएनले दिएको छ ।

सीआईएनले प्रसारण गर्ने बिहान ६ बजे र बेलुका ७:३० बजेको 'साझा खबर' २०६५ जेठ १५ देखि सुरू भएको हो । जसमा केन्द्र र जिल्लाका समाचार, रिपोर्ट, समाचार विश्लेषण, नागरिकका विचार तथा प्रतिक्रियाजस्ता सामग्री समावेश हुन्छन् । साझा खबरको ३० मिनेटको बुलेटिनमा ६ वटा अडियो रिपोर्ट समावेश हुने गरेको छ । त्योमध्ये हेलो सीआईएनबाहेक ४ वटा बेलुका र दुईवटा बिहानको साझा खबरमा प्रसारण भइरहेका छन् । त्यसमा केन्द्रीय गतिविधिलाई समेटेर हरेक दिन सीआईएन डेस्कबाट दुईवटा र बाँकी तीनवटा रिपोर्ट जिल्लाका सामुदायिक रेडियोबाट तयार पारिन्छ । यो एक वर्षमा सामुदायिक रेडियोबाट मात्रै एक हजार ९५ विषय अथवा रिपोर्टलाई स्थान दिइएको छ । ४ हजार वटा समाचार र रिपोर्टहरू सामुदायिक रेडियोबाट प्राप्त समाचारले स्थान पाएका छन् । हेलो सीआईएन श्रोता सहभागिता र समस्या समाधानमा केन्द्रित सामग्रीका रूपमा प्रस्तुत गर्ने गरिएको छ ।

### प्रसारित रिपोर्ट अध्ययन

महिनाको दुई दिनका हिसाबले लिइएका ११४ वटा रिपोर्टहरू अध्ययन गर्दा राजनीतिक विषयवस्तुसँग सम्बन्धित ३५ रिपोर्ट प्रसारण भएको देखिन्छ । बाँकी ७३ स्वास्थ्य, कृषि, विकास निर्माण, शिक्षालगायतका विषयसँग सम्बन्धित छन् (हेर्नुहोस् तालिका नं. १) ।

राजनीतिक विषयवस्तुसँग सम्बन्धित रिपोर्ट ३०.७० प्रतिशत छ भने अन्य विषयहरू ६९.९९ प्रतिशत समावेश भएका छन् । हरेक महिनाको दुई दिनमात्र लिँदा एक वर्षका २४ दिनमा प्रसारण भएका ११४ रिपोर्टले विषयवस्तु समेटिएको स्थिति त्यस्तो देखाएको हो ।

तालिका १

| क्र.सं. | विषय | सङ्ख्या |
|---|---|---|
| १ | राजनीति | ३५ |
| २ | स्वास्थ्य | १७ |
| ३ | कृषि | १६ |
| ४ | विकास निर्माण | १५ |
| ५ | रोजगार | ५ |
| ६ | शिक्षा | ५ |
| ७ | संस्कृति/संस्कार | ७ |
| ८ | महिला हिंसा | ४ |
| ९ | पर्यटन | ३ |
| १० | सञ्चार | २ |
| ११ | शान्ति प्रशासन | २ |
| १२ | जीवनशैली | ३ |
| | जम्मा | ११४ |



### रेडियोहरूको उपस्थिति

प्रसारित १ सय १४ वटा रिपोर्टमध्ये ५१ वटा सीआईएन डेस्कबाट र ६३ वटा विभिन्न सामुदायिक रेडियोबाट तयार भएका हुन् । ६३ वटा रिपोर्ट बनाउन ४२ जिल्लाको ४७ वटा रेडियोको संलग्नता रहेको देखियो । जिल्लाको एउटा कुनामा खुलेको रेडियोले सीआईएनमार्फत् देशव्यापी रूपमा आफ्नो उपस्थिति जनाउन र पहिचान स्थापित गर्न केही हदसम्म भए पनि सफल भएको देखिन्छ ।

यसले गाउँको घटना र विषयवस्तु देशभर पुर्‍याउन पनि सहज भएको छ ।  हरेक दिनको साझा खबर र मेल सेवामा देशभरका खबर र सामग्रीलाई समान रूपमा समावेश गर्ने प्रयास सीआईएनले गर्दै आएको छ । तर, पूर्व-पश्चिम सबैतिर सदस्य रेडियो स्टेसन भए पनि समान रूपमा विषयवस्तुलाई समावेश गर्न सकिरहेको छैन ।

तुलनात्मक रूपमा तराई मधेस र पूर्वी क्षेत्रको खबर सोचेअनुसार आउन सकेको पाइँदैन । अहिलेसम्म सीआईएनमा दर्ता भएका २९३ वटा रेडियो स्टेसनमध्ये हरेक महिनाको विवरण हेर्दा सीआईएनमा खबर र रिपोर्ट पठाउने रेडियोको संख्या ६० को हाराहारीमा छ । यो भनेको करिब २८ प्रतिशतमात्र सक्रियता र सहभागिता हो । सबै जिल्लाका रेडियो स्टेसनलाई समान रूपमा परिचालन गर्ने चुनौती सीआइएनसँगै अकोराबको पनि हो र रेडियो स्टेशन स्वयंको पनि ।

### नयाँ अभ्यासहरू

#### १. हेलो सीआइएन

हेलो सीआइएन आमश्रोतालाई साझा खबरमा स्थान दिने र उनीहरूका समस्या पहिचान गरी नीतिगत रूपमा समाधान गर्ने पहलकदमीका रूपमा सुरूवात गरिएको हो । गाउँमा भएका समस्या, विषयमा नागरिकको मत, समाचारमा समुदायको सहभागिताका रूपमा सुरू गरिएकाले त्यसैअनुसार एउटा विशेष सामग्रीका रूपमा प्रस्तुत भइरहेको छ । एक वर्षमा हेलो सीआईएनमा दिनमा कम्तीमा १० जनाको सहभागिताले ३,६५० श्रोताले साझा खबरमा सहभागिता जनाएका छन् । तीमध्ये ६८ नागरिकका सवाल र विषयलाई नीतिगत रूपमा जोड्ने काम भएको छ ।



#### २. समाज सुधार गर्ने अभियान

#### २.१. जीवन साथी कति जाति

महिला हिंसाविरूद्धको अभियान देशभर चलिरहेको छ । तर हिंसा घटेको देखिँदैन । महिला हिंसासँग पुरूष पात्र जोडिएर आउँछ । ८० प्रतिशतभन्दा बढी हिंसा घरभित्र हुने अध्ययनले देखाएको छ । पुरूष वा श्रीमान्सँग जोडिएको महिलामाथि हुने हिंसा नियन्त्रण गर्न र असल परिवारको सृजना गर्न सीआइएनले असल श्रीमान्को खोजी 'जीवनसाथी कति जाति' शीर्षकका विशेष शृंखला नै चलाएको छ । १० शृंखलामा १० असल पात्रको खोजीले नेपाली समाजका पुरूषलाई परिवर्तन गर्न सहयोग पुगेको छ ।

#### २.२ नब्बे पार सक्रिय लगातार

नेपालको कानुनले ६० वर्षमाथिलाई बुढ्यौली मान्छ । नेपालमा २६ लाख जेष्ठ नागरिक छन् । तर बुढ्यौली जीवनका आशाजनक आलोक थुप्रै भेटिन्छन् । ९० वर्ष काटेका तर नब्बेमा पनि सक्रिय तिनै पात्रको खोजी गर्दै नयाँ शृंखला 'नब्बे पार, सक्रिय लगातार' सुरू गर्‍यौं । ९० वर्षमा सक्रिय रहनुको खास पत्ता लगाउने र बुढ्यौली लागेको र लाग्न खोजेका आम मान्छेको जीवनशैली बदल्ने प्रयत्नस्वरूप शृंखला सुरू गरिएको हो ।

#### २.३ मनले देखेको संसार

विभिन्न प्रकारका अपाङ्गता भएकाहरू हाम्रो समाजमा ३० लाखभन्दा बढी छन् । तीमध्ये झण्डै १ लाख ९५ हजार १ सय ९५ दृष्टिविहीनको संख्या छ । दृष्टि गुमाका तर दृष्टि भएकाहरूभन्दा पनि काम र क्षमताका हिसाबले अब्बल व्यक्तिको कथा खोतल्ने शृंखला हो 'मनले देखेको संसार' । उनीहरूको संघर्ष खोजले खोतलेर सबै अपाङ्गता भएकालाई प्रेरित गर्ने र समाजको दृष्टिकोण बदल्ने अभियानका रूपमा यो शृंखला चलिरहेको छ ।

#### २.४ हेलो सांसद

नेता अथवा सांसद भन्नेबित्तिकै चुनाव जित्ने तर फर्केर निर्वाचन क्षेत्रमा नजाने, घोषणा गरेका काम पनि पूरा नगर्ने

व्यक्तिका रूपमा परिचय बन्दै गएको छ । यो विश्लेषण उनीहरूलाई जिताएका मतदाताकै हो । तीनै नेतालाई आफ्नो निर्वाचन क्षेत्र र मतदाताप्रति जिम्मेवार उत्तरदायी बनाउने र नागरिकको कर्तव्य पनि सम्झाउने शृंखलाका रूपमा हेलो सांसद चलिरहेको छ । प्रत्यक्ष निर्वाचित ५२ सांसदलाई यो शृंखलामा जोड्ने र एक वर्षसम्म लैजाने अभियानका रूपमा सीआईएनले काम गरिरहेको छ । हेलो सांसदमा चुनावका बेला गरेको प्रतिबद्धता, सांसदको घोषणाको अध्ययन गरेर सम्बन्धित निर्वाचन क्षेत्रका मतदाताको सहभागितासहित कार्यक्रम निर्माण गरिन्छ । साझा खबरमा ५ मिनेट विशेष रूपमा र जीवन रक्षाभित्रको दिगो विकास कार्यक्रममा आधा घण्टा प्रसारण भइरहेको छ ।

**२.५ यस वर्ष भएका रेडियो कार्यक्रम**

भूकम्पपछि जीवन रक्षा : बिहान साढे ६ बजे-दैनिक

| क्र.स. | कार्यक्रम | बिषय | बार |
|---|---|---|---|
| १ | जीवनरक्षाः | महिला र दीगो विकास | आइतबार |
| २ | जीवनरक्षाः | दीगो विकास र सामुदायिक मेलमिलाप | सोमबार |
| ३ | जीवनरक्षाः | भूकम्पपछिको पुनःनिर्माणमा केन्द्रित | मंगलबार |
| ४ | जीवनरक्षाः | बालसुरक्षा | बुधबार |
| ५ | जीवनरक्षाः | सीप र समृद्धि | बिहिबार |
| ६ | जीवनरक्षाः | हलो सांसद | सुत्रबार |
| ७ | जीवनरक्षाः | जनजीवन : स्वास्थ्य सुरक्षा | शनिबार |

**२.६ साप्ताहिक कार्यक्रमहरु**

क) साझा नेपाल (शनिबार बिहान साढे ७ बजे) : एकता, पहिचान, समावेशीकरण समृद्धिलगायतका विषय समेटिएको कार्यक्रम साझा नेपाल निरन्तर चलिरहेको छ । साझा नेपाल (राष्ट्रिय एकता, पहिचान, समावेशीकरण, सुशासन, विकास, समृद्धि, शान्ति प्रक्रिया र राज्य पुनर्संरचनामा केन्द्रित छ । जसमा सीआईएनसँगको साझेदारी विस्तारका लागि विभिन्न सामाजिक रुपान्तरणका बिषयका बहस गराएको छ । यो वर्ष ६० भन्दा बढी राजनीतिज्ञ तथा विशेषज्ञलाई स्टुडियोमा ल्याएर छलफल गरियो ।

ख) नेपालीको संविधान (शुक्रबार) : नेपालको संविधान २०७२ बारे सम्पूर्णरूपमा जानकारी दिने ।

ग) मतदाता मञ्च (बिहीबार) : आईफेसको सहयोगमा ३० वटा रेडियोसँगको सहकार्यमा १४ भाग उत्पादन गरेर प्रसारण गरिसकेको छ । रिपोर्टिङको काम भइरहेको छ ।

घ) महिला समानता मंगलबार बिहान साढे ७ बजे प्रसारण भइरहेको छ ।

ङ) मेलमिलाप : मेलमिलाप रेडियो कार्यक्रम सम्पन्न भएको छ र नयाँ शृंखला सुरू हुने अवस्थामा छ ।

**२.७ वेभ सेवाः**

अहिले सदस्य सामुदायिक रेडियोहरूलाई मेलमार्फत उपलब्ध गराइँदै आएको समाचार सेवालाई वेभ सेवामा परिणत गरी निरन्तर अपडेट गरिन्छ ।

**२.८ वेभसाइट :**

राजनीति, सामाजिक, आर्थिक विषयका समाचार तथा गतिविधि र लेखरचना निरन्तर अपडेट गरिन्छ ।

**सीआईएनको प्रभाव**

- झापामा वर्षौदेखि नागरिकताबिहीन कबर जातिका महिलालाई नागरिकता दिलाउन सफल
- ओखलढुंगाको हर्कपुरका नागरिकले सामाजिक सुरक्षा भत्ता पाए
- कर्णालीमा विद्यालयको खाजा कार्यक्रम पिकनिक र तलबभत्तामा दिने काम रोकियो
- दोलखाको सिंगटी र अर्को एउटा गाविसमा भूकम्प प्रभावितले राहत पाए
- नेपाली सेनाको जर्नेलहरूको बैठकमा सीआईएनबारे छलफल
- गोरखामा गोरखकाली उद्योगका कर्मचारीले बिनाकाम खाइरहेको तलबबारे छानबिन
- दाङमा एक्लै बाटो खनिरहेका जेष्ठ नागरिकलाई सहयोग
- रसुवामा २६ वर्षदेखि अपाङ्गता भएका व्यक्तिलाई करूना फाण्डेसनको डेड लाख सहयोग
- नवलपरासीको धोदेनीमा खानेपानी पुग्यो
- गुल्मीमा एक किसान कृषि कार्यालयबाट कृषि अनुदान रकम पाउन सफल भए । ■





# ‘अकोराबको निरन्तर वकालतले सार्थकता पाएको छ’

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको पाँचौं अधिवेशनबाट अध्यक्षको जिम्मेवारी सम्हाल्नु भएका **मोहन चापागाई** र उहाँ नेतृत्वको कार्यकाल आसन्न छैटौं अधिवेशनसँगै सकिँदैछ । तीन वर्षे कार्यकालमा अकोराब नेतृत्वले सामुदायिक रेडियोको हकहित र अधिकारका लागि सधैँ संघर्ष गरिरह्यो । राज्यको नीतिगत तहमै सामुदायिक रेडियोको हकहितका लागि केही उल्लेखनीय कामहरू भएका छन् । यस अवधिमा विनाशकारी महाभूकम्पका कारण सञ्चालनमै अवरोध आएका सामुदायिक रेडियोलाई आर्थिक र प्राविधिक रूपमा राहत दिलाउन पनि अकोराबको भूमिका उल्लेखनीय रह्यो । सामुदायिक रेडियोका समस्या र चुनौतीहरूको सामना गर्नुका साथै आगामी दिनका लागि के कस्ता योजना र रणनीति आवश्यक छन् त भन्नेमा महसुस अकोराब नेतृत्वले गरेको छ । जुन अब आउने नयाँ कार्यसमितिका लागि मार्गचित्र बन्छ । यिनै र यस्तै सवालमा केन्द्रित रहेर 'सामुदायिक रेडियो' का लागि अकोराब अध्यक्ष चापागाईंसँग भएका कुराकानी :

‘स्थानीय सरकार नभएको अवस्थामा स्थानीय सरकारको भूमिका सामुदायिक रेडियोले नै खेले । सरकारले सामुदायिक रेडियोलाई विकास साझेदार बनाउन सके समाज रूपान्तरणमा कसैले नसोचेको योगदान पुग्छ ।’



**तीन वर्षदेखि सामुदायिक रेडियो प्रसारक संघको नेतृत्व संहालिरहनु भएको छ, यसबीचमा संघद्वारा के–कस्ता नयाँ काम हुन सकेका छन् ?**

सामुदायिक रेडियो प्रसारक संघको १२ औं साधारणसभासम्म आइपुग्दा संघमा आबद्ध रेडियोको संख्यामात्रै २ सय ९३ पुगेको छ । स्वभाविक रूपमा हरेक वर्ष सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको नेतृत्वका लागि चुनौतीहरू थपिँदै गएका छन् । भूकम्प र नाकाबन्दीका कारण सामुदायिक रेडियोहरूले ठूलो संकट बेहोर्नु पर्‍यो । ती संकटमा परेका रेडियोलाई राहत दिन अकोराबले निकै ठूलो मेहेनत गरेको छ । यस विपत्मा सामुदायिक रेडियोहरूले खेलेको भूमिकाको कदर गर्दै इजाजतपत्र नवीकरणमा शतप्रतिशत तथा रोयल्टीमा ५० प्रतिशत छुट गर्न र १०० वाट सम्मका रेडियोको नवीकरण जिल्लामै हुने व्यवस्था गराउन सफल भइएको छ । यसअघि छापा माध्यमलाई मात्रै दिइँदै आएको लोककल्याणकारी विज्ञापनमा अब सामुदायिक रेडियोको पनि पहुँच स्थापित भएको छ । ऊर्जा संकटबाट सामुदायिक रेडियोहरूले भोग्नुपरेका समस्या समाधानका लागि रेडियोहरूलाई सहुलियतमा सोलार जडान सहयोग जुटाउन पनि हामी सफल रह्यौं । रेडियोहरूलाई यसले ठूलो राहत मिलेको छ । सबैभन्दा ठूलो कुरा नीतिगत रूपमा सरकारले सामुदायिक रेडियोहरूलाई मान्यता दिएको छ । वर्षौंदेखिको हाम्रो वकालतले यो तीन वर्षे अवधिमा सार्थकता पायो । गर्नुपर्ने काम अझै धेरै छन् । हाम्रा एजेण्डा सरकारसँग पुर्‍याइएका छन् । अबको नेतृत्वका लागि काम गर्न केही सहज हुने मेरो विश्वास छ ।

**नेपालमा सामुदायिक रेडियोको भूमिका कस्तो छ ?**

नेपालमा सामुदायिक रेडियो प्रसारण सुरू भएको दुई दशक पनि पुगेको छैन । तर सञ्चार जगत्मा यसले आफ्नो उपस्थिति मजबुत बनाइसकेको छ । विकासको बाहकका रूपमा सञ्चारलाई लिइन्छ । विकासका मुद्दाहरूलाई समाजमा फैलाउन, शिक्षाको स्तरवृद्धि गर्न सामुदायिक रेडियोले अहम् भूमिका खेलेका छन् । सरकार, श्रोता र समाजबीचको प्रत्यक्ष अन्तर्क्रिया र त्यसबाट तुरून्त प्राप्त हुने जनसहभागिता नीति निर्माताका लागि पनि मार्गदर्शक बनिरहेको छ । सामाजिक आचार विचारको परिवर्तन, समसामयिक विकासको चाहना मुखरित गर्न तथा सामाजिक द्वन्द्व न्यूनीकरणका लागि नेपालका सामुदायिक रेडियोहरूले सुरू गरेको प्रयास सकारात्मक रूपमा अघि बढेको छ । कहिल्यै राष्ट्रिय सूचना प्रवाहमा आफ्नो स्थान नपाएका दलित

**‘सरकार र साझेदार संघसंस्थाबीच साझा सहकार्य भयो भने विकास र सुशासनमा ठूलो फड्को मार्न सकिन्छ’**

उत्पीडित, अल्पसंख्यक, पछाडि पारिएका समुदाय तथा क्षेत्रका आवाजलाई मूलधारमा ल्याउन सहयोग गरेकाले उनीहरूका लागि सामुदायिक रेडियो भरोसाका केन्द्र बनेका छन् । महिला सशक्तीकरण, जातीय भेद्भाव तथा सामाजिक द्वन्द्व न्यूनीकरणजस्ता विषयवस्तुमा पनि रेडियोले भूमिका खेलेका छन् । त्यसैले सामुदायिक रेडियोलाई परिवर्तन र विकासका लागि योजनाबद्ध प्रयासका रूपमा हाम्रो समाजले आत्मसात गर्न थालेको छ । बजारमा तरकारी बेच्न, सामानको भाउ बुझ्न, खेती लगाउने बेला बीउको बारेमा जानकारी लिन, गाउँमा गाईभैंसी हराएको समेत पत्ता लगाउन नागरिकले सामुदायिक रेडियोको सहारा लिने गरेका छन् । यसबाट नै समाजका लागि सामुदायिक रेडियोको आवश्यकता कति छ भन्ने प्रष्ट हुन्छ ।

**समाज रुपान्तरणमा योगदान कस्तो रहन सक्छ ?**

समाज रूपान्तरणमा सामुदायिक रेडियोले ठूलो भूमिका खेलेका छन् । नेपालजस्तो अविकसित मुलुकका लागि सामुदायिक रेडियोले समग्र जनतालाई विकासको मूलधारमा ल्याउन सघाएका छन् । स्थानीय भाषा र लयमा सामग्री प्रसारण गर्ने हुनाले यस्ता रेडियोबाट प्रसारित सामग्रीप्रति जनविश्वास बढी रहन्छ । जनताका



> सामुदायिक रेडियो प्रसारक संघ रेडियोहरूको छाता संगठनमात्रै होइन, नेपालकै राष्ट्रिय तहको व्यावसायिक संगठन पनि हो । देश संघीयतामा गएको छ, अब राज्यको पुनर्संरचना हुँदैछ । त्यसमा अकोराब पनि त्यही अनुसार अघि बढ्नुपर्ने छ ।

आर्थिक तथा सामाजिक रूपान्तरणका लागि प्रत्यक्ष रूपमा भूमिका पनि खेल्न सक्ने गरी धेरै रेडियोले सामग्री उत्पादन र प्रसारण गरिरहेका छन् । स्थानीय सरकार नभएको अवस्थामा स्थानीय सरकारको भूमिका पनि यिनैले निभाएका छन् । सरकारले हरेक जिल्लामा रहेका सामुदायिक रेडियोलाई विकास साझेदार बनाउन सके सामुदायिक रेडियोले समाज रूपान्तरणमा नसोचेको योगदान दिन सक्छन् भन्नेमा म विश्वस्त छु ।

**नेपाल सरकार र अन्य विकास साझेदार संघसंस्थाले सामुदायिक रेडियोको सम्भावनालाई कत्तिको सदुपयोग गर्न सकेका छन् ?**

सामुदायिक रेडियोहरू विकास र रूपान्तरणका मूलप्रवाह बन्न सक्छन् र केही हदसम्म बनिरहेका पनि छन् । केही हदसम्म विकास साझेदार संघसंस्थासँग सहकार्य पनि भइरहेको छ । तर जति मात्रामा हुनुपर्ने हो त्यति विकास साझेदारले सामुदायिक रेडियोलाई सदुपयोग गरेको देखिन्न । सुरूवात सामुदायिक रेडियोहरूले छिमेकी रेडियोसँग सहकार्य र कार्यक्रम साझेदारी गर्ने कामबाट हुनुपर्छ । उदाहरणका लागि काभ्रे, दोलखा र सिन्धुपाल्चोकका सामुदायिक रेडियोसँग सामुदायिक वनसम्बन्धी एकै किसिमको कार्यक्रम आवश्यक र प्रभावकारी हुनसक्छ । उनीहरु मिलेर सम्बन्धित विकास साझेदारसँग गएर साझा कार्यक्रम प्रस्ताव गर्न सक्छन् । साझेदार संस्थाले पनि सामुदायिक रेडियोहरूलाई साझा रूपमा परिचालन गर्न सक्छन् । झापा, सुनसरी र मोरङमा उस्तै खालको कृषि कार्यक्रम सञ्चालन गर्न सकिएला । निजी क्षेत्रका सञ्चारले सूचना र शिक्षा पस्कन नसकेका ग्रामीण र दुर्गम क्षेत्रमा सामुदायिक रेडियोको पहुँच छ । राज्यले यस आधारमा निजी सञ्चारलाई गर्ने सहयोगभन्दा सामुदायिक रेडियोलाई गर्ने बढी हुनुपर्छ । सामुदायिक रेडियो सरकारका विकास साझेदार हुन् भन्ने कुरा नीतिगत रूपमा नै सरकारले स्वीकार गरिसकेको अवस्थामा अन्य विकास साझेदार संघसंस्थाले पनि साझेदारीलाई फराकिलो हिसाबले सोच्नु जरूरी छ ।



**विकास कार्यक्रमलाई प्रभावकारी बनाउन र सुशासन प्रवर्द्धन गर्न सामुदायिक रेडियो र विकास साझेदार संघ संस्थाबीच के कस्तो सहकार्य सम्भावना देख्नु हुन्छ ?**

भविष्यमा सरकार र साझेदार संघसंस्थाबीच साझा सहकार्य भयो भने विकास र सुशासनमा ठूलो फड्को मार्न सकिन्छ । दिगो विकासका लागि आर्थिक सबलता महत्वपूर्ण भएकाले त्यसका लागि सामुदायिक रेडियोसँगको सहकार्य जरूरी देखिन्छ । खासगरी स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालयको सामुदायिक स्वास्थ्य, वन मन्त्रालयको सामुदायिक वन, यातायातसँग सम्बन्धित र कृषि तथा सामुदायिक सडक सम्बन्धित योजनाको कार्यान्वयन साझेदारका रूपमा पनि सामुदायिक रेडियोलाई लैजानु आवश्यक छ । नेपालमा सामुदायिक रेडियो निस्वार्थ रूपले सबै विकासमा साझेदार गर्न तयार छन् ।

**अकोराबले सामुदायिक रेडियोको सशक्तीकरणका लागि भविष्यमा केकस्ता नीति तथा कार्यक्रम सञ्चालन गर्दैछ ?**

सामुदायिक रेडियोले नागरिकका लागि निकै ठूलो काम गरेका छन् । तर बढ्दो संख्या र खस्किँदो रेडियोको सामग्री तथा व्यवस्थापन चुनौतीपूर्ण छ । यसलाई व्यवस्थित गर्न नीति बनाइने छ । रेडियो स्वयं र नागरिकलाई विपत्बाट जोगाउन यससम्बन्धी नीति ल्याइनेछ । सामुदायिक रेडियो सञ्चालन, व्यवस्थापन र क्षमता विकासमा अन्य देशले सरकारी तहबाटै कोष व्यवस्था गरी सहयोग गराउँदै आएका छन् । हामीकहाँ पनि त्यो आवश्यक छ, त्यसका निम्ति पहल गरिनेछ । नेपाली समुदायमा विद्यमान छुवाछूत, लैंगिक असमानता,

जातीय विभेद्, बालविवाह, अल्पसंख्यक समुदायमाथिको विभेद् अन्त्य गर्न अभियानका रूपमै कार्यक्रम सञ्चालन गरिनेछन् । सामुदायिक रेडियो सञ्चालनका लागि निश्चित फ्रिक्वेन्सीको व्यवस्था गर्न आवश्यक छ । त्यसका लागि राष्ट्रिय फ्रिक्वेन्सी वितरण नीति निर्माण गर्न पहल गरिनेछ ।

**अकोराबका कार्यक्रमलाई प्रभावकारी बनाउन आगामी दिनमा केकस्ता सुधारका कार्यक्रम महसुस गर्नुभएको छ ?**

देशभरका सामुदायिक रेडियोको छाता संगठनका रूपमा अकोराबले सदस्य स्टेसनहरूको हकहितका सवालमा निरन्तर पैरवी गरिरहेको छ । हिजोसम्म खासगरी पहिचान र अधिकारको मुद्दा संघका लागि मुख्य बनेको थियो । अब सरकारले पहिचान स्पष्ट गरेपछि अब राज्यका तर्फबाट गराउनुपर्ने काम अरू पनि छन् । रोयल्टी प्रथा खारेज गर्नुपर्ने, नवीकरण शुल्क हटाउनुपर्ने, विज्ञापनमा एकद्वार नीति बनाउनुपर्ने र सामुदायिक रेडियो विकास कोष स्थापना अबका मुख्य मुद्दा हुन् । ती मुद्दा सरकारी अधिकारीको टेबुलमा पुगिसकेको छ । त्योभन्दा ठूलो कुरा संख्यात्मक रूपमा बढिरहेका सामुदायिक रेडियोहरूलाई बचाउनुपर्ने छ । उनीहरूको आर्थिक सशक्तीकरण र स्थायित्वका लागि सामुदायिक रेडियो साँच्चिकै सामुदायिक रेडियो हुन् भन्ने स्थापित गर्न पनि नीतिगत तहमै काम गर्नुपर्ने छ । अब त्यसमा हामी केन्द्रित हुनेछौं ।

**सामुदायिक रेडियोलाई विकास सञ्चारका सशक्त माध्यमका रुपमा प्रस्तुत गर्न र प्रभावकारी भूमिका खेल्न नेपाल सरकार, विकास साझेदार संघसंस्था, निजी क्षेत्र र स्वयं अकोराबले के कस्तो भूमिका खेल्नु पर्ला ?**

खुलेको सामुदायिक रेडियोलाई प्रभावकारी बनाउन र उनीहरूको आवश्यकता पहिचान गर्न सरकार पनि दत्तचित्त हुनुपर्छ । रेखदेख र अनुगमनका लागि छुट्टै संयन्त्र विकास गर्न पनि सरकार तयार रहनुपर्छ । जनताले साझा सहभागिता जनाउने र स्वयंसेवकको भूमिकालाई बढावा दिने खालको वातावरण सिर्जना गर्न जरूरी छ । त्यतिमात्र होइन्, स्थापित रेडियोहरूको दिगोपनाबारे पनि सोच्नु अत्यन्त जरूरी छ । नेपालमा सामुदायिक रेडियोको विकास हुनु भनेको गाग्रीण क्षेत्रका बासिन्दाको चेतनास्तरमा परिवर्तन आउनु हो । त्यसैले यसमा सरकार, साझेदार संघसंस्था, बुद्धिजीवी, व्यापारी तथा विज्ञहरूले पनि सहकार्य गर्दै अघि बढ्नुपर्छ । रेडियो प्रसारकहरूले पनि जनतालाई बढीभन्दा बढी सहभागिता गराउने तथा समाजपयोगी कार्यक्रमको तर्जुमा गर्दै जानु आवश्यक छ । रेडियोको बढ्दो संख्या र त्यसको गुणस्तरका विषयमा पनि संघ र सञ्चालकले समीक्षा गर्नु जरूरी छ ।



**‘सामुदायिक रेडियोले नागरिकका लागि निकै ठूलो काम गरेका छन् । तर बढ्दो संख्या र खस्किँदो रेडियो सामग्री तथा व्यवस्थापन चुनौतीपूर्ण छ’**

**अब आउने नेतृत्वलाई के भन्न चाहनुहुन्छ ?**

सामुदायिक रेडियो प्रसारक संघ रेडियोहरूको छाता संगठनमात्रै होइन, नेपालकै राष्ट्रिय तहको व्यावसायिक संगठन पनि हो । देश संघीयतामा गएको छ, अब राज्यको पुनर्संरचना हुँदैछ । त्यसमा सामुदायिक रेडियो प्रसारक संघ पनि त्यहीअनुसार अघि बढ्नुपर्ने छ । रेडियोहरूलाई मार्यादित, व्यवस्थित, व्यावसायिक बनाउनुपर्ने चुनौती एकातिर छ भने राज्यसँग सहकार्य गरेर थुप्रै नीतिगत निर्णय गर्नुपर्ने काम अर्कोतिर छ । त्यसका लागि अबको नेतृत्वले एकबद्ध भएर काम गर्न सक्नुपर्छ । चुनौतीलाई अवसर मानेर यो तीन वर्षमा हुन नसकेका काम आउने कार्यकालमा गर्न सक्नुपर्छ । ■



# उपलब्धि र भावी रणनीतिहरू

दस्तावेज

सामुदायिक रेडियो प्रसारण संघ (अकोराब) देशभरिका सामुदायिक रेडियोहरूको छाता संगठन हो । सामुदायिक रेडियोहरूको संस्थागत विकास गरी गुणस्तरीय सूचनाका माध्यमले ग्रामीण जनतालाई सशक्त गराई नेपाली समाजको सकारात्मक सामाजिक रूपान्तरण गर्नु नै अकोराबको मुख्य उद्देश्य हो । सन् २००२ मा स्थापना भएको यस संस्था व्यावसायिक विज्ञहरु, स्वयंसेवी पदाधिकारीहरु, रेडियोकर्मी, अधिकारकर्मीहरूको संगमस्थल हो । स्थापनाकालदेखि हालसम्म यस संस्थाले सामुदायिक रेडियोहरूको संस्थागत विकास गरी समाजको सकारात्मक रूपान्तरणका दिशामा उल्लेख्य प्रगति गरेको छ ।

| हालसम्म प्राप्त मुख्य सफलता : | सफलता प्राप्त हुनुका कारण |
|---|---|
| १. संघको सस्थागत विकास<br>२. सस्थागत सुशासन<br>३. नीतिनिर्माणमा प्रशंसनीय भूमिका<br>४. सामुदायिक रेडियोहरूको संस्थागत विकासमा सहयोग<br>५. सीआईएनको स्थापना<br>६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार<br>७. क्षेत्रीय हवहरूको स्थापना<br>८. राष्ट्रिय निर्देशन ऐनअन्तर्गत दर्ता<br>९. समय सापेक्ष नीतिगत सुधार<br>१०. रेडियो नवीकरणमा सुविधा (जिल्लामा नै नवीकरण गर्न सकिने भएको)<br>११. सामुदायिक रेडियोहरूमा सोलार जडान गराउन सफल भएको<br>१२. सुविधा सम्पन्न कार्यालय<br>१३. सामुदायिक नेतृत्वको स्थापना, जसले गर्दा पूर्ण प्रजातान्त्रिक परिपाटी | • अकोराबको दूरदृष्टिप्रतिको सही बुझाइ र त्यसको प्राप्तिका लागि प्रतिबद्धता ।<br>• स्वयंसेवी भावनाको विकास<br>• सफलतालाई निरन्तरता दिने परम्परा<br>• सामूहिक नेतृत्व<br>• सामुदायिक रेडियो आन्दोलनले नेपाली समुदायको सकारात्मक रूपान्तरण गर्न सक्छ भन्ने अटल विश्वास<br>• विधिको शासन<br>• सामूहिक भावना<br>• एकअर्काको भूमिकालाई स्वीकार र सम्मान<br>• सामुदायिक रेडियोहरु र अकोराबबीचको सुमधुर सम्बन्ध<br>• सदस्य र कर्मचारीहरूमा हाम्रो भन्ने भावनाको विकास |

| अकारोबको सफलताका लागि नेतृत्व, सदस्य एवं कर्मचारीहरूले पुऱ्याएको योगदान | अकोराबको कारण प्राप्त सफल परिणामहरू |
|---|---|
| ● रष्ट्रिय सञ्जाल निर्माण गर्नमा योगदान दिएको<br>● अकोराबको संस्थागत छवि निर्माण गरेको<br>● सदस्यहरूलाई नियमित उत्प्रेरणा र परामर्श<br>● सही, सत्य, तथ्यपरक सूचना प्रवाह | ● सामुदायिक रेडियोमैत्री राष्ट्रिय नीति निर्माणमा पहल<br>● सामुदायिक रेडियोमा लाग्ने कर दस्तुर मिनाह<br>● जिल्लाबाट नै नवीकरण गर्न सक्ने सुविधा<br>● अकोराब र सामुदायिक रेडियोहरूको संस्थागत सुदृढीकरण<br>● राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सञ्जालहरूको विस्तार<br>● विपत्तिमा पनि नियमित प्रसारण गर्न सफल<br>● विभिन्न निकायहरूसँग समन्वय गरेर राहत वितरण गर्न सफल |

| अकोराबका संस्थागत संस्कृतिका सवल पक्षहरू | लैंगिक मैत्री र समावेशी कार्यालय |
|---|---|
| ● संस्थाका कर्मचारी र सदस्यहरूमा अपनत्वको भावना<br>● नीतिगत स्पष्टता<br>● सामूहिक भावना | ● स्पष्ट लैंगिक मैत्री र समावेशी नीति<br>● नीतिको कार्यान्वयन<br>● नियमित मूल्यांकन र समीक्षा<br>● नियमित सुधार र योजना तर्जुमा<br>● पर्याप्त क्षमता वृद्धिका अवसरहरू |

| सुशासन र पारदर्शिता कायम गर्ने तत्वहरू | कर्मचारी र सचिवालयबीचको सुमधुर सम्बन्धका कारणहरू |
|---|---|
| ● मूल्य र मान्यताबाट निर्देशित<br>● कर्मचारी र सदस्यहरूबीच स्पष्ट कार्यादेश<br>● नीतिगत व्यवस्था<br>●समुदायप्रतिको उत्तरदायित्व<br>● अहस्तक्षेपकारी र सहयोगी भूमिका | ● स्पष्ट काम कर्तव्य र अधिकार<br>● बोर्डको निरन्तर सहयोग र सद्भाव<br>● सामूहिक संस्थागत भावना<br>● अधिकारको विनियोजन |

| दातृनिकायहरूसँग सम्बन्ध बनाउने सहयोगी तत्वहरू | अकोराब र सदस्य रेडियोहरूको सम्बन्ध |
|---|---|
| ● नेतृत्वदायी बोर्ड<br>● सक्षम सचिवालय<br>● नियमित सम्पर्क<br>● समन्वय र सहकार्य<br>● लोकतान्त्रिक अभ्यास | ● सामुदायिक रेडियोहरूले अभिभावकत्व महसुस गरेको<br>● अकोराबले सामुदायिक रेडियोहरूबाट शक्ति प्राप्त गरेको<br>● एकअर्काका परिपूरक<br>● संस्थागत र क्षमता अभिवृद्धिमा जोड<br>● सामुदायिक रेडियोहरूको दिगोपनका लागि प्रयासरत<br>● समन्वयकारी भूमिका<br>● लोकतान्त्रिक अभ्यास<br>● संस्थागत एवं प्राविधिक सहयोग<br>● सूचनाहरू आदानप्रदान |

| समाजको सामाजिक रुपान्तरणमा अकोराबको भूमिका | विपन्न र पिछडिएका वर्गहरूलाई सशक्तीकरण गर्नमा अकोराबको योगदान |
|---|---|
| ● देशैभरि सकारात्मक सन्देशहरूको प्रवाह<br>● सामाजिक समृद्धिका अवसरहरूको सिर्जना<br>● सुसूचित र सशक्त समाजको निर्माणमा योगदान<br>● सुशासन र पारदर्शिता कायम गर्न योगदान<br>● बालकदेखि वृद्धासम्मका लागि जीवनयापनका अवसरहरूको सिर्जना | ● सूचनामा पर्याप्त मात्रामा पहुँच<br>● नयाँ अवसरहरूको सिर्जना गर्ने सन्देशहरु<br>● समुदायको भाषा संस्कृति प्रबर्द्धनमा जोड<br>● सामाजिक कूरीति, कुसंस्कार र अन्धविश्वास हटाउने खालका सन्देश<br>● नेतृत्वमा सहभागिता<br>● समावेशीकरणका लागि सशक्तीकरण |

| ओराकब नेतृत्वका मुख्य गुणहरू | अकोराबका संभावनाहरू |
|---|---|
| ● तटस्थता<br>● समूह कार्य<br>● सञ्चार<br>● मूल्य र मान्यतामा आधारित नेतृत्व<br>● सकारात्मक सोच<br>● अभियानप्रति विश्वस्त<br>● प्रतिबद्धता<br>● उत्प्रेरित र उत्प्रेरणा जगाउने<br>● निर्णय गर्ने क्षमता<br>● समन्वयकारी भूमिका<br>● उत्तरदायित्व<br>● समावेशी भावना | ● मूल्य, मान्यतामा आधारित संस्थाको रूपमा स्थापित संस्था<br>● विधि, विधान र नीतिनियमअनुसारको स्वचालित संस्था<br>● सामुदायिक रेडियोहरूको संस्थागत दिगो विकास<br>● स्तरीय रेडियो कार्यक्रम र सक्षम रेडियोकर्मीहरु<br>● अत्याधुनिक उपकरणसहितको आफ्नै प्रसारण स्टुडियो<br>● आफ्नै सुविधा सम्पन्न भौतिक पूर्वाधार र क्षेत्रीय कार्यालयहरु<br>● नेपाली समाजको सकारात्मक रूपान्तरणमा नेतृत्वदायी भूमिका |

**दूरदृष्टि** : दिगो संस्थागत विकासको माध्यमले संभावनाहरूको प्रस्फुटन गराई सदस्यहरूको संस्थागत विकास एवं क्षमता अभिवृद्धि गरी समाजको सकारात्मक रूपमान्तरणमा प्रभावकारी योगदान पुऱ्याउने ।

**मार्गनिर्देशक नारा** : अकोराबको प्रयास, सामुदायिक रेडियोको संस्थागत विकास र समन्यायसहितको सुसूचित अग्रगामी समाज ।

**लक्ष्य** : सन् २०२६ सम्ममा सूचना प्रवाहका माध्यमले ग्रामीण जनतालाई सुसूचित गराई शान्ति र समन्यायको दिशातर्फ उन्मुख समाजको निर्माणमा सक्रिय भूमिका खेल्ने प्रसिद्ध संस्थाको रूपमा स्थापित हुने ।

**उद्देश्यहरू**

१. नेपाली समाजको सकारात्मक रूपान्तरणको अभियानमा अहम् भूमिका खेल्ने संस्थाको रूपमा विकास गर्ने ।




२. ग्रामीण जनतालाई सुसूचित गर्ने आधिकारिक र विश्वासिलो सञ्चारमाध्यमको रूपमा सामुदायिक रेडियोहरूलाई स्थापित गराउने ।

३. सामुदायिक रेडियोहरूको दिगो संस्थागत विकास र रेडियोकर्मीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने सहजीकरण गर्ने अन्तर्राष्ट्रिय स्तरको स्रोतकेन्द्रको रूपमा विकास गर्ने ।

## दूरदृष्टिमा आधारित लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नका लागि आवश्यक नयाँ संरचना

**नेतृत्वः**

१. **क्षमतावान्** :

- सिर्जनशील, लगनशील, मिलनसार, चमत्कारिक, दूरदृष्टि, लक्ष्य र उद्देश्य प्रष्टसँग बुझेको, निर्णय लिन सक्ने, समन्वयकारी भूमिका खेल्न सक्ने हुनुपर्दछ ।

२. **पारदर्शिता** : दूरदर्शी, समन्यायी, समदृष्टि

३. **योग्यता र दक्षता** :

- सामुदायिक रेडियोको अभियानलाई राम्रोसँग बुझेको, अध्ययनशील, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सामुदायिक रेडियोको गतिविधि र प्रसारणका क्षेत्रमा भइरहेका प्रगतिहरूलाई बुझेको र आत्मसात गरेर प्रयोग गर्न सक्ने । विषयहरूलाई प्रभावकारी रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा उठाउन सक्ने ।

४. **इमान्दारिता** :

- नियम कानुनहरूको उच्च सम्मान गर्ने
- सदस्य र कर्मचारीहरूलाई उत्प्रेरित गर्ने
- सबै कुराहरूलाई तत्काले गर्ने र गर्न उत्साहित गर्ने ।

५. **सम्पर्क र समन्वय** :

- सदस्य, कर्मचारी र सरोकारवालाहरूसँग नियमित रूपमा सम्पर्कमा रहने र समन्वय गर्न सक्ने

**संस्थागत संस्कृति**

- योग्यताअनुसारको काम र कामअनुसारको मूल्यांकन
- संस्थाको बारेमा सकारात्मक टिकाटिप्पणी गर्ने
- सबैको आत्मसम्मानको उच्च कदर
- जिम्मेवारीको आधारमा स्वचालित कर्मचारी सचिवालय
- नियमितरूपमा प्रगति विवरणहरूको प्रवाह
- सूचनाहरूको पारदर्शिता
- नियमित बैठक र सहभागितात्मक पद्धतिद्वारा निर्णय
- अविष्कार र सिर्जनशीलताका लागि एकापसमा सहयोग र सहकार्य
- एकअर्काको प्रशंसा

**स्रोत र प्रविधि** :

- नियमित आयस्रोतका रूपमा रष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सामुदायिक रेडियोका वृद्धि तथा विकासबारे परामर्श र विज्ञ सेवा उपलब्ध गराउने
- सूचना तथा प्रविधिमा कार्यरत लक्ष्य र उद्देश्यहरूसँग मेल खाने संघसंस्थासँग नियमित सम्पर्क तथा सम्बन्ध विस्तार गरी स्रोत र प्रविधि आदानप्रदान गर्ने रणनीति अपनाउने ।
- सामुदायिक सूचना नेटवर्कको सामाजिक बजारीकरणमा वृद्धि गर्ने
- डिजिटल प्रविधितर्फ उन्मुख हुने ।

**संस्थागत संरचना**

- साधारणसभा संघको सर्वोच्च निकाय
- चुस्त, स्फूर्त र दुरुस्त कार्यसमिति
- सचिवालय र कर्मचारी सचिवालयको स्पष्ट कार्यविभाजन
- नियमितरूपमा प्रगति प्रतिवेदनहरूको सार्वजनिकीकरण



- आवश्यकताअनुसारका विभागहरूको व्यवस्था
- अन्तर्राष्ट्रिय स्तरको स्रोतकेन्द्रको स्थापना

**सञ्जाल र सम्बन्ध**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासंघमा आबद्धता (अन्तर्राष्ट्रिय पत्रकार महासंघ)
- मिडियासम्बन्धी अध्ययन अनुसन्धान गर्ने संघसंस्थासँग सम्बन्ध स्थापना गरी सहकार्य गर्ने
- सदस्यहरूका लागि हेल्प डेस्कको व्यवस्था गर्ने
- समाजको सकारात्मक रूपान्तरणका लागि कार्यरत विभिन्न संघसंस्था तथा सरकारी एवं गैरसरकारी निकायसँग सहकार्य गर्ने ।

**अनुगमन तथा मूल्यांकन**

१. संस्थाको अनुगमन : नीतिनियम, विधान आचारसंहिताहरूको नियमित समीक्षा र प्रभावकारिताको मूल्यांकन

२. कार्यक्रमको अनुगमन तथा मूल्यांकन : सामुदायिक रेडियोहरूले सामुदायिक रेडियोहरूको लक्ष्यअनुसार काम गरेका छन् कि छैनन् भन्नेबारे नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

**परियोजना कार्यान्वयनको प्रक्रियाको नियमित अनुगमन तथा मूल्यांकन**

३. रणनीति योजना : नियमित रूपमा (वार्षिक रूपमा) रणनीतिक योजनाले निर्दिष्ट गरेका विषहरूको कार्यान्वयनको प्रगतिको अनुगमन तथा मूल्यांकन

४. संस्थामा अनुगमन तथा मूल्यांकन समिति गठन : साधारणसभाबाट नै संस्थागत रूपमा अनुगमन तथा मूल्यांकन उपसमिति गठन गरेर नियमित रूपमा अनुगमन तथा मूल्यांकनलाई अगाडि बढाउने ।

## दूरदृष्टि, लक्ष्य र उद्देश्यमा आधारित
## ५ वर्षे रणनीति योजना (सन् २०१४ देखि २०१८)

**१. वहस, पैरवी र वकालत**

| | |
|---|---|
| **लक्ष्य :** | **सामुदायिकमैत्री रेडियो नीति निर्माण गर्न सरकारसँग सहकार्य गर्ने** |
| **उद्देश्यहरू** | १. सामुदायिक रेडियोहरूको कानुनी मान्यता स्थापित गर्ने<br>२. सामुदायिक रेडियोहरूको संस्थागत विकास गर्ने<br>३. सामुदायिक रेडियो र नेपाल सरकारबीच सकारात्मक सामाजिक रूपान्तरणका लागि सहकार्य गर्ने |
| **क्रियाकलापहरू** | १ बहुसरोकार समूहसित छलफल र सहकार्य गर्ने<br>२. राष्ट्रिय कार्यशालाको आयोजना गर्ने<br>३. राजनीतिक तहमा सामुदायिक रेडियोमैत्री नीतिहरूको आवश्यकताबोध हुने गरी कार्यक्रम गर्ने<br>४. प्रेस विज्ञप्ति, लेख रचना, अन्तर्वार्ता, छलफलमार्फत अवगत गराउने<br>५. सामुदायिक रेडियोहरूलाई आचारसंहिता कार्यान्वयन गर्ने अभिमुखीकरण कार्यक्रम गर्ने<br>६. सबै प्रकारका नीति (सञ्चालन निर्देशिका, आर्थिक प्रशासनिक, लैङ्गिक) निर्माणका लागि उत्प्रेरित/तालिमको आयोजना गर्ने<br>७. रणनीतिक योजना निर्माणका लागि सहजीकरण गर्ने<br>८. सामुदायिक रेडियो डेस्क स्थापना गर्न सूचना तथा सञ्चार मन्त्रालयमा अनुरोध गर्ने |

२. **संस्थागत विकास**

| | |
|---|---|
| लक्ष्य : | आगामी तीन वर्षभित्रमा अकोराब तथा सामुदायिक रेडियोको संस्थागत विकासका संरचनाहरू अद्यावधिकका लागि तयार हुनेछन् । |
| उद्देश्यः | १. संस्थागत विकास लक्षित नीति नियमित रूपमा अद्यावधिक गर्ने<br>२. मानवीय संसाधनको क्षमता अभिवृद्धि गर्ने<br>३. स्रोतसाधनमा आत्मनिर्भर भएर अगाडि बढ्ने |
| क्रियाकलापहरू | १क) सामुदायिक रेडियो संचालकहरूलाई संस्थागत व्यवस्थापन/अकोराबको भूमिका र जिम्मेवारीबारे अभिमुखीकरण गर्ने<br>ख) विज्ञको टोली निर्माण गरी सहजीकरण गर्ने<br>ग) संस्था सञ्चालन विनियम, सम्पादकीय नीति, आर्थिक तथा प्रशासनिक नियमावली र सामाजिक बजारीकरणसम्बन्धी नियमावली निर्माण गर्ने<br>२.क) अकोराबमा केन्द्रीय तालिम केन्द्र र क्षेत्रीयस्तरमा हबका माध्यमबाट तालिम सञ्चालन गर्ने<br>ख) तालिमका विषयवस्तु पाठ्यक्रमका रूपमा तयार गर्ने<br>ग) आवधिकरूपमा विषयगत क्षेत्रमा तालिम सञ्चालन<br>३.क) स्थानीयस्तरमा उपलब्ध स्रोत, साधनको पहिचान गर्ने<br>ख) संभावित साझेदारहरूको पहिचान गरी सहकार्य गर्ने,<br>ग) समुदायका स्थानीय व्यक्तिहरूको प्रत्यक्ष योगदान सुनिश्चित गर्ने गरी योजना बनाउने |

३. सत्य, तथ्य र गुणस्तरीय रेडियो कार्यक्रम

| | |
|---|---|
| लक्ष्यः | सामुदायिक रेडियोका सामग्रीमार्फत सामाजिक न्यायसहितको समाजको स्थापना गर्न योगदान पुऱ्याउने |
| उद्देश्य | १. सामाजिक समानता प्रबर्द्धन गर्ने रेडियो कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने<br>२. अधिकारप्रति सचेत बनाउन सूचनामा नागरिकको पहुँच वृद्धि गर्ने<br>३. लक्ष्य प्राप्तिका लागि रेडियोमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने |
| क्रियाकलाप | १क) लक्षित वर्ग केन्द्रित रेडियो जिङ्गल र कार्यक्रम उत्पादन र प्रसारण गर्ने<br>ख) सरोकारवालाबीच रेडियो बहस कार्यक्रम सञ्चालन गर्ने<br>२क) एक घर एक रेडियो कार्यक्रम सञ्चालन गर्ने<br>ख) जिम्मेवार सञ्चार स्रोता/समुदाय तयार पार्ने अनुशिक्षण कार्यक्रम गर्ने<br>ग) सूचना अधिकारी र स्रोता/समुदायबीच समन्वय गरी प्रसारण गर्ने<br>३क) तालिम सञ्चालन गर्ने (विशिष्टीकृत)<br>ख) सीप र प्रविधि हस्तान्तरण तथा अनुभव आदानप्रदान गर्ने<br>ग) पुरस्कार र फेलोसिप दिने |

### ४. समन्वय तथा सञ्जाल

| | |
|---|---|
| लक्ष्यः | हालको सम्बन्धलाई सुदृढ गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध थप विस्तार भएको हुनेछ । |
| उद्देश्यहरु | १. सामुदायिक रेडियोको अभियानमा अन्तर्राष्ट्रिय सहयोग वृद्धि गर्ने<br>२. सामुदायिक रेडियोसँग सम्बन्धित विषयहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बहसमा ल्याउने<br>३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बहसमा भगिनी सम्बन्ध स्थापित गर्दै सिप, सिकाइ र प्रविधिहरु आदानप्रदान गर्ने |
| क्रियाकलाप | १क) सामाजिक विभेद्को अन्त (छुवाछूत, लैङ्गिक विभेद) का लागि बहस र पैरवी गर्ने, (Impact documentation) गर्ने<br>ख) समुदायमा आधारित रेडियो कार्यक्रम निर्माण गर्ने<br>ग) विभिन्न विषयगत क्षेत्रमा काम गर्ने (जस्तैः अधिकारमुखी अवधारणामा आधारित संघसंस्था) हरूसँग संचारकर्मीका लागि क्षमता अभिवृद्धिसम्बन्धी तालिमको आयोजना गर्ने<br>२क) सामुदायिक रेडियोहरूका लागि उठाउने मुद्दाको विषयमा वार्षिक रूपमा साधारणसभाबाट निर्क्योल गर्ने<br>ख) सामुदायिक रेडियोको भूमिकालाई अन्तर्राष्ट्रियकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनमार्फत जानकारी गराउने<br>ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका संघसंस्थाहरूको सहभागितामा कम्तीमा पनि वर्षको १ पटक भेला वा सम्मेलन गर्ने<br>घ) अन्तर्राष्ट्रिय दिवसहरूका अवसरमा सम्बन्धित संस्थाहरूको सहकार्यमा कार्यक्रम आयोजना गर्ने (कम्तीमा वर्षको २० वटा)<br>३.क) भगिनी सम्बन्ध स्थापित भइसकेको संघसंस्थाहरूको (ABU/AIBD/AMARC) News letter मा नेपालको सामुदायिक रेडियोसम्बन्धी लेख प्रकाशन गर्ने । (कम्तीमा एउटा)<br>ख) ACORAB को उद्देश्यसँग मेल खाने संघसंस्थाहरु पहिचान गरी भगिनी सम्बन्ध स्थापनाका लागि आवश्यक पहल गर्ने । (कम्तीमा ३ वर्षमा एउटा)<br>ग) आगामी तीन वर्षमा अकोराबमा सार्कस्तरीय संचार स्रोत केन्द्र स्थापना गर्ने । (अध्ययन, अनुसन्धान तालिम) |

### ५. सकारात्मक सामाजिक रुपान्तरणको प्रबर्द्धन

| | |
|---|---|
| **लक्ष्य :** | सामुदायिक रेडियोको माध्यमबाट तीन वर्षभित्रमा स्थानीय समुदायको आधारभूत सूचनामाथि पहुँच पुगेको हुनेछ । जसका कारण समुदायको जीवनस्तरमा सकारात्मक सुधार आएको हुनेछ र उनीहरु आफनो अधिकार दाबी, जिम्मेवारीबोध गर्न सक्षम हुनेछ । |
| **उद्देश्यहरू** | १ राज्यद्वारा स्वास्थ्य, शिक्षा, कृषि आदि सेवामा लिएका नीतिका बारेमा समुदायलाई जानकारी गराउँदै उनीहरूको पहुँच अभिवृद्धि गराउने ।<br>२. सामाजमा व्याप्त सामाजिक कूरीति, जातीय विभेद् र महिला हिंसाको अन्त्य गन आवश्यक पहल गर्ने ।<br>३ राज्यद्वारा प्रदान गरिने सामाजिक सुरक्षा कार्यक्रम जस्तैः वृद्धभत्ता, अपाङ्ग, दलित छात्रवृत्ति, पोषण आदिमा समुदायको पहुँच पुग्नेछ । |




| | |
|---|---|
| | १क) राज्यले लिएको नीति (स्वास्थ्य, शिक्षा, कृषि, आयआर्जन, सीप विकास आदि) बारेमा रेडियो कार्यक्रम, समाचार, पीएसए आदि निर्माण गर्ने,<br>ख) वार्षिक रूपमा कम्तीमा ५ वटा सफलताको कथा बनाउने (बोक्सी, महिला हिंसा, छुवाछूत, सामाजिक कूरीति आदि विषयमा)<br>ग) रेडियोकर्मी र संचालकहरूलाई तालिम, गोष्ठी, सम्मेलन गर्ने<br>२क) सामाजिक कूरीतिविरूद्ध बनेका ऐन कानुनको जानकारी दिने<br>ख) घटनाहरूको उजागर गर्ने<br>ग) कानुन कार्यान्वयन निकायलाई सजग गराउने<br>घ) सामाजिक कूरीतिबारेमा अगुवाहरूलाई बोल्न लगाउने<br>३.क) सामाजिक सुरक्षा कार्यक्रमअन्तरगर्गत पर्ने विषयलाई पहिचान गर्ने<br>ख) सामाजिक सुरक्षा कार्यक्रमको विवरण र उपलब्धतालाई उजागर गर्ने<br>ग) कार्यक्रमले लक्षित समुदायमा पारेको प्रभाव र सुधारहरूलाई उजागर गराउन पत्रकार एवं रेडियोकर्मीहरूलाई अभिप्रेरित गर्ने । |

*अकोराबद्वारा ११ औं साधारणसभा चितवन सौराह, २०७२, असोजमा*
*प्रस्तुत अवधारणा-पत्र*

# अकोराबका आरोह अवरोह



**गोविन्द देवकोटा**
महासचिव, अकोराब

नेपालमा सामुदायिक र व्यापारिक रेडियो भनेर छुट्टिने कुनै आधार थिएन । सरकारीदेखि बाहेक खाली निजी क्षेत्रको प्रसारण संस्था हुन सक्ने अर्थमा प्रसारण ऐन र नियमका प्रावधानलाई अर्थ्याइँदै आएको थियो । सामुदायिक रेडियोको अवधारणासाथ रेडियो सगरमाथाले दक्षिण एसियामै पहिलोपल्ट सञ्चालित हुने सोच अगाडि सार्‍यो । त्यसको केही वर्षपछि उपत्यका बाहिर पनि रेडियो खेल्ने क्रम सुरू भयो । विश्वमा सामुदायिक रेडियो अभियानले गति लिइसकेको थियो । एक दुई गर्दै नेपालमा पनि सात वटा सामुदायिक रेडियो खुले । गैरसरकारी संस्था, स्थानीय निकाय र सहकारीहरुद्धारा मुनाफा नबाँड्ने गरी सञ्चालित रेडियोलाई सामुदायिक रेडियो मान्दै विधान बनाएर २०५९ साल साउन २८ गते सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल समाजसेवाकारी गैरसरकारी संस्थाका रूपमा संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भयो ।

तदर्थ समिति गठन भएको एक वर्षपछि संघले आकार लिएको थियो । निकै कष्टकर प्रयासपछि सामुदायिक प्रकृतिको यो रेडियोले निजी क्षेत्रका नाफामूलक रेडियोजस्तै प्रक्रिया, सलामी तथा दस्तुरहरु तिरेर प्रसारणको इजाजत पायो । सरकार र कानुनको हिसाबले यिनलाई सामुदायिक रेडियोको मान्यता त दिएको थिएन तर पनि यिनले आफ्नो परिचय आफैं बनाउँदै लगे । त्यसै क्रममा सामुदायिक रेडियोकै साझा चौतारीको रूपमा आफ्नो छाता संस्थाको परिकल्पना गरे । अन्ततः २०५९ सालको साउनमा सामुदायिक रेडियोहरूको छाता संगठनका रूपमा सामुदायिक रेडियो प्रसारक संघ स्थापना हुन पुगेको हो ।

पहिलोचोटि सामुदायिक रेडियो प्रसारक संघमा अध्यक्ष चुनिँदा १९ सामुदायिक रेडियो प्रसारणमा थिए । त्यसपछिको साधारणसभासम्म आइपुग्दा ८२ वटा रेडियोको सञ्जाल बनिसकेको थियो । पहिचान स्थापित गर्न अवरोध छिचोल्दै सुरू भएको यात्राको १२ औं साधारणसभासम्म आइपुग्दा २ सय ९३ रेडियो अकोराबको छातामा आइसकेका छन् । मनाङबाहेक ७४ जिल्लामा सामुदायिक रेडियोको उपस्थिति छ । मनाङमा पनि निकट भविष्यमा सामुदायिक रेडियोको उपस्थिति भेटिनेछ ।



अकोराबको पहिलो अध्यक्षका रूपमा रघु मैनालीले नेतृत्वदायी भूमिका खेल्नुभएको थियो । दोस्रो र तेस्रो कार्यकालको सफल नेतृत्व गर्दै मीनबहादुर शाहीले अकोराबलाई सरकारी, गैरसरकारी र समुदायस्तरमा परिचत गराउनुभयो । एक दशकभन्दा लामो यात्रामा रेडियोहरूको संख्या उल्लेख्य भएको छ । थुप्रै रेडियोहरूले समाजमा पहिचान पनि बनाएका छन् । विकासको नयाँ मेरूदण्डका रूपमा साझेदारी गरिरहेका छन् । नागरिकको सूचनाको अधिकारलाई प्रबर्द्धन, लोकतन्त्र, सामाजिक न्याय, मानवअधिकार तथा सामाजिक रूपान्तरणका क्षेत्रमा यस सञ्जालले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । सूचना प्राप्ति अभावले तड्पिएका ग्रामीण बस्तीमा सामुदायिक रेडियोहरूले त्यो अभाव पूर्ति गरेका छन् । सूचना अभावबाट उत्पन्न गरिबीलाई समेत न्यूनीकरण गर्ने भूमिका सामुदायिक रेडियोहरूले खेल्दै आएका छन् । त्यसको पैरवीको अगुवाईका रूपमा सामुदायिक रेडियो प्रसारक संघ र संघले सञ्चालन गरेको सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले गरिरहेको छ ।

लोकतान्त्रिक मूल्य–मान्यता, विधिको शासन, मानवअधिकार, सामाजिक न्यायलाई आत्मसात् गर्दै सामुदायिक रेडियो प्रसारक संघले लगातार रेडियोहरूको पक्षमा पैरवी गरिरहेको छ । लोकतन्त्र, कानुनको शासन र मानवअधिकारमा आधारित सुशासनको अवधारणालाई नेपाली सामुदायिक रेडियो अभियानले अगाडि बढाउँदै आएको कुरा विदितै छ । समाजमा रहेका सार्वजनिक हितको क्षेत्रमा काम गर्ने सामुदायिक, सामाजिक तथा सार्वजनिक संस्था वा निकायहरूको सामाजिक उत्तरदायित्वका बारेमा रेडियोले खेल्दै आएको भूमिकालाई रेडियो विकासको उपलब्धिको सूचकका रूपमा पनि लिने गरिएको छ ।

अरूका उत्तरदायित्वको सरोकार र चर्चा गर्दै आएका सामुदायिक रेडियोहरु आफूले पनि संस्थागत सुशासनको अभ्यासबाट यसलाई प्रबर्द्धन गर्दै लैजानुपर्ने दायित्व बहन गर्नुपर्ने स्वतः स्पष्ट छ । स्थानीय विकासमा सरोकारवालाको सहभागिता, पारदर्शिता र उत्तरदायित्वको अवस्थाले स्थानीय निकायको संस्थागत सुशासनको अवस्थालाई झल्काउँछ । सार्वजनिक हितको प्रबर्द्धनमा काम गर्ने कुनै पनि संस्थाको सामाजिक उत्तरदायित्व पूरा गर्ने कुरा सुदृढ संस्थागत सुशासनबाट मात्र सम्भव हुन्छ । यसैले स्थानीय निकायको संस्थागत व्यवस्थापन सुदृढ गर्न संस्थागत सुशासनका आधारभूत मापदण्डको स्थापना र कार्यान्वयन हुन जरूरी हुन्छ । स्थानीय विकासमा सरोकारवालाको सहभागिता, पारदर्शिता र उत्तरदायित्वको अवस्थालाई सुदृढ गर्नमा सामुदायिक रेडियोको भूमिका अहम् हुन्छ । यसै सन्दर्भलाई विचार गरी सामुदायक रेडियो प्रसारक संघ (अकोराब) नेपालले सामुदायिक रेडियोहरूको सामाजिक दायित्वलाई थप सशक्त बनाउँदै लैजान आवश्यक छ ।

**सरकारले राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार पेशागत सङ्गठनसरह वैधानिकता प्रदान गरेको छ । अब सरकारले सामुदायिक रेडियोका सम्बन्धमा राज्यबाट गरिने नीतिगत व्यवस्थामा एक्लै निर्णय गर्न सक्ने छैन ।**

सामुदायिक रेडियो समाज परिवर्तनका संवाहक हुन् । समुदायका लागि समुदायमै र समुदायबाटै सञ्चालित स्थानीय सञ्चारमाध्यम भएकाले सामुदायिक रेडियो स्थानीय बासिन्दाका लागि सूचना, आमसञ्चार र शिक्षाका सबैभन्दा भरपर्दा साधन हुन् । सामुदायिक रेडियोको प्रतिनिधिमूलक संस्था भएकाले सामुदायिक रेडियो प्रसारक संघ, नेपालले सुशासन र उत्तरदायित्वको क्षेत्रमा योजनाबद्ध र व्यवस्थित रूपमै सदस्य रेडियोको भूमिका प्रभावकारी बनाउन प्रयास गर्दै आएको छ । ११ औं साधारणसभापछि नेपाली समुदायमा विद्यमान छुवाछूत, लैंगिक असमानता, जातीय भेद्भाव, बालविवाह, अल्पसख्यक समुदायमाथिको विभेद्को अन्त्यका लागि अकोराबको अगुवाईमा सामुदायिक रेडियोहरूले जागरण



> **सामुदायिक रेडियो समाज परिवर्तनका संवाहक हुन । स्थानीय वासिन्दाका लागि सूचना, आमसञ्चार र शिक्षाका सबैभन्दा भरपर्दा साधन हुन् ।**

अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यो प्रतिबद्धता आत्मसात गरेर कार्यान्वयन गर्‍यौं भने समाजमा स्वतः सामुदायिक पहिचान बन्नेछ ।

### दायरा फराकिलो

रेडियोहरू स्थापना हुँदै गए, संस्थाको सदस्यता बढ्दै गयो । २०६९ सालमा आइपुग्दा सामुदायिक रेडियोको संख्या दुई सय नाघ्यो । सन् २०११/१२ को वार्षिक समीक्षाका क्रममा सदस्यको व्यावसायिक आचरण पालनाको अनुगमन गर्नुपर्ने खाँचो देखियो । संस्था दर्ता ऐनअन्तर्गतको गैरसरकारी संस्थाले सहकारी र स्थानीय निकायसमेतले सञ्चालन गरेका रेडियोको व्यावसायिक अनुगमन गर्न नसक्ने भएकाले अनुगमन गर्न सक्ने सामर्थ्यमा संघको संस्थागत रूपान्तरण हुनु अपरिहार्य देखियो । सँगै छाता संगठन संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता गर्दा त्यसको कार्यक्षेत्र जिल्लास्तरीय मात्र हुन्छ । देशव्यापी कार्यक्रम गर्नका लागि, कानुनतः प्रत्येक जिल्लाको स्थानीय प्रशासनबाट स्वीकृति लिनुपर्ने हुन्छ ।



बढ्दो रेडियोका संख्या, मुलुक संघीयतामा जाँदै गरेको संघारमा संघको दायरा अझ फराकिलो बनाउन, कामलाई थप सहजता ल्याउन राष्ट्रियस्तरकै अधिकारक्षेत्र भएको संगठन आवश्यक हुने निष्कर्षसहित संघलाई नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघजस्तै पेसागत चरित्रको राष्ट्रिय संगठनमा रूपान्तरणका लागि पहल सुरू गरियो । लामो छलफल र प्रयासपछि राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत १४ फागुन २०६९ को सरकारको मन्त्रीस्तरीय निर्णयबाट सामुदायिक रेडियो प्रसारक संघ, नेपाललाई राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम दर्ता गर्ने निर्णय भयो ।

सो मुताबिक २०७० वैशाख १५ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरले संघलाई सोअनुसारको दर्ता प्रमाणपत्र र स्वीकृत विधान प्रदान गर्‍यो । अहिले सामुदायिक रेडियो प्रसारक संघले नेपालमा राष्ट्रिय तहको व्यावसायिक संगठनका रूपमा काम गरिरहेको छ । अब सरकारले सामुदायिक रेडियोका सम्बन्धमा राज्यबाट गरिने नीतिगत व्यवस्थामा एक्लै निर्णय गर्न सक्ने छैन । संघले पाएको मान्यतासँगै सरकारले राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार नेपालका अन्य परिभाषिक पेशाका पेशागत संगठनसरह सामुदायिक रेडियोको संगठनको वैधानिकता प्रदान गरेको छ ।

### सीआईएन साझा सञ्जाल

सामुदायिक रेडियो प्रसारक संघ अकोराब स्थापना भएको पाँचौ वर्षमा आइपुग्दा रेडियोको संख्या पनि बढिरहेको थियो । त्यही क्रममा सामुदायिक रेडियो प्रसारक संघले सूचना आदान-प्रदानका लागि राष्ट्रिय समाचार प्रसारण सञ्जाल स्थापना गर्नुपर्ने भन्दै एकमतले कार्यसमितिलाई निर्देश गर्‍यो । सीमित राष्ट्रिय सञ्जालहरू प्रसारण रहेका बेला व्यावसायिक नेटवर्कको सिन्डिकेट तोड्न सामुदायिक रेडियोको छुट्टै नेटवर्क स्थापना गर्नुपर्ने निस्कर्ष निकालिएको थियो । सुरूमा हामीले प्रस्ताव गरेको नाम सामुदायिक समाचार नेटवर्क (सीएनएन) थियो । पछि विषयगत मन्त्रालयले प्रस्तावित नामलाई नराख्ने सल्लाह दिएपछि सामुदायिक सूचना नेटवर्क (सीआईएन) राखियो । भित्रैबाट भएको असहयोगले इजाजतपत्र लिन पनि धेरै मेहनत गर्नु परेको थियो । २०६६ जेठ १५ मा स्थापना भएको सीआईएन हाल नेपालको मात्र होइन विश्वकै ठूलो सूचना आदानप्रदान गर्ने प्रसारण सञ्जाल बन्न सफल भएको छ । एसिया प्यासिफिक क्षेत्रमा उदाहरणीय समाचार प्रसारण सञ्जालका रूपमा पनि देखिएको छ । ■




# सामुदायिक रेडियोको दिगोपन कसरी ?



**सुवास खतिवडा**
कोषाध्यक्ष, अकोराब

सामुदायिक रेडियोको विकास र विस्तारका कारण यतिबेला नेपालका लगभग सम्पूर्ण भूभागमा बस्ने नेपाली नागरिकले सूचनाको निर्वाध उपयोग गर्न पाएका छन् । सामुदायिक एफएम रेडियो सञ्चालन हुनुपूर्व सर्वसाधारणले सूचनाका लागि राजधानी काठमाडौंबाट प्रसारण हुने रेडियोको भर पर्नुपर्थ्यो । अहिले रेडियो प्रसारण जिल्ला सदरमुकाम हुँदै गाउँसम्म पुगेका छन् । आफ्नो निकटमा आफ्नै स्वामित्व र सक्रियतामा सञ्चालित सामुदायिक रेडियोकै कारण समुदाय आफ्ना रूचि र सरोकारका सवाल सुन्न र सुनाउन अभ्यस्त भएका छन् । संख्यात्मक हिसाबले नेपालमा अहिले ३ सयको हाराहारीमा सामुदायिक रेडियो प्रसारणमा छन् ।

समुदायले आवश्यक महसुस गरेकाले नै यी एफएम रेडियो सञ्चालनमा आएका हुन् । हाम्रोजस्तो भौगोलिक संरचना भएको मुलुकका निम्ति रेडियो प्रविधि सरल र सहज भएकाले पनि यसतर्फ आकर्षण बढेको हो । विविधतापूर्ण समाजका निम्ति प्रभावकारी सञ्चार गर्न सक्ने माध्यमका रूपमा सामुदायिक रेडियो स्थापित भएको छ । धेरै भाषा, संस्कृति र जातजातिको विकास र संरक्षणमा रेडियोले योगदान दिन सकेकैले यसको विस्तारले तीव्रता पाएको हो । सामुदायिक रेडियो समुदायका निम्ति आवश्यक छ । यो प्रभावकारी र सहभागितामूलक छ । यसले दोहोरो सञ्चार प्रणालीलाई स्थापित गर्न सक्छ । यही कारण समाजको विकास र प्रगतिमा ठोस योगदान पुऱ्याइरहेको छ ।




पछाडि पारिएका एवं अन्य सञ्चारमाध्यमको पहुँच नभएका अनि अवसरबाट वञ्चित समुदायमा सामुदायिक रेडियो निर्विकल्प भएको छ । यति धेरै महत्वको सञ्चारमाध्यम भएर पनि सामुदायिक

**सामाजिक रूपान्तरणका निम्ति सरकार एवं गैरसरकारी संघसंस्था र स्थानीय निकायको कार्यक्रम र लक्ष्य समान छन् भने सोही उद्देश्यसाथ आएका सामुदायिक रेडियोसँग सहकार्य र साझेदारी गर्नु आवश्यक छ**

रेडियोको दिगोपनमा चुनौतीहरू पनि अनगिन्ति छन् । सञ्चालक र अगुवाका निम्ति सामुदायिक रेडियो स्थायित्वको सवाल पेचिलो बन्न पुगेको छ । अर्थात् सामुदायिक रेडियोको दिगोपनको विषय चुनौतीपूर्ण छ । सामुदायिक रेडियोले समाजमा आफ्नो क्रियाशीलता र प्रभावकारी भूमिका निर्वाह गर्दागर्दै पनि किन न्यूनतम स्रोतको अभाव झेल्नु परिरहेको छ त ? यो सामुदायिक सञ्चार माध्यम सञ्चालन गर्नेका निम्ति सबैभन्दा घतलाग्दो र असजिलो प्रश्न हो । सामुदायिक रेडियो सञ्चालनको अनुभव बटुलेकालाई समेत सधैंजसो दिगोपनको विषयले चिमोटिरहेको हुन्छ । के हामीसँग रेडियोको दिगोपनका निम्ति अवलम्बन गर्न सकिने केही सूत्रहरू छैनन् ? जसलाई प्रयोग गरेर राहतको अनुभव गर्न सकियोस् ।

आफ्नो दैनिक खर्च व्यवस्थापनको सकसले रेडियोले गर्नुपर्ने भूमिका कम र नगरे पनि हुने भूमिकामा ज्यादा समय खर्चिने अवस्था उत्पन्न भएको छ । समुदायको निम्ति आवश्यक सूचनामूलक एवं जानकारीमूलक कार्यक्रम उत्पादन गर्नसमेत स्रोतको अभावले कठिन भएको छ । यसले गर्दा अन्य सञ्चारगृहले उत्पादन गरेका कार्यक्रम मुख्य समयमा प्रसारण गर्न रेडियोहरू बाध्य छन् । यस्ता कार्यक्रम समुदायका निम्ति उपयोगी छन् कि छैनन् भन्ने राम्रो लेखाजोखा गरेर सही कार्यक्रममा साझेदारी गर्ने प्रणाली बसाल्नु उपयुक्त हुन्छ । जुन लक्ष्य उद्देश्यले सामुदायिक रेडियो स्थापना गरिएको हो सोहीअनुसारको प्रभावकारी भूमिका निर्वाह गर्न स्रोत र साधन अपरिहार्य हुन्छ । यसको अभावले कतै हामी 'काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर' भनेजस्तो त भएका छैनौं, संवेदनशील भएर यसको समाधान खोज्नुपर्छ ।




**सामुदायिक रेडियो नै किन ?**

समुदायले आफ्नो निम्ति समुदायकै अग्रसरता र नेतृत्वमा सञ्चालन गरिने सञ्चारमाध्यम हो सामुदायिक रेडियो । समुदायका आफ्नै मूल्य, मान्यता, संस्कार संस्कृति र भाषा छन् । समुदायको खास पहिचान, विशेषता, अनुभव र उपलब्धिलाई सामुदायिक रेडियोले राम्रोसँग उजागर गर्न सक्छ । समुदायका रूचि, चाहना र चुनौतीलाई अन्य सञ्चारमाध्यमले भन्दा यसले अनुभव गरेका हुन्छन् । यही कारण पनि साना सञ्चारमाध्यम समुदायमा लोकप्रिय भइरहेका छन् । ठूला र राष्ट्रिय सञ्चारमाध्यमको प्राथमिकतामा नपर्ने विषय जुन साँच्चै समुदायका लागि अहम् र महत्वपूर्ण छन् त्यसमा सामुदायिक सञ्चार माध्यमले पर्याप्त समय दिइरहेका हुन्छन् । यो सामुदायिक सञ्चारमाध्यमको विशेषता नै हो । सामुदायिक रेडियोको मुख्य काम नै समुदायको रूचि, आवश्यकता र चाहनालाई सम्प्रेषण गर्नु हो । यो समुदायको सूचना, विचार र अभिव्यक्ति प्रवाह गर्ने सशक्त माध्यम हो । सामुदायिक सञ्चारमाध्यम एकोहोरो सूचना र विचार प्रवाह गर्नेभन्दा दोहोरो सञ्चार प्रणाली र अभ्यासमा विश्वास गर्छ ।

सामुदायिक रेडियो समुदायसँग यसरी गाँसिएको हुन्छ कि जुन एकअर्काको प्रेरणाबाट अघि बढिरहेका हुन्छन् । समाजको गतिलाई निरन्तरता दिनमा सामुदायिक सञ्चारमाध्यमले इन्धनको काम गरिरहेको हुन्छ । साथै सामुदायिक रेडियोले समाजभित्रको विविधता, बहुलता र एकतालाई सम्मान गर्दै समाजको सकारात्मक रूपान्तरणतर्फ निरन्तरता दिन नेतृत्वदायी भूमिका निभाइरहेको हुन्छ ।

**दिगोपनको सवाल**

विश्वभर सामुदायिक रेडियोको दिगोपनका फरक अभ्यास र तरिका अवलम्बन गरिएका छन् । यसको मुख्य र समान विशेषता भनेकै यो सम्बन्धित समुदायको आवश्यकतामा आधारित भएर सञ्चालन हुनु हो । कतिपय मुलुकमा सामुदायिक रेडियोको निरन्तरता वा दिगोपनाा निम्ति राज्यले स्थापना गरेको सामुदायिक सञ्चारमाध्यम विकास कोषको सहयोग हुन्छ ।

त्यस्ता कोषमा नागरिकबाट प्रत्यक्ष योगदान पुगेको हुन्छ । कतिपय मुलुकले अन्य व्यावसायिक, नाफामूलक सञ्चारमाध्यमबाट प्राप्त हुने रोयल्टी र करबाट उठ्ने रकमसमेत कोषमा संकलन गरी सामुदायिक सञ्चारमाध्यमलाई उपलब्ध गराउँछन् । सरकारले लोककल्याणकारी सूचना, जानकारी र विज्ञापन प्रदान गरेर पनि सामुदायिक सञ्चारमाध्यमलाई सहयोग गरिरहेको हुन्छ । कतिपय मुलुकमा स्थानीय सरकार र नगरपालिकाबाटै सामुदायिक रेडियोलाई सहयोग गर्ने प्रणाली बसालेका छन् ।

सामुदायिक रेडियो सञ्चालन गर्न न्यूनतम शुल्क आवश्यक पर्छ । घरभाडा, टेलिफोन, बिजुली केही मुख्य कर्मचारीको तलबजस्ता खर्चलाई व्यवस्थापन गर्नैपर्ने हुन्छ । कतिपय ठाउँमा सामुदायिक सञ्चारमाध्यम सञ्चालन गर्ने समुदाय आफैं आर्थिक र भौतिक रूपमा सवल भएकाले उनीहरूको दैनिक प्रसारण खर्च जुटाउन सहज हुन्छ । विश्वभर नै सामुदायिक रेडियो सञ्चालनमा छन् । तर दिगोपनका अभ्यास र अनुभव फरक फरक छन् । एउटै विधि र तरिका व्यावहारिक हुँदैन । एउटा समानता विकसित, विकासशील र विकासमा पछाडि परेका मुलुकमा सामुदायिक रेडियो सञ्चालनमा छ । उनीहरूले आफ्ना समुदायको रूचि र आवश्यकताअनुसारको विषयवस्तु प्रसारण गरेर समुदायमा सेवा पुऱ्याइरहेका छन् ।

हामी रेडियोको दिगोपनको सवाल उठ्नासाथ सम्बन्धित संगठनको नियमित आम्दानीको आकार प्रकार नाप जाँच गर्दछौ । पक्कै पनि संस्थाको आम्दानी मुख्य विषय हो । तर स्थायित्वको सम्पूर्ण केन्द्र आम्दानीमा मात्र सीमित हुँदैन । Gumucio-Dragon and Dlamini (2005) का विचारमा कुनै पनि संस्था आत्मनिर्भर, सफल र दिगो बन्न सम्बन्धित संगठनको सामाजिक पक्ष, संस्थागत अभ्यास र आर्थिक पक्षले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यी तीनवटै पक्षमा राम्रो गर्न सके अवश्य पनि संस्था दिगो बाटोमा अघि लम्कन थाल्छ । पहिलो पक्ष संस्थाको सामाजिक विषयले स्थापनादेखि नियमित सञ्चालन, व्यवस्थापन र क्रियाशीलतामा समुदायको रूचिपूर्ण सहभागिता हुने अवस्था बनाउनुपर्छ । रेडियोको कार्यक्रम उत्पादनलाई कत्तिको सहभागितामूलक बनाउन सकिएको छ । रेडियो सञ्चालनमा सम्बन्धित समुदायको उचित र अर्थपूर्ण सहभागिता छ कि छैन । लक्षित समुदायले संस्थाको स्वामित्वको अनुभव गर्न सक्ने गरी सहभागिता सुनिश्चित गर्नुगर्छ । यसले रेडियो सञ्चालनमा उत्पन्न हुने कठिनाई सुल्झाउन समुदायको एकीकृत प्रयत्न रहन्छ ।

रेडियोको संस्थागत विकास र अभ्यासले पनि यसको दिगोपनमा प्रभाव पारिरहेको हुन्छ । संस्थागत विकास र प्रणालीले संस्थाको विश्वसनीयता निर्धारण गर्छ । समुदायमा आधारित संगठन भएकाले सामुदायिक रेडियो समाजप्रति जवाफदेही हुनुका साथै पारदर्शिता अवलम्बन गरिनुपर्छ । यसअन्तर्गत रेडियो सञ्चालनका लागि नीतिनियम र नियमनको वातावरणलाई समेत विश्लेषण गरिन्छ । संस्थागत विकासमा नीतिनियम र निर्देशिकाअन्तर्गत संस्था सञ्चालन हुने व्यवस्था मिलाउनुपर्छ । संस्थाको संगठनात्मक संरचना, सञ्चालन निर्देशिका, कर्मचारी नीति, सम्पादकीय नीतिजस्ता आधारभूत संस्था सञ्चालन र सुशासनका आधारहरू अवलम्बन गरेको संगठनले विश्वाससमेत आर्जन गरेको हुन्छ ।

त्यसैगरी संस्थाको आर्थिक अवस्थाले दिगोपनको जग बलियो बनाइरहेको हुन्छ । बिहानीले दिनको संकेत गर्छ भनेझै आजको आम्दानीले भविष्यतर्फको आडभरोसा गरिरहेको हुन्छ । रेडियोले आफ्नो कोष बलियो बनाउन के कति स्रोत परिचालन गरिरहेको छ । विश्वसनीय योजना र सिर्जनशील अभ्यासतर्फ रेडियो प्रेरित भएमा यसले दिगोपनको आधारहरू निर्माणमा योगदान पुऱ्याउँछ ।

**सामाजिक अभियान**

सामुदायिक रेडियोले दिगोपनका निम्ति संस्थागत सुदृढीकरणका माध्यममार्फत उद्देश्य मिल्ने संघसंस्थासँग सहकार्य र साझेदारी बढाउनुपर्छ । सामाजिक रूपान्तरणका निम्ति सरकारी एवं गैरसरकारी संघसंस्था र स्थानीय निकायको कार्यक्रम र लक्ष्य समान छन् भने सोही उद्देश्य बोकेर स्थापना भएका सामुदायिक रेडियोसँग सहकार्य र साझेदारी नहुने प्रश्नै उठ्दैन । सामुदायिक रेडियोले आफ्नो उद्देश्य र प्रभावकारिताका विषयमा सम्बन्धित निकाय र संघसंस्थालाई विश्वास दिलाउन सक्नुपर्छ ।

सामुदायिक रेडियोको आफ्नै कारणले पनि पछिल्लो समय दिगोपनमा चुनौती थपिएको छ । एउटै स्थान



र समुदायलाई लक्षित गरी धेरै एफएम रेडियो सञ्चालनमा आएका छन् । यदि सामुदायिक रेडियोले आफूलाई दिगोपनतर्फ डोऱ्याउने हो भने अविलम्व एउटै समुदायमा एकै समयमा एकै प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने तरिकामा परिवर्तन ल्याउन जरूरी छ । यदि हामीले फरक विषयवस्तुमा जानकारीमूलक प्रस्तुति दिन सक्यौं भने हाम्रो आवश्यकता र औचित्य पुष्टि हुन्छ र दिगोपनका लागि मद्दत पुग्छ । अर्कोतर्फ रेडियो कुनै खास विषयको सूचनाको केन्द्र र ज्ञानको भरपर्दो स्रोत बन्न पुग्छ । यसले समुदाय प्रत्यक्ष लाभान्वित हुन्छ । विषयको रूचिअनुसार रेडियो छनौट गर्ने सुविधासमेत उपलब्ध हुन्छ । तर विषयको छनौट गर्न सामुदायिक रेडियो स्वतन्त्र हुनुपर्छ । अरू कसैको दबाब र निर्देशनमा गरिनु सामुदायिक रेडियोको मूल्य, मान्यता एवं सम्बन्धित समुदायको रूचिविपरीत हुन जान्छ । अर्कोतर्फ अधिकतम् स्थानीय समुदायको रूचि र सरोकारका सवालमा रेडियोको प्रसारण केन्द्रित हुनुपर्छ । उनीहरूकै दुःख-सुखको साथी बन्नुपर्छ । सामुदायिक रेडियो सकारात्मक सामाजिक रूपान्तरणको महत्वपूर्ण औजार हो । यो औजारको प्रयोग गरी हामी हाम्रो समाजमा विद्यमान सामाजिक कूरीति, छुवाछूत र बोक्सी प्रथा अन्त्य गर्न सक्छौं । कलंकको रूपमा रहेका यस्ता कूरीति र अन्धविश्वास जरैदेखि उखेल्ने अभियानको नेतृत्व सामुदायिक रेडियोहरूले मात्र गर्न सक्छन् । यस्तो अभियानका सही साझेदार पहिचान गर्नु आवश्यक छ । साझेदारीले अभियानको सफलतासँगै रेडियोको दिगोपनमा मद्दत गर्छ ।



### प्रतिबद्ध नेतृत्व

सामुदायिक रेडियोको दिगोपनका लागि यसको नेतृत्व अभियानप्रति पूर्णरूपमा प्रतिबद्ध हुनुपर्छ । देखासिकी र लहडका भरमा रेडियो स्थापना गर्ने र विधि प्रक्रिया एवं आधारभूत मूल्य, मान्यता स्थापित नभई नेतृत्व अभियानप्रति उदासीन बन्ने प्रवृत्तिले नेपालमा सामुदायिक रेडियोले गुणात्मक सफलता हात पार्न कठिन भएको छ । सैद्धान्तिक र व्यावहारिक पक्षलाई आत्मसाथ गर्न सक्ने नेतृत्व भएमात्रै सफलता हात लाग्छ । यस्तो नेतृत्वले संस्थागत अभ्यास र प्रणाली बलियो बनाउनुका साथै संस्थाको दूरदृष्टि तय गर्न सक्छन् । सामुदायिक रेडियोको स्थापनापछि यसको दिगोपनप्रति समर्पित नेतृत्वले रेडियो सञ्चालनमा सुशासन, पारदर्शिता र सहभागिता प्रबर्द्धन गर्नुपर्छ । रेडियोलाई पनि प्रजातान्त्रिक अभ्यासको नमुनाका रूपमा विकास गरिनुपर्छ । यसबाट सामाजिक विकास र परिवर्तनका निम्ति काम गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्थासँगको साझेदारी बलियो हुन्छ, जसले गर्दा दिगोपन सम्भव हुन्छ ।



रेडियोको विषयवस्तु र शैली पनि यसको भविष्यसित प्रत्यक्ष जोडिएको हुन्छ । समुदायका रूचि र सरोकारका विषयवस्तु प्रसारण गर्नु सामुदायिक रेडियोको दायित्व हुन्छ । यसमा पनि समुदायकै सहभागिता र उनीहरूको आवाजलाई प्राथमिकता दिनुपर्छ । स्थानीय भाषा र लवजलाई कार्यक्रम उत्पादन र प्रसारणमा स्थान दिनुपर्छ । अत्यावश्यक सूचनामूलक, जानकारीमूलक, शिक्षाप्रद, स्वस्थ मनोरञ्जनात्मक कार्यक्रम उत्पादन एवं प्रसारणमार्फत सामुदायिक रेडियोले समुदायलाई साथसाथै डोऱ्याउन सक्छ । यस्ता कार्यक्रममा समेत आवश्यकताअनुसार साझेदार पहिचान गरी स्रोत जुटाउन सकिन्छ । ■

Interview

# 'Community radios can play vital role in improving peoples'



**Keshav Koirala**
CECI

**What was your experiences during the project implementation in collaboration with community radios? What new lesson did you learn?**

Our experience in this respect was rather limited to PRAN project. This project aims at strengthening the capacity of civil society organizations to implement the social accountability tools to promote transparency, accountability, efficiency and inclusiveness particularly in Public Finance Management (PFM) sector. Increased awareness among the communities especially on acquiring the public services was our prime concern. We think the community radios played an effective role and they were able to reach the desired communities in a wider scale.

Based on this limited experience of partnership with ACORAB, we see the need for enhancing the capacity of local radios, monitoring and mentoring them.

Based on your experiences, what do you think about the role of communication in community development? How do marginalized communities can get huge benefit from community development activities?

I think we all are aware about the role of media and here is no debate on this. In our country, due to the difficult geography and remoteness, community radios have a greater role compared to other sources.

The citizens, especially the marginalised groups and the people in remote areas are often not well informed about the local development decision process which directly affects their lives. They are unaware on their role and participation. They have limited knowledge on the process, provisions and criteria for acquiring services from the local service providers. Community radios can play vital role in improving peoples' awareness and educating them on these issues.

**What could be the effective strategies to collaborate among the development partners, to make development activities more effective, and to provide more benefits to the most marginalized and vulnerable communities of Nepal.**

As I mentioned earlier, more focus is needed at the local level to increase the capacity of local radios. Good examples and case studies, peoples' success stories, grievances and their experiences could be disseminated. Also there is a need to give some consideration on local languages while disseminating important information and guidelines. FM radios are very popular both in urban and rural areas but mostly for the music. We need to think on how to make our programs more interesting and participatory and meaningful to their daily lives.

## सामुदायिक रेडियोहरूको

# सकारात्मक प्रभावका लागि प्रशंसनीय खोज पद्धति



**डा. रामचन्द्र लामिछाने**
कार्यकारी निर्देशक
अकोराब

**सामुदायिक रेडियो दूरदराजमा रहेका नेपाली जनताका लागि सहज जीवनयापन गर्ने, जीवनकला सिकाउने, अवसर सिर्जना गर्ने, नयाँ–नयाँ सम्भावना देखाउने र समावेशी तथा समुन्नत समाज निर्माण गर्ने आधारशीला तयार गर्ने असाधारण माध्यम हुन् ।**

सामुदायिक रेडियोहरू विशिष्ठ प्रकारका लक्ष्य प्राप्त गर्ने एक निश्चित प्रणालीगत संरचनामा आधारित संगठित संस्थाहरु हुन् । प्रत्येक सामुदायिक रेडियोमा एक आधारभूत संगठनका लागि आवश्यक पर्ने तीन प्रकारका तत्वहरु (१) सदस्यता (२) लक्ष्य र (३) सांगठनिक प्रणाली छन् । प्रत्येक सामुदायिक रेडियोको निश्चित लक्ष्य हुन्छ र त्यसमा आबद्ध सदस्यको काम–कर्तव्य र अधिकार तोकिएको हुन्छ । सामुदायिक रेडियोका स्वयंसेवी तथा कर्मचारी सदस्यले सामुदायिक रेडियोका लक्ष्य र उद्देश्य प्राप्त गर्न तोकिएअनुसारका काम–कर्तव्य र अधिकार पालना गर्नुपर्छ । सामुदायिक रेडियोहरु समाजमा नयाँ–नयाँ मूल्य र मान्यता स्थापित गर्ने आधार हुन् । सामुदायिक रेडियोमा आबद्ध सदस्यले गर्ने अन्तर्क्रिया र व्यवहारले नै त्यस सामुदायिक रेडियोको मूल्य र मान्यतालाई दर्शाउँछ । प्रत्येक सामुदायिक रेडियोका फरक–फरक लिखित कानुन र नियम हुन्छन्, जसले संगठनले खेल्नुपर्ने औपचारिक क्रियाकलापलाई निर्देशित गर्दछन्, त्यसैगरी कतिपय अलिखित मूल्य–मान्यता पनि रहेका हुन्छन् जसले त्यस संस्थाको संस्कृतिलाई दर्शाउँछन् । सदस्यका साझा अनुमान, मूल्य–मान्यता, एक–आपसी विश्वास जस्ता कुराले सामुदायिक रेडियोको शासन प्रक्रिया निर्देशित गर्छ ।

सामुदायिक रेडियो के–कस्ता अपेक्षाका लागि कुन मूल्य र मान्यतालाई अँगालेर अगाडि बढेका छन् र त्यसमा आबद्ध सदस्यले सामुदायिक रेडियोका अपेक्षा, मूल्य र मान्यताअनुरूप आफ्ना व्यवहारलाई निर्देशित गर्न सकेका छन् कि छैनन् ? सामुदायिक रेडियोले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्य प्राप्त गर्ने योग्यता, दक्षता र मनोवृत्ति छ कि छैनन् भन्ने कुराले सामुदायिक रेडियोको सफलता र औचित्यलाई प्रभावित पार्छ ।

नेपालमा विभिन्न लक्ष्य प्राप्त गर्ने उद्देश्यले वर्षेनी सामुदायिक रेडियो स्थापना गरिएका छन् तर बदलिँदो परिवेश अनुसार सामुदायिक रेडियोका संस्थापक र सदस्यमा ज्ञान, सीप र धारणामा दुरूस्तता गर्न नसक्दा सामुदायिक रेडियोहरु निष्प्रभावी हुँदै गएका छन् र कतिपय सामुदायिक रेडियो सञ्चालन हुन नसकेर बन्दसमेत भएका छन् । यसका बावजुद ग्रामीण जनताको चेतना अभिवृद्धि गरेर अधिकार सुनिश्चित गर्न सामुदायिक रेडियोले अद्वितीय भूमिका खेलेका छन् ।




जब सामुदायिक रेडियो सफल र प्रभावकारी हुँदै जान्छन् त्यस्ताले उत्साह, उमङ्ग र सिर्जनशीलता प्रवाह गरिरहेका हुन्छन् । परम्परागत




सोंचअनुसार, परीआएका समस्या समाधान गर्नका लागि संस्थाहरूको निर्माण गरिन्थ्यो र हालसम्म पनि संस्थागत विकासमा भएको परिवर्तनको अज्ञानताका कारण धेरैजसो सामुदायिक रेडियोको नेतृत्व र सदस्यको बुझाइमा रेडियोलाई समाजका समस्या उजागर गर्ने माध्यमका रूपमा बुझ्ने गरिन्छ, जसले गर्दा सामुदायिक रेडियोले जुन लक्ष्य र उद्देश्य हाँसिल गर्नुपर्ने हो, त्यो गर्न सकिरहेका छैनन् ।

एक्काइसौं शताब्दीमा संस्थाको आधारभूत मान्यता नै नयाँ अवसर सिर्जना गर्ने माध्यमका रूपमा परिभाषित गरिएको छ । त्यसकारण सामुदायिक रेडियो दूरदराजमा रहेका नेपाली जनताका लागि सहज जीवनयापन गर्ने, जीवनकला सिकाउने, अवसर सिर्जना गर्ने, नयाँ–नयाँ सम्भावना देखाउने र समावेशी तथा समुन्नत समाज निर्माण गर्न आधारशीला तयार गर्ने असाधारण माध्यम हुन् । संगठित संस्थाले विश्वमा कसरी नयाँ–नयाँ अवसर सिर्जना गर्छन् भन्ने उदाहरण रक फेलर फाउन्डेसन, माइक्रोसफ्ट, एप्पल, ग्रामीण विकास बैंक, फोर्ड फाउन्डेसनजस्ता संगठनहरू हुन् भने नेपालमा मदन पोखरा सामुदायिक रेडियो, रेडियो लुम्बिनी, रेडियो माडीलगायत विभिन्न सामुदायिक रेडियो र अन्य संगठनले गरेका सकारात्मक कार्यलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

सामुदायिक रेडियोका लक्ष्य र उद्देश्य, विगतका समस्या र कमजोरीको व्याख्या-विश्लेषण नभई नयाँ भविष्यका लक्ष्य, उद्देश्य निर्माण र प्राप्ति गर्न नेतृत्व, सदस्य तथा जनतालाई परिचालन गर्नु हो । जसले गर्दा सिंगो समाजमा आशा, उत्साह र उमङ्गको सञ्चार हुनुका साथै समुदायका सदस्यबीचको सम्बन्ध सुमधुर र सहयोगी हुन्छ । सामुदायिक रेडियोले प्राप्त गर्ने नयाँ लक्ष्यबाट समाजले नयाँ कुरा प्राप्त गर्छ । सिंगो समाज नै अग्रगामी दिशामा निर्देशित हुन्छ । समाजका लागि सामुदायिक रेडियोले विभिन्न क्षेत्रमा दिन सक्ने सकारात्मक योगदान भएकै कारण सामुदायिक रेडियोलाई समाजको सकारात्मक रूपान्तरणको संवाहकका रूपमा लिइन्छ । सामुदायिक रेडियोई भविष्यमुखी, सकारात्मक र परिणाममुखी बनाउन त्यसका नेतृत्वको ज्ञान, सीप, धारणा र नेतृत्व क्षमताको महत्वपूर्ण योगदान हुन्छ । सामुदायिक रेडियोको नेतृत्वले सदैव समग्र नयाँ र रूपान्तरणकारी संरचनाबारे अवधारणा तयार गरी सदस्यलाई आकर्षण गर्न सक्नुपर्छ । सामुदायिक रेडियोलाई प्रभावकारी बनाउन यससँग सम्बन्धित सबै सरोकारवालाको उपस्थितिमा संस्थाको दूर-दृष्टि निर्माण गरी भविष्यको कार्यदिशा निर्माण गर्नुपर्छ भने सबै सरोकारवालाको भूमिकालाई स-सम्मान उपयोग गर्न सक्नुपर्छ । व्यवस्थापनमा पुरातनवादी सोचलाई चुनौती दिँदै संगठनको सकारात्मक प्रभाव फैलाउन सक्नु नै आजका लागि अवसर र चुनौती हो ।

विशेषतः प्रोफेसर डेभिड कुपरराइडरले सन् १९८० को दशकमा अमेरिकाको केसवेष्टर्न विश्वविद्यालयको वेदरहेड अफ स्कुल अफ म्यानेजमेन्टमा प्रशंसनीय खोज पद्धतिको विकास गरेपछि संसारभरि सकारात्मक संस्थागत विकासको अवधारणा अगाडि आयो भने प्रोफेसर मार्टिन



सेलिंगमेन, बारबरा फ्रिडिक्सनद्वारा पत्ता लगाइएको सकारात्मक मनोविज्ञानको शक्तिपश्चात् सकारात्मक संस्थागत विकासले नयाँ आयाम लियो । प्रशंसनीय खोज पद्दतिको प्रयोगपश्चात् विश्वका विभिन्न संस्थाले आफ्ना लक्ष्य र उद्देश्य प्राप्तिमा निकै ठूला फड्को मार्न सफल भए । यदि संस्थाको लक्ष्य र उद्देश्य भविष्य केन्द्रित छन् र सबै सदस्यको साझा सहभागितामा संगठनका लक्ष्य र उद्देश्यलाई तर्जुमा गरियो भने छोटो समयमा नै चमत्कारिक परिणाम हासिल गर्न सकिन्छ भन्ने तथ्य ब्रिटिस एयरवेज, ब्राजिलको न्यूट्रिमेण्टल फुड कम्पनी, अमेरिकाको रोडवेज एक्सप्रेस र ग्रीन माउण्टेन कफीजस्ता कम्पनीको प्रगतिले प्रमाणित गरेको छ । नेपालमा पनि क्यापिटल कलेज एण्ड रिसर्च सेन्टर, मोडेल नर्सिङ कलेज, महाराजगञ्ज नर्सिङ कलेजलगायत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले प्रशंसनीय खोज पद्धतिको प्रयोगबाट विभिन्न सकारात्मक परिणाम प्राप्त गर्न सफल भएका छन् ।

| सकारात्मक रूपान्तरणको आधार | |
|---|---|
| समस्यामूलक खोज | सकारात्मक खोज |
| नकारात्मक प्रश्न | सकारात्मक प्रश्न |
| नकारात्मक उत्तर | सकारात्मक उत्तर |
| नकारात्मक कार्य | सकारात्मक कार्य |
| नकारात्मक परिणाम | सकारात्मक परिणाम |
| नकारात्मक परिवर्तन | सकारात्मक परिवर्तन |
| नकारात्मक समाज | सकारात्मक समाज |

प्रशंसनीय खोज पद्धति (Appreciative Inquiry Approach) भनेको कुनै पनि व्यक्ति, संघसंस्था वा समुदायमा रहेका जीवनदायी वा प्रेरणादायी ऊर्जाको प्रक्रियागत ढंगबाट खोजी गरी तिनमा जीवनदायी वा प्रेरणादायी कुरा बढाउने कारणको खोजी गर्ने विधि हो । यस विधिमा सफलताका कारणहरू र ती कारणहरु बढाउन सकिने उपायहरूको बारेमा खोजी गरिन्छ । कुनै पनि समाज वा संस्थाको अग्रगामी रूपान्तरण त्यस समाजका सदस्यको उत्साह र उमंगमा भर पर्छ । यदि समुदायका सदस्य उत्साहित र भविष्यप्रति आशावादी छन् भने त्यहाँ सहकार्य, सद्भाव र सहमति सम्भव हुन्छ । चमत्कारिक रूपमा सकारात्मक रूपान्तरण हुन्छ । यसको ठीक विपरीत यदि नैराश्य, नकारात्मक र निरूत्साहित छन् भने त्यहाँ दोषारोपण, द्वन्द्व र मनमुटाव हुन्छ । टकरावको स्थिति उत्पन्न हुन्छ । यसो हुँदा रूपान्तरण सम्भव हुँदैन ।




अधिकांश नेपाली संगठनमा व्यक्तिका असफलता, कमी-कमजोरी, संगठनका असफलता, अभाव र समस्यालाई आधार मानेर परिवर्तनको खाका तयार गरिन्छ, जसले गर्दा त्यस्ता संगठनमा एक-अर्काप्रति नकारात्मक भावना, तिक्तता, नैराश्यता संस्थागत रूपमै विकसित हुन्छ भने सिंगो संगठनको मानव संशाधन विभिन्न गुट-उपगुटमा विभाजित हुन गई आपसमा खुट्टा तानातानको स्थिति पैदा हुन्छ । वर्षौको प्रयास र लगानीका बाबजुद परिणाम निष्प्रभावी हुन्छ भने त्यस्ता संगठनमा आबद्ध व्यक्तिको व्यक्तित्व पनि शंकालु, अविश्वासी र धोकेबाज हुन्छ, जसको प्रभाव निजी जीवन र परिवारमा पनि पर्छ ।

व्यक्तिको भूमिकालाई प्रभावकारी बनाउन व्यक्तिमा सिर्जनशीलता, सहनशीलता र आत्मविश्वास आवश्यक छ, जुन सकारात्मक सोचबाट मात्रै सम्भव हुन्छ । त्यसकारण, प्रशंसनीय खोज पद्धतिले उत्साहको कारण खोज्छ, मानिसलाई उसको व्यक्तित्व, परिवार, संस्था र समाजप्रति प्रतिबद्ध बनाउँछ जसले गर्दा सकारात्मक परिणाम प्राप्त हुन्छन् । यस विधिले यथास्थिति र पछौटेपनलाई चुनौती दिन्छ । यस प्रक्रियामा समाहित भएपछि व्यक्तिले थाहै नपाई सकारात्मक योगदान दिन थाल्छ । प्रशंसनीय खोज विधिले मानिसको सोच्ने तरिकामै आमूल सकारात्मक रूपान्तरण ल्याएर नयाँ जीवनशैली निर्माण गरिदिन्छ । व्यक्तिको सोच्ने दायरालाई फराकिलो बनाइदिन्छ र व्यक्तिमा आफूलाई आवश्यक पर्ने नयाँ विचारको आविष्कार गर्ने क्षमता प्रष्फुटन गराइदिन्छ । यसले एकअर्काको अस्तित्वलाई स्वीकार गरेर सहकार्य गर्न सक्ने क्षमताको विकास गराइदिन्छ । यसले व्यक्तिको निजी जीवन पद्धति, परिवार, संस्था, समाज र सिंगो देशलाई नै नयाँ जीवन दिन सक्छ । यस पद्धतिले मानिसले सपनामा पनि नचिताएको सकारात्मक रूपान्तरणलाई सहज तवरले प्राप्त गराउन मद्दत गर्छ । मुख्यतः यस विधिले निराशामा जीवन गुजारी रहेका, अब केही पनि हुँदैन भन्ने मानसिकताले ग्रसित व्यक्तिमा नयाँ सोंच, उत्साह र जाँगर निर्माण गरिदिन्छ ।

नेपालमा सामुदायिक रेडियोहरू कानुनद्वारा मान्यता प्राप्त अविछिन्न उत्तराधिकार प्राप्त स्वशासित स्वतन्त्र सामुदायिक संस्था हुन् । सामुदायिक रेडियोले सबै प्रकारका संस्था विद्यालय, कलेज, सहकारी, बैंक, अस्पताल, गैसस आदिमा




अन्तर्निहित क्षमताको प्रष्फुटन गराई असाधारण परिणाम प्राप्त गर्ने दिशा निर्देश गराउँछ । संस्थाहरूमा सहकार्य र सकारात्मक वातावरणको निर्माण गराउँछ । संस्थामा कार्यरत कर्मचारीमा नयाँ जोंस, जाँगर, उत्साह र उमंग जगाउँछ । भविष्यमुखी बनाउँछ र संस्थालाई आवश्यक पर्ने विधिको आविष्कार गराउँछ ।

नेपालजस्तो हरक्षेत्रमा निराशा र आलोचनाले रूमल्लिएको देशमा यस विधिअनुसार व्यवस्थापन, योजना तर्जुमा, तथा कार्यान्वयन गर्न सके नेपाली समाजको चमत्कारिक रूपमा सकारात्मक रूपान्तरण हुने निश्चित छ । देशको शिक्षा तथा व्यापार क्षेत्रमा व्याप्त रहेको निराशाजनक अवस्थामा आमूल रूपान्तरण गरी सकारात्मक परिणाम प्राप्त गर्न यस विधिले जादूसरह काम गर्न सक्छ भने राजनीतिमा हावी रहेको एक अर्कालाई निषेध गर्ने प्रचलनको अन्त्य गरी सहकार्य र सहमतिको संस्कार बसाल्न चमत्कारिक योगदान दिन सक्छ ।

नेपालमा प्रशंसनीय खोजलाई कतिपय विद्वान्ले सकारात्मक सोँचको शाखाका रूपमा बुझ्ने गरेको पाइन्छ तर यो त्यसभन्दा भिन्न हो । यो व्यवस्थापन विज्ञानको एउटा स्थापित र जुर्मुराउँदो विधि हो । यसले व्यक्तिलाई उसको परिवार, संस्था र समाजप्रति सकारात्मक र प्रतिबद्ध बनाउँछ । समय-समयमा हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनले यस विधिमा भएका नयाँ-नयाँ विकास र विस्तारबारे जानकारी गराई दस्तावेजीकरण गरिन्छ । सामुदायिक रेडियोको सकारात्मक प्रभाव र भूमिका बढाउन रेडियो व्यवस्थापन तथा समाचार संकलन, छनौट एवं प्रसारणमा यस विधिको प्रयोगले सकारात्मक परिणाम ल्याउन अभिप्रेरित गर्छ ।

## सामाजिक उत्तरदायित्वबारे तालिम र प्रभाव

पुस महिनाको चिसो, कठाङ्ग्रिने जाडो हुने खानेले सहज रूपमा लिने र बुझ्ने गरे पनि, गरिब परिवार त्यसमाथि पनि दक्षिणी तराईका बासिन्दाको दैनिकी कति कष्टकर हुन्छ, त्यो त उनीहरूलाई नै थाहा हुन्छ । हरेक वर्ष यो मौसम आउँछ र उनीहरूलाई सताउँछ । चिसो व्यवस्थापनको दीर्घकालीन विकल्प खोज्न कम आयस्तरका व्यक्तिको पहुँचको कुरा होइन, तर जतिबेला उनीहरु चिसोले कठाङ्ग्रिएर दैनिक मजुदरी पनि गर्न सकिरहेका हुँदैनन्, विद्यार्थी विद्यालय जान सक्ने अवस्था हुँदैन, छोराछोरीलाई चिसोबाट जोगाउन नसकेर अभिभावकहरु छट्पटिरहेका हुन्छन्, त्यतिबेला उनीहरूलाई सहयोगको खाँचो हुन्छ । तर, तराई क्षेत्रका कम आयस्तर भएका व्यक्तिले जाडो छल्ने विकल्पमा सहयोग पाइरहेका हुँदैनन् । २०७० सालको जाडो सुरु भएसँगै तराईका २२ वटै जिल्लाको जनजीवन कष्टकर बन्यो । सतही समाचार सबैजसो सञ्चारमाध्यममा आएकै हो । त्यसको विकल्प कुनै पनि जिल्लामा खोजिएन । यहाँ सन्दर्भ जोडिँदै छ, रौतहट सदरमुकाम गौरको । पुस महिना सुरु भएसँगै गौर बजारमा सर्वसाधारणको चहपहल झण्डै आधाले घटेको थियो । दिनभरि बाक्लो हुस्सु र मुटु नै छेड्ने गरी चल्ने चिसो हावा । त्यसबाट बच्न गौरवासीलाई हम्मे परेको थियो । रौतहट जिल्लामा चिसोकै कारण ७ जनाले ज्यान गुमाई सक्दा पनि चिसोलाई व्यवस्थापन गर्ने विषय कसैको चासो बनिरहेको थिएन । स्थानीय प्रशासनले पनि त्यसलाई व्यवस्थापन गर्ने र सर्वसाधारणलाई राहत दिनेतर्फ ध्यान दिएको थिएन । तर, जब पुस १२ गते रौतहटमा रहेको रौतहट एफएमबाट स्थानीय भाषामा प्रसारण हुने बज्जिका समाचारमा त्यहाँको वास्तविक जनजीवनबारे समाचार



र सरोकारवालाको भूमिकाको खोजी बारेको समाचार र सामग्री बजायो, त्यसको भोलिपल्ट नै स्थानीय प्रशासनको सहयोगमा गौरको चोक–चोकमा आगो ताप्न काठको मुढा व्यवस्था गरियो । स्थानीय बासिन्दाले बल्ल राहतको अनुभूति गर्न पाए ।

अर्को उदाहरण हो, स्थानीय सरोकार र सामाजिक उत्तरदायित्वको विषयमा प्रकाशन/प्रसारण गरिएको समाचारको प्रभावको । बाग्लुङ जिल्लाको पश्चिमी क्षेत्रका अधिकांश गाविसमा वितरण गरिएको सुधारिएको धुँवारहित फलामे चुल्हो । नेपाल सरकार जैविक ऊर्जा प्रबर्द्धन विकास कार्यक्रमअन्तर्गत २०६८ सालमा बाग्लुङको १५ गाविसमा १ सय ५० फलामे चुलो वितरण गरिएको थियो ।

तीमध्ये आधाभन्दा बढी चुल्हो प्रयोग नभएर घरमै थन्किएको थियो । तर २०६९ मंसिर २१ गते बाग्लुङको स्थानीय सामुदायिक रेडियो परिवर्तन बुर्तिवाङका पत्रकार अवतार राईको सहयोगमा रेडियो परिवर्तनबाट रेडियो रिपोर्ट र सामुदायिक सूचना नेटवर्क (सीआईएन) बाट समाचार प्रसारण भएपछि चुल्हो निर्माण कम्पनी, धौलागिरि सामुदायिक स्रोत विकास केन्द्र (डिसीआरडिसी) बाग्लुङद्वारा समस्या समाधान र चुल्होको प्रयोग बढाउनेबारे अनुगमन तथा बृहत् छलफल र अन्तर्क्रिया गरियो । त्यसपछि, अहिले त्यहाँका अधिकांश चुल्हो प्रयोग भइरहेका छन् ।

नेपालभरि छरिएर रहेका सामुदायिक वा व्यावसायिक सबैजसो रेडियोमा दैनिक रूपमा समाचार प्रसारण भइरहेको हुन्छ, तर ती सबै समाचार समुदायप्रति उत्तरदायी अर्थात् सामाजिक उत्तरदायित्वमा केन्द्रित नभएको हुनसक्छ । यसै विषयवस्तुलाई ध्यान दिँदै सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) ले देशभरका २ सय २० सामुदायिक रेडियोका २ सय ४३ पत्रकारलाई समाजिक उत्तरदायित्व विषयको तालिम दिएको छ । सन् २०१३ जनवरी २५ तारिखमा सुरु तालिम डिसेम्बर १९ अर्थात् पुस ४ गते सकिएको हो । देशभरका ९ स्थानमा तालिम भएकोमा, पाल्पाको रामपुरको पहिलो तालिममा २४, कास्कीको पोखरामा २६, सनुसरीको धरानमा ३०, चितवनमा २५, महोत्तरीको बर्दिबासमा ३७, काठमाडौंमा २७, सुर्खेतमा २८, कञ्चनपुरमा २५ र




प्यूठानमा २५ जना पत्रकारको सहभागिता रहेको थियो । तालिममा सहभागी पत्रकारलाई सामाजिक उत्तरदायित्व, मानव अधिकार, कानुनको शासन, सूचनाको हक, सुशासन, जवाफदेहिताबारे प्रशिक्षण दिइएको थियो ।

नौ वटै स्थानमा भएको तालिममा अरोराबका कार्यकारी निर्देशकलगायत पदाधिकारी तथा सीआईएनका एक–एक जना प्रतिनिधिले प्रशिक्षण दिनुभएको थियो । जसले ती सामुदायिक रेडियोका सञ्चारकर्मीकै अनुभवमा पनि समुदाय केन्द्रित समाचार संकलनको क्रम बढेको छ । रेडियोबाट प्रसारण गरिने समाचार, रेडियो रिपोर्ट र प्याकेज कार्यक्रममा समेत सामुदायिक उत्तरदायित्वको विषयवस्तु उठान गर्ने क्रम बढेको छ र त्यसको सकरात्मक प्रभाव पनि देखिँदैछ ।

तालिममा सहभागी सामुदायिक रेडियोका पत्रकारले आफ्नो क्षमतामा निखार ल्याउँदै एउटै समाचारलाई पनि समुदाय केन्द्रित गरेर प्रकाशन/प्रसारण गर्ने शैलीको विकास भएको पनि आफैं बताएका छन् र उनीहरूले प्रकाशन/प्रसारण गरेको समाचारको प्रभावबाट पनि थाहा पाउन सकिन्छ । २०७० वैशाख १४ गतेदेखि नै सर्लाहीको पत्थरकोट–७ हिरापुरमा रहेको जनता निमाविमा ताला लगाइएको थियो, विद्यालयका सय जना विद्यार्थी पढ्न पाउने अधिकारबाट वञ्चित भएका थिए ।

विद्यालयका १२ जना शिक्षकले ७ महिनाको तलब नपाएको विषयलाई लिएर वार्षिक परीक्षाको नतिजा पनि सार्वजनिक नगर्दा विद्यार्थीको भविष्य अन्यौलमा परिरहेको थियो । तर १० दिनपछि अर्थात् वैशाख २४ गते सर्लाहीको रेडियो एकताले यो विषयमा प्राथमिकताका साथ समाचार प्रसारण गरेपछि भोलिपल्ट नै अभिभावक भेला बोलाएर समस्या समाधानको पहल थालियो र विद्यालयको ताला खोलेर परीक्षाफल पनि प्रकाशित गरियो ।

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) स्थापनादेखि विभिन्न स्वदेशी तथा विदेशी गैरसरकारी संघसंस्थासँग सहकार्य र समन्वय गर्दै आइरहेको छ । त्यसै क्रममा संयुक्त राष्ट्रसंघीय लोकतान्त्रिक कोष (UNDEF) सँग पनि अकोराबको दुई वर्षका लागि सहकार्य गर्ने सम्झौता गर्दै देशभरका सामुदायिक रेडियोका सञ्चारकर्मीलाई सामाजिक उत्तरदायित्वबारे तालिम दिइयो । तालिमले क्षमता अभिवृद्धि गर्नुका साथै दिनदिनै गरिरहेको काममा निखारतासमेत ल्याउने गरेको छ । त्यसैले, आगामी दिन पनि अकोराबले आफ्नो सदस्य रेडियो स्टेसनका सञ्चारकर्मीलाई यस किसिमको तालिम प्रदान गर्दै जानेछ । ■

# सामुदायिक रेडियोमा महिलाः चुनौतीपूर्ण पाइला



**प्रेमकुमारी घले**
सदस्य, सामुदायिक रेडियो प्रसारक संघ

दक्षिण एसियामै पहिलो सामुदायिक रेडियो स्थापना गर्दै नेपालले सामुदायिक रेडियोको करिब २ दशक लामो अनुभव संगालेको छ । वि.स. २०५४ सालमा पहिलो सामुदायिक रेडियो सगरमाथाले काठमाडौं भ्यालीबाट र त्यसको दुई बर्षपछि रेडियो लुम्बिनी र रेडियो मदनपोखराले मोफसलबाट प्रसारण आरम्भ गरेको हो । त्यसयता यो २ दशकको अवधिमा नेपाली संचार जगतसगै सामुदायिक रेडियोको बृद्धिविस्तार पनि व्यापक भएको छ ।

रेडियोको संख्यात्मक बृद्धिसगै रेडियोमा संलग्नताको संख्या पनि हवत्तै बढेको छ । संचालक, लगानीकर्ता, कर्मचारी, पत्रकार र स्रोता तथा सरोकारवालाको रूपमा । तर रेडियोमा महिलाको संलग्नता भने संख्यात्मक र गुणात्मक दुवै रूपमा सन्तोषजनक छैन । यहाँ रेडियोमा प्रत्येक्ष रूपमा संलग्न पत्रकार तथा कर्मचारी महिला र व्यवस्थापन पक्षका बारेमा मात्र चर्चा गर्नेछु । नेपालका सामुदायिक रेडियोहरूको छाता संगठन सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) को तथ्याक अनुसार देशभर ३ सयको हाराहरिमा सामुदायिक रेडियो छन् । जसमध्ये आधा दर्जन रेडियो महिलाहरूले मात्र चलाएका छन् । महिलाले मात्र संचालन गरेका बाहेकका सवै रेडियोमा पुरूषकै नेतृत्व छ । त्यसैगरि रेडियोको मुख्य कार्यकारी पद स्टेसन म्यानेजर पनि पुरूषकै नेतृत्वमा छ । ३ सय रेडियो मध्ये करिब १५ वटा रेडियोमा मात्र महिला स्टेसन म्यानेजर छन् । यो भनेको ५ प्रतिशतको हारहरिमा मात्र महिलाहरू सामुदायिक रेडियोको नेतृत्व तहमा छन् । तर संलग्नताको हिसावले हेर्ने हो भने सामुदायिक रेडियोमा महिला सदस्य ३९ प्रतिशत रहेको अकोरावकै तथ्याकले देखाउछ । यसैगरि ४७ प्रतिशत महिला कर्मचारी तथा पत्रकारको रूपमा कार्यरत रहेका छन् ।

**हाम्रो व्यवहार र मानसिकतामा परिवर्तन आए महिलाले जुनसुकै काममा पुरूषसँग प्रतिस्पर्धा र सहकार्य गर्न सक्छन्**

संचारिक समुहले हालै सार्वजनिक गरेको 'नेपालमा पत्रकार महिला' विषयको अध्ययनले समग्र संचार क्षेत्रमा २५ प्रतिशत पत्रकार महिला रहेको देखाएको छ । जसमध्ये ठुलो हिस्सा ६२.१ प्रतिशत रेडियोमा कार्यरत रहेको तथ्याक निकालेको छ । तर नेतृत्व तहमा भने उपस्थिति अत्यन्त न्यून रहेको जनाएको छ । अध्ययन अनुसार ब्यूरो प्रमुखमा २.९ प्रतिशत, सम्पादक ८.१ प्रतिशत, र प्रकासक/व्यवस्थापकमा २.७ प्रतिशत मात्र महिला कार्यरत छन् ।



बाँकी ४१.५ प्रतिशत समाचार तथा कार्यक्रम प्रस्तोता र २९.३ प्रतिशत समाचारदाताको रूपमा कार्यरत रहेको देखाएको छ । अझ जनजाति, दलित तथा अल्पसंख्यिक जातिका महिलाको खोजी गर्ने हो भने अवस्था झनै दर्दानक छ ।

यसले के देखाउछ भने संचार जस्तो समुदायसम्म सूचना प्रवाह गर्ने विश्वस्त, भरपर्दो, तटस्थ र समाजिक उत्तरदायित्व वहन गर्ने माध्यम जसले सधै सामाजिक न्याय, बहुलबाद, समावेशी चरित्र र सहभागिताको मुद्धालाई उठान गर्छ, उही संचार जगत बोलीमा सही व्यवहारमा चुकेको देखिन्छ । संचार भनेको एकातिर सचेतना जगाउने, सूचना प्रदान गरेर समुदायलाई परिचालन गर्नु हो भने अर्कोतिर लोकतान्त्रिक संस्कार, मानवअधिकारको रक्षा, सहभागितात्मक विकासको प्रवर्द्धन, शान्ति स्थापनामा योगदान, सामाजिक न्यायको प्रवर्द्धन गरेर समाज रूपान्तरणमा महत्वपुर्ण भूमिका निर्वाह गर्नु हो । तर आफैभित्रको सहभागितामूलक विकास, समावेशी चरित्र र सामाजिक न्यायको पाटो ओझेलमा परेको छ ।

**घरपरिवार र समाजले हेर्ने दृटिकोण, सामाजिक तथा पेशागत सुरक्षा, रेडियोको आर्थिक पाटोजस्ता साझा समस्या त छँदैछ । हाम्रो सामाजिक परिवेश र परम्परादेखि चलिआएको संस्कारका कारण घरबाटै गरिने विभेद्का बीच महिला बाहिर निस्कन्छिन् । फेरि करियरको दौरानमा पनि जानअन्जान विभेदको शिकार हुनुपर्छ । महिलाका लागि मिडियामात्र होइन सबै क्षेत्रमा उतिकै चुनौती र अवसर छन् ।**

सामुदायिक रेडियोहरू समुदायका लागि समुदायमै र समुदायबाटै सञ्चालित स्थानीय सञ्चारमाध्यम भएकाले समाज परिवर्तनका संवाहक हुन् । नेपाल जस्तो भौगोलिक विकटता भएको देशका नागरिकका लागि सूचना, मनोरञ्जन र शिक्षा दिलाउन रेडियो सबैभन्दा भरपर्दो साधन बनेको छ ।

रेडियोले बोल्ने र गर्ने व्यवहारले समाजलाई पनि मार्गनिर्देशन गर्दछ । तर हामी बोली र व्यवहारमा फरक देखिएका छौं । यि त भए हाम्रो बास्तविकता । अब समतामूलक समाज निर्माण गर्नुछ, पुरूषसगै सहयात्रा गर्नुछ । तर विगतको सिकाइ, वर्तमानको भोगाई नहेरिकन भविष्य कोर्न सकिन्दैन ।

**पुरुषवादी सोचको हावी**

कतिपय कुरा सुन्दा सानो, भोगेकालाई ठूलो लाग्छ । हाकिम भनेका पुरूष नै हुन्छन् भन्ने मानसिकता अझै छ । कुर्सीमा बसिरहेकी महिलालाई तिम्रो हाकिम खै, अनि पुरूष कर्मचारीलाई सर, तपाई, हजुर भनेर सम्बोधन गर्ने प्रवृत्ति छ । कार्यालय प्रमुख, राजनितिज्ञ लगायतका समाजका अगुवाहरू महिलालाई बहिनी अनि जुनियर पुरूषलाई जी थपेर सम्बोधन गर्छन् । लवाइखवाइ अनि सुन्दरताको टिकाटिप्पणीले कान थाकिसकेका हुन्छन् । सुन्दा साना लाग्ने यस्ता धेरै व्यवहार महिलाले भोग्नुपर्ने हुन्छ । यस बाहेक अन्य धेरै हिंसाजनक घटनाहरू रेडियोकर्मी महिलाहरूले दिनहूँ भोगिरहेका छन् ।





पुरूष सहकर्मी र हाकिमको यौन आशय झल्काउने गतिविधिले धेरै महिलाले रेडियो छाडेका छन् तर उनीहरू बास्तविकता बाहिरा ल्याउन सक्दैनन् । घरपरिवार र समाजले हेर्ने दृटिकोण, सामाजिक तथा पेशागत सुरक्षा, रेडियोको आर्थिक पाटो जस्ता साझा समस्या त छदैछ । हाम्रो सामाजिक परिवेश र परम्परादेखि चलिआएको संस्कारका कारण घरबाटै गरिने विभेदका बीच महिला बाहिरा निस्कन्छिन् ।

फेरि करियरको दौरानमा पनि जानअन्जान रूपमा विभेदको शिकार हुनुपर्छ । महिलाका लागि मिडिया मात्र हैन सवै क्षेत्रमा उतिकै चुनौति र अवसर छन् । तर मिडिया अलि फरक हो । जहाँ समयको पावन्धी हुदैन । तर क्षमता, सिर्जनशिलता र धर्यता भने अवश्य प्रर्दशन गर्नुपर्दछ । यहाँ आम्दानी छैन तर आर्कषण छ । त्यसैले मिडिया ग्लामर हो, यो अवसर हो । यति हुदाहुदै पनि किन महिलाको आर्कषण कम छ वा नेतृत्व तहमा किन कम पुगेका छन् त? अकोरावका महिला उपाध्यक्ष यमकुमारी केशी, दिनँहू व्यहोर्नुपर्ने पुरूषको सानातिना हेपाहा प्रवृत्तिले महिलालाई सुसुप्त रूपमा कमजोर र समाजबाट आफूलाई टाढा बनाइरहेको हुन्छ । अन्तत्वगत्व पेशामा रमाउन, टिकिरहन अनि भिड्न नसक्ने बनाउछ ।

**म आरक्षणको पक्षमा छैन । तर हाम्रो बास्तविकता दर्दनाक छ । महिला र पुरूषबीचको खाडल ठूलो छ । त्यो खाडल पुर्न निश्चित समय महिलाका लागि विशेष व्यवस्था गरी हरेक संरचनामा समावेशी र सक्रिय सहभागिताको व्यवस्था गर्नु नै पर्ने हुन्छ ।**





महिलाले पुरूषसगँ प्रतिस्प्रर्धा गर्न वा सहकार्य गर्न नसक्ने हैन । हाम्रो व्यवहार र मानसिकतामा परिवर्तनको खाँचो छ । तर हाम्रो सामाजिक, संस्कारगत र संरचनागत प्रवृत्ति हटाउन समय लाग्छ । जसरी घर चल्न बाबा र आमाको सम्मान भूमिकाको खाँचो छ त्यसरी नै संस्था, समुदाय र राष्ट्र चलाउन पनि महिला र पुरुष दुवैको सक्रिय सहभागिता हुनु जरूरी छ ।

म आरक्षणको पक्षमा छैन । तर हाम्रो बास्तविकता दर्दानक छ । महिला र पुरूषबीचको खाडल ठूलो छ । त्यो खाडल पुर्न निश्चित समय महिलाका लागि विषेश व्यवस्था गरि हरेक संरचनामा समावेशी र सक्रिया सहभागिताको व्यवस्था गर्नु नै पर्ने हुन्छ । तर त्यो बाध्यताबस हैन, मानसिकता परिवर्तन गरि सहृदयले स्वीकार्ने वातावरण निर्माण गर्नुपर्दछ । हो, समान र सक्रिय सहभागिताका लागि महिलाले अवसरसगै योग्यता र क्षमता बढाउनुपर्छ । तर जबसम्म महिलालाई हेर्ने पुरुष दृष्टीकोणमा सकरात्मक परिवर्तन हुदैन तबसम्म महिला खुलेर बाहिरा आउन सक्दैन । यसमा घर, समुदाय र राज्य तीनै तहबाट सहयोग हुनुपर्छ ।



## अब ढिला नगरौ

सामुदायिक रेडियो त सामाजिक रुपान्तरणको अन्तिम लक्ष्य लिएका संस्था हुन्, जो समावेशी प्रजातन्त्र र समावेशी विकासलाई सवल बनाउने महत्वपूर्ण साधन हुन् । त्यसैले पनि सामुदायिक रेडियो आफैमा उदाहरण बन्नुपर्दछ । यसका लागि राज्यले कानूनी रूपमै स्पष्ट व्यवस्था गर्नुपर्दछ भने सामुदायिक रेडियोहरूले अनिवार्य लैगिक निति निर्माण गरि लागू गर्नुपर्दछ ।

यसका साथै सामुदायिक रेडियोमा महिलाको उपस्थिति र अवस्था कस्तो छ, सुक्ष्म अध्ययनको जरूरी छ । तर अध्ययन केवल दातासगँ मागी खाने भाडो हैन । त्यही अध्ययन र तथ्यको आधारमा निति र योजना निर्माण गरि कार्यान्वयनमा जानुपर्दछ । तब मात्र सामुदायिक रेडियोमा महिलाको सहभागिता र नेतृत्वमा टेवा पुग्नेछ । ■



# जीवनशैली बन्दै सामुदायिक रेडियो

'कुनै बेला देश विदेशका खबर सुन्ने माध्यम रेडियो नेपालमात्रै थियो । रोजगारका सिलसिलामा भारत पुग्नेहरु रेडियो सेट बोकेर आउँथे, अनि नजिकका छिमेकीले साँझपख समाचार र गीतसंगीत सुन्न पाउँथे ।' बझाङका त्रिलोचन शाहीलाई ती दिनहरू अझै आँखामा झलझली आउँछ । रेडियोमा बोल्ने मान्छे कस्ता होलान् ? कसरी सुनिन्छ होला रेडियो ? भन्ने लाग्थ्यो रे । ओल्टाई पल्टाई हेर्थे । रेडियो हुनेहरूको घरमा मानिसहरू फालहालेर जान्थे त्यतिबेला ।



गोविन्द खड्का
सम्पादक
सीआईएन

### रेडियो मेरो साथी

पहिला–पहिला रेडियोमा समाचार बज्थे तर सबै टाढाटाढाका मात्रै । 'अहिले गाउँमा समुदायिक रेडियो खुलेपछि आफ्नै गाउँका समाचार सुन्न पाइएको छ ।' सुनसरी विष्णुपादुकाका रनबहादुर बस्नेतलाई आफ्नै खेतीकिसानीका कुरा आउँदा रेडियो मेरो हो भन्ने महसुस हुन्छ । उहाँ अहिले एउटा ठूलो गाईपालन केन्द्रमा काम गर्नुहुन्छ ।

### काम गर्दागर्दै सुन्न मिल्छ

कम साक्षरता, सानो अर्थतन्त्र, बजार व्यवस्थापनजस्ता कारणले टेलिभिजन र अखबार आममान्छेमा पुग्न अझै समय लाग्ने देखिन्छ । तर, रेडियो भरियाले भारी माथि राखेर पनि सुन्न मिल्छ । साइकलमा झुन्ड्याएर पनि सुन्न






सकिन्छ । अहिले त हातहातमा पुगेका मोबाइलसँगै एफएम रेडियोहरू सहरका भान्छादेखि गाउँघरका कान्लासम्म सहयात्री बनेका छन् ।

### व्यवसायको सहयात्री

गाउँका सामान्य आय भएका, असंगठित व्यक्ति र त्यसमा पनि खेती किसानी गर्नेका कुरा पनि रेडियोबाट बज्छन् । गाउँलेहरू कुनै वस्तु बेच्नुपर्‍यो भने रेडियो सम्झन्छन् । मकवानपुरका किसानले त रेडियो सुनेरै आफ्नो तरकारीको भाउ तोक्ने गरेको रेडियो आवाजका सुरज भुजेल बताउनुहुन्छ । आफ्ना सरोकारका कुरा आफ्नै भाषा र लवजमा सुनिने भएकाले पनि रेडियो गाउँले किसानको दैनिकीको अभिन्न अंग बनेको छ ।

### विकास साझेदार

गाउँघरका कुलो खन्ने, बाटो बनाउने, पूजा गर्ने र मेला लाग्ने कुरा पनि रेडियो समाचारका विषय बन्छन् । विभिन्न समुदायका उदाहरणीय कामहरू रेडियो बहसका विषय बन्ने गरेका छन् । कक्षा सञ्चालन गरेर रेडियोले विद्यालयको भूमिका पनि खेलेको छ । किसानलाई तरकारीको भाउ तोक्ने माध्यम पनि रेडियो नै बनेको छ । यसलाई तत्कालीन सञ्चारमन्त्री शेरधन राई समाजको तल्लो वर्गमा रेडियोबाट पाएको सूचना र शक्तिका रूपमा व्याख्या गर्नुहुन्छ ।



### अर्बौं लगानी

७५ जिल्लामै कम्तीमा एउटा स्थानीय रेडियो स्टेसन खुलेका छन् । मुलुकभर झण्डै ५ सय रेडियो सञ्चालनमा छन् । तीमध्ये २ सय ९३ समुदायिक छन् । एउटा रेडियो स्टेसन स्थापना गर्दा औसत २६ लाख रूपैयाँ खर्च हुन्छ । यही आधारलाई मान्ने हो भने सञ्चालनमा रहेका सामुदायिक रेडियोमा मात्रै झण्डै १ अर्ब लगानी छ । अकोराबका महासचिव गोविन्द देवकोटा नीतिगत व्यवस्था नगर्दा केही अप्ठ्यारो भए पनि रेडियोले समाज रूपान्तरणमा राज्यले भन्दा बढी भूमिका खेलेको दाबी गर्नुहुन्छ । सामुदायिक रेडियोमा मात्रै ३० हजारभन्दा बढी जनशक्ति कार्यरत छ ।

### विकृति पनि

संविधान निर्माण र राज्य पुनर्संरचनाका छलफलबारे थाहा पाउन गरिएको एक सर्वेक्षणले रेडियो नै पहिलो नम्बरको सूचनाको माध्यम बनेको देखाएको छ । तर रेडियोहरूको बढ्दो संख्याले विकृति पनि देखिएको छ, जसले अभियन्ताहरूलाई पनि पिरोल्न थालेको छ । रेडियो शक्ति हो भन्ने थाहा पाएपछि स्वार्थपूर्तिका लागि तल्लिन समूह, राजनीतिक दल पनि रेडियोतिर आकर्षित भएका छन् । ■

# विकास र परिवर्तनमा सीआईएन



**दीपक आचार्य**
**कार्यक्रम प्रमुख, सीआईएन**

सोलुखुम्बु जिल्लाको नेले हुँदै देउसा र वाकु गाविस जाँदा बाटोमा प्रायः सबै जमिन बाँझो देखिन्छ । जमिन बाँझो र उराठ भएपछि स्थानीय पसलहरू काठमाडौंबाट लगिएको खाद्यान्न र तयारी खानेकुरा (जंकफुड) ले भरिएको छ । गाउँमा पुगेपछि त्यहाँका स्थानीय ताजा तरकारी र खाद्यान्न खान्छु भन्नेले चाउचाउ, चाउमिन, बिस्कुटजस्ता खानेकुरा खानै पर्ने बाध्यता छ ।

सीआईएनको 'जनजीवन' कार्यक्रमले सधैँ चाउचाउ, चिजबल्स, चाउमिनजस्ता तयारी खानेकुरा खान छोडेर आफ्नै खेतबारीमा उत्पादित खानुपर्छ भनिरहेपछि आफ्नो बाँझो बारी हेर्ने गरेको बताउनुहुन्छ स्थानीय पदम राई । खेती किसानी घाटाको पेसाजस्तो भएपछि यस क्षेत्रका युवाले रोजगारीका लागि थातथलो छाडेकाले गाउँमा केटाहरू कमै देखिन्छन् । त्यहाँका महिला तथा बालबालिकाको पोषणको अवस्था चित्तबुझ्दो नभएको जिल्ला जनस्वास्थ्य कार्यालय सोलुखुम्बुको आमा सुरक्षा कार्यक्रम प्रमुख भगवती गुरूङ बताउनु हुन्छ ।

देउसा गाविस पुगेपछि भने केही परिवर्तनका दृश्यहरू देख्न पाइन्छ । त्यहाँका सबैजसो करेसाबारीमा हरियो तरकारी देखिन्छ । फलफूलका बगैँचामा कुखुराहरू घुमिरहेका भेटिन्छन् । उक्त गाविसमा भने महिला तथा बालबालिकाको पोषणमा सुधार आएको आमा सुरक्षा कार्यक्रमकी गुरूङ बताउनुहुन्छ । दुःख गर्न सक्यो भने माटोमा सुन फल्छ भने उद्दरणको प्रष्ट्याइँ यहाँको उराठ जमिनमा फलेका फसलले दिन्छ । त्यहाँका कुनै पनि नागरिकको करेसाबारी खाली छैन । देउसाकी मुगमाया राई आफ्नो करेसाबारीमा प्रशस्त तरकारी र फलफुल देखाउँदै भन्नुहुन्छ, 'केही वर्षअघिसम्म बाँझो रहेको खेतबारीमा फलेको तरकारी तथा अन्न खानमात्र होइन बेच्न पनि पुगेको छ ।' मुगमायाजस्तै धेरै देउसावासी उजाड गाउँलाई हराभरा बनाउँदै आफ्नो स्वास्थ्यसमेत निरोगी बनाउँदै आएका छन् । इको हिमालले गाउँमै पुगेर कृषि र पशुपालन अभियान चलाउनुका साथै सीआईएनमार्फत जनजीवन कार्यक्रम प्रसारणसँगै यहाँका नागरिकको जीवन पनि परिवर्तन हुँदै गएको छ । त्यहाँ पुगेर सीआईएनको जनजीवन कार्यक्रम प्रस्तोता भन्नेबित्तिकै स्थानीयवासीबाट पाएको सत्कारले पनि हामी सोलुखुम्बुमा राम्रोसँग भिजेका रहेछौं भन्ने प्रष्ट भयो ।

गाई, भैंसी, बंगुर कुखुरा पाल्नुभएका सोलुखुम्बु देउसा गाविसका अमर राईको घर पुगेपछि उहाँले हामीलाई खुबै सत्कार गर्नुभयो । कारण थियो, हामी सीआईएनको टिम । उहाँले हामीलाई मही र मकै भटमास खाजा खुवाउनुभयो । खाजा खाँदै गर्दा उहाँले हामीलाई यो पनि सुनाउन भ्याउनुभयो, 'उहाँको घरमा चाउचाउ, चाउमिन, बिस्कुटजस्ता जंकफुड प्रवेश निषेध छ ।' उन्नत बीउबिजन प्रयोग र नयाँ प्रविधि आएपछि आफूहरूले जीवनमा नदेखेको उत्पादन भिरालो जमिनमा हुन थालेको स्थानीय ६७ वर्षीय हरिप्रसाद घिमिरेले हामीलाई सुनाउनुभयो । कृषि र पशुपालन वनसँगै सम्बन्धित हुने भएकाले कृषि वन स्रोत केन्द्र स्थापना गरेर पूरै जिल्लामा जनचेतना जागृत गर्ने काम भएपछि कृषि उत्पादनमा थप आकर्षण बढेको छ । इको हिमालले सोलुखुम्बु देउसा र वाकु गाविसमा माटोमा रहेको उर्वराशक्ति मापन गरेर त्यहाँ लगाउने बाली सिफारिस तयारी गरेको कृषि वन स्रोत केन्द्रका सहायक केशव राई बताउनुहुन्छ । कृषिलाई



घाटाको पेसा भन्दै खेती छाडेर जमिन बाँझो छाडेको अवस्थामा कृषि वन स्रोत केन्द्र स्थापनापछि स्थानीय युवा जलवायु अनुकुलित खेतीतर्फ लागेको उहाँको भनाइ छ । माटो परीक्षण गरेर त्यसअनुसार खेती गर्ने र कृषिमा सूचना र प्रविधिको प्रयोग स्रोत केन्द्रले सिकाउन थालेको बताउनुहुन्छ स्थानीय तिलकबहादुर राई । हामीले सोलुखुम्बुको नमुना अभ्यासलाई 'जनजीवन' कार्यक्रममार्फत देशभरि पुऱ्याउने र देशभरि भएका सफल अभ्यासलाई प्रचारप्रसार गरी समुदायलाई सचेत तथा उत्प्रेरित गराउने हुँदा आफूलाई मन परेको देउसाकी पार्वती राईले बताउनुभयो । रेडियो कार्यक्रमले आफूहरूलाई केही गर्ने जाँगर थपिदिएको उहाँको प्रतिक्रिया थियो ।

रेडियो कार्यक्रम सुनेर गाउँलेले चाउचाउ, चाउमिन, बिस्कुट छोडेर गाउँकै उत्पादन कोदो, फापर, मकै, आलुका परिकार सबै उमेरकाले खाने गरेको इको हिमालका पोषण अधिकृत वर्षा रिजालले बताउनुभयो । ग्रामीण भेगमा पुगेर जनचेतना जगाउने र रेडियोबाट पनि प्रचारप्रसार गर्ने भएकाले सोलुखुम्बुको सिको छिमेकी जिल्ला ओखलढुंगामा पनि हुन थालेको बताउनुहुन्छ आफ्नो एफएमका कार्यक्रम प्रमुख बिनु राई । इको हिमालको साझेदारीमा ६ वर्षसम्म सञ्चालन गरिएको जनजीवन कार्यक्रमलाई अहिले सीआईएनले आफ्नै प्रयासमा निरन्तरता दिइरहेको छ ।

**भूकम्पपछि अकोराबको भूमिका**

२०७२ वैशाख १२ को महाभूकम्पपछिको अवस्थामा रेडियो नेपालले उद्धार र राहतबारे गरेको प्रत्यक्ष प्रसारणलाई सीआईएनले हुक गरेर प्रसारण गरिदियो । त्यसपछि पनि युनिसेफको सहयोगमा रेडियो नेपालले गरेका कार्यक्रमलाई सीआईएनले स्वयंसेवाका रूपमा प्रसारण गरेपछि युनिसेफले अकोराब/सीआईएनसँग साझेदारीको हात अघि बढायो । युनिसेफले भूकम्प प्रभावित सामुदायिक रेडियोलाई उपकरण सहयोग गर्ने महत्वपूर्ण काममात्रै गरेन एक सयभन्दा बढी रेडियो पत्रकारलाई विपद्सम्बन्धी कार्यक्रम र रिपोर्ट निर्माण तालिमसमेत प्रदान गऱ्यो । भूकम्प प्रभावित रेडियोमात्रै होइन, ५ वटै विकास क्षेत्रका






सामुदायिक रेडियोका रेडियोकर्मीहरूले अब आउनसक्ने विपत्का लागि तयारीमा बस्न तालिम लिएपछि उनीहरूले गर्ने विपद् रिपोर्टिङमा धेरै परिवर्तन आएको छ । त्यतीमात्रै होइन भूकम्प प्रभावित जिल्लाका २५ रेडियोबाट भन्दै सुन्दै कार्यक्रमको ७४ भाग प्रसारण भयो । संयुक्त राष्ट्रसंघीय बालकोष युनिसेफ र रेडियो नेपालको संयुक्त प्रस्तुति भन्दै सुन्दै दोस्रो चरणअन्तर्गत विभिन्न रेडियो कार्यक्रम CIN Network बाट प्रसारण गरेपछि २५ भन्दा बढी रेडियोले यो कार्यक्रम प्रसारण शुल्क प्राप्त गरेर प्रसारण गरेका हुन् भने अन्यले स्वयंसेवारूपमा प्रसारण गरेका छन् । बेचविखनमा आधारित कार्यक्रम भन्दैसुन्दैअन्तर्गत 'हाम्रो पहल' प्रत्येक मंगलबार बिहान सवा ८ बजेदेखि पौने ९ बजेसम्म प्रसारण भएको थियो । बालबालिकाका लागि बालबालिकाद्वारा नै प्रस्तुत हुने कार्यक्रम भन्दैसुन्दै अन्तर्गत 'मीना र टिंटटिंट' प्रत्येक बिहीबार साँझ ६:१० देखि ६:४० सम्म प्रसारण भएको थियो । भूकम्प तथा प्राकृतिक प्रकोपले सिर्जना गरेका, विभिन्न समस्यामा केन्द्रित कार्यक्रम, 'भन्दै सुन्दै' अन्तर्गत 'दिदीको खाजा घर' प्रत्येक शुक्रबार बिहान सवा ८ देखि ९ बजेसम्म प्रसारण भएको थियो । दीपकराज गिरी र दीपाश्री निरौलाजस्ता हांस्य कलाकारले हसाउँदै 'दिदीको खाजा घरमा' जम्मा भएर चेतना फैलाउने काम कार्यक्रममार्फत गरेका थिए ।

**उपयोगी "निर्वाचन सरोकार"**

निर्वाचन प्रक्रियामा नागरिकको सहभागिता महत्वबारे जानकारी दिने उद्देश्यले 'निर्वाचन सरोकार' तयार पारिएको थियो । निर्वाचन आयोग र निर्वाचन सहयोग परियोजना, युएनडीपीको सहयोगमा सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले उत्पादन गरेको यो कार्यक्रम देशभरिका सामुदायिक रेडियोबाट प्रसारण भएको थियो । निर्वाचन र यससँग सम्बन्धित हरेक विषयमा छलफल गर्ने उद्देश्यले सुरू भएको कार्यक्रम "निर्वाचन सरोकार" हप्ताको एक दिन झण्डै पाँच महिनासम्म २० वटा भाग प्रसारण भयो । ■

**Interview**



**Rudrajit Das**
**UNICEF**

# 'Communication plays an extremely important role'

**What was your experiences during the project implementation in collaboration with community radios? What new lesson did you learn?**

Immediately after the 2015 earthquakes in Nepal, UNICEF in partnership with community radio stations in earthquake affected districts intensively broadcast critical information related to staying safe, relief efforts and messages around Health, Nutrition, Water and Sanitation, Education and Child Protection. Unfortunately many community radio stations were damaged by the earthquake. UNICEF supported an assessment of the extent of damage suffered by community radio stations. Based on the assessment findings, a short term and a long term rehabilitation plan was developed and implemented. The short term plan comprised of providing rehabilitation supplies to the damaged stations such as tents, zoom recorders, power generators, telephone hybrids, power back-ups, batteries, stabilizers, laptops, radio receivers for distribution in communities and also providing training to local technicians on repairing damaged radio sets. The long term plan comprised of providing training to community radio stations on preparing for emergencies and developing programs to help communities better prepare and respond to future emergencies.

After the earthquake, UNICEF in collaboration with Radio Nepal started a radio program to meet the information and communication needs of earthquake affected populations. Considering the popularity of community radio, the program was also relayed across 25 community radios across the earthquake affected districts.

The experience taught us that community radio are a vital means of communication to reach out to communities in remote and far flung areas. A communication assessment carried out by the UN Common Feedback Project (CFP) in December 2015 reiterated this fact. 73% of the respondents said that radio was their main source of information and 63% said that it was their trusted source. 45% recalled receiving messages via radio and 64 % took action based on the information received.

**Based on your experiences, what do you think about the role of communication in community development? How do marginalized communities can get huge benefit from community development activities?**

Communication plays an extremely important role in community development processes. Communication is a dialogic process that helps understand the needs of individuals and communities in order to develop programmes that are more attuned to their requirements. Communication is also a process of empowerment. It helps provide people with the skills, agency and confidence to become equal partners in their own development. More often than not, failures in development endeavors can be attributed to the lack of investment in due communication processes. Unless we discuss, assess and analyze issues and also find solutions to development challenges with communities, we are bound to fail. Community participation and ownership in development processes is crucial if development has to be sustainable.

**What could be the effective strategies to collaborate among the development partners, to make development activities more effective, and to provide more benefits to the most marginalized and vulnerable communities of Nepal.**

Coordination among various development partners is critical if development activities are to be made more effective and efficient. Partners need to coordinate so that there is no duplication of efforts and also so that partners can learn from one another's experiences without reinventing the wheel. Forming a coalition of partners working on similar issues also often helps best utilize scare developmental resources as well as form a strong advocacy group to lobby for the achievement of developmental priorities and goals.

# रेडियोले जोड्यो
# नागरिक र संविधान



**लक्ष्मी बस्नेत**
वष्टि कार्यक्रम उत्पादक

गत वर्षको असोज ३ गते नेपालको संविधान २०७२ जारी भइसकेपछि नेपालको संविधान निर्माणको इतिहासमा नयाँ हो । जुन संविधानसभाबाट जनताका प्रतिनिधिले बनाएका हुन् । अहिलेसम्म नेपालमा विभिन्न संविधान आए । लिखित संविधानहरूमध्येमा यो नै सबैको हकअधिकार सुनिश्चित गर्ने सवालमा अग्रगामी र उदाहरणीय पनि मानिएको छ । यद्यपि केही असन्तुष्टिका आवाज भने नआएका होइनन् ।

वर्तमान संविधान र यससँग सम्बन्धित विषयसँग सम्बन्धित रेडियो कार्यक्रमको चर्चा गर्नुअघि संविधानको छोटो ऐतिहासिक पृष्ठभूमि दिनु उचित हुन्छ । संविधानको आवश्यकता र प्रचलन कुनै-कुनै रूपमा प्राचीन अवस्थादेखि चलिआएको भए पनि सबैभन्दा पहिलो संविधान शब्दको प्रयोग बेलायतमा गरिएको थियो । राजा हेनरी द्वितीयले बेलायतमा राजा र पादरीबीचको पारस्परिक सम्बन्ध निर्धारण गर्ने नियमलाई संविधान भनेका थिए । नेपालमा लिखित संविधानको विकासक्रमलाई हेर्दा राणा शासनको अन्त्यतिर अर्थात् २००४ साल मार्ग १३ गते पद्मशमशेर राणाले देशको शासनव्यवस्था कानुनबमोजिम गर्ने भनेर एक लिखित दस्तावेज जारी गरेका थिए । नेपाल सरकारको वैधानिक कानुन २००४ भनेर त्यसैलाई नेपालको पहिलो संविधान मानिन्छ ।

त्यसपछि अन्तरिम शासन विधान-२००७ मा आयो । १ सय ४ वर्ष लामो राणाशासन अन्त्यपछिको अन्तरिम शासनविधानलाई २००७ को संविधानका रूपमा मानिन्छ । तत्कालीन राजा त्रिभुवनले २००७ सालको चैत १९ गते नेपालको अन्तरिम शासन विधान जारी भएको घोषणा गरेका थिए । नेपाल अधिराज्यको संविधान- २०१५ वि.सं. २०१५ साल फागुन १ गते तत्कालीन राजा महेन्द्रबाट घोषणा गरी जारी गरिएको थियो । परम्परा र प्रथाअनुसार नेपालको राजकीय सत्ता र अन्तरनिहित शाही विशेषाधिकार आफूमा सर्न आएको दाबी गर्दै राजाबाट यो संविधान जारी भएको थियो । यसमा १० भाग ७७ धारा रहेको संविधानलाई संशोधन गरी २०१६ असार ३ गतेदेखि लागू भएको थियो । संवैधानिक विकासक्रममा नेपाल अधिराज्यको संविधान- २०४७ नेपालको पाँचौं लिखित संविधान २००४, २००७, २०१५, २०१९ पछिको नेपालको संवैधानिक क्रममा पाँचौं लिखित संविधान हो । तर कार्यान्वयनको हिसाबले २००४ सालको वैधानिक कानुनलाई छोडेर नेपालमा कार्यान्वयन भएको यो चौंथो संविधान हो । २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरू सुनिश्चित गर्दै नेपालको अन्तरिम संविधान २०६३ जारी गरिएको हो । तर हालै संविधानसभाबाट जारी नेपालको संविधान २०७२ असोज ३ गतेदेखि जारी भएसँगै अन्तरिम संविधान पनि खारेज भएको छ । संविधानको यो ऐतिहासिक पृष्ठभूमिपछि वर्तमान संविधानको कुरा गर्दा स्त्रीशक्तिसँगको सहकार्यमा संविधानको प्रस्तावनादेखि अनुसूचीसम्मको प्रावधानहरू नागरिकलाई बुझाउने गरी कार्यक्रम 'नेपालको संविधान, नेपालीको संविधान' चलिरहेको छ । माघ २२ गतेदेखि सुरू यो कार्यक्रम पुस ८ गतेसम्म ४७ भाग प्रसारण भइसकेको छ । संविधानका बाँकी भाग र धाराका बारेमा आगामी दिनमा कार्यक्रमले समेट्दै जानेछ ।

पहिलो भागको कार्यक्रममा नेपालमा संविधानको ऐतिहासिक चर्चासँगै संविधानको सबैभन्दा अगाडि रहेको प्रस्तावनाको बारेमा व्याख्या तथा विश्लेषण गरिएको थियो । प्रस्तावनाको सुरूमै हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता भनिएको छ । प्रस्तावनामा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै नेपालको भौगोलिकता बहुसांस्कृतिक विविधतायुक्त विशेषताको आत्मसात गरिएको छ भनिएको छ । यसका साथै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने भन्नेलगायतको विषय उल्लेख छ । यो लैंगिक, क्षेत्रीय, समावेशी दृष्टिकोणले संवेदनशील र सकारात्मक स्वरूपको रहेको अधिवक्ता संविधानविद् डा. चन्द्रकान्त ज्ञवालीले रेडियो कार्यक्रममा विश्लेषण गर्नुभएको थियो । कार्यक्रमको छलफलका क्रममा हामीले संविधानविद् तथा अधिवक्ताहरू डा. ज्ञवालीदेखि अधिवक्ता मेघराज पोखरेल, विष्णुमाया भुसाल, सुबिन मुल्मी, श्याम विक, सरोज गिरी, ज्ञानदर्शन भट्टराई, पार्वती राउत, सचिता कुइँकेलका साथै केही वरिष्ठ सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विज्ञहरूसमेतलाई पनि छलफलमा सहभागी गराउँदै आएका छौं । सकेसम्म कार्यक्रमको विषयअनुसारको विज्ञहरूलाई समावेश गर्ने गरिएको छ । ■

# गाउँका विवाद
# गाउँमै साम्य

–गोविन्द खड्का
सम्पदक, सीआईएन

- सिन्धुलीको भीमेश्वर ग्वालटारका दिलबहादुर कार्की र झम्ककुमारी विक छिमेकी हुन् । पर्दादेखि–मर्दासम्म एकअर्कालाई सहयोग गर्दै आएका उनीहरूबीच २०६२ सालदेखि भने बोलचाल बन्द भयो । कारण, 'पसलको सामान लगेर पैसा नदिएको' । ११ वर्षसम्म बन्द भएको मुख ग्वाल्टारमा रहेको मेलमिलाप केन्द्रले खोलिदियो ।

- काभ्रेको श्यामपाटी गाविसका दुतलाल तामाङ र अर्जुन तामाङ दाजुभाइ हुन् । जग्गाको विवादमा अड्डा अदालतसमेत पुगे । अन्तिममा गाउँमै खुलेको मेलमिलाप केन्द्रले विवाद मिलाइदियो ।

- रसुवाको लहरेपौवा गाविस वडा नं. ४ का कृष्णप्रसाद आचार्य र हरिबहादुर थापा छिमेकी हुन् । भूकम्पपछि पानीको मुहान सुके, त्यही पानीको निहुँमा झगडा भयो । तर, रेडियोबाट मेलमिलाप केन्द्रका विषयमा जानकारी पाएपछि आचार्यले विवाद मिलाई दिन निवेदन दिनुभयो । अहिले दुवै जना पुरानै सम्बन्धमा फर्किए ।

जग्गाको विवाद होस् या कुटपिट । घरायसी झगडा या छरछिमेकको वादविवाद । गाउँमा हुने यस्ता विवाद अहिले गाउँमै मिल्न थालेका छन् । सामुदायिक मेलमिलाप केन्द्र स्थापनापछि अहिले गाउँका विवाद गाउँमै छिनोफानो हुन थाले । गाउँका विवाद गाउँमै मिलाउने उद्देश्यले स्थापित सामुदायिक मेलमिलाप केन्द्रले स्थानीयको खर्चमात्रै जोगिएको छैन, जिल्ला अदालतमा समेत भार कम भएको छ ।

जग्गा विवाद, झैझगडा, कुटपिट, छिमेकी बीचका मनमुटावलगायत मेलमिलाप कार्यक्रम सञ्चालन भएका क्षेत्रमा दुवै पक्षको मन मिल्ने गरी स्थानीयस्तरमै सुल्झन थालेका छन् । जनप्रतिनिधिविहीन अवस्थामा पुगेका मेलमिलाप कार्यक्रमले जनप्रतिनिधिको समेत काम गरेको छ । सामान्य कारणमा नै अदालतसम्म पुगेर महँगो रकम खर्चनु पर्ने अवस्था पनि घट्दै गएको छ । द एसिया फान्डेसनको सहकार्यमा दिगो शान्ति स्थापनाका लागि सामुदायिक मेलमिलाप कार्यक्रम सुरू भएका जिल्लामा मात्रै सयौं विवाद हटेका छन् ।

गाउँमा नै विवाद मिलाउनका लागि द एसिया फान्डेसनको सहयोगमा अहिले भूकम्प प्रभावित क्षेत्रका ७ जिल्ला (रामेछाप, सिन्धुपाल्चोक, दोलखा, काभ्रे, रसुवा, नुवाकोट र सिन्धुली) मा विशेष अभियान नै चलाएको छ । स्थानीय सामुदायिक रेडियोबाट रेडियो कार्यक्रम 'सामुदायिक मेलमिलाप' सुरू भएपछि सामुदायिक मेलमिलापका बारेमा जनचासो थप बढेको छ । अस्ट्रेलियन सरकारको सहयोगमा द एसिया फाउन्डेसन र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को सहकार्यमा तयार रेडियो कार्यक्रम 'सामुदायिक मेलमिलाप' भूकम्प प्रभावित क्षेत्रका ७ रेडियोबाट उत्पादन र १२ रेडियोबाट प्रसारण भइरहेको छ । काभ्रेका सामुदायिक मेलमिलापकर्ता सरिता सापकोटाले रेडियो कार्यक्रम सुरू भएपछि सामुदायिक मेलमिलाप केन्द्रमा आउने सेवाग्राहीको संख्या पनि बढेको बताउनुभयो ।

'गाउँमा सबैभन्दा धेरै गाली, बेइज्जत र झैझगडाका मुद्दा आउने गरेको पाइएको छ ।' सापकोटाले भन्नुभयो, 'मेलमिलाप केन्द्रका बारेमा विस्तारै चासो बढ्दै गएको छ, रेडियो कार्यक्रमप्रति सुरू भएको चासोको अनुपात ह्वात्तै बढेको छ ।' जिल्लामा खटिएका सामुदायिक मेलमिलापकर्ताले स्थानीय स्तरका दर्जनभन्दा बढी जटिल प्रकारका देवानी मुद्दा गाउँमै मिलाइसकेका छन् । एसिया फाउन्डेसनका कार्यक्रम अधिकृत नमित वाग्ले सामुदायिक रेडियोसँगको साझेदारीले सामुदायिक मेलमिलापको विषय बुझाउन सजिलो भएको अनुभव सुनाउनु हुन्छ । 'गाउँमा सामुदायिक मेलमिलाप केन्द्र खुलेका छन् तर त्यसको काम के हो भन्नेमा केहीलाई थाहासमेत थिएन,' कार्यक्रम अधिकृत



वाग्लेले भन्नुभयो, 'अहिले रेडियोहरूसँग साझेदारी गरेपछि बुझाउन सजिलो भएको छ ।

**मेलमिलापमा सरकारको प्राथमिकता**

मेलमिलाप कार्यक्रमलाई प्रभावकारी बनाउन सरकारले समेत पहिलो प्राथमिकता दिएको छ । 'मेलमिलाप कार्यक्रमलाई गाउँसम्म लैजान र हरेक गाउँमा सामुदायिक मेलमिलापकर्ता तयार गर्न सरकारले नीति नै बनाइरहेको छ,' स्थानीय विकास मन्त्रालयका परियोजना प्रमुख उपसचिव बन्धु बास्तोलाले भन्नुभयो, 'यसले मुद्दामामिलाको झन्झट र खर्च त घट्छ नै सामाजिक क्षेत्रमा समेत सुधार ल्याएको सरकारले महसुस गरेको छ ।' मेलमिलापले भविष्यमा पनि मनमुटाव नहुने वातावरण बनाउने भएकाले यस्ता कार्यक्रमलाई सबैतिर विस्तार गरिनुपर्ने उहाँको भनाइ छ । अदालतसम्म जान सक्ने पहुँच नभएका स्थानीय आफ्नै गाउँमा स्थापना भएको सामुदायिक मेलमिलाप केन्द्रमार्फत चित्त बुझ्दो न्याय पाउने गरी विशेष अभियान नै चल्दैछ । गाउँसम्म न्याय पुर्‍याउन, गाउँका मुद्दा गाउँमै मिलाउन 'गो टु भिलेज' अथवा गाउँसम्म जाऊ भन्ने कार्यक्रम सुरू भएको हो ।

मेलमिलाप गराउँदा सबैले जित महसुस गर्ने भएकाले सोहीअनुरूप तयार पारिएका जनशक्तिलाई खटाउन सरकारले योजना नै बनाइरहेको छ । मेलमिलापकर्ताको योग्यतासहित तोकेर सामुदायिक मेलमिलाप कार्यक्रमलाई त्यसको स्थानीय निकायको एउटा अंग बनाइँदैछ । अदालतमा मुद्दाको चाप कम गर्न र मुद्दाका नाममा हुने अनावश्यक खर्च, समय र झन्झट कम गर्न सरकारले ल्याएको मेलमिलाप अवधारणाअन्तर्गत देशभरिका विभिन्न जिल्लामा मेलमिलापको काम भइरहेको छ ।

मेलमिलाप परिषद्को सचिवालय प्रमुख अशोककुमार क्षेत्रीले सामुदायिक सूचना नेवटर्क (सीआईएन) ले गरेको सामुदायिक मेलमिलाप रिपोर्टिङले मेलमिलापको वातावरण बनाउनमा ठूलो सहयोग पुगेको दाबी गर्नुभयो । 'टुटेका सम्बन्ध जोडिँदैछन्, बन्द भएका मुख खोलिन थालेका छन्, दाजुभाइ, श्रीमान्-श्रीमतीको विवादमा मलहम लागेको छ,' क्षेत्रीले भन्नुभयो, 'अब सामुदायिक रेडियोले पनि यसलाई मुख्य कार्यक्रम बनाएर सिंगो समाज जोड्ने अभियान थाल्नुपर्छ ।'



सामुदायिक मेलमिलाप कार्यक्रम प्रभावकारी बन्दै गए पनि समुदायलाई यो मेरो कार्यक्रम हो भन्ने विश्वास दिलाउन अझै चुनौती छ । झगडालु पक्षको स्वार्थको अडान, मेलमिलापकर्ताको कमजोर भूमिका, कानुन व्यवसायीको प्रलोभन, अदालतमा जाँदा मुद्दा जितिन्छ भन्ने भ्रमले पनि मेलमिलाप कार्यक्रमको प्रभावकारितामा चुनौती थपिएको छ । कार्यक्रमलाई प्रभावकारी बनाउन दाता निकायबाट सहयोग नपाए पनि रेडियोले आफ्नो कार्यक्रम बनाउन सकेमात्रै चुनौती हटेर आगामी दिनमा प्रभावकारी बनाउन सकिने द एसिया फाण्डेसनका कार्यक्रम अधिकृत वाग्लेले बताउनुभयो । ■

## 'रेडियोले गरायो मेलमिलाप'

**–ज्ञानप्रसाद पहाडी**

म हरेक दिन बिहान 'साझा खबर' देखि बीबीसी नेपाली सेवा ७:३० बजे सुन्छु । एक दिन बीबीसी नेपाली सेवा आउनुअघि छिमेकी, श्रीमान्-श्रीमतीको विवादसँग जोडिएको मेलमिलापको सूचना सुनेँ ।

बीबीसी नेपाली सेवापछि कार्यक्रम आयो, 'सामुदायिक मेलमिलाप' । कार्यक्रम सुन्दै जाँदा मेरै लागि कार्यक्रम बनाइदिएको जस्तो लाग्यो । कार्यक्रम सुनेपछि छिमेकी चन्द्र खत्री पौडेलसँगको झगडा मिलाउने उपाय खोज्न मेरै गाविसको सिन्धुली डुडभञ्ज्याङ सल्लेडाँडाको सामुदायिक सेवा केन्द्रमा निवेदन दिएँ । बच्चाको निहुँमा परेको झगडाले पानी बाराबारसम्मको अवस्थामा थियो । तर, कहिल्यै ठूलो स्वर नगरेको, एक घरको कुरा अर्कोमा बाँडिचुँडी खाने असल छिमेकीसँग भएको झगडापछि भोक, निद्रा हराएको थियो । मनमा ग्लानी थियो । हाम्रो सम्बन्ध पहिलाको जस्तो अब कहिल्यै बन्न सक्दैन भन्नेमा मलाई चिन्ता थियो । तर, रेडियोको कार्यक्रमले मलाई सामुदायिक मेलमिलाप केन्द्रसम्म पुर्‍याएपछि हाम्रो झगडा अन्त्य भयो । हात मिलायौं, अंकमाल गर्‍यौं । अहिले हामी पहिलाको भन्दा पनि झन् मिल्न थालेका छौं ।

# साझा बन्दै
# साझा खबर



**सोविता रिसाल**
संवाददाता
सीआईएन

- झापा मेचीनगर ३ शुवम् टोलका महिलालाई नागरिकता बन्देज जस्तै थियो । सीआईएनको रिपोर्टिङले प्रमुख जिल्ला अधिकारी गाउँमै पुगेर नागरिकता प्रदान गरे ।

- हुम्लामा विद्यालयको खाजा कार्यक्रमको पैसा शिक्षकलाई तलब खुवाउन र वनभोज जान प्रयोग गरिन्थ्यो । साझा खबरमा समाचारको विषय बनेपछि शिक्षा मन्त्रालयले निर्देशन दियो, तत्काल रोकियो ।

- गुल्मीको एउटा गाउँबाट आमाले पिट्ने गरेको गुनासो गर्दै साझा खबरमा एक बालकको फोन आयो ।

सामुदायिक सूचना नेटवर्क (सीआईएन) को साझा खबर अहिले देशभरका नागरिकको साझा बन्दै गएको छ । सामान्य गाउँका आयआर्जनका विषयदेखि नागरिकको दैनिकीसँग जोडिएका विषयवस्तु प्रसारण हुने भएपछि कतिपयका लागि 'साझा खबर' नसुनी नहुने बानी बन्न थालेको छ । सिन्धुली रातमाटाकी लालकुमारी श्रेष्ठ सानो केही भयो कि आफैं गएर वा श्रीमान्लाई पठाएर नजिकैको औषधी पसलबाट दुखाई कम गर्ने औषधि किनेर खाइहाल्नुहुन्थ्यो । एकैछिन् दुख्न कम हुन्थ्यो । निको पनि हुन्थ्यो तर केही दिनपछि फेरि अर्को समस्या बल्झिन्थ्यो । 'केही समय/दिन दुखाइ त कम हुन्थ्यो तर समस्या जस्ताको तस्तै ।'

'साझा खबर' मा एक दिन मन लाग्दी एन्टिबायोटिक र दुखाई कम गर्ने औषधि खानुका बेफाइदा सुनेपछि लालकुमारीको दिमागमा झड्का लाग्यो । 'तपाईहरूले मेरो आँखा नै खोलिदिनु भयो । थाहै नपाई मर्ने थिएँ । जीवन बचाउने सल्लाह दिनुभएकोमा धन्यवाद ।' साझा खबर डेक्समा फोन गरेर लालकुमारीले जति खुसी व्यक्त गर्नुभयो, त्यति नै खुसी हामी भयौं र अझ धेरै जिम्मेवारी थपिएको महसुस गर्‍यौं ।

२०६६ जेठ १५ गते पहिलो गणतन्त्र स्थापना दिवसका दिन सुरू भएको देशभरिका सामुदायिक रेडियोहरूको साझा नेटवर्क सामुदायिक सूचना नेटवर्क (सीआईएन) को साझा खबर नागरिकको भरोसा बन्न थालेको छ । असाध्यै महँगो अनि फस्टाउँदो व्यवसायका रूपमा उदाउँदो बोधिचित्तको व्यावसायिक खेतीबारे अन्तर्वार्ता 'साझा






'हेलो सांसद' कार्यक्रममा मन्त्री तथा कञ्चनपुर क्षेत्र नं. ४ का सांसद रमेश लेखक सीआईएन स्टुडियोमा ।

खबर' मा सुनेर काभ्रे र नुवाकोटका स्रोताले समाचार कक्षमा फोन गरेर व्यवसाय के कसरी गर्ने भन्नेबारे सल्लाह लिए । आफैंले बजाएको अन्तर्वार्ता सुनेर स्रोताको उद्यमी बन्ने चाहनालाई उत्प्रेरणा अनि बाटो देखाइदिन पाउँदा साझा खबर टिमलाई खुसी नलाग्ने कुरै भएन ।

ओखलढुंगाका सहयात्री रेडियोका सहकर्मी पूर्णप्रसाद न्यौपानेले बनाउनुभएको घामीझाँक्रीले नै स्वास्थ्यचौकी जान दिएको सल्लाहबारे रेडियो रिपोर्टका कारण अरू जिल्लाका धामीझाँक्रीले पनि आफूले फुकेर बिरामी निको हुनेभन्दा अस्पताल जान आग्रह गरेका समाचार निरन्तर आइरहेका छन् ।

साझा खबरमा समाचार र रिपोर्ट बजेकै कारण झापा मेचीनगर ३ शुवम् टोलका महिलाले नागरिकता प्राप्त गरे । साझा खबरमा समाचार र रिपोर्ट सुनेरै गाउँमै तरकारी खेती र स साना व्यवसाय गर्ने धेरै श्रोता हाम्रो सम्पर्कमा हुनुहुन्छ । सयौं रेडियो, हजारौं रेडियोकर्मी अनि करोड नेपालीका बीचमा साझा बनेर प्रस्तुत भैरहँदा साझा खबर सबैको साझा बन्ने हरदम प्रयासमा निरन्तर तल्लीन छ ।



काठमाडौंमा उत्पादित र प्रसारित हुँदाहुँदै पनि गाउँ र जनताका एक–एक समस्यालाई समाचारका रूपमा उठान गर्दै केन्द्रलाई झकझक्याउने बाटोमा साझा खबर सधैँ सचेत छ । कर्णालीका बालबालिकाका लागि पठाइएको खाजा खर्चमा भएको अनियमिततामात्रै होइन, कालिकोटमा तुइन तर्दातर्दै ठेला उठेका हातहरूका बारेमा पनि धेरै समाचार र रेडियो रिपोर्ट बजे साझा खबरमा । डडेलधुरामा अझै अवशेषका रूपमा रहेको छाउपडी प्रथाको बिरूद्धमा होस् वा जुम्लामा भएको नुनदेखि चामल अभावसम्मका समाचार निरन्तर प्रसारण गरिरह्यो साझा खबरले ।

मध्यपश्चिमका केही जिल्लामा गढेको बालविवाहविरूद्ध निरन्तर रिपोर्टिङ, १० वर्षे द्वन्द्वले पारेको प्रभाव अनि फेरि उठ्दै गरेका थुप्रै विषय समाचारका रूपमा साझा खबरबाट प्रसारण हुँदै गर्दा उत्प्रेरणाका धेरै फोन पनि हामीलाई प्राप्त भए । हिमालमा संभावना भएका जडिबुटीदेखि तराईमा गर्न सकिने ओखर खेतीसम्मका विषयले प्राथमिकता पाइरहे साझा खबरमा । पूर्वमा गर्न सकिने बेलको संभावना खोजीदेखि मध्यपहाडी क्षेत्रमा संभावना रहेको कुरिलोसम्मका विषयवस्तु प्राथमिकतामा परेका छन् ।

### पत्रकारिताको परम्परा तोडियो

गाउँ, किसान र खेतीपातीका विषयलाई उठाउँदै संविधान निर्माण प्रक्रिया अवरोध र संविधान जारीसम्मका समयमा पनि साझा खबरबाट प्रसारित खबर दूरदराजमा बस्ने आमश्रोताका लागि शिक्षा बनिरह्यो । कुनै समय यस्तो थियो, देशमा ठूलठूला राजनीतिक परिवर्तन हुँदा पनि महिनौंसम्म दुर्गम क्षेत्रका जनतालाई थाहा हुँदैन थियो । तर गाउँ गाउँमा खुलेका सामुदायिक रेडियोहरूमार्फत त्यस्ता बस्तीहरूमा पुगेर परिवर्तन र परिस्थितिको यर्थाथताबारे जानकारी गराई शिक्षा र सूचना दिने पत्रकारिताको मूल धर्म निर्वाह गर्न पाउँदा साझा खबर गर्व महसुस गर्छ ।

देशमा हुने जुनसुकै घटना वा आन्दोलन हुन्, पक्षविपक्षमा नलागी तटस्थ पत्रकारिताको बाटोमा साझा खबर कहिल्यै चुकेन । संविधान जारी गर्ने आसपासमा र त्यसपछि देखिएको जटिल राजनीतिक परिस्थितिमात्रै होइन, संविधानसभा चुनाव ताका पनि साझा खबरले जुन किसिमको निष्पक्षता देखाउन सक्यो यही नै हाम्रो आगामी दिनका लागि मार्गदर्शन पनि हो ।

### जीवन सिकाउने खबर

पत्रकारिताको परम्परागत प्रणाली र सिद्धान्तहरूलाई पनि विस्तारै परिवर्तन गर्दै लगेको छ साझा खबरले । गएको वर्षमा साझा खबरले केही विशेष शृङ्खलाहरु चलायो । हरेक सोमबार प्रसारण हुने ९० वर्षका तन्देरीहरूको जोस समेटेर बनाइएको विशेष शृङ्खला नब्बेपार सक्रिय लगातार धेरै श्रोताको मनमा बस्न सफल भयो । कम्तीमा समाचार कक्षमा नब्बे पार सक्रिय लगातारका लागि आइरहने फोनहरूले यसै भन्छन् । माधवप्रसाद घिमिरे, सत्यमोहन जोशी, भीमबहादुर थापाजस्ता चल्तीका अनुभवी व्यक्तिको अनुभवमात्रै हामीले समेटेनौं, नवलपरासीका १ सय २ वर्षीय बुवाको जीवन भोगाइ पनि समेटियो, नब्बे पार सक्रिय लगातारमा । यसलाई धेरैले मन पनि पराउनुभयो ।

त्यसो त असल जीवनसाथी खोज्ने र असल जीवन साथी बन्न र बनाउन प्रेरणा दिने उद्देश्यले निर्मित शृङ्खला जीवन साथी कति....जाति पनि श्रोताको अत्यधिक रोजाइको बन्यो । श्रोताको रोजाइ र रूचि यस अर्थमा पनि भयो कि, हामीले दिल्लीको कोठीमा बेचिएकी सुनिता दनुवारलाई मायाले अपनाउँदै उहाँको जीवन सफल बनाउन सधैं होस्टेमा हैंसे गर्नुभएका जीवन साथी निर्प दनुवार अथवा अल्प दृष्टि बिन्दा भूर्तेललाई सधैं साथ दिने सन्तोष पौडेलको कथा होस् कम प्रेरणादायी थिएनन् । बिभिन्न ७ जोडीजति श्रीमान्–श्रीमतीको कथासँगै सकिएको जीवन साथी कति जातिले, जीवन साथीलाई दिने साथ र सघाउनु पर्ने कामबारे पनि धेरैलाई जानकारी भयो । श्रोताको प्रतिक्रियाको आधारमा साझा खबरले निकालेको निष्कर्ष यत्ति हो ।

नागरिकका गुनासा सुन्ने र सुनाउने बाटो

प्रत्येक शुक्रबार बज्ने पौरखीको कथा सुनेर देशमा नै केही गर्नुपर्छ भनेर कम्मर कसेर लाग्ने युवा पनि छन् । चाहे सानो चिया पसल चलाएर बस्नु भएका दिदीबहिनी होस् वा ७ वर्षदेखि पोखरामा एक्लै महिलाका रूपमा ट्याक्सी चलाइरहनुभएकाको कथा मेरो पौरख मेरो गौरवमा बज्यो । शनिबारिए विशेष शृङ्खला कला, साहित्य, संगीत पनि निकै रूचाइएको शृङ्खला बन्यो । त्यसो त प्रत्येक दिन बिहान र बेलुकी दुवैपटक बज्ने हेल्लो सीआईएन साझा खबरको लागि विशेष बनेको छ । हाम्रा लागि श्रोताले दिनदिनै दिने प्रतिक्रियामात्रै होइन, स्थानीय स्तरमा भए गरेका र बिग्रिएका कतिपय विषयहरूका बारेमा श्रोताले उठाएकै कारण काम बनेका धेरै उदाहरण हामीसँग छ ।

### चुनौतीका चाङ

तर यी सब राम्रा र आशालाग्दा कामका बीचमा केही चुनौतीहरु पनि साझा खबरमा नभएको होइन, त्यसलाई सामना गर्दै सामुदायिक पत्रकारिताका लागि साझा खबर र साझा खबर टिम फेरि पनि प्रतिबद्ध नै छ । सामाजिक, आर्थिक अनि राजनीतिक रूपमा हुने गरेका अनियमितताको उजागर गरी सुशासनतर्फ लाग्न प्रेरित गराउनेमात्रै होइन, दिनदिनै घटिरहने सामाजिक दुर्घटनाको न्यूनीकरणमा पनि साझा खबर उत्तिकै सचेत छ ।

देशभरका सामुदायिक रेडियो, सामुदायिक पत्रकार र सबै श्रोता अनि सरोकारवालाको आवश्यकताअनुसार सल्लाह र सुझावका आधारमा साझा खबर निरन्तर यात्रामा रहने छ । ■



# जीवन रक्षाका लागि 'जीवन रक्षा'



**लिलप्रकाश चन्द**
वरिष्ठ कार्यक्रम
उत्पादक, सीआईएन

सामकोस ३ धादिङका बलबहादुर कुमालले २०७२ वैशाख १२ को भूकम्पका कारण टोलछिमेकका घर, गोठ भत्किएका दृश्य त देख्न पाउनु भएन । जमिन हल्लिएको महसुस गर्न पाए पनि घर हल्लिएको देख्न दृष्टिविहीन बलबहादुरलाई असम्भव थियो ।

उहाँ भन्नुहुन्छ, 'रेडियो मलाई धेरै मन पर्छ, भूकम्पका बेला रेडियोको भूमिका जीवनसाथीको भन्दा कम थिएन मेरा लागि । विपद्को बेला कसरी सचेत रहने भन्नेबारे रेडियोले मलाई सूचना दिएको छ, जीवन दिएको छ ।'

धादिङकै लोकनाथ लोहनी भन्नुहुन्छ, 'विपद्को बेलामा सर्वसाधारण जनताका लागि सूचना पुऱ्याएर सामुदायिक रेडियोहरूले अविस्मरणीय सेवा गरे, यसबाट म अत्यन्त प्रभावित भएको छु ।'

बलबहादुर र लोकनाथ त प्रतिनिधि पात्रमात्र हुन्, पूरै देश शोक, त्रास र अप्ठेरोमा परेको बेला सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) द्वारा सञ्चालित सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले पीडित र प्रभावित नागरिकको जीवन रक्षाका लागि सुरू गरेको कार्यक्रम 'भूकम्पपछिको जीवनरक्षा' ले जीवन दिने काम मात्र गरेको छैन, विपद्को सामना गर्ने विधि, प्रक्रियाबारे भरपूर सूचना दिएको छ ।

'गोरखा भूकम्प २०७२' पछि विशेषगरी भूकम्पका कारण अति प्रभावित ११ जिल्लाका नागरिकलाई विपद्को सामना, पूर्वसतर्कता र विपद्पछिको सम्भावित जोखिमबारे जानकारी दिनुपर्ने आवश्यकता महसुस गरी 'जीवन रक्षा' कार्यक्रम सञ्चालन गरिएको हो । वैशाख १२ को भूकम्प र त्यसपछिका लगातारको पराकम्पनका कारण नागरिकको दैनिकी त्रासपूर्ण रूपमा बितिरहेको थियो । भूकम्पका कारण यातायातका साधन सञ्चालनमा समस्या भइरहेको थियो भने सरकारी तथा गैरसरकारी निकायलाई पीडितको उद्धार र राहतका लागि गाउँबस्तीसम्म पुग्न सहज थिएन ।



तर विपद्को अवस्थामा पनि रेडियो भने पीडितको पहुँचमा थियो । यसैलाई मध्यनजर गर्दै सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले भूकम्प गएको १० दिनपछि वैशाख २२ देखि 'भूकम्पपछिको जीवन रक्षा' कार्यक्रम प्रसारण थालेको हो । उक्त कार्यक्रम अहिले पनि निरन्तर चलिरहेको छ ।



भूकम्पका कारण घरबारविहीन भएकाले पाल, सानो टहरा वा टेण्टमुनि जीवन बिताइरहेको अवस्थामा टहरामा आगलागीको जोखिम कम गर्ने उपाय, अस्थायी बसोबासका बेला परिवारका सदस्यबीचको बोली, व्यवहार र यसले पार्ने प्रभाव, भत्किएको घरबाट अन्नपात सुरक्षित निकाल्ने उपाय, टेन्ट अथवा अस्थायी बसोबासको ठाउँमा अनाज भण्डारण गर्ने तरिकालगायत बारेमा विभिन्न स्रोत व्यक्तिसँगका अन्तर्वार्ता, रिपोर्ट तथा भक्सपप सुरूका कार्यक्रममा प्रसारण गरिएको थियो ।

भूकम्पका कारण अस्थायी बसोबासमा रहेकालाई रेडियोको पहुँचले पछिल्लो स्थितिको बारेमा जानकारी लिन सजिलो भएको थियो । विपद्को बेला सञ्चार माध्यमको भूमिका र अपनाउनुपर्ने सावधानी, खाद्यबालीको बीउ व्यवस्थापनका विधि, भूकम्पपीडितमा परेको मनोसामाजिक समस्या र समाधानका लागि अपनाउन सकिने सावधानीबारे पनि विभिन्न स्रोत व्यक्तिसँगको कुराकानी प्रस्तुत गरिएको थियो । उद्धार तथा राहत वितरण अभियानले सरकारले चलाउँदै गर्दा कार्यक्रमका विषयवस्तु पनि त्यसैमा केन्द्रित गरिएको थियो । सरकारले पुनर्निर्माणको अभियान चलाउँदा पनि कार्यक्रम जीवन रक्षामा पुनर्निर्माण विशेष सामग्री प्रसारण गरिएको थियो । यो अहिले पनि निरन्तर छ ।

खासगरी नवनिर्माण तथा पुनर्निर्माण अभियानका लागि सरकारले बनाएको योजना र भूकम्पपीडितको मागबारे रिपोर्ट, जनआवाज, अन्तर्वार्ता कार्यक्रममा प्रस्तुत गर्ने क्रम अझै जारी छ । यसका लागि राजधानीमा उपलब्ध सीआईएन सहकर्मी र जिल्लास्थित सामुदायिक रेडियोकर्मीलाई परिचालन गरिएको थियो । यो क्रम अहिले पनि चलिरहेको छ । गोरखा भूकम्पको ५६ सेकेन्डको पहिलो झट्का र त्यसपछिका पराकम्पनका कारण अत्तालिएका नागरिकलाई सचेत गराउन सातामा ६ दिन 'जीवनरक्षा' र शनिबार भने सीपमूलक र शिक्षामूलक जानकारी दिन सीआईएनले 'जनजीवन' प्रसारण सुरू गरेको थियो । ती कार्यक्रम निरन्तर प्रसारणमा छन् । यद्यपि आइतबार र बिहीबारको कार्यक्रमलाई 'जीवन रक्षाका लागि दिगो विकास' को नामबाट छलफल र बहसका रूपमा सञ्चालन भइरहेको छ भने शुक्रबार 'हेलो सांसद' प्रसारण भइरहेको छ ।

कार्यक्रम 'जीवन रक्षाका लागि दिगो विकास' र 'जीवनरक्षा' मा प्रसारण गरिएको सामग्री सुनेर लाभ लिने र अझ बुझ्नुपर्ने विषयमा थप कुराकानीका लागि स्रोत व्यक्तिका नम्बर लिन सीआईएनमा सम्पर्क गर्ने क्रम नरोकिएका कारण यसको प्रभावकारिता अझै कायम रहेकोमा कुनै विवाद छैन । भूकम्पका कारण अति प्रभावित ११ जिल्लाका ४० भन्दा बढी सामुदयिक रेडियोले समय सुहाउँदो र पीडितलाई जीवनोपयोगी सीप सिकाउने भएका कारण दुवै कार्यक्रम प्रसारण गर्दै आएका छन् । अरू क्षेत्रका सामुदायिक रेडियोले आआफ्नो अनुकूलताअनुसार कार्यक्रम प्रसाण गर्दै अएका छन् । ■



# सामुदायिक पत्रकारिता

## अभ्यास, अवसर र चुनौती

'सीआईएनमा बसेर अर्काको कुरामात्रै कति गर्नुहुन्छ हो सर ? हाम्रा कुरा नि गर्नु न । त्यो राजनीतिक विश्लेषक, अर्थविद्, समाजशास्त्री, शिक्षाविद्, अधिकारकर्मी, कृषिविद्, जसलाई सोधे पनि तिनीहरू आफूले पढेका किताबका कुरा गर्छन् । हाम्रो माटोले पोतेको घर, झिँगा भन्केको भान्छा, भकारोले भरिएको गोठ, कान्लाको डिलको खेतबारी, नाकभरि सिँगानको लत्को निकाल्दै महिनामा मुस्किलले पाँच-सात दिन स्कुल आउने विद्यार्थी, यो तल बग्ने सभाखोला, हामीले बोक्ने घाँस, पराल वा दाउराको भारी, हाम्रा खेतबारीमा फलेका दाना (रूद्राक्ष) का कुरा गर्दैनन् । पेटभरि खान पुगेको, कुनै काम नबितेको र कुनै सकस नपरेको फुर्सदको बेला ढुक्कसँग बसेर अरूका कुरा सुनेजस्तो लाग्ने रेडियो किन बजाको होला हाम्रा लागि ? सत्य हो सर, तपाई कस्तो फरासिलो मान्छे हुनुहुँदो रहेछ त्यै भएर मनको कुरा सबै भन्दिएँ मैले त ! नरिसाउनुस् है !



**सोहम सुवेदी**

२०७० पुसमा संखुवासभा जिल्ला जलजला गाविसको विद्यालयमा सामुदायिक छलफल सकेर छुट्टिने बेलामा, अलिकति उकालो बाटो तर्किएपछि, कान रातो पार्दै गोरी पातली पढेलेखेकी जस्ती देखिने र स्कुलकी शिक्षक भनेर चिनाउने देउकुमारी राईले अप्ठ्यारो मान्दै भन्नुभएको थियो ।

मूलधारको सञ्चारमाध्यमले राजनीतिक शक्तिकेन्द्र अथवा सत्ताशक्ति आर्जन गरेको नेता, राजनीतिक दल, धेरै मान्छेहरू संगठित भएको समूहशक्ति, धेरै पैसा भएका धनीमानी, धेरै पढेका मान्छे, राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन उल्लंघन भएका ठूला घटना, प्राकृतिक वा मानव सिर्जित ठूला दुर्घटना, धेरै मान्छेको हकहितको विषय अथवा राजनीतिक, व्यापारिक वा व्यक्तिगत स्वार्थका विषयमा मात्रै सञ्चार गरेको भन्दै देउकुमारीले असन्तुष्टि पोख्नु भयो । गरिबी निवारण भन्यो धनीहरूमात्रै बोल्यो, सीमान्त समुदाय भन्यो पढेलेखेकाहरू बोल्यो, गाउँघरका कुरा भन्यो सहरियाहरू बोल्यो, बूढाबूढीका कुरा भन्यो ठिटाहरू बोल्यो, बालबालिकाका कुरा भन्यो तन्नेरीहरू बोल्यो सायद यस्तै-यस्तै कुरामा तारतम्मे मिलिरहेको छैन । देउकुमारीको भनाइको आशय यही हुनुपर्छ ।

२०७३ साउनमा धादिङ, नुवाकोट, गोरखा र दोलखाका गाउँहरूमा त्यस्तै सामुदायिक छलफलहरू गर्ने अवसर मिल्यो । २०७० को संखुवासभाको तुलनामा भूकम्प प्रभावित गाउँका नागरिकले छलफलको क्रममा हाकाहाकी भनिदिए, 'अब नेपालका सामुदायिक रेडियोले गर्ने पत्रकारिताको बान्की फेर्नुपर्छ । होइन भने स्रोताले आफूले सूचना लिने सञ्चारमाध्यम फेर्नेछन् ।'



- 'तीन महिनादेखि नेपाल र भारतको सीमा बन्द भएका कारण काठमाडौँमा तेल चामलको हाहाकार भएको खबर एकाबिहानै सीआईएनले



सुनायो । त्यो खबर सुनेर दोलखा जिल्ला श्यामा गाविसमा बस्ने र वर्षैभरि भरपेट खान नपाउने दोर्जे शेर्पाको जीवनमा परिवर्तन आउँछ त ?'

- 'काभ्रेमा बस दुर्घटना भएर २५/३० जना मान्छे मरेछन् । एकाबिहानै रेडियोले नरमाइलो लाग्ने खबर सुनायो । धादिङ खाल्टे गाविसमा बस्ने जलवीरे तामाङ, जो मुस्किलले आफ्नो ४४ वर्षे जीवनमा दुईपटक मात्रै जिल्ला सदरमुकाम पुगे, उनको जीवनमा यो खबरले कुनै परिवर्तन आउँछ ?'

- 'सरकाले संविधान संशोधन गर्दैछ रे, प्रदेशको सीमा यताउति गर्छ कि गर्दैन, त्यसपछि अहिले सरकारमा नगएका पार्टी पनि सरकारमा जान्छन् रे, यस्तो गलफती सुनेर नुवाकोट जिल्ला हल्देकालिका गाविसमा बस्ने सुकमान दमाईको जीवनमा केही परिवर्तन आउँछ ?'

- 'समान कामको समान ज्याला भन्छ रेडियो । मास्टर भए, हाकिम भए, पुलिस भए, चिरिच्याट्ट लुगा लगाएर अफिस जालान्, महिला पुरुष दुवैको तलब बराबर होला तर हाम्रामा त लाठे र रोपार भन्छन्, बाउसे र बीउ काढ्ने भन्छन् अनि मेलामा लोग्ने आउँछ कि स्वास्नी आउने भनेर सोध्छन्, महिला भए तीन सय र पुरुष भए पाँच सय ज्याला हुन्छ, अनि रेडियो सुनेर हामी गोरखा आँपपिपलका आमा समूहकालाई केही फाइदा भो त ?'

पछिल्लो केही वर्षयता समुदायका मान्छेले रेडियोबारे दिन थालेको प्रतिक्रिया उस्तै छ । भाषा, प्रस्तुति, शैली, संगीत त अर्को कुरा, मान्छेले रेडियोले दिएको विषयवस्तुको उपयोगिता के हो ? विषयवस्तुको जानकारी पहिलो तहको हो या अर्को सञ्चारमाध्यमबाट साभार गरिएको, प्रत्यक्ष रिपोर्टिङ नगरिएको अथवा दोस्रो दर्जाको समाचार हो, भनेर पनि सोधीखोजी गर्न थालेका छन् । अर्थात् पत्रपत्रिका र अनलाइनमा अर्कै खालको स्रोता लक्षित गरेर पस्किएका सामग्रीहरू हुबहु रेडियोबाट सुनेर स्रोताको कान टट्टाउन थालेको हो कि भनेर सोच्ने बेला आएको छ ।

### हाम्रो पहिचान सामुदायिक पत्रकारिता

हुन त, विश्व इतिहासमा लगभग ५ सय वर्ष भयो प्रकाशन पत्रकारिताको क्रमबद्ध विकास सुरू भएको र सुरूवातदेखि नै यो राज्यसत्ताको नियन्त्रणमा रह्यो । तत्कालीन सर्वसत्तावादले प्रेस वा पत्रकारितालाई आफ्नो स्तुतिगानमा सीमित गराएको पनि हो । पछि पत्रकारितामा नयाँ आयामहरू थपिँदै गए ।



गुटेनवर्गले पहिलो चलायमान छाप्ने मेसिनको आविष्कार गरेपछि तत्कालीन शासकहरूले छापिने विषयवस्तुमा अंकुश लगाएका थिए । त्यसको दुई सय वर्षपछि १७ औँ शताव्दीमा अभिव्यक्ति स्वतन्त्रताको वकालत हुन थाल्यो र स्वतन्त्र प्रेसको बहस सुरू भयो । अमेरिकाको संविधानले सन् १७९१ मा प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरे पनि स्वतन्त्र प्रेस समुदायको तल्लो तहमा भने पुगेन । समुदायको माथिल्लो वर्गमा प्रेसले स्वतन्त्रतापूर्वक पत्रकारिता गर्ने अवसर भने पायो ।

सन् १९१७ मा रूसी क्रान्तिपछि त्यहाँको प्रेस सरकार वा सरकार चलाउने दलको नियन्त्रणमा गयो । कार्ल मार्क्सको दर्शनमा आश्रित रहेर त्यसो गरिएको थियो । यस्तो प्रेसले आफ्नो स्तुतिगान र अर्काको दोहोलो काढ्ने प्रवृत्ति अँगाल्यो । त्यसपछि पत्रकारिताको सामाजिक उत्तरदायित्वको अवधारणाको विकास भयो र पत्रकारिताले यथार्थ, सन्तुलित र विश्वसनीय विषयवस्तु पस्किनुपर्छ भन्ने अवधारणा आयो । तर २१ औँ शताब्दीको अन्त्य, इन्टरनेटको द्रुत उपयोग, सामाजिक सञ्जालहरूको विकास, नागरिक पत्रकारिताको अभ्यास र तत्कालै विचारविमर्श हुनसक्ने विद्युतीय सञ्जालहरूका कारण आमस्रोताको मिडिया साक्षरताको स्तर उच्च हुँदै गएको छ ।

त्यसैले अब यथार्थ, सन्तुलित र विश्वसनीय भएरमात्रै हुँदैन सञ्चारमाध्यमले दिने विषयवस्तु मेरो जीवनोपयोगी हुनुपर्छ र मेरो जीवन परिवर्तन वा रूपान्तरणका लागि त्यसले तत्कालै भूमिका खेल्नुपर्छ भन्ने अवधारणा विकास भइरहेको छ । कहाँ के भइरहेको छ भनेर थाहा पाउन रेडियो, टिभीको घण्टे बुलेटिन, पत्रिकाका दैनिक प्रकाशन वा अनलाइनको लेख पर्खिरहनुपर्ने बाध्यता पछिल्लो पुस्ताकालाई छैन, त्यसैले ग्रामीण समुदायका मानिसले उनीहरूको जीवनलाई आर्थिक, शैक्षिक र आध्यात्मिक हिसाबले सम्पन्न बनाउन रेडियोलाई सहयोगी साधनका रूपमा उपयोग गर्न सकून् भन्ने अभिप्रायले सामुदायिक पत्रकारिताको अभ्यास थालिएको हो ।



मूलधारको पत्रकारितामा कुनै बिक्ने खालको घटना, विचार वा सवालमा आधारित रहेर खोजबिन गरिन्छ र पत्रकारिताका हरेक प्राविधिक विषय पूरा गर्दै मिडिया विषयवस्तुका रूपमा प्रस्तुत गरिन्छ । तर सामुदायिक पत्रकारितामा झट्ट हेर्दा नबिक्ने खालको घटना, विचार वा सवाललाई लिएर त्यसमा पत्रकारिताका हरेक प्राविधिक कुराहरू पूरा गर्दै मिडिया विषयवस्तु तयार गरिन्छ । त्यस्तो मिडिया विषयवस्तुमा समुदायका लागि तत्कालै फाइदा पुग्ने, बानी व्यवहार परिवर्तन हुने वा जीवन रूपान्तरण हुने कुराहरू हुन्छन् र हुनुपर्छ ।

जस्तो कि आज गाउँमा कसैको घरमा दूध दुहुँदै गर्दा गाईले लात्तीले हानेर गौवा घोप्टियो, महिलाको ज्यानमा हिलो लाग्यो, करिब एक माना दूध पोखियो भने अब उप्रान्त गाईको लात्ती खानु नपर्ने, महिलाको ज्यानमा हिलो नलाग्ने र दूध नपोखिने अवस्थाका लागि सहजीकरण गर्ने खालको सामुदायिक पत्रकारिता सामुदायिक रेडियोले गर्नुपर्छ । अनिमात्र स्रोताले रेडियो सुनेर भविष्यमा उसको जीवनमा परिवर्तन हुने उपायको जानकारी रेडियोमार्फत पाउन सक्छन् र मात्र सामुदायिक रेडियोको औचित्य रहन्छ भन्ने अवधारणामा आधारित भएर सामुदायिक पत्रकारितालाई परिभाषित र उपयोग गर्न खोजिएको हो ।

अर्को कुरा समुदायलाई कुन कुरा आवश्यक हो भन्ने कुरा समुदायकै मानिसले पहिचान गर्नुपर्छ र त्यसमा आपूर्ति पक्ष वा लोककल्याणकारी राज्यपक्ष उत्तरदायी हुनुपर्छ भन्ने पनि सामुदायिक पत्रकारिताको अवधारणा हो । समुदायका लागि कुनै अमूक व्यक्तिले देखेको रूपान्तरणभन्दा पनि समुदायले चाहेको जीवनोपयोगी विषय दिएर सामुदायिक विकास तथा रूपान्तरण गर्नुपर्छ भन्ने पनि सामुदायिक पत्रकारिताको अवधारणा हो । समुदायका उपल्लो दर्जाको दृष्टिकोणमा आधारित भएर होइन कि समुदायको तल्लो तहको स्रोताको आवश्यकतामा आधारित भएर पत्रकारिता वा रेडियोको विषयवस्तु तयार गरिनुपर्छ भन्ने पनि सामुदायिक पत्रकारिताबारेको हाम्रो अवधारणा हो ।

अहिलेको मूलधारको सञ्चारमाध्यमले दिएका सूचना पनि जानकारीका लागि आवश्यक छन् । तर त्यस्ता जानकारीमात्रै दिने काम मूलधारको सञ्चारमाध्यमको जिम्मामा छोडेर समुदायको परिवर्तनको पहल गर्ने विषयवस्तु उत्पादन र प्रसारणका लागि सामुदायिक रेडियोले सामुदायिक पत्रकारिताको उपयोग गर्नुपर्छ । राज्यको माथिल्लो तहलाई जिम्मेवार बनाएर विस्तारै तल्लो तहमा परिवर्तनहरू पुऱ्याउने र समाज रूपान्तरण



गर्ने मूलधारको राष्ट्रिय सञ्चारमाध्यमभन्दा पनि समुदायको तल्लो तह वा व्यक्ति वा परिवारको दैनिकी वा व्यवहार परिवर्तन गराउँदै समाज रूपान्तरणमा सघाउनु सामुदायिक पत्रकारिताको मुख्य ध्येय हो ।

**सामुदायिक पत्रकारिताको अभ्यास**

गाउँ-गाउँमा सामुदायिक पत्रकार : सामुदायिक पत्रकारिताको अवधारणाअनुसार काम गर्न सहमत भएपछि विनाशकारी भूकम्पलगत्तै २०७२ साउनदेखि वर्ल्ड भिजन इन्टरनेसनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघद्वारा सञ्चालित सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले परीक्षणका रूपमा यसको अभ्यास गरिरहेका छन् । जुन समुदाय वा क्षेत्रमा रूपान्तरणको अपेक्षा राखिन्छ त्यहीँका मानिसले आफ्ना परिवर्तनका सवालहरू पहिचान गरून् भन्ने अभिप्रायले काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र गोरखा जिल्लामा बाल क्लबमा आबद्ध ६० जना जेहेन्दार बालबालिकालाई सामुदायिक सञ्चारकर्ताका रूपमा अभिमुखीकरण कार्यक्रम गरिएको थियो ।

जिल्ला तहमा सरोकारवाला निकाय सम्मिलित विषयवस्तु सुझाव समूहले पहिचान गरेका विषय शीर्षकमा सामुदायिक सञ्चारकर्ता पत्रकारले आफ्नै तहमा छलफल गरेर सवाल पहिचान गर्ने र त्यसलाई रेडियोसम्म पुर्‍याउने अनि, रेडियो कार्यक्रम उत्पादकले सरोकारवाला निकायका उत्तरदायी आवाजहरू समावेश गराएर रेडियो कार्यक्रम "जीवन रक्षा बाल सुरक्षा" प्रसारण गर्ने सिलसिला अहिले पनि चलिरहेको छ । जिल्लामा विशेषज्ञले पहिचान गरेको विषयमा गाउँमा बस्ने सामुदायिक पत्रकारले सवाल पहिचान गराएपछि जिल्लाका उत्तरदायी निकाय वा व्यक्तिहरूसँग सवाल जवाफ गरेर रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा जनताको बानी व्यवहार परिवर्तन वा समाज रूपान्तरण अझ चाँडो हुनसक्छ भन्ने यो प्रयोगले पुष्टि गर्दै लगेको छ । साथै आपूर्ति पक्षलाई उत्तरदायी बनाउन पनि यस्तो प्रयोगले सजिलो बनाइरहेको छ ।

समुदायमा उठेका सबै सवाल जिल्लामै किनारा लाग्ने अवस्थाका नहुन पनि सक्छन् । सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले जिल्लामा सम्बोधन नभएका सवाललाई आफ्नो केन्द्रीय प्रसारणमा समावेश गर्छ र आपूर्तिको केन्द्रपक्ष अथवा भनौं केन्द्रीय सरकारका विभिन्न निकायका जिम्मेवार व्यक्तिहरूसँग सवालजवाफ गरेर रेडियो



कार्यक्रम 'जीवन रक्षा बाल सुरक्षा' मार्फत् समस्या समाधानमा सहजीकरण गरिरहेको छ । अहिले वर्ल्ड भिजनले काम गर्ने जिल्लाका गाविसहरूमा मात्रै परीक्षणका रूपमा सामुदायिक पत्रकारिताको अभ्यास भइरहेको छ ।

नेपाली मूलधारको पत्रकारिताले बितेको ७० वर्षदेखि राजनीतिक रूपमा प्रशिक्षित पत्रकारमार्फत् आफ्नो काम गरिरहेको छ । पूर्ण लोकतन्त्र प्राप्तिको प्रक्रियाका लागि यो आवश्यक पनि थियो तर राजनीतिक रूपमा प्रशिक्षित वा अमूक राजनीतिक दल, वाद वा झुण्डको प्रशिक्षण वा राजनीतिक परिवर्तनको उद्देश्यमा केही समय कलम चलाएका व्यक्तिका लागि समुदायको तल्लो तहको सीमान्त व्यक्तिको घरभित्र पसेर उसकै अवधारणाअनुसार मिडिया सामग्री उत्पादनमा खासै चाख नलाग्ने अवस्था छ । त्यसको साटो बाल क्लबमा आबद्ध भोलिका जुझारू युवालाई समाज रूपान्तरणका लागि गरिने सामुदायिक पत्रकारिताको प्रशिक्षण अभ्यास गराउँदा नेपाली पत्रकारिता क्षेत्रमा विकास पत्रकारितामार्फत् प्रशिक्षित जनशक्ति तयार भइरहेको छ । भविष्यमा नेपाली पत्रकारिता क्षेत्रले राजनीतिक मिसन होइन कि विकास वा समाज रूपान्तरणको मिसन पत्रकारिताबाट प्रशिक्षित जनशक्ति पाउनेछन् भन्ने अपेक्षा गरिएको छ । वर्ल्ड भिजनसँगको साझेदारीमा सामुदायिक पत्रकारिताको अभ्यासलाई परीक्षण गर्ने क्रममै अहिले हामी दोस्रो तहको परियोजना सञ्चालन गरिरहेका छौँ । जिल्लामा सामुदायिक रूपान्तरणका लागि काम गर्ने गैरसरकारी संस्थाहरू र सामुदायिक रेडियोले गरिरहेको पत्रकारितालाई सँगैसँगै साझेदारीमा लैजान सके रेडियोको दिगोपनामा पनि टेवा पुग्छ भन्ने अभिप्रायले दोस्रो चरणको प्रयोग भइरहेको छ । अहिले सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, धादिङ र गोरखा जिल्लामा सामुदायिक पत्रकारिताको अभ्यास चलिरहेको छ । सामुदायिक पत्रकारिताको तेस्रो चरणको अभ्यासका लागि पनि पूर्वतयारी भइरहेको छ ।

### रेडियोको दिगोपनका लागि सामुदायिक पत्रकारिताः

सामुदायिक रेडियोको पहिचानसँगै जोडिएर आउँछ यसको दिगोपना । अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रम दरो आर्थिक स्रोतका साथ गाउँघरसम्म पुगिरहेको छ । गाउँघरसम्म पुगेको त्यो स्रोत रेडियोसम्म आइपुग्ने व्यवस्थाका लागि सामुदायिक रेडियो र गैरसकारी संस्थाको साझेदारी प्रबर्द्धनको पहल भइरहेको छ । सामुदायिक रेडियोहरू दिगो बनाउन सामुदायिक पत्रकारिता र गैरसरकारी संस्थाहरूको संस्थागत साझेदारी प्रबर्द्धन गर्ने काम देशका विभिन्न १५ जिल्लामा भइरहेको छ ।




विश्व बैंकको प्रान–दुई परियोजनाका लागि सेसीसँगको साझेदारीमा सीआईएनमार्फत् अकोराबले सार्वजनिक वित्त व्यवस्थापनमा साझेदारी गरिरहेको छ । यसमा १५ जिल्लाहरू बझाङ, बाजुरा, कैलाली, बर्दिया, बाँके, दाङ, रोल्पा, कपिलवस्तु, पाल्पा, गोरखा, बारा, धनुषा, सर्लाही, सिराहा र धनकुटाका दुई–दुईवटा गैरसरकारी संस्था र सामुदायिक रेडियोबीच साझेदारी प्रबर्द्धनको पहल भइरहेको छ । यसमा आगामी दिनहरूमा गैरसरकारी संस्थाको परियोजनाको अंगका रूपमा सामुदायिक रेडियोले भूमिका खेलेर आफू दिगो हुनसक्छ कि सक्दैन भन्ने परीक्षण भइरहेको छ । मूलधारको पत्रकारिता र नेपालको गैरसरकारी क्षेत्रले गरेको कामको तालमेल मिलिरहेको छैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालको सामाजिक रूपान्तरणका लागि ठूलो धनरासी खर्च गरिरहेका छन् । त्यसमा सहयोगी साधनका रूपमा सामुदायिक रेडियोहरूको प्रवेश हुनसके सामाजिक उत्तरदायित्व प्रबर्द्धनका साथै सामुदायिक रेडियोको दिगोपनका लागि पनि योगदान पुग्छ भन्ने अभिप्रायले यस्तो साझेदारी भइरहेको छ । सामुदायिक पत्रकारिता र गैरसरकारी क्षेत्रको संस्थागत साझेदारीको परियोजनाको पहिलो चरण सन् २०१६ को अन्तिमसम्म रहनेछ ।

### सामुदायिक पत्रकारिता प्रबर्द्धन पहल :

पूर्वाञ्चल विश्वविद्यालयमा आबद्ध सेफर्ड कलेज र सामुदायिक रेडियो प्रसारक संघबीचमा २०७२ देखि सामुदायिक पत्रकारिता प्रबर्द्धनका लागि साझेदारी भइरहेको छ । जसअन्तर्गत विभिन्न सामुदायिक रेडियोमा आबद्ध २१ जना सामुदायिक रेडियोकर्मीले ब्याचलर अफ मिडिया टेक्नोलोजी (बीएमटी) र मास्टर अफ मिडिया टेक्नोलोजी (एमएमटी) अध्ययनका लागि ५० प्रतिशत छात्रवृत्ति पाइरहेका छन् । यसले सामुदायिक रेडियो क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न र रेडियोको प्रबर्द्धन गर्न मद्दत गरिरहेको छ । त्यस्तै चीनको राजधानी बेइजिङमा रहेको रेनविन युनिभर्सिटी अफ चाइनामा सामुदायिक पत्रकारिता अध्ययनका विषयमा छलफल

भएको छ । २०७३ भदौमा नेपालबाट गएको टोलीसँग भएको छलफलमा रेनविन विश्वविद्यालयले सामुदायिक रेडियोका विषयमा दक्ष जनशक्ति उत्पादनका लागि नेपाल र चीन सरकारको साझेदारी प्रबर्द्धन आवश्यक रहेको र त्यसका लागि विश्वविद्यालयको तर्फबाट सहयोग प्राप्त हुने आश्वासन दिइएको छ । त्यस्तै, मानवीय सहयोगका क्रियाकलापमा समुदायको अर्थपूर्ण सहभागिताका विषयमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (UN OCHA) ले अक्टोबर ४ र ५ तारिखमा थाइल्याण्डको राजधानी बैंककमा गरेको एसिया प्रशान्त क्षेत्रीय कार्यशालामा मानवीय सहायताबारे समुदायबाट निरन्तर प्रतिक्रिया प्राप्त गर्ने स्थायी संयन्त्रका रूपमा सामुदायिक पत्रकारिताको प्रयोगका विषयमा छलफल भएको हो । कार्यशालामा नेपालको तर्फबाट सीआईएन व्यवस्थापकको सहभागिता थियो । कार्यशालामा इण्डोनेसिया, म्यानमार, बंगलादेश र फिलिपिन्सका प्रतिनिधि सामुदायिक पत्रकारितालाई समुदायसँग मानवीय सहायताकर्मी संस्था तथा व्यक्तिहरूले निरन्तर प्रतिक्रिया प्राप्त गर्ने माध्यमका रूपमा उपयोग गर्न सकिनेमा एकमत भएका थिए । कार्यक्रममा नेपालको तर्फबाट सीआईएन व्यवस्थापकले नेपालको सामुदायिक पत्रकारिताका उपलब्धिहरू प्रस्तुत गर्नुभएको थियो ।

तर, सामुदायिक पत्रकारिताको पहिचान र प्रबर्द्धनका लागि देशभरिका सामुदायिक रेडियोहरू र केन्द्रमा सामुदायिक सूचना नेटवर्क सीआईएनले रेडियो कार्यक्रम वा समाचारमा अर्काको भारी बोक्ने सिलसिला भने छाडिदिनुपर्छ । राजनीतिक दलका नेता, रेडियोको लगानीकर्ता सदस्य, उनीहरूको निजी स्वार्थमा जोडिएका मान्छे वा व्यक्तिहरू, अन्य संघसंस्था वा व्यापार व्यवसाय गर्ने मानिस, ठेकेदार वा व्यक्तिगत नाफाका विभिन्न स्वार्थहरूलाई बोकेर रेडियो कार्यक्रम वा समाचार प्रस्तुत भइरह्यो भने सामुदायिक रेडियो वा पत्रकारिताको भिन्न पहिचान रहने छैन । सरकारी वा गैरसरकारी संस्थाका मानिसको स्वार्थ पूरा गर्ने वा जनशक्ति पर्याप्त नभएको बहानामा विभिन्न अनलाइन, पत्रपत्रिका वा कसैको निजी विचारका भरमा रेडियोका विषयवस्तु तयार गर्ने अवस्था रहेसम्म सामुदायिक पत्रकारिता प्रबर्द्धन, सामुदायिक रेडियोको विशेष पहिचान वा सामुदायिक रेडियोको दिगोपनाका आधारहरू भत्किँदै जानेछन् । गैरसरकारी संस्था वा कुनै पनि पक्षको कथित विकासको गह्रुँगो योजना होइन कि, नागरिकको जीवन रूपान्तरणका लागि उनीहरूकै दैनिकी परिवर्तनको पक्षमा रेडियोमार्फत् सामुदायमैत्री सञ्चार हुनु आवश्यक छ । ■

# 'सूसुचित हुनु आफैंमा शक्ति हो'



**रविन्द्र मिश्र**
बीबीसी नेपाली सेवा

**सामुदायिक रेडियोसँग साझेदारी गरेर कार्यक्रम कार्यान्वयन गर्दा के कस्तो अनुभव गर्नुभयो ?**

त्यस प्रकृतिको साझेदारी दुवै पक्षका लागि अत्यन्तै लाभदायी भएको हामीले महसुस गरेका छौं । साझेदारीका कारण बीबीसी नेपाली सेवा देशका कुना कन्दरामा पुगेको छ भने साझेदार स्टेसनहरूलाई स्रोता आकर्षण गर्न सघाउ पुगेको छ । बेलाबखतमा साझेदारीका कारण हुने अन्तर्क्रियाले दुवै पक्षलाई अन्य विविध फाइदा पुऱ्याएको पनि हामीले महसुस गरेका छौं ।

**सामुदायिक विकासमा सञ्चारको के कस्तो भूमिका हुन्छ र सीमान्तकृत समुदायसम्म विकासका प्रतिफलहरूलाई कसरी पुऱ्याउन सकिन्छ ?**

नेपालजस्तो भौगोलिक अवस्था भएको, टेलिभिजन र छापा माध्यमको पहुँच सबैतिर राम्रोसँग भइनसकेको देशमा रेडियो प्रसारणले समुदायलाई सुसूचित राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सुसूचित हुनु आफैंमा एउटा शक्ति हो र त्यो विकासको बाहक पनि हो ।

जहाँसम्म सीमान्तकृत समुदायसम्म विकासका प्रतिफलहरू पुऱ्याउने विषय छ, सीमान्तकृत समुदायलाई विकासका फलबारे जानकारी दिने सञ्चारमाध्यमले नै हो । जब विकासका फलबारे उनीहरूले जानकारी प्राप्त गर्छन्, त्यसपछिमात्र विकासका प्रतिफल प्राप्त हुने हो ।

**विकास कार्यक्रमलाई थप प्रभावकारी र लाभग्राहीलाई बढी प्रतिफल दिन आगामी दिनमा कसरी अघि बढ्न सकिन्छ ?**

यसका लागि त सबभन्दा पहिले सञ्चारमाध्यमले आफ्नो दायित्व वृद्धि र विवेकले भ्याएसम्म निष्पक्ष, वस्तुपरक र पेशागत ढंगबाट निर्वाह गर्नुपऱ्यो । यो हाम्रो फस्टाउँदो पत्रकारिता र सञ्चार गतिविधिको अझै पनि कमजोर पक्षका रूपमा रहेको छ। त्यसमा सचेत हुन र सुधार ल्याउन सकियो भने धेरै समस्याहरु आफैं समाधान भएर जान्छन् ।

## रेडियो धादिङमाथिको आक्रमण

# इतिहासकै कालो रात



**राजाराम शर्मा**
स्टेसन मेनेजर
रेडियो धादिङ

७ असोज २०७३ बिहान ३ बनिसकेको थियो । रेडियो धादिङ १०६ मेगाहर्जको बिहानी प्रसारण हुने तारतम्य मिल्दै थियो । अचानक 'आक्रमण' शैलीमा जिल्ला वन कार्यालयले डोजर लगाएर सामुदायिक 'रेडियो धादिङ' भत्कायो । सशस्त्र वन रक्षकसहितको टोलीले स्टेसनमै सुतिरहेका रेडियोकर्मीलाई बाहिर निकालेर भवन भत्काए । रेडियोका उपकरणसमेत तोडफोड गरियो । कपडासमेत लगाउन नदिएर सशस्त्र वन रक्षकले बाहिर निकाले । रेडियोको बिजुली प्रसारण लाइन काट्न वनले दिएको लिखित आदेश अवज्ञा गरेको भन्दै ५ असोज सदरमुकामस्थित विद्युत् प्राधिकरणका प्रमुख सत्यनारायण गामीलाई पनि सशस्त्र वन रक्षकले दिनभर नियन्त्रणमा लिए । रेडियोको भवन भत्काउन अघिल्लो रातिबाटै बजारमा बिजुली काटिएको थियो । सामुदायिक सम्पत्तिको रक्षा गर्नुपर्ने बाटै रेडियोमाथि 'आक्रमण' भएपछि नेपालका सामुदायिक रेडियोको इतिहासमा यो कालो रातका रूपमा रहेको छ ।

रेडियो स्टेसनभित्र सुतिरहेका सञ्चारकर्मी शंकर श्रेष्ठ, रोमबहादुर श्रेष्ठ, सौगात लम्साल, खेमबहादुर चेपाङ, दोलख गुरूङ र अर्जुनकुमार श्रेष्ठमाथि हातपात, गालीगलौज गर्दै घिसार्दै स्टुडियो तोडफोड गरी स्टेसन भवन भत्काइएको छ । रेडियोमा भएको तोडफोडबाट रेडियोमा मौजुदा प्रसारण सामग्री सोलार सिस्टम, स्टुडियोको एकस्टिङ संरचना, भवनसहित १, ००,००,०००/– अक्षेरूपी एक करोड रूपैयाँभन्दा बढीको क्षति भएको छ । यस कार्यबाट राज्यबाटै रेडियोमा ठूलो क्षति पुऱ्याएको छ । राष्ट्रसेवक कर्मचारीको आवरणमा मध्यरातमा गरिएको घटनाले राज्य 'आतंक'मा उद्देलित भएको त होइन ? शंका गर्ने आधार मिलेको छ ।

धादिङबाट १० वर्षदेखि नागरिकको सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्दै लोकतन्त्र, मानवअधिकार, सुशासन, शान्ति स्थापना, वन तथा वातावरण संरक्षण र दिगो विकासका निम्ति योगदान दिइरहेको रेडियो मध्यरातमा किन भत्काइयो ? नागरिकले अहिलेसम्म पनि जवाफ खोजी रहेका छन् । जिल्ला वनका प्रमुख इमनाथ पौडेल र हातहतियारसहितका वन रक्षकले नेपाल प्रहरी र सशस्त्र प्रहरीको घेराभित्र रहेर रेडियोमाथि डोजर चलाएका थिए ।





## पहिलो प्रयास असफल

यसअघि २०७३ साउन ३० गते जिल्ला वन कार्यालयले रेडियो प्रसारण स्टेसन रहेको भवन भत्काउने प्रयास गरेको थियो । हजारौं स्थानीय जनताले प्रतिवाद गरी रेडियोको रक्षा गरेका थिए । रेडियो धादिङ र अमरावती सामुदायिक वन उपभोक्ता समूह न्यायका निम्ति अदालतसम्म पुगे । यो घटनाको सामुदायिक रेडियो प्रसारक संघ (अकोराब), नेपाल पत्रकार महासंघ, समुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क), मिडिया सोसाइटी नेपाल, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान), नेपाल सूचना तथा सञ्चार सहकारी केन्द्रीय संघ, सामुदायिक वन उपभोक्ता महासंघ, गैरसरकारी संस्था महासंघ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, विभिन्न मानव अधिकारकर्मी संघसंस्थाले भर्त्सना गर्दै घटनाप्रति नेपाल सरकारको ध्यानाकर्षण गराएका थिए ।

**लोकतन्त्र, मानवअधिकार, सुशासन, शान्ति स्थापना, वन तथा वातावरण संरक्षण र दिगो विकासका निम्ति योगदान दिइरहेको रेडियो मध्यरातमा किन भत्काइयो ? नागरिकले अहिलेसम्म पनि जवाफ खोजी रहेका छन् ।**

## भवन निर्माण कसरी

२०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पले क्षतिग्रस्त भएको रेडियोलाई व्यवस्थित गर्न जननिर्वाचित सांसदहरू, स्थानीय नागरिक समाज, स्थानीय संघसंस्थाको सहभागितामा भएको छलफलबाट अमरावती सामुदायिक वन सीमाभित्र पर्ने नीलकण्ठ नगरपालिका ८ स्थित साँगुटारमा रहेको खाली जग्गामा सामुदायिक वनको कार्यालय व्यवस्थित गर्ने र रेडियो धादिङको प्रसारण केन्द्र पनि राख्ने सहमति भएको थियो । उक्त सहमतिअनुसार रेडियो धादिङ र अमरावती सामुदायिक वन उपभोक्ता समूहबीच सहमति भएर काम अघि बढाइएको थियो । यसमा रेडियोहरूको विश्व संगठन (अमार्क), निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, जिल्ला विकास समिति धादिङ, सामुदायिक वन समूह र स्थानीय एवं रेडियोका शुभचिन्तकसहित नागरिकको सहयोगमा भवन बनाई रेडियो प्रसारण गरिएको थियो ।






स्थानीय समुदायले संरक्षण र उपभोग गरिरहेका देशभरका वन, सामुदायिक वनको परिभाषाभित्र पर्ने जमिनमा सामुदायिक विद्यालय, कलेज, अस्पताल, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नेपाली सेनालगायत निकायले हजारौं पूर्वाधार निर्माण गरेका छन् । यस सन्दर्भमा सरकारले स्पष्ट नीति निर्माण गरेर उक्त संरचना व्यवस्थित गर्नुपर्नेमा सामुदायिक रेडियो धादिङले प्रयोग गरेको भवनलाई मात्र लक्षित गर्नु आफैंमा बदनीयतपूर्ण र कायरहरूले गर्ने काम हो ।

**घटनाक्रम यसरी अघि बढ्यो ?**

सामान्य अनलाइनमा आएको समाचारको आधारमा जिल्ला वन अधिकृत पौडेलले २०७३ साउन २१ गते ७ दिने म्याद दिई रेडियो भवन बनाएको जग्गाको वैधानिकता मागसहितको पत्र दिएका थिए । २०७३ साउन ३० गते रेडियोको तर्फबाट गरिएका पहल र प्रक्रियाबारे लिखित जानकारी पेश गरियो । पौडेलबाट त्यसलाई अध्ययनसमेत नगरी पत्र लिएर गएका स्टेसन म्यानेजरलाई रेडियो जोगाउन विभिन्न शक्तिकेन्द्र धाएको भन्द हप्काउने काम भयो ।

त्यसलगत्तै पौडेलकै अगुवाइमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको घेराबन्दीमा डोजर प्रयोग गरी रेडियो भत्काउने असफल प्रयास गरियो । तर रेडियोका शुभचिन्तक एवं स्थानीयले प्रतिकार गर्दा दिउँसो ११:३० मा दलबलसहित आएको टोली साँझ ५:३० पछि त्यत्तिकै फर्कियो ।

रेडियोकर्मीको मोनबल गिराउन कम्ब्याट ड्रेसका ३५/४० जना सशस्त्र वन रक्षक जम्मा गरेर दैनिकजसो रेडियो भवन अगाडि ओहोरदोहोर गराउने, मार्चपास शैलीमा हिंडाउने काम भए । साउन ३० गतेको घटनापछि जिल्ला वन धादिङसँग जोडिएको विषय सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेकै समयमा असोज ७ गते राति ३ बजे रेडियोमाथि आक्रमण गरियो ।



### वैधानिकताका लागि पहल

भवन निर्माणपूर्व के के प्रक्रिया पूरा गरिएको थियो त ? भन्ने जिज्ञासा पनि अहिले कतै उठेको छ । यसका लागि रेडियोले प्रक्रियागत कामहरू पनि गरेको छ । वैशाख १२ को विनाशकारी भूकम्पले रेडियो धादिङको विद्यमान संरचनामा ठूलो क्षति पुऱ्यायो । रेडियोको आफ्नै संरचना त भत्कियो नै भाडामा रहेको घर पनि खाली गर्न दबाब आयो ।

सामुदायिक रेडियो प्रसारक संघ र रेडियोसँग सम्बद्ध विभिन्न निकायको समन्वयमा सामुदायिक रेडियोहरूको विश्व संगठन अमार्क एसिया प्यासिफिकसँग एउटा जापानी संस्था जापानिज प्लेटफर्म-बेसिक ह्युम्यान निड (JPF-BHN) को सहयोगमा घर बन्ने भयो तर जग्गा थिएन । नीलकण्ठ नगरपालिका ८ साँघुटारनजिकैको अमरावती सामुदायिक वन छेउमा रहेको थोरै खाली जग्गामा रेडियो प्रसारण केन्द्र बनाउन समुदायकै सदस्यहरूको अनुरोध र पहल भयो । समुदायकै सदस्यहरूको सहयोगमा त्यही खाली थोरै सामुदायिक वनको छेउमा 'जहाँ कुनै पनि प्रकारको रूखबिरूवा थिएन' प्रसारण केन्द्र बनाउन उपयुक्त ठान्यौं । जिल्ला वन कार्यालयसँग समन्वय पनि गरिएको थियो । हामीले जिल्ला वनका अधिकारीकै समन्वयमा क्षेत्रीय वन निर्देशनालय हुँदै पुनः आवश्यक प्रक्रियाका लागि जिल्ला वनसम्म कागजात मिलाउन पहल भएको हो ।

आवश्यक प्रक्रिया पूरा गर्ने क्रममा जिल्ला वन धादिङले ३५ दिने सूचनासमेत जारी गऱ्यो । ३५ दिन पूरा भएपछि प्रसारण केन्द्र निर्माण गर्ने काम सुरू भयो । आवश्यक प्रक्रियाको काम जिल्ला वन र यसअन्तर्गतको नीलकण्ठ रेञ्जपोष्टले अघि बढाएन । २०७२ पुस मसान्तमा रेडियो धादिङ प्रसारण केन्द्र निर्माण पूरा भयो । माघ २ गने भूकम्प दिवसकै दिन रेडियो यही स्थानबाट प्रसारण थालियो ।

### सन्दर्भ वन अतिक्रमणको

रेडियोप्रति वन अतिक्रमणको आरोप लागेको छ । विगतदेखि नै वन संरक्षण र विकासमा सक्रिय रेडियोले यस्तो काम गर्ने कुरै आउँदैन । यही क्रममा रेडियोको सदस्यसमेत रहेको अमरावती सामुदायिक वनको छेउको खाली ठाउँमा बनाउन स्थानीय र वन उपभोक्ता समितिसँग छलफलपछि सामुदायिक रेडियो, समुदायकै सम्पत्ति र सदस्यसमेत रहेको समूहले उक्त स्थानलाई



उपयुक्त ठानेपछि समुदायकै पहलमा रेडियोको भवन बनेको हो । जिल्ला वनको पत्रमा उल्लेख गरेजस्तै आमनागरिकलाई सकारात्मक सन्देश प्रवाह गर्ने रेडियो, जसले आफ्नो स्थापनाकालदेखि नै वन संरक्षण र सम्बर्द्धनलाई विषयवस्तु बनाउँदै आमउपभोक्ता र सरोकारवालालाई सुसूचित गर्दै आयो यसले कहिल्यै पनि यसविपरीत काम गर्न सक्दैन ।

### असोज ७ पछि के भयो ?

७ गतेको घटनापछि अकोराबको पहलमा धादिङ आएको मिडिया मिसनको टोलीले मसिनो अध्ययन गरेको थियो । मिसन टोलीले स्थलगत अध्ययन र घटनाको पूर्ण अनुगमनपछि यथास्थानबाटै रेडियो सञ्चालन गर्न निर्देशन दिएको थियो । यसपछि वैकल्पिक उपकरण प्रयोग गरी असोज ९ गतेबाट रेडियो प्रसारणमा आयो । तर भत्काइएको भवनबाट रेडियो प्रसारण गर्न आवश्यक सुरक्षा व्यवस्थाका लागि स्थानीय प्रशासनसँग माग गरिएको थियो । तत्कालीन प्रजिअ विश्वप्रकाश सुवेदी र डीएफओ पौडेलले असोज १० गते फेरि छुट्टा-छुट्टै पत्र लेखी रेडियो नबजाउन भनेका थिए । तर अहिले आफ्नै अपलिंक स्टेसन भैरवी डाँडाबाट अत्यन्त दुःखकष्टसाथ रेडियो बजाइरहेका छौं । ■



**Interview**

# 'We would like to support all community station'



**Mona**
**BBC, Media Action**

**What was your experiences during the project implementation in collaboration with community radios? What new lesson did you learn?**

Since BBC Media Action presence in Nepal we have built close relationship with the community radio sector. Realizing the importance of community radio sector BBC Media Action was one of the early supporters of ACORAB and also supported the establishment of CIN in 2008. We have not looked back ever since. We believe that community radios have an important role to play in providing vital information and entertainment to the communities they serve. Our community radio project have included drama production at the local level, discussion programmes which hold decision makers to account, and lifeline programming to provide life-saving information after disasters. In addition we have provided vital equipment support, training on marketing and fund raising, and radio drama production training via our online platform iLearn to community radio stations. While we would like to support all community station, in practice this is not always possible given the large number of stations across the country. Thus we work in close partnership with ACORAB to ensure that our approaches and strategies constantly adjust to the needs of community stations so that the benefits could be optimized to the highest extent for all.

**Based on your experiences, what do you think about the role of communication in community development? How do marginalized communities can get huge benefit from community development activities?**

At BBC Media Action we believe that media and communication can inform, connect, empower and help people bring about lasting change in their lives. We often work in fragile and conflict-affected societies where political, security or other factors mean that media is one of the few options available to reach and engage marginalised groups. To ensure that communities benefit from communication initiatives first and foremost the initiative must ensure that it puts communities at its centre and talks directly with them rather than about them. For example, during crisis such as we have experienced during the 2015 earthquake, the voices of survivors were key to effective recovery and response. Media broadcasts can facilitate this voice by providing a platform for survivors to hold others to account, share their concerns and stories of recovery and survival. This was crucial in supporting psychosocial outcomes and enabling confidence to act.

**What could be the effective strategies to collaborate among the development partners, to make development activities more effective, and to provide more benefits to the most marginalized and vulnerable communities of Nepal.**

As media professionals we need to recognize that, media broadcasts are only truly effective if done in partnership with local people and communities. To make communication more effective the development community should pull together to integrate strategic communication into all development initiatives in a way where the success of the initiatives is not only measured by the number of posters printed or pinned to walls but the number of lives changed.

# रेडियोमा प्रयोग गरिने अडियो केबल र कनेक्टर




**रादिप महर्जन**
वरिष्ठ प्राविधिक
अकोराब


स्टुडियोमा कुनै पनि अडियो उपकरणको अडियो output लिन अथवा त्यसमा अडियो Input दिन अडियो केबलको प्रयोग गरिन्छ । यो एक विशेष खालको केबल हो । यस केबलभित्र इन्सुलेटरसहित दुईवटा तार हुन्छन् । यी दुई तारलाई धागोले बेरिएको हुन्छ, जस माथि तामाको मसिना तार जाली शैलीमा हुन्छन् । यी सबैलाई फेरि इन्सुलेटरले छोपिएको हुन्छ ।

अडियो केबल दुई थरीका हुन्छन् । Single Core/Shielded (unbalanced) र One pair/shielded(balanced) केबल । तर स्टुडियोमा हामी प्रायः One pair/shielded (balanced) प्रयोग गर्छौं । One pair/shielded (balanced) केबल पनि दुई थरीका हुन्छन्- Mic केबल र लाइन केबल । Mic केबल माइक्रोफोनलाई मिक्सरसँग जोड्न प्रयोग गरिन्छ भने लाइन केबल अन्य स्टुडियो उपकरणलाई मिक्सरसँग जोड्न प्रयोग गरिन्छ । यी दुवै केबल बनावट एकै किसिमको भए पनि यी दुवै केबलको electrical characteristics तथा performance मा केही भिन्नता हुन्छन् ।




Mic केबल



लाइन केबल

**स्टुडियो उपकरण सञ्चालनका लागि आवश्यक** Connector **सम्बन्धी जानकारी**

**XLR Male र XLR Female Connectors:**

- XLR Male र XLR Female Connector स्टुडियोमा मुख्यतया प्रयोग गरिने jack हरू हुन् । प्राविधिकलाई यस Jack को Connection र प्रयोगसम्बन्धी राम्रो ज्ञान हुनुपर्छ । यी Connectors माइक्रोफोन, मिक्सर, अडियो प्रोसेसर, ट्रान्समिटर इत्यादिमा प्रयोग गरिन्छ । यो Balanced Jack हो जसलाई मुख्यतया Balanced Audio Signals को लागि प्रयोग गरिन्छ ।

- XLR connector खोलेर हेर्दा यस भित्र तीनवटा point हुन्छन् जसलाई 1, 2 र 3 ले अंकित गरिएका हुन्छन् ।

'1' भन्नाले ground,

'2' भन्नाले Positive अथवा hot भन्ने बुझिन्छ,

'3' भन्नाले Negative अथवा cold भन्ने बुझिन्छ ।



XCR Jack धेरै प्रकारका हुन्छन् । जस्तै : 3 pin, 4 pin, 5 pin आदि । तर हामी स्टुडियोमा 3 pin XLR Jack प्रयोग गर्छौं ।



Fig: XLR Male & Female Jack



Fig: Wall Mount TypeXLRMale &Female Jack

**Phono Jack:**

- PhonoJack पनि स्टुडियोमा प्रयोग हुने मुख्य Jack हो । यो विभिन्न अडियो उपकरणलाई मिक्सरसँग जोड्नका निम्ति प्रयोग गरिन्छ ।
- Phono Jack, Mono र Stereo दुवै थरिका हुन्छन् । Mono Jack मा Tip / Sleeve हुन्छ भने Stereo Jack मा Tip, Ring र Sleeve हुन्छ । रेडियो प्रसारणमा Stereo Phono अथवा PhonoTRS को बढी मात्र प्रयोग गरिन्छ । PhonoTRS खोलेर हेर्दा यस भित्र पनि तीनवटा point भेटिन्छ । यी तीन point मा cable solder गर्न सकिन्छ ।

'Tip 'भन्नाले Positive (+ve), 'Ring' भन्नाले Negative (-ve), 'Sleeve' भन्नाले Ground भन्ने बुझिन्छ । यो TRS Jack, balanced signal/Stereo signal (left र right) निकाल्न प्रयोग गरिन्छ । Tip बाट आउने आवाज left कानमा सुनिन्छ । Ring बाट आउने आवाज Right कानमा सुनिन्छ ।



Fig: Different types of phono jack




Fig: Stereo and Mono Phono jack






Fig: Female/ Chasis typephono jack

- TRS Phono Jack सानो बनावटमा पनि पाइन्छ, जसलाई EP Jack अथवा miniature TRS पनि भनिन्छ । यसलाई विशेषत computer को sound card मा पनि प्रयोग गरिन्छ ।



Miniature TRSअथवा EP jack

**RCA Connector:**

- RCA Connector को प्रयोग पनि रेडियो उपकरणलाई मिक्सरसँग जोड्नका निम्ति प्रयोग गरिन्छ । चलनचल्तीको भाषामा यो Jack लाई A/V Jack पनि भन्ने गरिन्छ ।
- RCA Connector लाई खोलेर हेर्दा त्यसमा दुईवटा point मात्र हुन्छ । यी दुई point मध्ये एक point 'Positive' अथवा Tip हो भने अर्को point 'Ground / Sleeve' हो । यो Unbalanced Jack हो ।






RCA Jack





## Interview

# ' I am also looking forward to learn from our joint monitoring initiatives on what worked well and what needs to be improved'



**Ms. Elizabeth Cote**
**IFES**

**What was your experiences during the project implementation in collaboration with community radios? What new lesson did you learn?**

We haven't yet begun to implement our program but I am already impressed by the openness and flexibility of ACORAB during the preparation phase of our radio magazine. I had been told by some that the usefulness of community radios was declining in Nepal and that listeners preferred the telephone and other media. Discussions with CIN confirmed my trust in community radios to reach traditionally excluded communities. I am also looking forward to learn from our joint monitoring initiatives on what worked well and what needs to be improved.

**Based on your experiences, what do you think about the role of communication in community development? How do marginalized communities can get huge benefit from community development activities?**

As mentioned above community radios around the world play a very important role in development. It is a way for adults who have not had the possibility to learn how to read and write, to learn on all sorts of topics which touch them directly and interest them, in their own language. It has been a great way for organizations to disseminate their development related messages to the communities.

**What could be the effective strategies to collaborate among the development partners, to make development activities more effective, and to provide more benefits to the most marginalized and vulnerable communities of Nepal.**

Collaboration and coordination amongst partners is a huge challenge. Actually community radio networks could be instrumental in setting up an informal platform where partners could discuss and brainstorm on how to be more efficient in their attempt to support Nepal's budding inclusive society. ■

# समाजका पहरेदार

नेपालका सामुदायिक रेडियोहरूको समाजलाई सुसूचित गर्ने एउटै उद्देश्य भए पनि सूचना सम्प्रेषणको तौरतरिका चाहिँ भिन्न छ । रेडियोले आफू वरिपरिको समाजअनुसार भाषा, शैली र सन्दर्भ सामग्री प्रयोग गरेर विभिन्न कार्यक्रम उत्पादन तथा प्रसारण गरिरहेका छन् । जसले समाजलाई सूचनामात्रै दिएको छैन, सरकार र नागरिकलाई जोड्ने पुलको कामसमेत गरेको छ । सेवाग्राही र सरोकारवाला निकायबीचको दूरी घटाउने माध्यम पनि सामुदायिक रेडियो नै भएका छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय खबरहरूका साथै स्थानीय खबर पनि सामुदायिक रेडियोका प्राथमिकताका विषय हुन् । सामुदायिक रेडियोहरूले बाटोघाटो, पुलपुलेसा, धारा पधँरालगायत साना-ठूला विकास निर्माणमा लाग्ने बजेट र गुणस्तरीय काम साथै आर्थिक पारदर्शितालाई नागरिकसामु छर्लङ्ग पार्दै आएको छ ।

### रेडियो सुदूरआवाज

डडेल्धुरामा रहेको रेडियो सुदूरआवाज ९५ मेघाहर्ज सात वर्षदेखि सुदूरपश्चिमको आवाज बनेर घन्किरहेको छ । दैनिक १९ घण्टा प्रसारण हुने यो रेडियोबाट स्थानीय खबरका साथै जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम पनि प्रसारण हुँदै आएको छ । स्थानीय डोटेली भाषाको "चौपाती" रेडियोका प्रसारित कार्यक्रममध्ये सबैभन्दा लोकप्रिय हो । डोटेली भाषाको विकास, संरक्षण र सम्बर्द्धनका लागि तयार पारिएको यो कार्यक्रमका कारण रेडियो सुदूरआवाज धेरैपटक पुरस्कृतसमेत भएको छ ।

### रेडियो लुम्बिनी

बुद्धको जन्मभूमि कपिलवस्तु जिल्लामा रहेको यो रेडियो १७ वर्षदेखि मध्यपश्चिमका फाँट र पाखा पर्वतमा गुन्जिरहेको छ । दैनिक १८ घण्टा प्रसारण हुँदै आएको यो रेडियो शिक्षा, स्वास्थ्य, कृषिलगायत नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण हुने गर्छ । यो रेडियोबाट प्रसारण हुने "सार्वजनिक सुनुवाइ" कार्यक्रम बढी प्रभावकारी छ । यो कार्यक्रम मूलत स्थानीय निकायको काम, कारबाही र सेवासुविधाका बारेमा केन्द्रित छ । यसमा सुशासन र पारदर्शिताको कुराले प्राथमिकता पाउँछ । साथै लैङ्गिक समानताको विषयमा पनि सार्वजनिक सुनुवाइ प्रकृतिकै स्थानीय बहसहरु यो रेडियोबाट हुने गरेका छन् ।

### रेडियो शैलुङ

मध्यमाञ्चलको दोलखा जिल्लामा रहेको रेडियो शैलुङ आठ वर्षदेखि यस क्षेत्रको आवाज बनेर गुञ्जिरहेको छ । दिनमा १७ घण्टा प्रसारण गर्दै आएको यो रेडियोबाट सूचनामूलक र मनोरञ्जनात्मक कार्यक्रमहरु बज्ने गर्छन् । समुदायलाई जागरूक बनाउने, अधिकारप्रति सचेत बनाउने र कर्तव्यबोध गराउने काममा रेडियो निरन्तर लागिरहेको छ । रेडियोबाट प्रसारित कार्यक्रममध्ये "गाउँबेंसी" कार्यक्रम सबैभन्दा रूचाइएको सामग्री हो ।

### रेडियो मकालु

धनकुटा जिल्लामा रहेको रेडियो मकालु सात वर्षदेखि प्रसारणमा छ । दिनको १६ घण्टा प्रसारण समय रहेको यो रेडियो दैनिक जीवनका सामान्य तर महत्वपूर्ण विषयलाई कार्यक्रम बनाएर रेडियोको माध्यमबाट प्रसारण गर्दै आएको छ । बिहान चिया बनाउने, बस्तुभाउलाई घाँस हालिदिने, दाम्लो पो कमजोर छ कि, ढोकाको चुकुल लगाउन बिर्सियो कि, औषधि खाने, मर्निङ वाक जाँदा अपनाउनु पर्ने होसियारी, परिवार नियोजनको साधन अपनाउने, विद्यालय क्याम्पस जाँदा छुटाउन नहुने वस्तुहरु छुट्न सक्छ भन्नेजस्ता सामान्य विषयवस्तुलाई रेडियोले विभिन्न कार्यक्रममार्फत समेट्ने गरेको छ । यो रेडियोबाट लोकप्रिय कार्यक्रमका रूपमा "नमस्ते मकालु" श्रोतामाझ परिचित छ ।

# नागरिक हुनुको पहिचान दिलायो रेडियोले

सफलताको कथा



**ज्ञानेन्द्र निरौला**
रेडियो सरगम, झापा

झापा मेचीनगर ३, शुभम टोलकी २४ वर्षीया बर्मी कवरले भर्खरैमात्र नेपाली नागरिकता बनाउनुभएको छ । पुस्तौंदेखि नेपालमै रहेर पनि महिलालाई किन चाहियो नागरिकता भन्ने कवर जातिको मान्यताका कारण नागरिकता बनाउन उनको परिवार तयार थिएन । रेडियो सरगमबाट प्रसारण हुने सीआईएनको साझा खबरमा 'जहाँ महिलालाई नागरिकता बन्देज' विषयमा रिपोर्ट प्रसारण भएपछि नागरिकता दिने नगरपालिका कार्यालयका कर्मचारी घरमै पुगेका थिए । त्यसपछि मात्रै उनीहरूले नागरिकता बनाउँदा चाहिने कुराबारे जानकारी पाए ।

बर्मीमात्र होइन, अहिले कवर समुदायका थुप्रै महिलाको हातमा नेपाली नागरिकता छ । अन्य महिला नागरिकता बनाउन आवश्यक पर्ने कागजपत्र तयार गरेर बनाउने प्रक्रियामा छन् । कवर बस्तीका ४० परिवारका पुरूष प्रायः सबैसँग नागरिकताको प्रमाणपत्र भए पनि महिलाको चाहिँ बनाउने चलनै थिएन । तर रेडियो सरगम झापाको सहयोगमा सामुदायिक सूचना नेटवर्कले कवर समुदायका महिलाको नागरिकता नभएको विषयमा समाचार र रेडियो रिपोर्ट प्रसारण गरेपछि सम्बन्धित निकायको ध्यानाकर्षण भएको हो ।

यससँगै कवर महिलाले नागरिकता बनाउन थालेका हुन् । नागरिक भएपछि मुलुकबाट पाउने सेवा सुविधा नागरिकताकै आधारमा पाइन्छ । तर झापा मेचिनगर ३ शुभम टोलका कवर समुदायका महिला पुस्तौंदेखि नागरिकता नभएकै कारण सरकारबाट पाउने सबैजसो सेवा सुविधाबाट वञ्चित थिए ।




पुस्तौंदेखि बसोबास गर्दै आएको भए पनि नागरिकता नभएपछि सरकारी सुविधाबाट वञ्चित हुनुपरेको उनीहरूको

**कवर बस्तीका ४० परिवारका पुरूष प्राय:सँग नेपाली नागरिकताको प्रमाणपत्र छ । तर महिलाको भने बनाउने चलन गाउँमै नभएकाले नागरिकताबिहीन छन् । रेडियो सरगमको सहयोगमा सामुदायिक सूचना नेटवर्कले कवर समुदायका महिला नागरिकताविहीन रहेको समाचार र रेडियो रिपोर्ट प्रसारण गरेपछि सम्बन्धित निकायको ध्यानाकर्षण भयो ।**

गुनासो छ । नागरिकता बनाएपछि भने विभिन्न काम गर्न पनि सजिलो हुँदै गएको बर्मीले सुनाउनु भयो । उहाँले नागरिकता नहुँदा स्थानीय सहकारी संस्थामा शेयर सदस्य बन्नसमेत नपाएको सुनाउँदै अब भने सदस्य बनेर नियमित बचतमात्र होइन, आफूलाई गारोसाघुरो पर्दा ऋण लिएर चलाउन पाएको समेत सुनाउनु भयो ।

जनचेतनाको कमी र पहल नभएकाले नागरिकता नपाएको स्थानीय राम कवर बताउनुहुन्छ । रेडियोले हाम्रो समस्या नबजाएको भए हामीलाई नै थाहा हुने थिएन, हामी त महिलाले घरको काममात्र गर्ने हो किन नागरिकता चाहियो भन्दै बसेका थियौं । उहाँले भन्नुभयो, 'तर रेडियोले हाम्रो आँखा खोलिदियो ।' उहाँले यो समस्यामा जसरी रेडियोले सहयोग गर्‍यो त्यसरी नै कवर समुदायको अन्य नीतिगत समस्यामा पनि सहयोग गर्न रेडियोकर्मीलाई आग्रहसमेत गर्नुभयो ।

सरकारले दिने वृद्धभत्ता तथा एकल महिला भत्तासमेत नागरिकता नभएकै कारण पाउन सकिरहेका थिएनन् कवर समुदायकाले । ७० वर्षीया पकन कवरले रेडियोबाट नागरिकता बनाउँदा भत्ता पाइन्छ भन्ने सुनेपछि छोरा र श्रीमान्लाई बनाइदिन भनेर आग्रह गर्नुभएको छ । श्रीमान्ले नागरिकता बनाउन चासो नदिएकै कारण आफूले बुढेसकालमा पाउने भत्ताबाट समेत वञ्चित हुनु परेको उहाँको गुनासो छ । तर अब भने परिवारले उहाँको नागरिकता बनाउन आवश्यक कागजपत्र तयार गरिरहेको छ ।

अशिक्षाका कारण कवर समुदायका महिलालाई नागरिकता कसरी बनाउन सकिन्छ, नागरिकता बनाउन के चाहिन्छ भन्ने जानकारी छैन । केही महिलाले नागरिकता बनाउन पहल गर्दा श्रीमान्को नागरिकताबाट नागरिकता पाइँदैन भन्ने कसैले सुनाइदिएपछि उनीहरूले फेरि कुनै पहल नगरेको स्थानीय नागरिक सचेतना केन्द्रकी संयोजकसमेत रहेकी गीता कवर बताउनुहुन्छ । उहाँ स्वयंले पनि संघसंस्थामा हिंड्दा नागरिकताको महत्वबारे थाहा पाएपछि बनाउनु भएको हो ।

गाउँमा अरू महिलालाई नागरिकता बनाउनुपर्छ भन्दा आफूलाई गाली गरेको तीतो अनुभव पनि छ उहाँसँग ।

नागरिकता बनाइदियो भने अंश खोज्छन् भनेर पनि घरपरिवारले बनाउन आनाकानी गरेको कवर समुदायका महिला बताउँछन् । नागरिकता नहुनेले चासो नदिएकाले पनि महिलाले नागरिकता पाउन नसकेको नागरिक सचेतना केन्द्रका सदस्य राम कबर बताउनुहुन्छ ।

राज्यको सुबिधा उपयोग गर्न नागरिकता आवश्यक पर्नेबारे जानकारी रेडियोबाटै पाएको रामको भनाइ छ ।

सयौं वर्षदेखि बसोबास गर्दै आएका अत्यन्त न्यून जनसंख्यामा रहेका कवर महिलाले नागरिकता नपाएको विषयबारे रेडियो सरगममार्फत साझा खबरले समाचार प्रसारण गरेपछि भने झापा जिल्ला प्रसाशन कार्यालय र मेचीनगर नगरपालिका कर्मचारीको टोली कवर बस्तीमै पुगेर नागरिकता बनाउन सुझाएका थिए । ■



# महिला सशक्तीकरणमा सामुदायिक रेडियो

सफलताको कथा

– कल्पना तिवारी
स्टेसन प्रमुख, रेडियो मुक्ति, बुटवल

सञ्चारमा मोफसलको राजधानी मानिने रूपन्देहीमा धेरै सञ्चार माध्यम स्थापित र सञ्चालित छन् । धेरै सञ्चारमाध्यमको भीडमा महिला हिंसा न्यूनीकरण र महिला सशक्तीकरणका लागि अभियानका रूपमा २०६५ सालमा रेडियो मुक्तिको जन्म भयो । आठ वर्षदेखि रूपन्देहीको बुटवलमा कार्यालय राखेर रेडियोले महिलाका सवाललाई विशेष स्थानका साथ उठाउँदै आएको छ । "सचेत नारी सचेत परिवार, हरेक क्षेत्रमा समान अधिकार" मूल नारासाथ रेडियो अगाडि बढ्दै आएको छ । रूपन्देहीमा सञ्चार माध्यामहरू धेरै भए पनि सञ्चारकर्मी महिलाको संख्या भने निकै कम थियो ।

सञ्चारमाध्यममा महिलालाई सांगीतिक कार्यक्रम, समाचारमा आवाज, बजार प्रतिनिधिका रूपमा प्रयोग गर्ने चलन थियो । महिला र बालबालिकासम्बन्धी सातामा एउटामात्रै कार्यक्रम प्रसारण हुन्थ्यो । यसमा पनि कहिलेकाहीँ त प्रसारण नै हुने थिएन । संसार सञ्चारको युगमा बद्लिँदै जाँदा सञ्चारमाध्यमबाट महिलालाई सुसूचित गराई महिला सशक्तीकरणमा एक थप इँट्टाको काम रेडियो मुक्तिले गरेको छ भन्ने महसुस हामीले गरेका छौं । व्यवस्थापनदेखि कार्यालय सहयोगीसम्म सबै नेतृत्व लिई महिलाको प्रयासमा स्थापित सामुदायिक रेडियो मुक्ति नेपालमै महिलाहरूद्वारा सञ्चालित पहिलो रेडियो हो । पितृ सत्तात्मक सोचले जगडिएको हाम्रो समाजले अझै पनि महिलालाई विकासका काममा अविश्वास गरेको पाइन्छ ।

हामीले रेडियो स्थापना गर्दा रेडियो सञ्चालन त्यो पनि महिलाले मात्र भन्दा नपत्याउँदो अवस्था सबैमा थियो। एक्कासि रेडियो मुक्ति प्रसारणमा आउँदा एक समूह नमुनायोग्य काम भएको भन्दै प्रशंसा गर्ने थियो भने अर्को बज्न त बज्यो कति दिनका लागि हो भन्दै अफवा फैलाउँदै थियो । संयोगले सबैको सहकार्य र समन्वयमा रेडियोले आफ्नो अभियानलाई अगाडि बढाउँदै आएको छ । महिला विशेषगरी घरेलु, वैवाहिक, परम्परागत, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, मानसिक, शारीरिक यौनजन्य, बालविवाह र राजनीतिमा हुने हिंसाले बढी नै प्रभावित छन् । यी हरेक प्रकारका हिंसा र समाजमा रहेका महिलामाथि हुने विभेद्लाई विषयगत रूपमा रेडियोले उठाएको छ । विषयहरू उठान गर्दा महिला हिंसाको विरोध गर्दै महिला सशक्तीकरणलाई प्रमुख एजेन्टा बनाएको छ । कार्यक्रम उत्पादन र प्रसारणमा



मात्रै होइन महिलासम्बन्धी विभिन्न दिवसीय कार्यक्रम, तथ्यांक संकलन, अध्ययन, अनुसन्धान र पैरवीमा पनि रेडियो मुक्तिले सरकारी तथा गैरसरकारी निकायसँग समन्वयसाथ काम गर्दै आएको छ ।

महिलामाथि हुने हिंसालाई अन्त्य गरी उनीहरूको अवस्थालाई परिवर्तन नगरेसम्म समाज र देशको विकास हुँदैन । यसैले महिलाको स्थितिलाई सुधार्न रेडियोबाट समतामूलक कार्यक्रम प्रसारण हुँदै आएको छ, जसले महिला र पुरूष दुवैलाई समानतामूलक र सचेतीकरणमा मद्दत गरेको छ । महिला हिंसा न्यूनीकरणका लागि शिक्षा, स्वास्थ्य र सञ्चारकै भूमिका महत्वपूर्ण छ । एकातिर महिलाको प्रजनन स्वास्थ्य, शिक्षा, रोजगारका विषयमा रेडियोबाट सूचनामूलक कार्यक्रम प्रसारण गरेको छ भने अर्कोतिर शिक्षा, स्वास्थ्य र सञ्चारको पहुँच नपुगेका समुदायको पहिचान गरी उनीहरूकै घरआँगनमा पुगेर विभिन्न सचेतनामूलक कार्यक्रम पनि रेडियोले सञ्चालन गर्दै आएको छ ।

महिलालाई सञ्चारको पहुँचमा राखिराख्न रेडियोको स्थापना दिवसमा विभिन्न ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायमा पुगी रेडियोसेट वितरण, उद्घोषण तथा नेतृत्व विकास तालिम, कानुनी सहयोग, रेडियो नाटक, र्‍याली, अन्तर्क्रिया, गोष्ठी आदिबाट सचेतना जगाई महिला सशक्तीकरणको पाटोमा आफ्नो प्रयास अगाडि बढाएको छ । स्थानीय महिलालाई आर्थिक अधिकार स्वतन्त्रता प्रदान गरी रोजगारी र आर्थिक रूपमा मजबुद बनाउन स्थानीय निकायसँग सहकार्य गरी सीप र आयमूलक तालिम दिँदै आएको छ । सचेतनामूलक कार्यक्रम आफैंले उत्पादन र प्रसारण गरी महिलालाई आर्थिक अधिकारका लागि संगठित बनाउने पहल गरेको छ ।

उदाहरणका रूपमा रेडियो मुक्तिबाट प्रसारित कार्यक्रम हाम्रो अभियान सुनेर अन्तरजातीय विवाह गरेको एक जोडीले नेपाल सरकारले अन्तरजातीय विवाह गरेबापत प्रोत्साहनस्वरूप एक लाख रूपैयाँ प्राप्त गरेका छन् । नागरिताको सवालमा पनि प्रक्रियागत जाँदा प्राप्त गरेको अवस्था छ भने महिलामा आत्मविश्वास बढेको छ । रूपन्देहीको खडवा बनगाई ३ की सीता चौधरीको अनुभव यस्तो छ, श्रीमान् द्वन्द्वकालमा बेपत्ता भएपछि छोराछोरी र घरको जिम्मेवारी म माथि आयो । कसरी छोराछोरीलाई पाल्ने, घर चलाउने भनेर चिन्ता लाग्थ्यो, यही चिन्ताले टोलाउने गर्थें । जब रेडियो मुक्तिबाट आर्थिकरूपमा सक्षम हुनका लागि महिलाले गरेका संघर्ष र प्रयासबारे सचेतनामूलक कार्यक्रम सुनें, त्यसले मलाई पनि हिम्मत जुटायो । विछिप्त भएको मनलाई समाली साहस र आत्मविश्वास बढ्यो । सानो किराना पसल सुरू गरें । अहिले यसैबाट छोराछोरीको पढाइ र घरखर्च चलाएकी छु । विभिन्न संघसंस्थामा आबद्ध भएर काम गर्दै आएकी छु । आफूमाथि भएको हिंसाको उजुरी दिन कहाँ जाने, बच्चाको जन्मदर्ता कहाँ गर्नेजस्ता कुरा पनि मैले रेडियोबाटै थाहा पाएँ ।

**विशेषगरी घरेलु, वैवाहिक, परम्परागत, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, मानसिक, शारीरिक यौनजन्य, बालविवाह र राजनीतिमा हुने हिंसाले बढी महिला प्रभावित छन् ।**

रेडियोबाट प्रसारित कार्यक्रम र अन्य गतिविधिले सीताजस्तै अरू धेरैलाई आत्मविश्वास बढाएको छ । महिला समानताका लागि सञ्चार अभियानद्वारा सञ्चालित रेडियो मुक्तिले महिला सशक्तीकरणको अभियान सुरूवात मात्रै गरेको छ । यसको उद्देश्य महिला हिंसा अन्त्य र सशक्तीकरण गराई हिंसामुक्त समाज स्थापना गर्नु हो । सरकारी निकाय, सम्बन्धित संघसंस्था र तपाईँ हामी सबैको सहकार्यबाट यस अभियानले सार्थकता पाउने छ । ■



# बिरूवा बोकेरै स्टुडियोमा



**सरोज पौडेल**
स्टेशन मेनेजर, रेडियो कृषि

*'सर नमस्कार ! यो कृषि रेडियो हो ?'*
*'हो । तपाई कहाँबाट आउनुभयो होला ?'*
*'म कुमरी नुवाकोटबाट माइला तामाङ ।'*
*'के को लागि आउनुभयो ? बस्नोस् न ।'*
*'मेरो यो गोलभेडाको बिरूवामा के रोग लाग्यो हेर्दिनु पर्‍यो लौ न ।'*

धादिङ जिल्लाको धार्केबाट प्रसारण भइरहेको कृषि रेडियोको कार्यालयमा रेडियोका स्टेसनमा आफ्नो समस्या राख्न आइपुगेका थिए नुवाकोट कुमरीका कृषक माइला तामाङ ।

कृषि रेडियोले सुरू गरेको कार्यक्रम 'समस्या र समाधान' सुनेर करिब ४ घण्टाको पैदल हिंडेर आफ्नो बिरूवासहित स्टुडियोमा आएका थिए, तामाङ । रेडियो कार्यक्रम समस्या र समाधानमा कृषकले आफ्नो समस्या पत्र, टेलिफोन वा संवाददातामार्फत स्टुडियोसम्म पुर्‍याउँछन् अनि रेडियोले प्राविधिकमार्फत समस्याको समाधान बताइदिन्छ प्राविधिककै आवाजमा ।

६ वर्षअघि सुरू कृषि रेडियो अहिले धादिङ जिल्लाका पूर्वी क्षेत्रका कृषकको भरपर्दो साथी बनेको छ । तरकारी बजार भाउ, समस्या र समाधान, सफलताको कथालगायत रेडियोबाट प्रसारण हुने सामग्री अत्यधिक रूचाइने कार्यक्रम हुन् । 'सवांददाताहरू फिल्डमा जाँदासमेत बालीनाली हेर्दिन आग्रह गर्छन् । अनि रेडियोकर्मी साथीहरू आफूहरू माध्यममात्र भएको र प्राविधिकको सुझाव अनुसार खेती गर्न आग्रह गर्नुहुन्छ । योमात्र होइन, धेरैपटक कृषकहरू रोग लागेका बिरूवा बोकेर स्टुडियोमै आइपुगेका धेरै घटना छन् ।'

गाउँले कुनै वस्तु बेच्नुपर्‍यो भने रेडियो सम्झन्छन् । आफूलाई केही चाहिँदा पनि रेडियोमै कान थाप्छन् । नौबिसे र आसपास बस्तीका किसानका सूचना, जानकारी, आवश्यकता र समस्या त्यही रेडियोले सबैका कानमा पुर्‍याइदिन्छ । आफ्ना सरोकारका कुरा आफ्नै भाषा र लवजमा सुनिने भएकाले पनि यस क्षेत्रका किसानको दैनिकीको अभिन्न अंग बनेको छ, रेडियो कृषि ।



किसानहरूको यस्तै समस्यालाई ध्यान दिँदै कृषि रेडियोले समयसमयमा प्लान्ट क्लिनिक र माटो परीक्षण कार्यक्रम गर्दै आएको छ । 'सुरूवाती दिनमा रेडियो चलाउन निकै नै अप्ठ्यारो थियो । धार्के बजारमा एउटा कोठा भाडामा लिएर त्यहीँ स्टुडियो बनाएर बजाउन थालेका थियौं । पत्रकारिता पढ्दै गरेका केही युवाको प्रयासमा कृषि रेडियो सुरू भएको हो ।' पत्रकारिता पढ्दै गर्दा हामीमा रेडियो खोल्ने भूत सवार भयो ।

त्यसो त धादिङ जिल्लाकै पहिलो सामुदायिक रेडियो 'रेडियो धादिङ' मा कृषि विट हेर्दै र कार्यक्रम चलाएकाले पनि मलाई यसतर्फ अरू स्फूर्ति आएको हो । अझ एन्टेना फाउण्डेशनको डोको रेडियोबाट प्रभावित उपेन्द्र अधिकारीको पहलमा रेडियो कृषि स्थापना सम्भव भएको हो । सुरुमा त रेडियो सञ्चालन गर्नेभन्दा कसैले पत्याएनन् । तर विस्तारै सापटी र सहयोग लिएर एउटा कोठाबाट रेडियो सुरू गर्न सफल भयौं ।

एउटै कोठाबाट रेडियो सुरू गर्नु चुनौतीपूर्ण त थियो नै, तर पनि कृषि र किसानका लागि केही गर्न पाउनुलाई उपलब्धिका रूपमा लिए रेडियो सञ्चालकले । धार्के आसपासका गाविसहरू तरकारी खेतीका लागि पकेट क्षेत्रको रूपमा लिने गरिन्छ । काठमाडौंको कालिमाटिमा कारोबार हुने तरकारीको झण्डै २५ प्रतिशत धादिङ जिल्लाको धार्केमा संकलन भएर पुग्छ । धार्केमा संकलन हुने तरकारी पोखरा, नारायणघाटलागायतमा पनि निकासी हुने गरेको छ ।

बिहान ५ बजेदेखि राति १० बजेसम्म प्रसारण हुने रेडियोमा अधिकांश कार्यक्रम कृषि र कृषकलाई लक्षित गरेर बनाइन्छ । रेडियो कल साइनले समेत भन्ने गरेको छ, 'खेती गरौं है । सबै मिली खेती गरौं है । खेती गरौं है.....नारायण, हरि हरि ।' ■

सफलताको कथा

# लोकप्रिय बन्दै रेडियो सिन्धु

*–रत्न श्रेष्ठ*
*स्टेशन मेनेजर, रेडियो सिन्धु*



राजधानी काठमाडौंसँग जोडिएको भए पनि सिन्धुपाल्चोक जिल्ला आर्थिक, सामाजिक, शैक्षिक एवं विकासका हिसाबले पिछडिएको भौगोलिक रूपले विकट तर साँस्कृतिक विविधतायुक्त जिल्ला हो । चेतनाको दृष्टिले पिछडिएको न्यून साक्षर र कम विकसित भएकै कारण समुदायको आर्थिक, शैक्षिक, भौतिक, साँस्कृतिक एवं सामाजिक रूपान्तरणका लागि पिछडिएको समुदायको मस्तिष्कमा परिवर्तन ल्याउनु अपरिहार्य थियो । यसका लागि सञ्चार माध्यमबाटै समुदाय परिवर्तन गर्न सकिन्छ भन्ने उद्देश्यसाथ सिन्धुपाल्चोक जिल्लामा पहिलोपटक समुदायमा आधारित रेडियोका रूपमा वि.सं. २०६५ चैत १ गते रेडियो सिन्धु १०५ मेगाहर्ज प्रसारणमा ल्याइएको हो ।

रेडियो स्थापनाकालदेखि नै समुदायमा चेतनामूलक, शिक्षामूलक, सूचना एवं सन्देशमूलक कार्यक्रम उत्पादन तथा प्रसारण गर्दै आएको छ । सुरूका दिनमा समुदायमा स्थापित हुन र रेडियोको आवश्यकता, महत्व एवं भूमिकाको विषयमा स्थानीयबीच जानकारी दिन ठूलै संघर्ष र मेहनत गर्नुपरेको थियो । रेडियोले सुरूवातदेखि नै समुदायको आवश्यकता र प्राथमिकतालाई आधार मानी समुदायप्रतिको उत्तरदायित्व र कर्तव्यबोध गर्दै चेतना विस्तारमा अहोरात्र लागिरहेको छ ।

**रेडियो सुरूवातदेखि नै समुदायको आवश्यकता र प्राथमिकतालाई आधार मानी समुदायप्रतिको उत्तरदायित्व र कर्तव्यबोध गर्दै चेतना विस्तारमा अहोरात्र लागिरहेको छ ।**

यस क्रममा जनचासोका सवाल, सूचना, सन्देशजस्ता सार्वजनिक महत्व राख्ने विषयवस्तुलाई प्राथमिकतासाथ उठान गर्दै आएको छ । रेडियोले खासगरी गरिबीको रेखामुनि रहेको समुदाय, महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका, अशक्त, पिछडिएको समुदाय, दलित, अल्पसंख्यक, विपद् तथा प्राकृतिक प्रकोपजस्ता विषयलाई प्राथमिकता दिएर प्रसारण गर्छ । रेडियोले समुदायबीच आपसमा भाइचाराको सम्बन्ध विकास गरी सद्भाव कायम राख्दै अमनचयन र शान्ति स्थापनामा सक्रियतापूर्वक आफ्नो भूमिका निभाएको छ ।



**रेडियोले दैविक विपद् एवं प्राकृतिक प्रकोपका बेला पनि समुदायका लागि समयसापेक्ष कार्यक्रम उत्पादन तथा प्रसारण गर्दै आइरह्यो**

रेडियोले सामुदायिक र समुदायस्तरको मात्रै होइन, राजनीतिक क्षेत्रमा पनि बढ्दै गएको वैमनस्यलाई न्यून गर्न सघाएका घटना छन् । २०७० मंसिर ४ गते संविधानसभा निर्वाचनका क्रममा सिन्धुपाल्चोकको धुस्कोट र ठूलो सिरूबारी डडुवामा एमाले र एमाओवादी कार्यकर्ताबीच चुनाव प्रचारका क्रममा झडप नै भएको थियो । घटनाले ठूलै रूप लिन थालेपछि जिल्ला प्रशासन कार्यालयको मध्यस्थता मिलाउने प्रयास पटकपटक भए पनि स्थिति साम्य हुन सकेको थिएन । र, दुई पार्टीबीच मेलमिलाप हुन सकेन ।

घटनालाई न्यून गराउने उद्देश्यसाथ रेडियो सिन्धुले दुवै दलका नेतृत्वलाई मतदातासहित प्रत्यक्ष टेलिफोन सहभागितामा स्टुडियोमा निम्त्याइयो । स्टुडियोमा करिब २ घण्टा गरिएको विशेष छलफलमा पार्टी नेता तथा कार्यकर्ताले आफ्ना कुरा राखे, असमझदारीका बुँदाहरू केलाइए र तिक्तता अन्त्य भयो । रेडियोले गरेको उक्त कार्यक्रमपछि भने दुई पार्टीबीच फेरि झडपको स्थिति आएन ।

त्यसो त रेडियोले दैविक विपद् एवं प्राकृतिक प्रकोपका बेला पनि समुदायका लागि समयसापेक्ष कार्यक्रम उत्पादन तथा प्रसारण गर्दै आइरहेको छ । यस्तै घटनामध्ये स्थानीय पिपलडाँडा गाविसमा ५ जनाको ज्यान जानेगरी गएको पहिरो, २०७१ साउन १७ गतेको जुरे पहिरोजस्ता ठूलो विपत्तिमा स्थानीयले रेडियो सिन्धुको समाचार कक्षमा रातको ३ बजे पनि टेलिफोनबाट जानकारी गराएका थिए । उक्त घटनालाई रेडियो सिन्धुले बिहान ५ बजेदेखि स्थानीय बासिन्दा, बाह्रबिसे इलाका प्रहरी, जिल्ला प्रहरी र लामोसाँघुस्थित सशस्त्र प्रहरी बल बेस क्याम्पसहितको सहयोगमा घटनाको प्रत्यक्ष प्रसारण गर्‍यो ।

रेडियोले त्यस क्रममा पहिरो विशेष कार्यक्रम नै बनाएर प्रसारण गरेको थियो । कार्यक्रमबाट पहिरो प्रभावित स्थानीयलाई सुरक्षित स्थलतर्फ जान सहयोग पुगेको थियो भने प्रकोपका बेला फैलन सक्ने रोगव्याधि र महामारी सम्बन्धमा जानकारी दिनुका साथै स्वास्थ्य, खानेपानी, स्थानीयस्तरमा प्रकोपका कारण अवरूद्ध शिक्षालाई सुचारू गर्न सघाएको थियो । घटनामा वास्तविक पीडितको पहिचान गरी राहत वितरण, पुनर्वास, पहिरोले थुनिएर बनेको ताल माथि र तलका बासिन्दाको सुरक्षालगायत विषय जानकारी गराइरह्यो ।

ताल थुनिँदा र फुट्दाको अवस्था हुने क्षतिबारे स्थानीयबीच सबैभन्दा ठूलो चिन्ता थियो । यसबारे स्थानीय प्रशासन, सरोकारवाला निकाय, भूगर्भविद्सहितलाई सहभागी गराई जनचासोको विषयलाई बारम्बार प्रसारण गरेर जानकारी गराएको थियो । पहिरोका कारण जिल्लामा ७ दिनसम्म विद्युत् बन्द भयो । यसले जिल्लाका सबै एफएम रेडियोको प्रसारण अवरूद्ध भए । यसले स्थानीयवासी लामोसमय सञ्चार सेवा र सूचनाबाट वञ्चित हुनुपरेको थियो । उनीहरूले रेडियो सञ्चालन गर्न दबाबपूर्ण आग्रह गर्न थाले । रेडियो सिन्धुले तत्काले जेनेरेटर भाडामा लिएर स्रोताको मागअनुरूप विद्युत् अवरूद्ध सातै दिन दैनिक १८ घण्टा प्रसारण गरी पहिरो विशेष कार्यक्रम र प्रत्यक्ष प्रसारण गरिरह्यो ।

महाभूकम्प र तत्पश्चातका पराकम्पनको समयमा पनि रेडियोले आफ्ना कार्यक्रमलाई निरन्तरता दिइरह्यो । सिन्धुपाल्चोकमा मात्र जुरे घटनाबाहेक बाँसखर्कमा २, महाँकालमा ४ र बराम्चीमा ५ जनाको ज्यान जाने गरी गएको पहिरोको समेत प्रत्यक्ष प्रसारण गरी पीडितलाई थप चनाखो र सुरक्षित राख्न रेडियो कार्यक्रममार्फत पहल भयो । ■



# समुदायको साथी रेडियो माडी

*–देव अन्जन साह*
*स्टेशन मेनेजर, रेडियो माडी*

चितवनको माडीस्थित वसन्तपुरमा तीन वर्षदेखि सञ्चालनमा रहेको रेडियो माडी एफएम १०७.६ मेगाहर्ज माडीवासीको अपनत्व रहेको एक साझा तथा नमुना सामुदायिक प्रसारण संस्था हो । एफएम रेडियो ग्रामीण सचेतक, सामाजिकीकरणकर्ता र सूचना, समाचार तथा मनोरञ्जनको पर्यायका रूपमा परिचित छ । विद्युत्, टेलिफोन, इन्टरनेटलगायत रेडियो स्थापनाका पूर्वाधार नै नपुगेको ठाउँमा स्थापित यस रेडियो ऊर्जा शक्तिको हकमा डिजल जेनेरेटर र सौर्यप्रणालीमा निर्भर छ । रेडियोले स्थानीय समुदाय, संघसंस्था, सहकारी, सरकारी तथा अन्य निकाय, व्यापारी, बुद्धिजीवी, पेशाकर्मी तथा समाजका हरेक तप्कासँग निरन्तर सहकार्य गर्दै आएको छ ।

परिवर्तित परिस्थितिमा चितवनको माडी क्षेत्र नगरपालिका घोषणा भइसकेको अवस्थामा रेडियोको सामाजिक जिम्मेवारी झनै बढेका छन् । रेडियोलाई शिक्षा, सूचना, चेतना, अभिप्रेरणा र मनोरञ्जनका अलावा सुशासन, जवाफदेहिता, विपद् जोखिम न्यूनीकरण, जैविक विविधता संरक्षण, मानिस र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणसहितका क्षेत्रमा जिम्मेवारी थपिएको छ । मुख्यतः रेडियो माडीले हाल गरिरहेका केही काम वा सञ्चालन गरिरहेका सामुदायिक परियोजनाको लेखोट यहाँ उल्लेखित छन् ।

सामुदायिक रेडियो माडीले प्रसारणका अलवा स्थानीय समुदायलाई कम्प्युटर एवं इन्टरनेट जडित सूचना प्रविधिको सेवासमेत पु¥याउने प्रयासस्वरूप माडी सामुदायिक सूचना केन्द्रका नामबाट टेलिसेन्टर स्थापना गरेको छ । उक्त केन्द्रबाट आफ्नै टावरको प्रयोगबाट माडीमा भित्र्याएको इन्टरनेट प्रयोगबाट भिडियो कलिङ र इमेल इन्टरनेट सेवा, फोटोकपी, प्रिन्टिङ र स्क्यानिङ सेवालगायत कम्प्युटर र इन्टरनेटजडित कामहरु उपलब्ध गराउँदै आएको छ । बजार मूल्यभन्दा न्यून शुल्कमा मुनाफारहित तरिकाले सञ्चालित माडी सामुदायिक सूचना केन्द्रले माडीको सुदूरपूर्वी भेगदेखि पश्चिमी क्षेत्रसम्मका सेवाग्राहीलाई स्काइपमार्फत भिडियो कलिङ तथा सरकारी गैरसरकारी निकायलाई भिडियो कन्फरेन्स सेवा उपलब्ध गराउँदै आएको छ । जागिर, अध्ययन वा अन्य कामले प्रवासमा रहेका सदस्यलाई माडीमै बसेर घरमा बसेकासित श्रव्य अनि दृश्यमार्फत उनीहरूलाई जोड्ने सेतुका रूपमा टेलिसेन्टरले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

सामुदायिक रेडियो माडीको कार्यालय परिसरमै स्थापित माडी सञ्चार पुस्तकालय मोफसलकै एकमात्र मिडिया लाइब्रेरी हो । पत्रकारिता र सञ्चामूलक पुस्तक तथा पत्रपत्रिकाको संग्रह गरिएको उक्त पुस्तकालयमा संग्रहित सामग्रीको अध्ययनबाट रेडियोमा कार्यरत सञ्चारकर्मीको सीप, कार्यदक्षता र कौशलता बढेको छ भने नयाँ तथा विश्वव्यापी सञ्चार प्रविधि एवं यसको स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास क्रम र अनुसन्धानसँग रेडियोका सञ्चारकर्मीहरु जानकार हुन सकेका छन् । रेडियो माडी र अन्य निकायले आयोजना गर्दै आएको पत्रकारिता तथा रेडियो उद्घोषण तालिमका लागि समेत पुस्तकालयमार्फत सन्दर्भ सामग्री प्राप्त हुने गरेको छ । अर्कोतर्फ पुस्तकालयमा संग्रहित केही गैर सञ्चारमूलक प्रकाशनबारे अध्ययन तथा श्रव्य–दृश्य सामग्रीको उपयोगमा स्थानीय पाठकहरू जोडिने क्रमसमेत भएको छ ।



रेडियो माडीले बाढीको कारण ज्यान गुमाउनु परेका तत्कालीन बघौंडा-८, ब्रह्मपुरीका इशारा विश्वकर्माको परिवारलाई राहत सहयोग जुटाउनुका साथै उहाँको नामबाट स्थानीय ब्रह्मज्योति निम्नमाध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गरेको छ । इन्टरनेटमार्फत सञ्चालित उक्त अभियानका अतिरिक्त रेडियो मातहतमै रहने गरी माडी उपत्यका शैक्षिक अक्षयकोषको स्थापनासमेत पहल र नेतृत्व गरिरहेको छ । २०७२ पुस १२ गते स्थापित उक्त अक्षयकोषमा हालसम्म जर्मनीमा रहनु भएका देवप्रसाद पाण्डे, अष्ट्रेलियामा रहनुभएका शोभा नेपाली र डेनमार्कमा रहनुभएका भानिश्वर पोखरेलबाट क्रमशः २०/२० र १० हजार रूपैयाँ प्राप्त भएको छ । यसैगरी कोषका लागि माडीकै दिवाकर बालग्राम र चन्द्रमणि महतोबाट क्रमशः २५ हजार र ५ हजार प्राप्त भएको छ । हाल कोषमा ८० हजार रूपैयाँ संकलन भइसकेको छ । आगामी एक वर्षभित्र यसलाई रू १० लाख रूपैयाँको पूर्णकोष बनाउने योजना बनाइएको छ ।

त्यसैगरी, बाढीजन्य प्रकोपको निरन्तर प्रभाव परिरहने माडी क्षेत्रमा रेडियोले विपद् जोखिमको न्यूनीकरण प्रयासस्वरूप उपल्लो तटीय क्षेत्रमा पानीको बहाब बढ्नासाथ घना बस्ती भएको तल्लो तटीय क्षेत्रमा रेडियो प्रसारणमार्फत तत्कालै खबर सम्प्रेषण गरी जनधनको क्षति हुनबाट जोगाउने प्रयास भएको छ । यसबाट गत वर्षाको अवधिमा अघिल्ला वर्षहरूमा हुने गरेको जनधनको क्षति नभएको अवस्था हो ।

माडी चितवन राष्ट्रिय निकुञ्जले घेरिएको बस्ती हो । निकुञ्जबाट साँझपख जंगली हात्ती, बाघ र अन्य जनावर बस्ती प्रवेश गर्नु नयाँ विषय होइन । निकुञ्जबाट आएका वन्यजन्तुको आक्रमणबाट माडीबासी धेरैले अकालमै ज्यान गुमाउनु परेको छ । यी वन्यजन्तु कतिखेर कहाँ आयो भन्ने कुरा ओल्लोपल्लो गाउँकाले थाहा पाउन सक्ने अवस्था थिएन । तर, जब रेडियो माडी प्रसारणमा आयो तब वन्यजन्तु बस्तीमा पसेको खबर थाहा पाउनासाथ फुक्न थाल्यो । यही कारण वन्यजन्तु प्रभावित गाउँका नागरिक तत्कालै सचेत भई सुरक्षित हुने वा एकजुट भएर जनावर धपाउने क्रम सुरू गर्न थालेका छन् । यसबाट मानव तथा वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणमा समेत महत्वपूर्ण भूमिका निमाइरहेको छ भने यससम्बन्धी सचेतना सन्देश पनि निरन्तर प्रसारण गरिएको छ ।



रेडियोले जिल्ला ट्राफिक कार्यालयसँग समन्वय गरी ट्राफिक चेतना अभियान, स्थानीय युवा क्लबसँगको समन्वयमा लागूपदार्थ दुर्व्यर्सनीविरूद्ध सचेतना अभियान, स्थानीय महिला तथा आमा समूहसँग समन्वय गरी लैंगिक हिंसाविरूद्ध अभियान, स्थानीय सामुदायिक वनहरूसँग समन्वय गरेर चोरी सिकार तथा वन डढेलो नियन्त्रण अभियान, स्थानीय धार्मिक संस्थाहरूसँग समन्वय गरी माडीमा धार्मिक पर्यटन प्रवर्द्धन कार्यक्रम, स्थानीय पुस्तकालय तथा विद्यालय र शैक्षिक संस्थासँग समन्वय गरी विभिन्न शैक्षिक गतिविधि र स्थानीय सामाजिक संघसंस्थासँग समन्वय गरी सामाजिक अभियान सञ्चालन गरिरहेको छ ।

रेडियोकै पहलमा माडी क्षेत्रका निम्न माध्यमिक तहदेखि उच्च माध्यमिक तहसम्म शिक्षा क्लब कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रवासमा रहनुभएका माडीवासीको सहयोगमा सञ्चालित उक्त कार्यक्रमअन्तर्गत माडीका सम्पूर्ण शैक्षिक संस्थामा रेडियो माडी शिक्षा क्लब गठन गरिएका छन् । क्लबका पदाधिकारी र सदस्यहरूको सहभागिता र व्यवस्थापनमा माडी उपत्यकास्तरीय विविधखाले शैक्षिक गतिविधि तथा अतिरिक्त क्रियाकलाप हुँदै आएका छन् । यसबाट विद्यार्थीको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुगिरहेको महसुस गर्न सकिन्छ । रेडियो माडीको उत्पादन र प्रस्तुति 'बहकिने मन' साप्ताहिक रेडियो कार्यक्रम सीआईएनमार्फत देशभरका सामुदायिक रेडियोबाट प्रसारण हुन्छ । यसले सर्वाधिक रेडियोमा बज्ने गैरसमाचारमूलक कार्यक्रमको रेकर्ड कायम गरेको छ । त्यसैगरी हांस्यप्रधान रेडियो कार्यक्रम 'यसमै छ मज्जा' १७ रेडियो स्टेसनबाट प्रसारण हुन्छ । देशमै पहिलोपटक दृष्टिविहीन सञ्चारकर्मी भूपराज पाठकले रेडियो माडीमार्फत दिउँसो ४ बजे ब्रेललिपिबाट प्रत्यक्ष समाचार बुलेटिन वाचन गर्छन् ।

रेडियो माडीले अकोराबको सहयोगमा आफ्नो सामाजिक लेखापरीक्षण गरेको छ भने सार्वजनिक सुनुवाइ, अन्तरसंवाद र छलफल कार्यक्रम पनि उत्तिकै गर्दै आएको छ । रेडियोले शिक्षा, संगीत, साँस्कृतिक सम्बर्द्धन, जनजागरण, खेलकुदलगायत फाँटमा पुऱ्याएको योगदानमा विभिन्न संघसंस्था, निकाय र क्लबहरूले सम्मान गरेका छन् । ■



# सामाजिक रूपान्तरणको इन्जिन



बाग्लुङ बुर्तिबाङकी दुर्गादेवी घर्तीमगरले स्थानीय सामुदायिक रेडियो बजेपछि जीवनमा फरक प्रकृतिको अनुभव गरेकी छन् । उतिवेला सञ्चार आदान प्रदान गर्ने एक मात्र विकल्प हुलाक थियो । उनी आफ्नो विगत सम्झदै भन्छिन्, 'आफन्तलाई पठाएको चीठी पुग्न महिनौ लाग्थ्यो । उताबाट खबर थाहा पाउन आफन्तको चिठी पाउनुको विकल्प थिएन । त्यसका लागि कम्तिमा दुई महिना लाग्थ्यो ।'

दुई दशक अघिको यो अवस्थामा अहिले ठूलै परिवर्तन आएको महसुस उनले गरेकी छन् । सूचना सञ्चार प्रविधिको विकास र सामुदायिक रेडियोको विस्तारले दुर्गादेवीहरूलाई आफूले खोजेको जानकारी सजिलै पाउने आधार तयार भएको छ ।

दुर्गादेवीले झै परिवर्तनको अनुभव नेपाली काग्रेसका स्थानीय कार्यकर्ता बान छन्त्यालको पनि छ । रेडियोका कारण सूचनाको पहुच र सामाजिक गतिविधिमा परिवर्तन आएको उहाँ ठान्नु हुन्छ । जिल्लाको सूदूरपश्चिम कुनामा बस्दा पनि सामुदायिक रेडियोका कारण सुविधा सम्पन्न ठाँउमा बसेको भान हुन्छ उहाँलाई । गाउँघर र जिल्लाको महत्वपूर्ण जानकारी एंव गतिविधि रेडियोमार्फत सहजै जान्न पाइएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय घट्नाबारे थाहा भएको छ । यसले समाजमा चेतना, जागरूकता र सशक्तिकरण विस्तार भएको उनको अनुभव छ । सामुदायिक रेडियोले सामाजिक गतिविधिका साथै विकास निर्माणमा समुदायको सहभागिता, पारदर्शिता र त्यसका सफल उदाहरणीय पक्ष प्रस्तुत गर्नुका साथै कमीकमजोरी र सुधार गर्नुपर्ने पक्ष समेत केलाउने हुँदा दीगो विकासमा टेवा पुऱ्याएको छन्त्यालको ठम्याई छ । अपाङ्गता समाज बाग्लुङका अध्यक्ष चुडावहादुर कुबँर बुर्तिबाङमै सामुदायिक रेडियो सञ्चालनमा आएपश्चात फरक क्षमता भएका व्यक्तिको आत्मसम्मान बढाउन समाजको परम्परागत दृष्टिकोण र बुझाइ रूपान्तरणको थालनी भएको बताउनु हुन्छ । रेडियोबाट प्रसारण हुने समाचार, समाचार विश्लेषण र कार्यक्रमहरूमा अपाङ्गता भएकाहरूको समेत विचार दृष्टिकोण आउनथालेपछि गाँउघर र समाजमा अपाङ्गता भएकाहरूप्रति सबै पक्ष जिम्बेवार बन्न थालेको देखिन्छ ।

कानुनले छुवाछुत र विभेदलाई अन्त्य गरेको भए पनि समाजमा अझै पनि यसको प्रभावकारी कार्यान्वयन भएको छैन । तर सामुदायिक रेडियोले कानुनी व्यवस्था र हाम्रो समाजमा विद्यमान व्यवहारमा केन्द्रीत रहेर छलफल, बहस र पैरवी गर्नाले दलित समुदायले सामाजिक न्याय पाएको महसुस गर्न थालेका छन् ।

दलित समुदायले आफ्ना सवाल र विभेदबारे आफैले रेडियोमार्फत अभिव्यक्ति राख्न पाउँदा सामाजिक जागरण पैदा गरेको छ । राज्यको मूलधारमा समेटिन



कोशिस गरिरहेका पछाडि परेका एवं हेपिएका समुदायको आवाज उठाउने सञ्चार माध्यम भएकाले सबैको बोली ओगट्ने समावेशी सञ्चार माध्यम भएको छ ।

२०६९ जेठ १५ बाट प्रसारण आरम्भ गरेको रेडियो परिवर्तनले स्थानीय विषयबस्तु प्रसारणमा जोड दिदै आएको छ । नियमति रूपमा विहान साँढे पाँच बजे प्रसारण हुने स्थानिय खवरमा बुर्तिबाङ आसपास र बाग्लुङ जिल्लाका गतिविधि र घट्ना समेटिने गरेको छ । रेडियो परिवर्तनले सामाजिक र मानवीय कार्यमा समेत उल्लेख्य योगदान दिएको छ । गतवर्षको भुकम्पबाट पीडित, बाढी पहिरो र आगलागी पीडितलाई रेडियोले राहत संकलन गरी वितरण गरेको छ । यसकाअलवा परोपकार कोषको स्थापना, स्वास्थ्य शिविरको आयोजना, पत्रकारको जीवन रक्षाको निम्ती सहयोग संकलन र रेडियो शक्तिकै सदुपयोग गरी अस्पतालमा रगत अभावले गर्दा सामान्य अपरेसन समेत गर्न नसकिने अवस्थाको अन्त्यगरी रगत संकलन कार्यमा सफलता हाँसिल भएको छ ।

रेडियो परिवर्तनले स्थानीय प्रतिभाको विकास एवं कला संस्कृतिको संरक्षणका निम्ति परिवर्तन तारा आयोजना गरी युवा पुस्तालाई उचित मञ्च उपलब्ध गराएको छ । यस्ता कार्यले युवा पुस्तालाई समेत आफ्नो कला संस्कृतिप्रति रूचि पैदा गराउन मद्दत गरेको स्टेसन म्यानेजर राम सुवेदीको अनुभव छ । रेडियोले आयोजना गर्ने सार्वजनिक सुनुवाइ कार्यक्रमले सुशासन र जवाफदेहिताको परिपाटी बसाल्न योगदान दिएको छ । गाउँपरिषद्बाट निर्णय भएका कार्यक्रम र विनियोजित रकमको सार्वजनीकरणले नागरिक सूसूचित भएका छन् । यसबाट नागरिकको सूचित हुन पाउने अधिकारको उपभोग हुनुका साथै नागरिकलाई आफ्नो दायित्वबोध गराउन र महत्वपूर्ण कार्यमा सहभागिता बढाउन भूमिका खेलेको छ । रेडियो परिवर्तनले निरन्तर आवाज उठाएकै कारण बुर्तिबाङको अस्पतालमा नियमित रूपमा डाक्टर चिकित्सक बस्न थालेका छन् । रेडियोले शैक्षिक कार्यक्रमअन्तरगत एसएलसी परीक्षालाई लक्षित गरी अनौपचारिक कक्षा सञ्चालन गरेको छ । रेडियोमार्फत अग्रेजी, विज्ञान, गणित, सामाजिक र अर्थशास्त्रका कक्षा सञ्चालन हुँदै आएको छ । यसले विद्यार्थीको पठन पाठनमा योगदान पुऱ्याएको रेडियोका अध्यक्ष लोकेन्द्र सुनारले बताए । कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि प्राविधिक र अनुभवी किसानलाई रेडियोमा स्थान दिइएको छ । किसानका भोगाइ र गुनासा समेत रेडियोले प्रसारण गर्दै आएको छ । खुल्ला दिशामुक्त अभियान, वन वातावरणको संरक्षण एवं बजारको सरसफाइ अभियानमा समेत रेडियाले उल्लेख्य सफलता हाँसिल गरेको छ । बुर्तीबाङ क्षेत्र मगर समुदायको समेत केन्द्र भएकाले मगर संस्कृति र भाषाको संरक्षणमा रेडियोले योगदान पुऱ्याउदै आएको छ । रेडियो परिवर्तनले नियमित रूपमा मगर भाषामा कार्यक्रम र समाचार प्रसारण गर्दै आएको छ । यसले अल्पसंख्यक र पछाडि परेको समुदायलाई समाजको मूलप्रवाहमा जोड्न र एकताबद्ध गराउन सफल भएको पत्रकार महासंघ बाग्लुङका सचिव दिल सिरिसको भनाइ छ । विकास निर्माण र महत्वपूर्ण स्थानीय सवालमा राजनीतिक दल, नागरिक समाज र सरोकारवालासँग रेडियोले संवाद, अन्तरक्रिया गराउने र यस्ता छलफलबाट सहमति निर्माणमा समेत रेडियोले संयोजनकारी भूमिका खेलेको पत्रकार रामकृष्ण शर्मा ठान्नु हुन्छ ।




रेडियोले स्थापनाको छोटो अवधिमै सामुदायिक भावना, दृष्ट्रिकोण र विकासका निम्ति उत्प्रेरकको भूमिका निर्वाह गर्दै आएको छ । तर आधारभूत पूर्वाधारको अभाव भएका दुर्गम स्थानमा रेडियो सञ्चालन गर्नु आफैमा निकै कठिन र चुनौतिपूर्ण छ । विद्युत् प्रसारण नपुगेका स्थानमा रेडियो चलाउनु हात्तीलाई आहारा जुटाउनु सरह मुस्किल छ । अत्यावश्यक स्रोत साधनकै अभावमा समेत अनेक सघंर्ष र दुखकाबीच सामुदायिक रेडियो सञ्चालन भएको छ । अझ पेचिलो विषय भनेको रेडियोमा कार्य गर्ने दक्ष र अनुभवी कर्मचारी एवं स्वयंसेवक जुटाउनु हो । जेनतेन दुखजिलो गरी सञ्चालन भएको रेडियोमा प्राविधिक समस्या उत्पन्न भएपछि महाभारत सुरू हुन्छ ।

समस्याको समाधान खोज्न राजधानी दौडिनुको विकल्प छैन । रेडियोको नियमति प्रसारणमा समेत यस्तो बेला अबरोध हुन पुग्छ । प्राविधिक समस्या समाधानका निम्ति रेडियो उपकरणको मर्मत सम्भार र नयाँ उपकरण खरिद गर्नु भनेको अर्को चुनौतीको पहाड खन्नु बरावर हो । सामुदायिक रेडियोले समाजको सकारात्मक रूपान्तरणमा नेतृत्वदायी भूमिका निर्वाह गरेर प्रेरणादायी कार्य गर्दै आएकोमा राज्य, सरकार र अन्य सरोकारवाला निकायले सहकार्य र साझेदारीको वातावरण निर्माण गरेमा अझ प्रभावकारी र गुणात्मक परिणाम हाँसिल गर्न सकिने सामुदायिक रेडियोका सञ्चालक सहयोगीहरूको साझा बुझाई छ । ■

# एफएमले दिएको खुसी

*-विनु राई*
स्टेसन म्यानेजर, आफ्नो एफएम

स्वास्थ्य कार्यक्रम रिपोर्टका लागि ओखलढुंगा सामुदायिक अस्पताल जाँदै थिएँ । बाटोमै भेटिनु भएका लालुपाते क्लबका अध्यक्ष तिलक राईले एकै परिवारक दुई छोरी अपाङ्गता भएको मार्मिक समस्या सुनाउनु भयो । म उनीहरूको ओखलढुंगा कुन्तादेवी ५ स्थित घर पुगेँ । आँगनमा दुई युवती डङ्रङ्ङ लडिरहेका थिए । उनीहरूका बुवालाई सोधे, 'के भएको हो यी नानीहरूलाई ?'

उहाँले भन्नुभयो, 'अपाङ्ग हुन, मेरी साइँली र कान्छी छोरी ।' साइँली पाँच कक्षा पढ्दै गर्दा यस्तो भइछन भने कान्छीचाहिँ जन्मजातै । दुई माना मकैको बीउ जाने बारीमा भरमा पालिएको यो पीडित परिवारका यी अपाङ्गता भएका युवतीहरूको परिचयपत्र पनि बनेको रहेनछ । युवतीकी आमा परिचयपत्रका लागि धेरैपटक महिला विकास कार्यालय धाए पनि कार्ड बनेको रहेनछ । तत्कालै मैले केही गर्न सकिनँ, मसँग भएको दुइ सय रूपैयाँ थमाएर फर्किएँ ।

दुइ सातापछिको फोनवार्तामा तिलकजी र मैले उनीहरूलाई भेटने र उपचारका लागि पनि पहल गर्ने निधो गऱ्यौ । मैले उनीहरूलाई भेट्न जानेबारे पहिला नै केन्द्रबाट आउनु भएका रेडियोका संयोजक विजय मानन्धरसँग कुरा गरेकी थिएँ । उहाँले पनि जाने कुरा गर्नुभो । त्यसै अनुसार टिममा सल्लाह मिलायौं । हामी पुग्यौं । मिसन अस्पतालका डाक्टर एरिक बोलारले उनीहरूलाई हेर्नु भो, जाँच्नु भो । उहाँकी श्रीमतीले युवतीहरूलाई पुगेदेखि नै सुमसुम्याई रहिन । सानो बच्चालाई झैं कपडा मिलाइदिने देखि एक पटि मात्र पल्टेर सुत्दा गाह्रो भो भन्दै अर्को पटि फर्काइदिनु भो, स्याहार्नु भो । साइँली चाहि मुढा झैं ओछ्यानमा ढलेकी, दुब्ली पातली, कुर्ता सरूवाल लगाइदिएको, कपाल लामै पालेको, हात अलि अलि मात्रै विस्तारै चलाउने, शरीर फलाम झैं सारो अरट्ठ परेको । उनको नाम प्रमिला नेपाली रहेछ । कान्छी चाँही मोटी, कपाल छोटो, कालो रङको टोपी लगाएको, कालै ज्याकेट, तल सुरूवाल लगाएकी हेर्दा ठ्याक्कै केटा जस्तै देखिने, ड्याम्म पलेटी मारेर बसिरहने, हल न चल । घरीघरी ठुलठुलो सेतो दाँत निकालेर ह्याँ ह्याँ हाँस्ने मात्रै । नाम हेमकुमारी नेपाली रहेछ ।

अपाङ्गतालाई सरकारले सुरक्षा भत्ता दिने भए पनि कान्छी छोरीले ४/५ वर्षयता महिनाको ३ सय पाइरहेकी रहिछिन् । साइलीको कार्ड बनाउन ३ पटक महिला विकास कार्यालय धाए पनि बनेको रहेनछ । गाउँका सचिव, नेता, महिला अगुवा सबैलाई हारगुहार गरे पनि कार्ड नबनेको गुनासो परिवारको थियो ।

डाक्टर एरिकका अनुसार कान्छीको जन्मैदेखिको सेरिब्रल पल्सी रोग रहेछ । साइलीको दिमागको रोग रहेछ । अँग्रेजीमा 'ह्वाइट म्याटर डिजिज' । हाम्रो दिमाग दुई किसिमको हुन्छ सेतो र कालो । त्यसमध्ये उनको सेतो भागमा समस्या रहेछ । त्यसको भोलिपल्टै म महिला विकास कार्यालय पुगेँ । सूचना अधिकारी सरिता तामाङसँग समस्या राखेँ । अर्को दिन हामी दुवै जना उनीहरूको घरमा पुग्यौं । हेरौं न त भनेर जानु भएको उहाँले रातो कार्ड पनि बोक्नु भएको रहेछ । त्यहीँ हस्तान्तरण गर्नुभयो । त्यतिखेर उनीहरूको परिवारमा छाएको खुसी शब्दमा उतार्न मुस्किल छ ।

उनीहरूको आमाले भन्नुभयो, 'खुशी छौं । पहिला जति गर्दा नि कार्ड बन्न सकेको थिएन । रेडियोले सारा संसार फुक्ने, समाचार सुनाउनेदेखि सबै थोक गर्दोरहेछ । अब यी नानीहरूले सरकारले दिने सुविधाबाट वन्चित हुनुपर्दैन ।' ■



# नमुना बस्ती निर्माणमा रेडियो

*-सरोज ढुंगाना*
स्टेसन म्यानेजर, रेडियो मेलम्ची

भुइँचालोले सखाप पारेको एउटा बस्ती । र, त्यसपछिका कष्टकर र कहालीलाग्दा दिनहरू बिताइरहेका गिरानचौरबासीहरू । घरहरूका खण्डहर पन्छाउन पनि उनीहरूलाई धौधौ परिरहेको थियो । भत्किएका घर छेउछाउका बारीमा अस्थायी टहरामा ओत लाग्नु र अनिश्चित भविष्यमा रूमल्लिनु गिरानचौरबासीको दैनिकी जस्तै बनेको थियो ।

जसरी निष्पट अन्धकारपछि न्यानो घाम सहितको उज्यालोको आगमन हुन्छ, ठीक उसैगरी यतिबेला गिरानचौर ठडिएको छ नमुना एकीकृत वस्तीसहित । त्यहि बस्तीको एउटा आँगनमा भेटिएका रामबहादुर तामाङलाई कहिलेकाँही यो सबै सपना जस्तो पनि लाग्छ । तर उनी यहि वर्तमानमा भस्किन्छन् र वस्तीलाई अझ व्यवस्थित पार्ने सपनाहरू देख्छन् । प्रसिद्ध दार्शनिक खलिल जिब्रानको भनाइ छ, 'हिजो आजका लागि सम्झना मात्र हो भने भोली आजको सपना हो ।' लाग्छ आज त्यही सपनाहरूको तानाबानाबाट एउटा सिंगो नमुना एकीकृत वस्ती बनेको छ सुविधासहितको ।

चर्चित हाँस्यकलाकार जोडी धुर्मस-सुन्तली (सिताराम कट्टेल र कुञ्जना घिमिरे)को पहल र सक्रियतामा अग्लिएको गिरानचौरको उचाईमा त्यहाँको समुदायको होस्टेमा हैंसे छ । समुदायको एकीकरण गर्ने, सबैलाई बुझाउने र एकीकृत नमुना बस्ती निर्माणमा जनसहभागिता जुटाउने काम उतिकै कठिन थियो । बस्ती व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर तामाङ भन्छन्, 'सबैलाई कुरा बुझाउन निकै गाह्रो थियो, रेडियो मेलम्चीले सामुदायिक छलफल र एकीकृत वस्ती निर्माणका लागि कार्यक्रम प्रसारण गर्‍यो । यसले हामीलाई निकै सजिलो बनायो ।'

गिरानचौर भन्दा ठिक पल्लो डाँडा दुवाचौरबाट प्रसारणमा रहेको रेडियो मेलम्चीले भुकम्पपछि निरन्तर सामुदायिक पुर्ननिर्माणका लागि रेडियो छलफल, कार्यक्रम र सूचनाहरू प्रसारण गरिरह्यो । त्यस स्टेसनबाट प्रसारण हुने 'नयाँ बस्ती' कार्यक्रम एकीकृत वस्ती निर्माण अभियानका लागि निकै महत्वपुर्ण रहँदै आएको छ । समुदायमै पुगेर रेडियोकर्मीहरुले सामुदायिक छलफल गर्ने र त्यसलाई रेडियोबाट प्रसारण गरिँदै आएको छ । 'भुकम्पले ध्वस्त पारेको गिरानचौरमा पुगेर हामीले सामुदायिक छलफल चलायौं, बस्तीका सबै स्थानीयले सहभागिता जनाएको त्यो कार्यक्रमपछि नै गिरानचौरमा एकीकृत बस्ती बसाउने अवधारणाले बिउ रोपिएको हो', रेडियो मेलम्चीमा 'नयाँ वस्ती' कार्यक्रम उत्पादन गर्ने बालकृष्ण देउजा भन्छन् ।





सामुदायिक रेडियो मेलम्चीको सक्रियतामा भएको सामुदायिक छलफल अनि प्रसारित कार्यक्रमले स्थानीयमा तरंग नै ल्याइदियो । 'रेडियोमै गिरानचौरमा एकीकृत वस्तीको सम्भावनाबारे बजेपछि हामीलाई धेरैले चासो राख्न थाले अनि हामी यो अभियानमा नलागी सुखै भएन', एकीकृत वस्ती निर्माणमा सक्रिय स्थानीय युवा अमर तामाङ भन्छन् । ६५ वटा घरको एकीकृत नमुना बस्ती बनाउने कुरा चानचुने पक्कै थिए । यसैले समुदायलाई बुझाउने, घर निर्माणका लागि आवश्यक जग्गा एकीकृत गर्ने र अभियानमा सबैलाई एकजुट बनाउने जिम्मेवारी वस्ती व्यवस्थापन समितिका अध्यक्ष तामाङले लिए ।

तिमीले आँट दैवले पुर्याउँछन् भनेझैं एकीकृत वस्तीको सपना देख्दै गर्दा एक साँझ कलाकार धुर्मुस सुन्तलीको जोडी मेलम्ची नगरपालिकामा टुप्लुक्क आइपुगे । काभ्रेपलाञ्चोकमा पहरी वस्ती निर्माण गरेर वाहवाही कमाएका यी जोडीलाई मेलम्चीवासीले फुत्काउन दिने कुरै भएन । पहिलेदेखि नै एकीकृत वस्तीको कसरत गरिरहेका गिरानचौरवासीलाई धुर्मुस सुन्तली भेट्टाउनु देउता भेट्नु सरह बन्यो । र, सुरूभयो एकीकृत नमुना वस्तीको महाअभियान ।

अभियानलाई साथ दिन देश विदेशबाट लर्कै लाग्यो पनि । कतिले ढुंगा बोके, कतिले पहरो फोरे र कतिले होस्टेमा हैंसे गरे । अन्ततः २०७३ को लक्ष्मी पुजाका दिन गिरानचौरबासीका नयाँ घरहरूमा दिपावली सम्भव भयो । 'रेडियोले समाजका लागि केही न केही योगदान गरिरहेकै हुन्छ, त्यसको प्रभाव ठ्याक्कै नाप्न सकिन्न तर नाप्न सकियो भने प्रभाव ठूलै पर्दो रहेछ भन्ने चैं थाहा हुन्छ' रेडियो मेलम्चीका अध्यक्ष सरोज ढुंगाना भन्छन्, 'पुर्ननिर्माण अभियानमा रेडियोको ठूलो भूमिका हुँदोरहेछ, हाम्रो प्रसारण र हामीले गरेका सामुदायिक छलफलहरूबाट सिन्धुपाल्चोकका अन्य थुप्रै ठाउँमा एकीकृत नमुना बस्ती बन्दै छ ।' एकीकृत वस्ती निर्माण गर्दा विकासका सबै पुर्वाधारहरू एकैपटक पुर्याउन सजिलो हुने, बस्तीहरूलाई बालमैत्री, अपांग मैत्री, भुकम्पप्रतिरोधी, वातावरण अनुकुल बनाउन सजिलो हुने गर्छ । त्यही भएर रेडियो मेलम्चीले प्रसारण गर्ने आफ्ना सबै कार्यक्रमहरू मार्फत् सबै घरहरू एकिकृत वस्तीभित्रै बनाउन उत्प्रेरित गरिरहेको छ ।

भुकम्पबाट आफैं संकटमा परेको रेडियो मेलम्चीले लामो समयसम्म बारीको पाटोबाट पनि आफ्नो प्रसारण सुचारू गरिरह्यो । स्थानीय सीमित श्रोत साधनसँग जुध्दै प्रसारणमा जुटिरहेको सिन्धुपाल्चोकको रेडियो मेलम्चीले सामुदायिक मेलमिलाप, खुला दिसामुक्त क्षेत्र, लैंगिक हिंसा विरूद्धको अभियान, दुर शिक्षा लगायतका क्षेत्रमा महत्वपुर्ण भूमिका निर्वाह गरिरहेको छ । ■





# भूकम्पमा सञ्चारबाट विमुख हुन दिएनौं

–मीना गुरुङ
स्टेसन म्यानेजर, रेडियो मर्स्याङ्दी

न सोधी, नबोली आउँछ भूकम्पीय विपद्, जागौं, जुटौं बचाउन सृष्टिको सम्पदा यिनै स्लोगनका साथमा लमजुङस्थित रेडियो मर्स्याङ्दीले हरेक साता मंगलबार साँझ ७ देखि ७.३० बजे भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल एन्सेटको साझेदारीमा सन् २०११ देखि नै भूकम्पलगायत विपद्बारे सचेत गराउन रेडियो कार्यक्रम भूकम्पीय सुरक्षा उत्पादन र प्रसारण गर्दै आएका थियौं । रेडियोमा भूकम्पसम्बन्धी कार्यक्रम म आफैंले सञ्चालन गर्ने भएकाले पनि यसबारे धेरथोर जानकारी थियो । एन्सेटको सहकार्यमा रेडियो कार्यक्रम सञ्चालन गर्न सुरु गरेपश्चात नै विश्वका अरू देशहरूको तुलनामा हाम्रोमा भूकम्पको जोखिम कति छ भन्ने कुरा जान्न र रेडियोमार्फत स्रोतालाई जानकारी दिन धेरै मद्दत मिलेको थियो । भूकम्पलगायत विपद् जुनसुकै समय र स्थानमा आउन सक्ने भएकाले यसै विषयलाई हामीले प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम गरिरहेका छौं ।

वैशाख १२, शनिबारको दिन, समाचार शाखा र नियमित रूपमा कार्यक्रम सञ्चालन गर्ने साथीहरू र प्राविधिकमात्र थिए रेडियोमा । म रोटरी क्लब अफ लमजुङको कार्यक्रममा सहभागी हुन खासुरतर्फ लागे । हिंड्दाहिंड्दै जमिन हल्लियो, उभिनै गाह्रो भएकाले जमिनमा बस्यौं । नजिकैको घरको एकतिरको पाटो भत्कियो, बेसीशहरको ठाउँठाउँबाट धुलो उडिरहेको मैले टाढैबाट देखेँ । घरबाट कोही बाहिर निस्कँदै थिए, कोही दौडिरहेका थिए । स्टेसनमा फोन जति गर्दा पनि लागेन, बारम्बर सम्पर्क गरिरहे तर सम्पर्क नै भएन । हामीसँगैको विदेशी साथीले काठमाडौंमा धरहरा भत्किएको, कृष्ण मन्दिर, हनुमान ढोका भत्किएको खबर दिए । भूकम्पको केन्द्रबिन्दु लमजुङ भन्ने खबरसमेत उनको मोबाइलमा अपडेट थियो तर हाम्रो भने न त रेडियोमा सम्पर्क भयो न घरमै । करिब १.३० बजेतिर सहकर्मी केदार बोहरासँग सम्पर्क भयो । रेडियोको अवस्था बुझे ठीकै छ तर सबै डराइरहेको खबर आयो । भूकम्पसम्बन्धी कार्यक्रम रेडियोले प्रसारण गरिरहेकाले हामीसँग प्रशस्त जिंगल थिए । त्यही बजाउन आग्रह गरेँ । आआफ्नो स्थानमा भएको घटनाबारे जानकारी दिन आग्रह गर्दै सूचनाहरू बनाएर प्रसारण गर्ने सल्लाह भयो । कार्यक्रमको तयारी सबै पूरा भएकाले बाटोबाट फर्किने सम्भावना पनि भएन, खासुर पुग्यौं खासै असर पारेको थिएन कार्यक्रम अवधिमा पनि परकम्पन आइरहेको थियो तर फर्किँदा भने बाटोमा मानिसहरू डरले घरबाहिरै थिए ।



करिब ७ बजेतिर म रेडियो पुगेँ । माहोल सोचेभन्दा फरक थियो । रेडियोको प्रसारण बन्द थियो । प्राविधिकलाई सोधे माथि टावरले काम गरेन भने । स्टुडियो त ठीकै थियो तर टावर राखिएको गहतेमा

के भयो थाहा भएन । हाम्रो रेडियोको अगाडिको खाली ठाउमा मानिसको भीड । न त बिजुली छ न टेलिफोन र मोवाइलमा नेटवर्क, कहाँ के भयो भन्नेबारे जान्न सबै आतुर थिए । हाम्रो अफिसभरि मानिसको भीड तर हामी खबर अपडेट गर्न असमर्थ थियौं ।

करिब १० बजेतिर बिजुली आयो । टेलिफोन र मोबाइल चल्न थाले, समाचार शाखाका साथीहरू रेडियोको वेवसाइट र फेसबुकपेजमा जिल्लाको अवस्थाबारे समाचार अपडेट गर्न थाल्नुभयो । हाम्रो मोवाइल, रेडियो तीनवटै फोनमा लगातर जिल्ला र देशबाहिर रहेका दाजुभाइहरूले घरको, जिल्लाको अवस्थाबारे जान्न उत्सुक थिएँ । लमजुङको पूर्वी भागका केही क्षति भएको र मानवीय क्षति नभएको समाचार हामीले उनीहरूलाई फोनबाटै दियौं ।

गहतेस्थित सहकर्मीसँग जति सम्पर्क गरे पनि भएन, पछि उहाँ आफैंले फोन गर्नुभयो, "नानी हाम्रो र रेडियो चौतारीको घर त सबै भत्कियो, ढुङ्गा र माटो सबै भित्र पसेको छ, भित्र जान सकेन डर लागेर दिउँसै बिजुलीको मिटरबक्स नै बन्द गरिदिएँ ।" उहाँको कुराले मन कामिरहेको थियो, उहाँलाई घरमा भएको प्लाष्टिक लगेर छोपेर पानी पस्न नदिनु अनि बिहानै ६ बजे रेडियो खोलिदिनुहोस्, समाचार बजाउनुपर्छ है दाइ भने, उहाँले अनकनाउँदै हुन्छ भन्नुभयो । बिहान रेडियो बजायौं, ६.३० बजेको स्थानीय समाचारसँगै टेलिफोनबाट जिल्लाका विभिन्न स्थानबाट लाइभ प्रसारण गऱ्यौं । पूर्व लमजुङका गाविसहरू विचौर, कोल्की, दूधपोखरी, गौंडा, इलमपोखरी, ढोढेनी, फलेनी, वन्सार, पाचोक, थौथरलगायतका गाविसमा भूकम्पले धेरै क्षति गरेको खबरहरू प्राप्त भयो, सयौं मानिस घरबारविहीन भएको समाचार आउन थाल्यो । प्रशासनसँग सहकार्य गर्दै आपतकालीन राहतबारे रेडियोबाट सूचना प्रसारण गर्न थाल्यौ । सुरक्षित हुने उपायहरू बारम्बार प्रसारण गऱ्यौं । स्रोतालाई जोखिमबाट बच्न र बचाउन समाचार र सूचना प्रसारण गरिरहँदा आफ्नै रेडियोको प्रसारण कतिबेला रोकिने हो थाहा थिएन । गहते डाँडामा जाउँ परकम्पन बारम्बर आइरहेकाले जान पनि गाह्रो । भूकम्पले ट्रान्सिमिटर, युपियस र ब्याट्रीमा क्षति पुऱ्याएकाले प्रसारण पनि अस्पष्ट हुन थाल्यो । बत्ती आउँदा रेडियो बज्ने, नआउँदा बन्द हुने । वैशाख १३ र १४ गते गहते जान सकिएन । तेस्रो दिन वैशाख १५ गतेमात्रै हामी गहते पुग्यौ । रेडियोको उपकरण घर पूर्णरूपमा भत्किएको, बिजुलीका तार भुइमा लत्रिरहेको, दाइले प्लाष्टिकले छोपेर उपकरणको सुरक्षा गर्नुभएको रहेछ । रेडियो बन्द गरेर ढुंगा र माटो हटायौं, हामीले लगेको त्रिपालले चारैतिर बार लगायौं । अस्थायी रूपमा बिजुली वाइरिङ गरेर ट्रान्सिमिटर सफा गर्ने, ब्याट्रीको भोल्टेज नाप्ने र अर्को युपियस जडान गरेर पुन रेडियो सञ्चालनमा ल्यायौं ।

जिल्लामा भूकम्पमा परी ५ जनाको ज्यान गएको थियो । भुइँचालो अब कहिले आउँछ भन्ने प्रश्न हामीमा तेर्सिरहन्थे । रेडियो आउने जाने क्रममा समेत सर्वसाधारणले यस्तै सोध्थे । सर्वसाधारणलाई संचारकर्मीप्रतिको विश्वास देखेर मलाई लाग्यो समुदायको हामीप्रतिको विश्वासलाई सदा जीवित राख्नुपर्छ । जिल्लामा राहत वितरणदेखि स्थलगत रिपोर्टिङका लागि पूर्व लमजुङका विचौर, जोर्ने, गौडा, दूधपोखरीजस्ता विकट गाउँमा हाम्रो रेडियोको टिम जुटिरहे । दैनिक रूपमा भूकम्पपीडितका कुरा, भूकम्पबाट सुरक्षित हुने उपायबारे रेडियोले प्राथमिकतामा राखेर समाचार, सूचना, पीएसए र कार्यक्रम प्राथमिकतामा राखेर प्रसारण गऱ्यौं । इमेल इन्टरनेटबाट देशविदेशमा रहनुभएका साथीहरूलाई जिल्लाको अवस्थाबारे जानकारी दिइरह्यौं ।

भूकम्प गएको २० महिना भइसक्यो । यो अवधिमा मोफसलका रेडियोले आफ्नो हैसियतले के कति गर्न सक्छ जिल्लावासीका लागि गऱ्यौं । राहत वितरणलाई पारदर्शिता गर्न, सरकारी/गैरसरकारी संस्थाले पीडितका लागि अल्पकालीत राहत वितरण कार्यलाई न्यायसंगत गर्न, संकलन गरेर राखेको राहत वितरण ढिलाइले खाद्य सामग्री बिग्रिएको खबरबारे सचेत गराउन होस् वा भूकम्प गएको २ महिनापछि पनि पढाइ सञ्चालन नगरेकोबारे स्थलगत रिपोर्टिङ गरेर पढाइलाई सुचारू गर्न रेडियोले महत्वपूर्ण भूमिका खेल्यो ।

कर्म गर फलको आशा नगर भनेझैं निस्वार्थ भावले हाम्रो टिमले यो विपद्को समयमा जिल्लावासीका लागि रेडियोको माध्यमले जेजति गर्न सक्छ त्यही गऱ्यौं, बारम्बार वाइफाइ डिभाइमा, नेटवर्किङमा, यूपियस र ट्रान्समिटरमा समस्या आयो तर हाम्रो रेडियोको प्राविधिकहरू गहते डाडामा दिनमै २/३ पटक ओहोरदोहोर गर्नु पर्दासमेत आत्तिनु भएन, रोक्दै, मर्मत गर्दै जिल्लावासीलाई हामीले रेडियो सुनाइरह्यौं । ■



# South Asian Community Radio Conference 2016

*"Connecting people for sustainable change across the region"*




**Introduction**

South Asian Community Radio Conference was organized for the first time ever in Kathmandu, Nepal on the date of 9th and 10th August with a motto "Connecting people for sustainable change across the region to bring the south Asian Radio activists and the stakeholders together to share the role of community radio and exchange the learning and the working trend as well as modality of community radios of different south Asian countries. The two days program was organized by Association of Community Radio Broadcaster (ACORAB) Nepal in partnership with Asian Pacific Institute for Broadcasting Development (AIBD), Asia-Pacific Broadcasting Union (ABU), Bangladesh NGOs Network for Radio and Communication (BNNRC) and SDJF (C4D) and CECI.

The celebration of the conference was started with the National Anthem continued along with inauguration session, panel discussion, breakout session and group presentation- sharing of their productive work content on this grand event. The event was attended by senior government/non-governmental officials, policy makers and development experts of different SAARC countries. By the end of two days conference, The Kathmandu Community Radio Declaration was passed incorporating the sharing and learning from other countries for the betterment and sustainability of Radios.

**Inauguration Session:**

His ExcellencyMr. Nanda Bahadur Pun, Vice President of Nepal attended the inauguration session of the conference as a chief guest. Likewise, Honorable Minister Mr. Hasanul HaqInu, Minister of Information Government of the People of Bangladesh has participated the conference as special guest. Other guest of the session were Mr. Min Bahadur Shahi, Deputy President of World Communication Radio Association (AMARC), Ms. Heema Khadka, Assistant Country Director-UNDP, and HonorableMr. Krishna Hari Baskota Chief of Information Commission. Besides, ambassadors of Bangladesh and Sri Lanka were also attended the session as guests.Mr. Mohan Chapagain, President

of ACORAB, welcomed the national and international delegates to the conference and wished for their successful outcome of the participation.

Dr. Hyeun- Suk Rhee, UNAPCICT has presented her video message. She saidcommunity Radio is an inclusive model in recognizing and enabling the media to promote women entrepreneurship.Ms. Heema Khadka, Assistant Country Director-UNDP Nepal spoke about the importance of Community Radio for sustainable development and women's empowerment and capacity building.

Mr. Min Bahadur Shahi, Deputy President of AMARC criticized the government for not formulating community radio friendly policy despite of being first country in South Asia to establish community radios. Honorable Krishna Hari Baskota, Chief Information Commissioner explained about practices ofRight to Information in Nepal. Honorable Minister, Hansanul, Haq Inu, Minister of Information, Government of the People's Republic of Bangladesh, thanked for inviting him as a guest in the event in South Asian regarding Community Radio. He said community radio not only raise the voice of voiceless but also enhances freedom of expression, human rights, justice, equity and equality.

His ExcellencyVice President Mr. Nanda Bahadur Pun gave final speech in the inauguration session. He praised the role played by community radio journalist during thetime of devastating earthquake and their dedication to disseminate information in inspiring and praiseworthy. The role played by the community radio to make republic state instead of state and government will be known to the participants. He also addressed that there are several similarities among south Asian Countries, cultural, social sector and thanked Association of Community Radio for this initiation.

**High Level Panel Discussion:**

After the inauguration session, high level panel discussion on situation, role and responsibility of community radio in South Asia was moderated by Dr. RC Lamichhane. Mr. Suman Basnet, AMARC Asia Pacific Regional Coordinator, Mr. Mohan Chapagain, President of ACORAB, AHM Bazlur Rahaman, CEO of BBNRC, Mr. Sebastain Puthen Varghese, Station Manager of Radio Mattoi and Mr. Raghu Ram Bista, Director General of Information Department Nepalwere guest of first panel discussion of the conference.

**Second Panel Discussion**

Honorable Mr. Krishna Hari Baskota Chief Commissioner of Information Commission, Dr. Venkat Iyer, Media law expert, Mr. Min Bahadur Shahi, Deputy President of AMARC, Mr. Nakul K.C, Executive Director of Poverty Alleviation Fund Nepalwere the key note speakers for the second panel discussion session.

Honorable Mr. Krishna Hari Baskota, Chief Commissioner of Information Commission talked about the right to information perspective of Nepal and recent achievements and the proposal how we can work together in SAARC Region. Mr. Nakul KC, Executive Director of poverty Alleviation Fund presented community radio as effective partners in poverty reduction.

Mr. Venkant Iyer, Media Law Expert-UK, focused on the legal aspect of the community radio in global perspective. Mr. Min Bahadur Shahi, Deputy President of AMARC said community radio a successful means of societal transformation.

**Third Panel Discussion**

Mr. N. Ramakrishnan Ideosync Media combine, Syed Tarikul Islam, Secretary from Bangladesh Community Radio Association of Bangladesh, Mr. Tula Adhikari Station manager of Krishnasar FM, Mrs. Indira Aryal, Station Manager of



Radio Lumbini, Mr. Ganesh Shrestha, Three Angels Radio were the key note speakers with the moderator Dr. Sudamshu Dahal on the topic "Sustainability of Community Radio".

**Fourth Panel Discussion for the Day:**

Ms. Mina Gurung, Station Manager of Radio Marsyangdi, Mr. Deependra Oli, Station Manager of Radio Jagaran, Mrs. Sabrina Sharmin, Executive member of Bangladesh Community Radio Association, Devanjan Shah, Station manager of Madi FM, Nepal with the moderator Mr. Suman Basnet in the topic "Role of Community Radio in Disaster".

**DAY 2**

**First Panel Discussion**

Ms. Shobhana Shrestha representative of BBC Media Action shared her organization's involvement in capacity development of community radios in Nepal. Mr. Saroj Poudel, Radio Krishi, Dhading presented about efforts of his radio to empower local farmers through radio contents. Mr. K. Venkata Rao, Radio MGIRI Indiapresented lessons of his radio station since the establishment.

**Second Panel Discussion**

Ms. Elizabeth Cote, Country Director of IFES, Mr. Hem Thembe, Team Leader CECI Nepal, Mr. Sudan Subedi, Nepal Tourism Board, Ms. Preeti Thapa, Senior Program Officer, The Asia Foundation, Mr. Sunil Hakaju Shrestha, Policy and Advocacy Specialist, World Vision International Nepal, and Mr. Rudra Jit Das, Chief, C4D of UNICEF Nepal shared their experiences of working with community radios in Nepal on various social issues.

**Third Panel Discussion**

Mr. N.Ramakrishana, Ideosync Media India, Sohail Ahamed, Manager of Borendro Radio from Bangladesh, Ms. Kalpana Tiwari, Station Manager of Radio Mukti, Mr. Nain Bishwokarma, Station Manager of Radio Makalu were the key note speaker of the session. Discussion was conducted in the topic "Community Radio as social empowerment: learning from South Asia".

**Breakout Sessions:**

Various sideline breakout sessionswere organized on following topics:

- Community radio should organize capacity building in using ICT.
- Involve equal participation of both genders in the community activities.
- Promotion of networking, knowledge and content sharing should be done.
- Prioritize human rights, good governance, social justice, and advocacy and pressurize the authority and stakeholders.
- Collection of review and feedback as well as social survey should be done to develop content.
- Provide capacity building training and increase skilled human resources within voiceless community.
- Arrange dialogue and public hearing program between the policy makers and voiceless group.

**Kathmandu Declaration**

After compromising all the outcome of the conference in general, the South Asian Conference of Community Radios has passed the Kathmandu Radio Declaration.

# सामुदायिक रेडियोहरूको दक्षिण एसियाली सम्मेलन काठमाडौंमा

## नेपालबाट अन्य मुलुकले धेरै सिक्नेछन् : उपराष्ट्रपति

**सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को आयोजनामा २०१६ अगष्ट ९ र १० मा काठमाडौंमा 'सामुदायिक रेडियोहरूको दक्षिण एसियाली सम्मेलन' सम्पन्न भएको छ । अकोराबका अध्यक्ष मोहन चापागाइँको अध्यक्षतामा भएको सम्मेलनको उद्घाटन समारोहमा प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनले दिनुभएको मन्तव्यः**




समारोहका सभा अध्यक्षज्यू,
विशिष्ट अतिथि बंगलादेशका माननीय सूचना तथा सञ्चारमन्त्रीज्यू, अतिथिज्यूहरू, भारत, श्रीलंका र बंगलादेशबाट सहभागी प्रतिनिधिज्यूहरू, सामुदायिक रेडियोका अभियान्ताहरू, पत्रकार साथीहरू, उपस्थित भद्र महिला तथा सज्जन वृन्द ।

निसंकोच भन्न सकिन्छ, सामुदायिक रेडियोहरू जनताका रेडियो हुन् । दूरदराजको आवाज केन्द्रसम्म र केन्द्रका कुरा दूरदराजसम्म पुऱ्याउन सामुदायिक रेडियोहरूले खेलिरहेका भूमिका विश्वकै लागि उदाहरणीय छ । साँच्चीकै आवाजविहीनहरूको आवाज बनिरहेका सामुदायिक रेडियोहरूको छाता संगठन सामुदायिक रेडियो प्रसारक संघ नेपालद्वारा आयोजित 'सामुदायिक रेडियोहरूको दक्षिण एसियाली सम्मेलन' को उद्घाटन समारोहमा उपस्थित हुन पाउँदा गौरवको अनुभूति गरिरहेको छु ।

दुई दिनसम्म चल्ने यो सम्मेलनको भव्य सफलताका लागि मेरो तर्फबाट शुभकामना छ । यो सम्मेलनमा सहभागी हुन बंगलादेश, श्रीलंका, भारतलगायत देशबाट सामुदायिक रेडियो अभियान्ताहरू यहाँ आइपुग्नुभएको थाहा पाउँदा ज्यादै खुसी लागेको छ । सगरमाथाको देश, बुद्धको देश, जानकी, अरनिकोको देश, स्वाभिमानी

नागरिकहरूको देशका रूपमा चिनिने प्रकृतिको अनुपम उपहारले सजिएको नेपालमा बंगलादेशका माननीय मन्त्रीलगायत सबै पाहुनालाई हृदयदेखि न्यानो स्वागत गर्दछु । यहाँहरूको नेपाल बसाई आरामदायी रहोस् भनी कामना गर्दछु ।

भद्र महिला तथा सज्जन वृन्द,

नेपाल दक्षिण एसियामै सामुदायिक रेडियो सञ्चालन गर्न अनुमति दिने पहिलो राष्ट्र हो । समुदायले सञ्चालन गर्ने सामुदायिक रेडियोप्रतिको बढ्दो आकर्षणले हाल करिब ३ सय सामुदायिक रेडियोले हाम्रो ग्रामीण भेगका नागरिकलाई सूचनाले सु-सज्जित गरिरहेका छन् । सामुदायिक रेडियोको क्षेत्रमा नेपालले चालेको कदम र यसमा प्राप्त उपलब्धि हाम्रा लागि गौरवको विषय हुन् ।

यो सम्मेलनमा सामुदायिक रेडियो अभियान्ताहरूले दक्षिण एसियाली मुलुकमा सामुदायिक रेडियोहरूले प्राप्त गरेका उपलब्धि र अनुभवहरूको आदनप्रदान गर्नुहुनेछ । एसियाली देशहरूमा सामुदायिक रेडियोहरूले पारेका सकारात्मक प्रभाव र सामुदायिक रेडियोसँग सम्बन्धित नीति तथा कानुनहरूका बारेमा छलफल गर्नुहुनेछ । मलाई विश्वास छ, यो सम्मेलनमा नेपालबाट अन्य मुलुकले धेरै कुरा सिक्नेछन् ।

विनाशकारी भूकम्पमा आफ्नो घर ढल्दा, आफन्तहरू गुमाउँदा, रेडियो स्टेसन भवनहरू भत्कँदा पनि सामुदायिक रेडियोमा काम गर्ने पत्रकाहरूले कसरी नागरिकलाई सूचना दिइरहे भन्ने कुरा अन्य मुलुकका साथीहरूले चाखपूर्वक सुन्नु हुने विश्वास छ । गणतन्त्र प्राप्तिको आन्दोलनमा सामुदायिक रेडियोहरूले खेलेको भूमिका, ग्रामीण भेगमा राज्यले गर्नुपर्ने काम सामुदायिक रेडियोहरूले गरिरहेको कामको बारेमा अन्य मुलुकका साथीहरूले बुझ्नु हुनेछ । नेपाल सरकारले हालै जारी गरेको सञ्चार नीति- २०७३ ले नेपालका सामुदायिक रेडियोहरूका भूमिकालाई विधिवत् रूपमा स्वीकार गरी कानुनी मान्यता दिई सामुदायिक रेडियोहरूको भूमिका र दायित्वलाई थप फराकिलो र महत्वपूर्ण बनाएको अवस्थाको बारेमा पनि बुझ्नुहुनेछ ।

मलाई विश्वास छ, सरकारले नै सामुदायिक रेडियो सञ्चालन गरिरहेको सन्दर्भमा बंगलादेशबाट, भारत र श्रीलंकाबाट पनि यो सम्मेलनमा नेपालका सामुदायिक रेडियो अभियन्ता र नेपालले धेरै कुरा सिक्नेछ । यसअर्थ पनि यो कार्यक्रमको महत्व ठूलो छ । र, कार्यक्रम आयोजनाका लागि सामुदायिक रेडियो प्रसारक संघ नेपाललाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

भद्र महिला तथा सज्जन वृन्द,

हामी नेपाली संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुकका नागरिक हौँ । यो शासन व्यवस्थाका लागि हामीले गरेको संघर्ष विश्वले बुझेको छ । र, बुझ्नुपर्दछ पनि । नेपालको परिवर्तनकारी आन्दोलनमा नेपालका सञ्चारमाध्यम र सञ्चारकर्मीले निर्वाह गरेका विशेष भूमिकाको यस अवसरमा उच्च प्रशंसा गर्दछु ।

जनआन्दोलनको चरणमा नेपालमा सामुदायिक रेडियोहरूको संख्या कमै मात्रामा थियो । ती रेडियोले जनआन्दोलनमा खेलेका भूमिका विशेष प्रशंनीय छ । परिवर्तनको पक्षमा नागरिकहरूलाई लाग्न अपिल गर्ने, आन्दोलनको बारेमा नागरिकलाई सु-सज्जित गर्ने र आन्दोलनमा सहभागी हुन प्रेरित गर्ने सामुदायिक रेडियोहरूको भूमिकालाई हामी कहिल्यै बिर्सन सक्दैनौँ ।

सामुदायिक रेडियोहरू ग्रामीण भेगलाई लक्षित गरेर स्थापना भएका छन् । अहिले पनि नेपालको जनसंख्याको ठूलो हिस्साको सूचनाको स्रोत सामुदायिक रेडियोहरू हुन् । सामुदायिक रेडियोले रेडियो तरंगमार्फत सूचना, ज्ञान, शिक्षा र मनोरञ्जन एकसाथ प्रवाह गरिरहेका छन् । नागरिकलाई जनचेतना दिने दायित्व राज्यको हो । हाल त्यो दायित्व पनि सामुदायिक रेडियोहरूले पूरा गरिरहेका छन् । म सामुदायिक रेडियोको यस कार्यको खुला हृदयले प्रशंसा गर्दछु ।

हामी अहिले संविधान कार्यान्वयनको चरणमा छौँ । संविधानको तीव्र कार्यान्वयन, बलियो राष्ट्रिय एकता निर्माण, भूकम्पपछिको पुनर्निर्माण र समृद्ध नेपाल निर्माण हामी नेपालीको राष्ट्रिय एजेण्डा हुन् । गणतन्त्र प्राप्तिको आन्दोलन, संविधान निर्माण, भूकम्पको चरणमा जसरी सञ्चार माध्यमले भूमिका खेलेका छन्, अहिलेको राष्ट्रको साझा एजेण्डा पूरा गर्न सञ्चार माध्यमले पुनः एकपटक अहम् भूमिका निर्वाह गर्नुपर्ने बेला आएको

छ । यो दायित्व सामुदायिक रेडियोहरूले पूरा गर्नेमा म पूर्ण विश्वस्त छु ।

उपस्थित महानुभावहरू

नेपाल र दक्षिण एसियाली मुलुकबीच धेरै समानता छन् । आत्मीय सम्बन्ध छन् । दक्षिण एसियाली मुलुकबीच सांस्कृतिक र सामाजिक क्षेत्रका समानताहरू हाम्रा समानताका उदाहरण हुन् । भारत, बंगलादेश, श्रीलंकालगायत मुलुकसँग नेपालको जनस्तरसम्म सम्बन्ध छ । नेपाल अझै सम्बन्ध सुधार गर्दै नेपाल र समग्र दक्षिण एसियाली मुलुकको विकासका लागि सहकार्य गर्न चाहन्छ । मलाई विश्वास छ, यस्ता कार्यक्रमले दक्षिण एसियाली मुलुकबीचको सम्बन्धलाई जनस्तरसम्म विस्तार गर्न र बलियो बनाउन मद्दत गर्नेछ । अन्तमा, मलाई यस कार्यक्रममा आमन्त्रण गर्नुभएकोमा आयोजक संस्था सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाललाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । विदेशी पाहुनाहरूलाई समय मिलाएर नेपालको रमणीय स्थानहरूको भ्रमण गरेर आनन्द लिन पनि अनुरोध गर्दछु । धन्यवाद ।

## HE Hansanul, Haq Inu

Minister of information Government of the People’s Republic of Bangladesh




Honorable minister, HE Hansanul, Haq Inu, Minister of information Government of the People’s Republic of Bangladesh, thanked for inviting him as a guest in such a grant event in South Asian regarding Community Radio. He informed about the media in Bangladesh which goes in this ways: 41 license private satellite TV channel, 3 governmental TV Channel, 25 fm radio in operation along with 12 hundred daily newspaper, 10 hundred of online in Media and still we have 17 Community Radio on air out of 42 and more around the way. He further told that when Bangladesh was in war, it was an important to empower community to win this war. War for sustainable poverty alleviation and disparity free development, war for democracy, socialism and good governance, war for society free from terrorism and military, war for adoption and mitigation with climate change and lastly war against cyber criminal for space use of identity. Therefore, it is a time for community radio to take a role in saving community through the anti terrorism campaign. There is no doubt that community radio has a social impact around the world. Development goals can be more effectively achieved by empowering and giving voice to people who themselves faced poverty and disadvantages. Community radio can play specific and crucial role in encouraging public participation, strengthening cultural and linguistic diversity and giving voice to poor and other marginalized groups. The community radio is making differences in Bangladesh. It has created scope for poor and marginalizes people; it has become voice of voiceless. He ended his speech saying that community radio not only raise the voice of voiceless but also enhances freedom of expression, human rights, justice, equity and equality. The challenges for community radio are financial sustainability which is very important to be structured by law. Funds may flow from government to local. Community radio should submit proposal for the financial support. Therefore it is us who needs to put our effort together to set priority to community radio which is to ensure community life in a poverty free society.

# South Asian Community Radio Conference

**August 9, 2016**

## Speech by Min Bahadur Shahi

**Joint Chairman, AMARC Asia-Pacific**



*Mr. Chair,*

*Rt. Honorable Mr. Nanda Bahadur Pun, Vice President of Federal Democratic Republic of Nepal*

*Honorable Mr. HE Hansanul, Haq Inu, Minister for Communication, Bangladesh*

*Excellencies and Distinguished guests,*

*Ladies and Gentlemen,*

It is my great honor to be here as the speaker on behalf of AMARC International. I would to express my sincere thanks to the Association of Community Broadcasters of Nepal (ACORAB) for providing me this opportunity. And also, I would like to convey the message of President of AMARC International for the successful commencement of this conference.

AMARC is an international non-governmental organization serving the community radio movement, with almost 5000 members and associates in 150 countries with the specific goal to support and contribute to the development of community and participatory radio along with the principals of solidarity and international cooperation.

I would like to express my hearty thanks to the governments of the countries who have been contributing for the development of community broadcasting by creating conducive environment. I would also like to thank all the stakeholders, social activists and public-private sectors, that have been creating a value based partnership for the development of community broadcasting globally.

Community broadcasting is the most popular and accessible means of communications for the poor, marginalized and deprived communities. Due to its unique characteristics, it is operated in the community, for the community, about the community and by the community with meaningful access, participation, ownership, accountability and ensuring transparency for good governance. It enables the ordinary people to claim their rights and practice them.

Community broadcasting disseminates and exchanges relevant information educational and developmental and so on. It is promoting diversity, pluralism and building ideas and opinions that helps to strengthen the pro-poor democratic practices in the real ground. It is most effective tools for poverty reduction. Access to voice, information and knowledge are vital factors in facilitating the achievement of poverty reduction and sustainable human development. Breaking the silence is the key dimension to reducing poverty and exclusion. It is possible by the effective use of community broadcasting.

Community broadcasting is playing a vital role to building peace and social transformation through its various programs which have positive impacts on the communities.

Here, I would like to emphasize on the most recent devastating earthquake that hit Nepal in 2015. Community radios have proven very effective in tackling disaster and inform the communities by disseminating basic information on related issues like safety, government policies and programs which is still being undertaken. We can take Tsunami in Asia, Katrina disaster in New Orleans as few examples to go beyond Nepal. It has also been effective in building well informed and prepared populations.

Despite all this, the community broadcasting still facing lot of challenges and constraints. Lack of recognition of its legal existence still hinders the overall development of the community broadcasting. Although the democratic governments around the world have been expressing their positive opinions for the development of the community broadcasting, unfortunately they are not introducing and applying full-fledged community broadcasting friendly policies and procedures nationally, regionally and globally. In the context of South Asia, Nepal is the first country to operate the community radio. But it does not have the related policies and procedures. Recently, the government of Nepal has approved the National Media Policy, 2016 where it is clearly articulated about the community broadcasting. But its full-fledged implementation is yet to be seen because there is need to prepare many by laws and regulations. There are examples of the countries which have concrete policies regarding community radios however they need to improve to make it more community broadcasting friendly including rights to broadcast news, current affairs and so on. There is dire need to advocate for the meaningful and sustainable development of community broadcasting across the world including the developed, developing and least developed countries. On the other hand, it is time for the community broadcasters to rethink the development agenda of the community broadcasting – in terms of contents, participation, ownerships, decision-making and its self-governing system.

On this background, we all are expecting that this conference will be the milestone for the community broadcasting development. AMARC International is ready to build a value based partnership with ACORAB and other stakeholders. We AMARC are ready to disseminate the outcomes of this conference regionally and globally.

Last but not least, we would like to congratulate ACORAB and its partners for making grand success of this conference. Once again, on behalf of AMARC International, we would like to wish you for the successful event and thank all the distinguished guests and participants.

# South Asian Community Radio Conference

**August 9, 2016**

## Speech by Suman Basnet

**Regional Coordinator, AMARC Asia-Pacific**

Good morning to everyone. I am very thankful to the organizers of this conference - Association of Community Radio Broadcasters of Nepal. I am very pleased to be part of a distinguished panel and to speak to an equally distinguished audience.

As a member of a regional network of community radios, I have personally witnessed the growth of community broadcasting in South Asia over the last two decades. I think it is no longer needed to mention that community radios have played a very important role in people's lives and livelihoods in South Asia, and for that matter everywhere in the world where community radio operates.

Out of the eight countries that are officially classified as South Asian, five have some form of community broadcasting in place.

Almost 19 years ago, Nepal became the first country to begin radio broadcasting from a non-governmental sector. Afghanistan, India and Bangladesh joined in, in the new millennium. Bhutan, having started community broadcasting just about a year ago, is the latest entry in the community-radio-club-of-South Asia.

Now only three countries are left to allow community radios and these




are Pakistan, Maldives and Sri Lanka. Interestingly, all of these countries have had some tryst with community broadcasting at one time or the other. For example, Pakistan briefly operated a community radio station at the time of the 2005 earthquake in Pakistan's northern areas. Sri Lanka had made a name for itself for its community based efforts in the Kothmale and similar stations that were subsidiaries of the government broadcaster. In Maldives, efforts have been made to jump start community broadcasting but it has not picked up so far.

Nevertheless, generally speaking, I think we could say that community radio is picking up in this region. As they say, so far so good!

However, lets change the perspective a little bit.

Let me ask a question? What is community radio?

Is it some kind of technology?Is it a name of an office or an NGO or a cooperative?Is community radio a studio or is it a name of a broadcasting license?

Frankly speaking, an NGO is just an NGO; a cooperative is just only a cooperative. And a license is simply a permit.

**So what is community radio?**

Firstly, community radio is a name of a social process that allows members of a community – be it geographical or interest based, a rural or an urban community - to organize themselves to produce and air radio content on something as common as calling a meeting of the savings and credit group, or organizing a community-wide campaign on how to improve hygiene practices, or calling agitation for the election of new local leaders, or demanding accountability from a local government office, or asserting rights of the dalits, women, sexual minorities, those that are physically challenged, and other under represented groups of people such as senior citizens, children and so on.

Secondly, it is often said that community radio is voice of the voiceless. However, this is not the complete statement. Community radio is in fact the direct voice of the voiceless. It is not someone else speaking on behalf of someone else. It is the people speaking for themselves. That's why it is said that community radio turns communities into producers of media, as against being mere consumers.

As the late Zane Ibrahim of Bush Radio famously said “community radio is 90% about community and 10% about radio.

He further said, “when setting up community stations, the first thing people start with is radio, which is a name of a technology. If you start with technology, before long there will be a huge gap between the radio and the community.”

“Therefore,” he said, “get Community first.”

So, as we gather here today to review community broadcasting in South Asia, we need to seriously consider if,by community radio development,are referring to a technological advancement at the grassroots and development of local broadcasting units? Or are we referring to manifestation of people’s voice in the airwaves?

If we are talking about people’s voice then we need to talk about people’s access and participation at all levels of community radios.

Secondly, questions of equity, equal access, and restrictive legislation like a ban on broadcasting news remain concerns in many countries. There are also challenges within the sector related to infrastructure, community involvement, participatory content development and regulatory framework.

Moreover, community radio stations are increasingly finding themselves vulnerable to the criticism of 'ngoisation.' Unfortunately, it has become common for large NGOs to run one or more community radios in different parts of a country. Sadly, lack of clear policies is promoting such mal practices and giving rise to a new kind of media hegemony.

**So the next question is: How do we tackle these issues?**

In 2010, the Asia-Pacific regional chapter of AMARC held its 2nd regional conference in Bangalore where an assembly of nearly 300 members recommended a 10-point agenda for the development of community radio in the region. After six years, these recommendations are as valid as when they were made. Let me read them out here:

1. To have a distinct and clear definition of community radio;
2. To recognize community radio as a distinct-sector and acknowledge its contributions to societies and communities;
3. To legitimize Community Radio;
4. To open up of the airwaves/frequencies to Community Radios, on an equitable basis: from 20 to 30 percent of frequencies;
5. To urge governments to provide financial and technical support to Community Radios;
6. To support sustainability of Community Radios through initiatives like a community radio fund;
7. To remove unreasonable restrictions in terms of technical (power) and editorial policies such as the ban on news;
8. To simplify licensing procedures;
9. To provide guidelines, mechanisms and funding for reform, research and development, and capacity building; and
10. To ensure protection of community radio broadcasters.

On the basis of these points, I would like to present a few recommendations:

1) There is a need for community radios to build synergies with social movements like Freedom of Information, Freedom of Expression, Food Security, Gender issues, issues of climate change and natural disaster.

2) Community Broadcasting needs to strategically combine old and new communication technologies and develop mixed media models. We need to recognize that the ways of listening to radio is changing rapidly. Online and digital platforms are rapidly ground and community broadcasting must adapt to the changing atmosphere.

3) There needs to be a sustained engagement between the different sectors of broadcasting – namely the commercial broadcasters because

they have the listeners, the public broadcasting sectors for their reach, and community broadcasters for their local content. Such synergies are of high importance especially for disaster risk reduction.

4) There is a need to build linkages with Academia and independent media development and research organizations. On one hand there needs to be more research and impact assessment studies that track and evaluate performance of Community Radio stations and study their co-relation with factors that could influence their behavior such as political or commercial interests.

At the same time, there needs to be more support provided for training in community radio and develop a pool of country and regional resource persons that can undertake community radio capacity building.

5) Funding support from public funds also needs to be explored. Examples of such mechanisms are found in France and Australia or closer to home, in the Philippines, where there are collaborative alliances like the Local Government Units (LGU) initiative.

6) There needs to be a greater emphasis on networking both at the country and regional levels. Networks comprising community radio practitioners, advocates and community media production groups at the country and regional levels are required to strengthen the case for legal reform, technology access and fund raising, to advocate for enabling environments and judicious legislation at the country levels. They are also valuable mechanisms for content sharing and dissemination, awareness raising and capacity building.

AMARC is a case in point – it is a not only a network of community radios. It is a network of all stakeholders and comprises diverse members with expertise in advocacy, capacity building, technology facilitation and content sharing.

Finally, I would like to conclude by pointing out that community radios often describe themselves as a social movement. However, to become a movement, community radioshave to become part of other community movements such as the dalit movement, the LGBTI movement, women's movement, movement for climate change adaptation, DRR, food security, and so on. Failing to do so will seriously limit the impact of community broadcasting.

With some of the poorest population of the world living in South Asia, where disease, hunger, violence, discrimination, corruption, lack of accountability – think of any mal function that a society can have and we find it here - community radios have a humongous task cut out for them. Our success has to be measured against the impact we have against these social maladies.

Thank you.

sumanbasnet@amarc-ap.org

# The Kathmandu Community Radio Declaration

Adopted on the occasion of the South Asian Conference on Community Radio, held in Kathmandu, Nepal, on the 9th& 10th of August 2016

WE, the community broadcasters, activists, and researchers from India, Bangladesh, and Nepal, gathered here in Kathmandu, Nepal, acknowledge our diverse cultural, political and national identities; our diverse gender, ethnic and generational differences; and our diverse perspectives on community media – and celebrate our united dedication to the cause of community-owned, - managed and –run media.

1. We acknowledge Article 19 of the “Universal Declaration of Human Rights”, which states that "Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media, and regardless of frontiers."
2. We also acknowledge the 2005 “United Nations Convention on the Protection and Promotion of the Diversity of Cultural Expressions” which celebrates "... the importance of cultural diversity for the full realization of human rights and fundamental freedoms proclaimed in the Universal Declaration of Human Rights and other universally recognized instruments.”
3. We reaffirm that everyone has a right to life, with dignity. All people have the undeniable right to be informed about decisions affecting every aspect of their lives including quality of life, as articulated in the United Nations Conventions on Human Rights



4. We reaffirm that the right to information and freedom of expression is fundamental to ensuring other rights and freedoms enshrined in international human rights instruments.
5. We reaffirm that freedom of thought, expression, and information, as well as diversity of the media enables cultural expressions to flourish within societies.
6. We endorsed the call for the implementation of United Nations Sustainable Development Goal (UNSDG), with special reference to UN SDG 16 (10) on Promote just, peaceful and inclusive societies.

**With reference to community radio in South Asia:**

1. We acknowledge the diversity of opportunities and challenges that confront community radios and communications practitioners across the region.

2. We take note that the legislative and regulatory frameworks within some South Asian countries do not yet fully recognize community radio as a legitimate third tier of broadcasting, or view community radio from a rights-based perspective.

3. We are aware that natural and human induced disasters negatively impact the social, economic and political structures of our nations.

4. We consider that indigenous peoples in many of our countries are marginalized and denied access to basic human rights; and that in some of our countries women, people of diverse sexual orientation and gender identity, the differently able, Dalit communities, migrants, and religious and ethnic minorities are also marginalized and denied basic human rights.

5. In acknowledging these fundamental issues that impact all human beings, we recognize that community radio has an important role to play in addressing our above-mentioned concerns.

6. We recognize that equitable access to spectrum in all our countries is central to the implementation and development of community radio.

7. We recognize that different south Asian countries have varying levels of resources – knowledge, financial, and human – which must be shared as appropriate whenever possible to promote the establishment, development and sustainability of community radio

8. We recognize that community radio has an important role to play in planning for, the management of and participation in disaster risk reduction and Climate change and post disaster reconstruction efforts prior to, during and following the effects of natural and human induced climate change and natural and human induced disasters.

9. We recognize that community radio is an important tool in breaking down social barriers and stereotypes that marginalize or exclude people based on their gender, race, ethnicity, sexual orientation and gender identity, class, caste, religious beliefs or disability

10. We realize that as a community of South Asian community broadcasters and activists, we need to build linkages with other like-minded organizations, nongovernmental organizations, civil society organizations, donor organizations, and other bodies to expand, augment and improve the work of community radio within the Asia Pacific region

We, the delegates to and participants at this South Asian Conference on Community Radio do hereby solemnly declare as under:

1. That we endorse and support the recommendations made

by the delegates to the 2ndAMARCAsia-Pacific Regional Conference and Assembly 2010 in Bangalore, India; and therecommendations of the South Asia panel at the UNESCO global seminar titled, “Community Media Sustainability: Strengthening Policies and Funding,” held in Paris, France, in September 2015;

2. That we adopt and reaffirm those recommendations on behalf of community radio stations and community media processes in all South Asian nations, and call for their speedy implementation;

**Further:**

**A. We call upon the governments of our South Asian countries to :**

1. Recognize community media (Community Radio, Community Television) as a third tier of broadcasting, and to incorporate community media in planning, policy, regulatory and legislative measures.
2. Organize a regular South Asian Information Ministers dialogue to beat and discuss the development of community media in the South Asian countries;
3. Set up a South Asian Community Media Development Fund, as well as country-level Community Radio Development Funds;
4. Bring specific legislative provisions safeguarding the community radios in line with the principles of community broadcasting outlined in the 2010 AMARC “40 Principles of Guaranteeing Diversity and Pluralism in Broadcasting in Audiovisual Communication Services”
5. Ensure the reservation of at least 30% of the analogue and digital radio spectrum for community owned and run media processes, to be provided exclusively and preferentially to community broadcasters.

**B. We call upon the associations of community media & community radio in the South Asian countries, as well as activists, advocates and civil society organizations working for the development of the community media sector to:**

1. Develop mechanisms to facilitate the sharing of resources for the enablement of community radio through the strengthening of institutional networks between donors, nongovernmental organizations, civil society organizations, inter-governmental bodies and community radio associations;
2. Work cooperatively to lobby our governments for adequate funding to protect, support, promote and subsidies community radio infrastructure and operations through Sustainable Development Goals implementation process
3. Strengthen capacity among community radios to develop independent funding initiatives and develop relationships with sponsors and donors; and to develop shared strategies, programs and training opportunities for community radio stations to be better equipped to participate in disaster planning, mitigation, response and recovery.

4. Renew our endorsement of and call for the implementation of Article 16 of the "United Nations Declaration on the Rights of Indigenous Peoples" which reaffirms the right of indigenous peoples to establish their own community radios in their own languages and have access to non-indigenous community radios without discrimination.

5. Create spaces on the airwaves for diverse and marginalized voices, irrespective of gender, race, ethnicity, sexual orientation and gender identity, class, caste, religious beliefs or disability.

6. Promote and encourage gender equality in our communities with programs that are fully integrative and supportive of women; as well as by the equitable integration of all genders within the setup, management and production activities of our community media processes;

7. Advocate for the lifting of policy restrictions on community media content while encouraging community media practitioners to evolving and adhere to a commonly acknowledged Broadcasting Code of Practice;

8. Expand CR policies in the South Asian countries to diversify ownership to a variety of factors, including trade unions, cooperatives, self-help groups and communities of interest;

9. Advocate for regional-level Ministerial meetings to sensitize governments across all South Asian countries about community radio, community media, and the need to establish supportive legislative and regulatory frameworks;

10. To advocate and work towards the establishment of community radio in media-dark areas; and establish community radio as a medium for conflict resolution and peace building;

11. To support processes that network community media locally, nationally and regionally for self learning, collaboration, and peer sharing and learning;

12. To ensure that regulatory frameworks governing community radio establish a rights-based framework for community radio, and focus on equity and empowerment rather than monitoring and content;

13. To ensure that regulatory frameworks governing community radio establish a rights-based framework for community radio, and focus on equity and empowerment rather than monitoring and content;

14. To encourage the diversification of funding sources for community radio stations, and mandate limits on specific sources – especially government advertising and sponsorship - in order to maintain the independent and alternative character of community radio;

15. To advocate and dialogue with Universal Access Funds at national and regional levels to access resources for community media;

16. Dedicate ourselves to advocating for formal legislation within our countries for the establishment of Community Media Acts, enshrining the right to people-owned media as a right of all peoples and communities in our countries;

17. To support dialogue with regional political organizations like SAARC, BIMSTEC, and the African union to advocate for all the above;

**C. We call upon community radio broadcasters in our South Asian countries to rededicate themselves to, and reaffirm their adherence to, the following concepts, principles and processes in their respective countries:**

a. To strengthen participatory and deliberative democracy through citizen engagement;

b. To free community radio from the risks of NGO-ization, and go beyond the development paradigm in order to establish a communication rights based framework for community media;

c. To strengthen civil society as a pre-condition for an independent community radio sector;

d. To advocate for the setting up of autonomously administered public funds to support community radio, and to ensure their transparent functioning;

e. To promote a culture of self-assessment among community radios, and work towards building our capacities for participatory research;

f. To ensure that marginalized communities (especially LGBT, migrants, lower caste and indigenous and tribal communities)preferentially own and manage community radio processes and that they undertake evaluations that validate and provide evidence of this ownership;

g. To support transparent and accountable institution building, so that CR may perform its role as the third tier of broadcasting effectively;

h. To support capacity building for CR to enhance media literacy and digital literacy; and to also make provisions for training on sustainability issues apart from the regular trainings on thematic technology issues;

i. To ensure that community radio is viewed as an independent and alternative local media platform, with a unique DNA different from that of NGOs, educational institutions, or local government bodies and agencies;

j. To support processes that network community media locally, nationally and regionally for self learning, collaboration, and peer sharing and learning;

k. To understand and engage with Sustainable Development Goals of the UN to emphasise the role of Community Media in achieving sustainable development (as per Target 16.10 of the SDGs);

l. To ensure that CR returns to its roots by providing a voice for the voice-poor and offering a platform for marginalized voices.

5th World Radio Day 2016

Radio Summit on

# Radio in times of Emergency and Disaster



**Introduction**

Radio summit program is organized on the occasion of Fifth World Radio in Kathmandu on February 13, 2016. Summit was organized by Association of Community Radio Broadcasters (ACORAB) Nepal in partnership with UNESCO Kathmandu, UNICEF Nepal, OXFAM Nepal, The Asia Foundation Nepal and AMARC. Around three hundred radio journalists and media activists have participated in the radio summit and discussed about the role of radio in times of disaster and emergencies.

The celebration of radio day was started by organizing radio rally in the Kathmandu city. Inauguration session, panel discussion, plenary discussion, breakout sessions and groups presentation-sharing were other activities conducted to productively celebrate this auspicious day. In front of senior government/non-government officials, policy makers and development experts, participants

of the summit have shared their stories of struggle to serve people during recent devastating earthquake and aftershocks. At the end of the day, radio summit passed Kathmandu declaration paper by incorporating the findings brought by the whole day's discussion in various formats.

**Inauguration Session**

Chief Guest Honorable Mr. Sher Dhan Rai, Minister of Information and Communication inaugurated the program.

In the inauguration session, Mr. Mohan Chapagain, President of ACORAB described how ACORAB as an umbrella organization of 274 community radio stations have worked to bring support for the earthquake affected radio stations to resume their broadcasting.

Honorable Minister Mr. Sher Dhan Rai, Minister of Information and Communication Ministry appraised the role played by community radios in Nepal during and after the earthquake. Minister Rai said community radios have done praise worthy works by providing necessary lifeline information to the people during the recent disaster. He informed about the formation a committee to revise the current media policy and assured that revision on media policy will provide appropriate identity to community radio stations.

Mr. Sushil Gyawali, Chief Executive Officer of National Reconstruction Authority expressed his opinion regarding the inevitable role of community radios in the reconstruction process. Meanwhile, he suggested community radio broadcasters to be careful to ensure the authenticity of information related to reconstruction efforts.

Mr. Min Bahadur Shahi, Deputy President of AMARC praised efforts of community radios shown during post disaster time. Mr. Rudra Jit Das, Chief of Development for Communication at UNICEF Nepal said more 90 percent people have obtained information by listening radio during and after April 25 earthquake, so UNICEF is collaborating with ACORAB to disseminate the information regarding post-disaster situation.

Mr. JB Biswokarma, representative from UNESCO in Kathmandu lauded role of community radios as remarkable to achieve right to information and said further work can be done by them to make state accountable.

Dr. Mahendra Bista, President of FNJ said radio stations are practicing citizen journalism and praised their role in rescue and relief distribution in the last disaster. He recommended revision is required in the perspective of content selection to respond the demand of present of context.

As closing remarks of inauguration session, Mr. Subash Khatiwada, Treasurer of ACORAB said community radio stations were able to resume broadcasting with the support of people.

**Panel Discussion - Role of Community Radio in Crises**

After inauguration session, panel discussion on role of community

radio in crises was organized. Mr. Kishor Jung Thapa of Radio Gorkha, Ms. Srijana Baral of Radio Melamchi and Mr. Soham Subedi of Community Information Network (CIN) have shared their efforts of radio broadcasting at the hour of crisis in recent disaster. Panel discussion was moderated by Ms. Prem Kumari Ghale, Executive Board Member of Association of Community Radio Broadcasters.

Mr. Kishor Jung Thapa, Station Manager of Radio Gorkha described his teams' struggle to shift radio stations to an open land and resume broadcasting. He said previous learning exposure on the emergency preparedness taught him to take precautions to safeguard his life and radio transmission associated equipment.

Likewise, Ms. Srijana Baral, Program Producer of Radio Melamchi, Sindhuplachowk said somehow they managed to bring transmission equipment outside and started broadcasting programs from open roof place by connecting relay transmission of Community Information Network (CIN).

Meanwhile, Mr. Soham Subedi, Manager of Community Information Network (CIN) explained about the life line radio program produced by CIN and impact. He also presented audio-visual materials incorporating feedback regarding the program.

**Plenary Session**

Ms. Preeti Thapa, Senior Program Officer at The Asia Foundation Nepal, Mr. Rudra Jit Das, Chief of Communication for Development-UNICEF Nepal, Dr. Sarba Raj Khadka, Former Chair of Food First Information and Action Network have delivered key note speeches in plenary session.

Ms. Thapa presented her speech on role of community radio for mediation during the disaster and crises.The second key note speaker Mr. Rudra Jit Das,Chief of Communication for Development at UNICEF Nepal talked about the role of Media in Disaster and described the impact of media through promotion of preparedness which can reduce the damages and casualties in disaster.

The final speaker of the plenary session was Dr. Sarba Raj Khadka, Former Chair of Food First Information and Action Network. Mr. Khadka lauded the dedication of community radio stations despite suffering from severe damages caused by the earthquake. He talked about the role of community radio for food security in crises.

**Breakout Session**

Later, breakout sessions were conducted to explore the role community radios on five thematic issues such as child and women issue during disaster, rumor tracking during disaster, food security in crisis, community mediationand community radio policies in Nepal.

**Kathmandu Declaration**

By comprising outcomes of all sessions, Kathmandu declaration is made specifically mentioning

the role of the government and radio stations separately to address respective strategies. Mr. Tula Adhikari, Member of Account Committee of ACORAB and Station Manager of Krishnasar FM presented the declaration paper in front of floor and passed unanimously.

**Closing Ceremony**

In the closing ceremony, Mr. Kashi Raj Dahal, Chairperson of the High Level Media Policy Revision and Draft Committee, Honorable State Minister of Federal Affairs and Local Development Ms. Kunti Kumari Sahi and Mr. Dinesh Kumar Thapaliya, Secretary of the Ministry of Information and Communication have responded the issues rose in plenary and breakout sessions of the summit.

Addressing to the closing ceremony, Mr. Kashi Raj Dahal, Chairperson of the High Level Media Policy Revision and Draft Committee said the theme of the conference is very much relevant while considering the recent experience of Nepal. He expressed his commitment to incorporate issues raised in this conference in his committee's recommendationto provide appropriate identity to community radio with clarity policies and legal guardianship. Honorable State Minister Ms. Kunti Shahi expressed her ministry's commitment to address the issues raised in the conference. She conveyed her appreciation for the role played by community radios in the recent difficult situation in country.

Mr. Dinesh Kumar Thapaliya, Secretary of the Ministry of Information and Communication described the role of radio as inevitable during disaster, so it is carried even in the emergency toolkit bag. He termed radio as a friend in need and difficult situation. He requested all concerned stakeholders of community radios to carry on positive aspect and improve weakness.

## हार्दिक श्रद्धाञ्जली



२०७३ जेठ २० गते नेपाल पत्रकार महासंघ सल्यानका अध्यक्ष एवं सामुदायिक रेडियो प्रसारक संघको लेखा समिति सदस्य श्री शालिकराम शर्माको उपचारको क्रममा दुखद निधन भएको छ । वल्ड क्यान्सरबाट पीडित शर्माको भक्तपुरस्थित क्यान्सर अस्पतालमा उपचारको क्रममा ५३ वर्षको उमेरमा निधन भएको हो । विगत दुई दशकदेखि दाङ्ग र सल्यानमा रहेर पत्रकारिता गर्नुभएका शर्मा सामुदायिक रेडियो प्रसारक संघका लेखा समिति सदस्य, रेडियो शारदा एफएमका अध्यक्ष, सल्यानी सन्देश राष्ट्रिय साप्ताहिकका प्रधानसम्पादक तथा प्रकाशक रहँदै आउनुभएको थियो । साथै उहाँले नयाँ युगवोध राष्ट्रिय दैनिक, गोरखापत्र, रेडियो नेपाल, कान्तिपुर, दृष्टि, लगायतका राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा काम गरिसक्नु भएको छ । उहाँ क्रान्तिकारी पत्रकार संघ (प्रेस सेन्टर नेपाल) का जिल्ला सल्लाहकार, राप्ती साहित्य परिषद् सल्यानका सल्लाहकार समेत रहनुभएको थियो । शर्माका श्रीमति र तीन छोरी छन् । शर्माको निधनले सामुदायिक रेडियो आन्दोलनका एक अभियान्तालाई गुमाएको छ । संघ स्वर्गीय शर्माप्रति हार्दिक श्रद्धञ्जली व्यक्त गर्दछ ।

# "Kathmandu Declaration Paper- 2016"

**on 13th February, 2016 on the occasion of World Radio Day**

Community radio in Nepal have been regularly serving and contributing to improve the public awareness level on the right to information for the interest of people and country. On the occasion of 5th radio day on behalf of all community radio, 10 points on Kathmandu declaration paper has been unveiled including following mentioned commitment and expectation:

**Our Commitment**

1. We, community radio, have been serving the greater interest of people and country through communication and we are committed to being honest and upright.
2. We, community radio, are committed to enrolling our role in implementation of Democratic Republic Constitution of Nepal 2072 promulgated by the Constituent Assembly.
3. We, on behalf of all community radio, are committed to fulfilling our effective role for the development of economic, social, political and cultural sector of Nepalese community. We, community radio, are committed to serving as a community friend to spread message to alert people during the situation of different types of natural calamities (earthquake, storm, flood, landslides, fire burn explosion, and epidemic) and in managing the situation after such calamities.
4. We are committed to emphasizing the broadcasting program concerned on the queries of development and change in order to boost the positivity of people by minimizing the negative and disappointed thoughts.
5. We are committed to following the codes of conduct formulated by national, international and association of community radio broadcasters to make radio journalism more organized, responsible and dignified. And we would like to repeat the commitment to implement the working journalists act.

**Our expectation from Government**

1. We strongly demand for facilities which are given to print media also to be provided to radio while airing of public welfare advertisement.
2. We strongly demand for clearly categorized and organized facility and regulation for community radio in new communication policy by appreciating their crucial role played in substantial development of Nepalese community.
3. We urge Nepal government bodies to formulate the policy that can utilize the community radio for raising awareness and to advance its effective implementation.
4. We demand an arrangement of special discount on electricity and telephone tariffs and customs fee for electronic components to community radio.
5. We request the government to intensify the necessary process essential for registration of ITU frequency by making frequency distribution system more transparent and organize.




## विश्व रेडियो दिवस २०१५

# 'रूपान्तरणमा रेडियोको भूमिका महत्वपूर्ण'

### सामुदायिक रेडियो प्रसारण अनुमति दिने पूर्व प्रधानमन्त्रीलाई सम्मान

प्रधानमन्त्री, मन्त्री र दलका नेताहरूले रेडियोले समाज रूपान्तरणका लागि महत्वपूर्ण भूमिका खेलेको बताउनु भएको छ । चौथो विश्व रेडियो दिवसका अवसरमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले १३ फेब्रुवरी २०१५ मा काठमाडौंमा गरेको एक कार्यक्रममा उहाँहरूले सामुदायिक रेडियोको प्रशंसा गर्नुभएको हो ।

तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले राजनीतिक परिवर्तन र सामाजिक रूपान्तरणमा सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेलेकामा खुसी व्यक्त गर्दै दिगो शान्ति कायम गर्न पनि योगदान पुऱ्याउनु पर्ने बताउनुभयो । रेडियोले सही मार्गदर्शन गर्न सक्ने भएकाले सरकारले पनि रेडियोलाई प्राथमिकता दिने प्रतिबद्धता उहाँले जनाउनु भयो । कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघका तर्फबाट कोइरालालाई रेडियो सेट प्रदान गरिएको थियो भने पहिलो सामुदायिक एफएम रेडियो सगरमाथा सञ्चालन अनुमति दिने तत्कालीन सञ्चारमन्त्री तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाललाई ताम्रपत्रले सम्मान गरिएको थियो ।

उक्त समारोहमा पूर्व प्रधानमन्त्री खनालले आफूहरूको प्रयासबाट एफएम सुरु भएपछि देशमा सूचनाको क्षेत्रमा ठूलो परिवर्तन आएको बताउनुभयो । कार्यक्रममा दक्षिण एसियाको पहिलो सामुदायिक रेडियो सगरमाथालाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा तत्कालीन सूचना तथा सञ्चारमन्त्री मिनेन्द्र रिजालले नयाँ बन्ने सञ्चार नीतिले रेडियोले भोग्दै आएको समस्यालाई सम्बोधन गर्ने जानकारी दिनुभयो । सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष मोहन चापागाईंले सामुदायिक रेडियोलाई राज्यले चिन्न नसकेको र सहयोग नगरेको धारणा राख्नु भएको थियो । सामुदायिक रेडियोलाई सरकारको नीतिले स्वीकार नगरेको उल्लेख गर्दै सामुदायिक रेडियोको योगदानलाई कदर गरेर राज्यले सहयोग गरे रेडियोको क्षमता वृद्धि हुनसक्ने उहाँको भनाइ थियो । नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टले सरकार र सरोकारवालाले रेडियो पत्रकारको क्षमता वृद्धिका कार्यक्रमहरु गर्न जोड दिनुभयो ।

संसद्को अन्तर्राष्ट्रिय सम्बन्धन तथा श्रम समितिका सभापति एवं माओवादी नेता प्रभु साहले रेडियोले मात्रै नागरिकका जीवनसँग जोडिएको कृषि रोजगारीका विषयमा पत्रकारिता गरेको बताउनुभयो । प्रेस काउन्सिलका अध्यक्ष बोर्णबहादुर कार्कीले रेडियोको क्षमता वृद्धि गर्ने कार्यक्रम आवश्यक रहेको बताउनुभयो भने युनेस्कोका तत्कालीन पत्रकार सुरक्षा परियोजनाका संयोजक लक्ष्मणदत्त पन्तले पत्रकारको सुरक्षासँग गाँसिएका विषयवस्तुमा छलफल गर्नुपर्ने र राज्य तथा सञ्चारमाध्यमले भौतिक र पेसागत सुरक्षा गर्न सक्नुपर्ने बताउनुभयो । बीबीसी नेपाली सेवा प्रमुख रविन्द्र मिश्रले सामुदायिक रेडियोले गाउँगाउँमा सूचना र सचेतना अभिवृद्धिका लागि काम गरिरहेको बताउनुभयो । राष्ट्रिय महिला आयोगका तत्कालीन अध्यक्ष शेख चाँदताराले गाउँगाउँमा पुगेको रेडियोले महिलाको चेतनास्तर बढाएको दाबी गर्नुभयो ।

अमार्क, एसिया प्यासिफिकका सह-अध्यक्ष मीनबहादुर शाहीले रेडियोले लोकतन्त्रको संस्थागत विकास, मानवअधिकारको संरक्षण, सामाजिक रूपान्तरणमा विश्वमै महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । ■

# सत्यार्थी अकोराबमा



नोबेल शान्ति पुरस्कार विजेता भारतका बालअधिकार अभियन्ता कैलाश सत्यार्थीले बालअधिकारको रक्षाका लागि नेपालका सामुदायिक रेडियोहरूको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ । बालअधिकारबारेको विश्व अभियान 'ग्लोबल मार्च अगेन्स्ट चाइल्ड लेबर'को अन्तर्राष्ट्रिय बोर्ड बैठकमा सहभागी हुन काठमाडौं आउनु भएका सत्यार्थीले २०७२ चैत १२ गते सामुदायिक रेडियो प्रसारक संघको कार्यालय भ्रमण गर्दै त्यसक्रममा आयोजित अन्तर्क्रियामा सो कुरा बताउनुभएको हो । सत्यार्थीले विश्वलाई नै नमुना प्रस्तुत गर्नेगरी सामुदायिक रेडियो प्रसारक संघले सञ्चालन गरेको सीआईएनले सूचना अभियान सञ्चालन गर्नसक्ने बताउनुभयो ।

सामुदायिक रेडियो प्रसारक संघका पदाधिकारीका साथै विभिन्न क्षेत्रका अधिकारकर्मीको सहभागिता रहेको कार्यक्रममा उहाँले सामुदायिक रेडियोले समाज रूपान्तरणको काममा 'क्याटलिष्ट' वा उत्प्रेरकको काम गर्न सक्ने बताउनुभयो । रेडियोको शक्ति धेरै ठूलो छ त्यो शक्तिलाई बालअधिकार संरक्षणका लागि पनि प्रयोग गर्नुपर्ने उहाँको सुझाव थियो । रेडियो काम गर्दागर्दै सुन्न सक्ने, गाउँ-गाउँसम्म सुन्न सक्ने र मोबाइलबाटै पनि सुन्न सकिने भएकाले यसको प्रभावकारिता अझै बढेको उहाँको कथन थियो । रेडियोले समाजमा रहेका कूरीतिको अन्त्य गर्ने र समाजमा समानता कायम गर्नका लागि पनि सहयोग पुऱ्याउन सक्ने उहाँले बताउनुभयो ।

उहाँसँगै ग्लोबल मार्चका दक्षिण एसियाली संयोजक सांसद डिल्ली चौधरीले पनि संघको कार्यालय भ्रमण गर्नुभएको थियो । कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघको तर्फबाट नोबेल शान्ति पुरस्कार विजेता सत्यार्थीलाई ढाका टोपी र मायाको चिनो प्रदान गरिएको थियो । उहाँले सीआईएनको स्टुडियोमा अन्तर्वार्ता दिँदै आफू बालबालिकाको अधिकारको संरक्षण अभियानमा सबैको सहयोगले सफल भएको बताउनुभयो । ■






# सामुदायिक रेडियो सम्मेलन

## जनउत्तरदायी सञ्चार संस्थाका रूपमा विकास गर्न जोड

नेपालका सामुदायिक रेडियोहरूको १८ वर्ष लामो सञ्चालन, व्यवस्थापन तथा परिचालनको अनुभव समीक्षा गर्दै, सामुदायिक रेडियोहरूले संविधान निर्माण, सामाजिक रूपान्तरण, अभिव्यक्ति स्वतन्त्रता, शान्ति, सुशासन, प्रकोप व्यवस्थापन, मानवअधिकार प्रबर्द्धन र संरक्षणमा खेलेको भूमिकाको लेखाजोखा गर्दै सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको ११ औं साधारणसभा चितवनको सौराहमा सम्पन्न भयो ।

२०७२ असोज १२ गते चितवनको सौराहामा भएको साधारणसभामा देशभरका २६४ सामुदायिक रेडियोको सहभागिता रहेको थियो । सम्मेलनको उद्घाटन अकोराबका अध्यक्ष मोहन चापागाईंले गर्नुभएको हो ।

साधारणसभासँगै आयोजित रेडियो सम्मेलनको प्रथम सत्रमा समाजको सकारात्मक रूपान्तरणमा सामुदायिक रेडियोहरूको योगदान विषयमा अध्यक्ष चापागाईंले प्रकाश पार्दै नेपाली समाजको सकारात्मक रूपान्तरणका लागि दुर्गम र ग्रामीण भेगका जनतालाई सूचना संप्रेषण गर्दै समाज सशक्तीकरणमा सामुदायिक रेडियोहरूले खेलेको भूमिकाबारे व्याख्या गर्नुभएको थियो । सामुदायिक रेडियोलाई जनउत्तरदायीसहित सञ्चार संस्थाका रूपमा विकास गर्न संस्थागत विकासमा ध्यान दिनुपर्ने उहाँको जोड थियो । कार्यक्रममा संघका पूर्वअध्यक्ष तथा सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क) का सहअध्यक्ष मीनबहादुर शाहीले सामुदायिक रेडियोहरूको क्षमता अभिवृद्धि र स्थानीय सामुदायिक रेडियोहरूलाई विश्व समुदायसमक्ष सम्पर्क गराउन अमार्कले प्रभावकारी भूमिका खेल्न सक्ने स्पष्ट गर्नुभएको थियो । सम्मेलनमा अकोराबका वरिष्ठ उपाध्यक्ष किशोरजंग थापाले भूकम्पको समयमा रेडियोहरूले खेलेको भूमिका र अनुभवबारे स्पष्ट पार्नुभयो ।



**विषयगत छलफल र निष्कर्ष**

सामुदायिक रेडियो प्रसारक संघका क्रियाकलापहरूलाई प्रभावकारी बनाउने र संघको दिगो संस्थागत विकासका लागि आगामी दिनहरूमा संघले केकस्ता रणनीति बनाएर अघि बढ्नुपर्छ भन्नेमा छलफल गरेर साझा धारणा बनाउने प्रयास गरिएको थियो । यसका लागि सहभागीमध्येबाट चारवटा समूहमा विभाजन गरी विभिन्न विषयमा छलफल भएको थियो ।

छलफलबाट हालसम्म नेपालमा सामुदायिक रेडियोमैत्री नीति नभएकाले यसका लागि अकोराबले सरकारलाई यसतर्फ के कस्तो नीति बनाउनुपर्छ र संघले के कस्तो भूमिका निर्वाह गर्ने भन्नेबारे निष्कर्ष निकालिएको थियो । जसअनुसार सामुदायिक रेडियोको परिभाषा र त्यसका




आधारहरू नीतिमै उल्लेख गरी सरकारले नीति बनाउँदा इच्छा लागेका रेडियोहरूले आपसमा मर्जर हुन सक्ने प्रावधान राख्न सुझाव दिने निर्णय गरिएको छ ।

यसैगरी रिले स्टेसन खारेज गरी लाइसेन्स दिने मापदण्ड स्पष्ट गराउन जोड दिनुपर्ने भनिएको छ । रेडियोहरूको फ्रिक्वेन्सी एलोकेसन प्लानको तयार गरी जारी गर्नुपर्ने र त्यसैअनुसार लाइसेन्स जारी गर्नुपर्ने निर्णय गरियो । छलफलमा सामुदायिक रेडियोहरूलाई विषयवस्तु (थिमेटिक) केन्द्रित बनाउन उत्प्रेरित गर्दै आचारसंहितालाई नीतिको एक भागका रूपमा व्याख्या गरी सबै रेडियोका लागि मान्य बनाउन सुझाव दिने निर्णय गरिएको छ । यसका लागि अकोराबले निरन्तर रूपमा सञ्चार मन्त्रालयसँग सहकार्य गरी अन्य सरोकारवाला र नीति निर्माता‌लाई सामुदायिक रेडियोमैत्री नीति बनाउन निरन्तर बहस तथा पैरवी गर्दै यसबारे सदस्य रेडियोहरूलाई निरन्तर जानकारी गराउनु पर्ने छ ।

### सामुदायिक रेडियोहरूको भूमिका

उक्त छलफलमा सामुदायिक रेडियोहरूले पनि मर्म, भावना र अकोराबद्वारा जारी आचारसंहिताअनुसार कार्यक्रम उत्पादन र प्रसारण गर्नुपर्ने निर्णय भएको छ । त्यस्तै जिम्मेवारी र उत्तरदायी सञ्चारमाध्यमका रूपमा स्थानीय स्तरको सुशासन, समावेशीकरण र विकास केन्द्रित कार्यक्रमहरू निरन्तर प्रसारण गरी सामुदायिक रेडियोलाई विकास सञ्चारको मूल संवाहकका रूपमा स्थापित गर्न जोड दिइएको छ ।

### विपद् व्यवस्थापनमा

विपद् व्यवस्थापन गर्न र जोखिममा परेका जनसमुदायलाई उद्धार गर्न आवश्यक जानकारी र सूचनाहरू प्रवाह गर्ने प्रक्रियामा सामुदायिक रेडियोहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको छ । यस क्रममा २०७० सालको जुरेको पहिरोबारे रेडियो सिन्धुको समाचार संप्रेषण र २०७२ वैशाख १२ र त्यसपछिका भूकम्पको पराकम्पबारे सामुदायिक रेडियोहरूले सूचना प्रवाहलाई महत्वसाथ गरेका थिए ।

### अकोराबको भूमिका

विपद्का बेला सत्यतथ्यपरक र चेतनामूलक सन्देश प्रवाहका लागि तत्पर राख्न अकोराबको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यसका लागि सामुदायिक रेडियोहरूलाई विपद् पूर्वतयारी तालिम र विपद् व्यवस्थापन योजना निर्माण र समयमै सूचना प्रवाह गर्ने ज्ञान सीपबारे तालिम दिलाउनुपर्छ । यसका साथै विपद् व्यवस्थापनका लागि जगेडा योजनासहित क्षेत्रीय हबहरूमा जगेडा सामग्री, उपकरणहरूको व्यवस्था गराउन अकोराबको जिम्मेवारी हुनुपर्ने त्यस क्रममा जानकारी गराइएको थियो ।

### सामुदायिक रेडियोका विषयवस्तु

सम्मेलनमा सामुदायिक रेडियोको पहिचानलाई स्थापित गर्न सामुदायिक रेडियोका विषयवस्तुको विशेष भूमिका रहने ठम्याइएको थियो । सामुदायिक रेडियोहरूले फरक पहिचान स्थापित गर्न, समुदायप्रतिको जिम्मेवारी र जवाफदेहिता पूरा गर्न रेडियोहरूबाट प्रसारित सामग्रीको पनि विशेष महत्व हुन्छ । सामुदायिक रेडियोका सामग्रीलाई विश्वासिलो र स्तरीय बनाउन आगामी दिनमा अझ जिम्मेवारीसाथ लाग्नुपर्ने छलफलको निष्कर्ष थियो । ■



अकोराबको **१०औं** साधारणसभा

# तीन पूर्वप्रधानमन्त्रीद्वारा राष्ट्रिय सम्मेलन उद्घाटन




सामुदायिक रेडियो प्रसारक संघको १० औं साधारणसभा २०७१ भदौ १८ गते दोलखाको चरिकोटमा सम्पन्न भएको छ । तीन पूर्वप्रधानमन्त्रीद्वारा उद्घाटन गरिएको राष्ट्रिय सम्मेलनलाई देशभरका सामुदायिक रेडियोले प्रत्यक्ष प्रसारण गरेका थिए भने सबै सञ्चारमाध्यमले प्राथमिकताका साथ समाचार संप्रेषण गरे ।

एमाओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले निवर्तमान अध्यक्ष तथा पूर्वप्रधानमन्त्री झलनाथ खनाल र नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा सामुदायिक रेडियोको साधारणसभा उद्घाटन गर्न दोलखा पुग्दा भव्य स्वागत गरिएको थियो । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको १० औं साधारणसभा अवसरमा रेडियोहरूको राष्ट्रिय सम्मेलनसमेत गरिएको हो । कार्यक्रममा देशभरिका दुई सयभन्दा बढी सामुदायिक रेडियोका प्रतिनिधि सहभागी थिए ।



'सकारात्मक समुदाय रूपान्तरणका लागि सामुदायिक रेडियो' भन्ने नारासाथ सुरु साधारणसभाले सामुदायिक रेडियोहरूको पहिचान र विकासका लागि दोलखा घोषणापत्र जारी गरेको थियो । कार्यक्रममा स्थानीय रेडियोहरूको तर्फबाट स्वागत गर्दै रेडियो



शैलुङका अध्यक्ष शिवप्रसाद भण्डारीले नेपालमा सामुदायिक रेडियो प्रसारण सुरु भएको १७ वर्ष भए पनि सामुदायिक रेडियोको विकासका लागि सरकारले ध्यान नदिएको भन्दै सरकारले लिने नवीकरण शुल्क र रोयल्टी रकम मिनाहा गर्न माग गर्नुभयो ।

२ सय ५० भन्दा बढी सामुदायिक रेडियोका सञ्चालकहरू समक्ष नेपालका प्रमुख राजनीतिक दलका शीर्ष नेता तथा पूर्व प्रधानमन्त्रीहरूले नेपालका सामुदायिक रेडियोको विकास र प्रभावकारी सञ्चालनका लागि सहयोग पुऱ्याउन नयाँ नीतिको खाँचो रहेकाले छिट्टै त्यससम्बन्धी नियम ल्याउन आफूहरूले पहल गर्ने बताउनुभएको थियो ।

विगतमा सञ्चारमन्त्री हुँदै प्रधानमन्त्री र नेकपा एमालेको अध्यक्षसमेत बनिसक्नु भएका पूर्व प्रधानमन्त्री खनालले सामुदायिक रेडियोको विकासमा आफूले सहयोग पुऱ्याउने बताउनुभयो ।

सभालाई सम्बोधन गर्दै एमाओवादी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले सामुदायिक रेडियोको पहिचान र व्यवस्थापनका लागि आवश्यक नीति-ऐन बनाउन आफ्नो पार्टीले थप पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । कांग्रेस वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री देउवाले पनि सामुदायिक रेडियोको हितका लागि आवश्यक काम गर्ने प्रतिबद्धता जनाउनुभयो । संविधानमा प्रेस स्वतन्त्रताबारे स्पष्ट सम्बोधन हुने देउवाले बताउनुभयो । सामुदायिक रेडियो प्रसारक संघ नेपालका अध्यक्ष मोहन चापागाईँले लामो समयदेखि देशका सामुदायिक रेडियोले पुऱ्याएको योगदानलाई मुलुकको कानुनले चिन्न नसकेकोमा दुःख व्यक्त गर्दै आगामी दिनमा सहयोगको आग्रह गर्नुभयो । सामुदायिक रेडियोका पक्षमा सरकारले छुट्टै नीति बनाउन नसक्दा बेला-बेलामा सामुदायिक रेडियोहरूले सास्ती भोग्दै आएका छन् । कठिनताका बाबजुद नेपालका दूरदराजमा सञ्चालन भइरहेका सामुदायिक रेडियोको हितमा सरकारले आवश्यक नीति ल्याउन अति आवश्यक देखिएको उहाँको भनाइ थियो ।

साधारणसभामा महासचिवले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन, कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन र लेखा समितिको प्रतिवेदन परिमार्जनसहित पारित भएको छ । अकोराबको १० औं साधारणसभा तथा सामुदायिक रेडियोहरूको चरिकोट सम्मेलनले १५ बुँदे दोलखा घोषणापत्र जारी गरेको थियो । ■



# लुम्बिनी पर्यटन प्रबर्द्धनमा हातेमालो



सरकारले लिएको पर्यटन नीति र पर्यटन प्रबर्द्धनमा सामुदायिक रेडियो प्रसारक संघले सहकार्य सुरू गरेको छ । नेपालमा भएका प्रचुर पर्यटकीय संभावना स्थलमध्ये विश्व सम्पदा सूचीको लुम्बिनीको अन्तरिक पर्यटनमा सहयोग गर्न लुम्बिनी विकास कोषसँग छलफल गरेको छ । छलफलपछि २०७२ चैत ११ देखि १३ गतेसम्म सामुदायिक रेडियोका केन्द्रीय टोलीले लुम्बिनी भ्रमण गरेको थियो । सामुदायिक रेडियोमा कार्यक्रम उत्पादन र प्रसारण गर्न प्रोत्साहन गर्ने उद्देश्यले भ्रमण गराइएको हो । भ्रमणमा सामुदायिक रेडियोका ३१ प्रतिनिधिसहित तत्कालीन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री आनन्द पोखरेल र लुम्बिनी विकास कोषका पदाधिकारीको उपस्थिति थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पोखेलले देशभरका सामुदायिक रेडियोसँग सहकार्य भए पर्यटनको विकासले फड्को मार्ने बताउनुभयो । कोषका सदस्यसचिव अजितमान तामाङले लुम्बिनीमा भएका सम्पदाको जानकारी दिँदै आन्तरिक पर्यटन प्रबर्द्धनमा लुम्बिनी विकासका रणनीतिबारे प्रकाश पार्नुभयो । परियोजना संयोजक रामचन्द्र सेढाईंले लुम्बिनी विकास कोष परियोजनाले गरेका गतिविधिको प्रस्तुति गर्नुभयो भने लुम्बिनी विश्वविद्यालयका प्राध्यापक लिलक आचार्यले लुम्बिनीको इतिहास र त्यससम्बन्धी जानकारीमूलक प्रस्तुति गर्नुभएको थियो ।

पहिलो दिन सबै रेडियोकर्मीलाई लुम्बिनीको जानकारीमूलक स्थलगत भ्रमण गराई विभिन्न छिमेकी मित्रराष्ट्रको सहयोगमा निर्मित बिहार तथा बौद्ध गुम्बाको भ्रमण गराइयो । दोस्रो दिन कपिलवस्तुको तिलौराकोट, निग्लिहवा, गोटीहवा, सगरहवा, रामग्राम, देवदहलगायत स्थलको भ्रमण गराइएको थियो ।

भ्रमण क्रममा सामुदायिक रेडियोकर्मीलाई लुम्बिनीबारे विस्तृत जानकारी गराएको र विभिन्न जिल्लाका रेडियोले यसबारे कार्यक्रम नै उत्पादन गरी प्रसारण गर्ने अवसर प्रदान गरेको सामुदायिक रेडियो प्रसारक संधका पदाधिकारीले बताएका थिए । हालसम्म आन्तरिक पर्यटन प्रबर्द्धनमा सञ्चारमाध्यम खासगरी ७४ जिल्लामा सञ्चालित २९३ सामुदायिक रेडियोको भूमिका महत्वपूर्ण हुनेमा चर्चा गरिएको थियो । ६५ भन्दा बढी भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने गरेकाले विभिन्न भाषामा लुम्बिनी र पर्यटन संभावनाबारे साझेदारी गर्नुपर्नेमा अकोराबका पदाधिकारीले कोषलाई सुझाव दिए । लुम्बिनीमा भएको तीन दिने भेलाले सामुदायिक रेडियो र लुम्बिनी विकास कोषको साझेदारीका संभावना उजागर गरेको छ । भेलाले कोष र संघबीच आगामी दिनमा आन्तरिक पर्यटन प्रबर्द्धनमा के कस्तो भूमिका खेल्न सक्छ भन्ने विषयमा समेत छलफल गरी साझा रणनीति तय गर्न निर्देशित गरेको छ । ■

# क्षमता अभिवृद्धि कार्यक्रमहरू

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले देशभरका सामुदायिक रेडियोलाई आवश्यक विभिन्न किसिमका प्राविधिक सहयोग प्रदान गर्नुका साथै रेडियोमा कार्यरत प्राविधिकको क्षमता अभिवृद्धिका लागि तालिम पनि दिँदै आएको छ ।

अकोराब र बीबीसी मिडिया एक्सनसँगको सहकार्यमा देशका तीन विकास क्षेत्रमा रहेका सामुदायिक रेडियोका प्राविधिकलाई आवश्यक तालिम दिइएको छ । विभिन्न विकास क्षेत्रमा 'हब' स्थापना हुनेगरी नेपालगञ्ज, डडेल्धुरा र पोखरामा सञ्चालन भएको तालिममा सयभन्दा बढी जना प्राविधिकलाई क्षमता विकास र रेडियोमा आइपर्न सक्ने सामान्य कठिनाइको समाधानबारे प्रशिक्षित गराइएको हो । ग्रामीण तथा विकट क्षेत्रका रेडियो स्टेसनमा आइपर्ने सामान्य खराबीले पनि रेडियो बन्द हुन सक्ने र सामान्यभन्दा सामान्य समस्या लिएर ठूलो खर्च गरी काठमाडौं आउनुपर्ने समस्यालाई सकेसम्म सोही रेडियोकै प्राविधिकले समाधान गर्न सक्ने बनाउनु तालिमको मुख्य उद्देश्य रहेको थियो । तालिममा नयाँ सफ्टवेयरबाट ध्वनि सम्पादन गर्ने, स्टुडियो उपकरण जडान गर्ने, वायरिङ, एफएम ट्रान्समिटर भित्र रहेका उपकरणबारे छलफल गर्नुका साथै अर्थिङ, ब्याट्री ब्याकअप र सोलारको प्रयोगबारे जानकारी दिइएको थियो । तालिममा तत्काले सहभागीलाई प्रयोगात्मक कामसमेत गराइएको थियो । तालिम सैद्धान्तिक र व्यावहारिक दुवैमा आधारित भएकाले प्राविधिकको क्षमता अभिवृद्धिमा थप सहयोग पुगेको छ । तालिममा सहभागी प्राविधिकलाई रेडियोका लागि आधारभूत आवश्यक उपकरणहरु (टुल्स बक्स) पनि वितरण गरिएको छ ।

**ब्रोडकास्ट इन्जिनियरिङ तालिम**

बीबीसी वर्ल्ड सर्भिसले सहयोगी संस्थाको क्षमता अभिवृद्धिका लागि एक वर्षअघि ब्रोडकास्ट इन्जिनियरिङ ट्रेनिङ संयुक्त अरब इमिरेट्स् (युएई) को दुबईमा सञ्चालन गऱ्यो । २०१५ को ९ मार्चदेखि १३ मार्चसम्म भएको तालिममा अकोराबका तर्फबाट इन्जिनियर रादिप महर्जन सहभागी हुनुभएको थियो । प्रशिक्षकद्वय जोनाथन रवसन र साईमन गोश्वयले प्रोजेक्ट म्यानेजमेन्ट र नयाँ प्रविधिबारे दिएको प्रशिक्षणमा ७ देशका ११ ब्रोडकास्ट इन्जिनियर सहभागी थिए ।

## पाँचै विकास क्षेत्रमा 'हब' स्थापना

सामुदायिक रेडियो प्रसारक संघले सदस्य रेडियोको क्षमता अभिवृद्धि गर्ने क्रममा देशका पाँचै विकास क्षेत्रमा मुख्य केन्द्र हुनेगरी प्राविधिक 'हब' स्थापना गरेको छ । क्षेत्रीय सेवा केन्द्र स्थापना गर्दा विभिन्न शर्तहरु पनि राखिएका छन् । जस्तै, क्षेत्रीय सेवा केन्द्र राख्दा त्यस क्षेत्रका सबै जिल्लालाई पायक पर्ने ठाउँमा राखिनु पर्ने, निःशुल्क एक कोठा उपलब्ध गराउनु पर्ने र सो कोठामा एक सेट फर्निचर, बिजुली र सम्पर्क टेलिफोन सेवा उपलब्ध हुनुपर्ने छ । कोठामा दराजको व्यवस्था भने अकोराबले गर्ने छ । तालिममा सहभागी प्राविधिकको सदस्य रेडियोमा माग भएमा सेवा दिन मन्जुर हुनुपर्ने छ ।

मध्य-पश्चिमाञ्चलको नेपालगञ्जमा रहेको रेडियो कृष्णसार एफएम ९४ मेगाहर्ज, सुदूरपश्चिमाञ्चलको डडेल्धुरामा रहेको रेडियो सुदूर आवाज ९५ मेगाहर्ज, पूर्वाञ्चलको धनकुटामा रहेको रेडियो मकालु ९२.२ मेगाहर्ज, मध्यमाञ्चलको चितवनको रेडियो नारायणी १०२.२ मेगाहर्ज र पश्चिमाञ्चलको रुपन्देहीमा रहेको रेडियो लुम्बिनी ९६.८ मेगाहर्जलाई समग्रमा केन्द्र मानी 'हब' को स्थापना गरिएको हो । क्षेत्रीय 'हब' को अनुगमन र सामग्री प्रयोगबारे 'हब'हरुबाट केन्द्रलाई प्रतिवेदन बुझाउने गरी निर्देशन दिइएको छ । क्षेत्रीय 'हब'ले सामुदायिक रेडियोको प्राविधिक समस्यालाई समाधान गर्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

**स्थापित 'हब' मा वितरण गरिएका सामग्री :**
Clamp meter (AC/DC), Soldering Iron, - De solder pump, Solder led, Cutter, Nose Plier, Combination Plier, Monkey Plier, Wire Stripper, Tweezer, Screw Driver set, Precision screw set, Jewelers screw driver set, Slide Wrench, Measuring Tape, Hydrometer, Hammer, Drill Machine, Drill bits, Paper cutter, Networking clamper, Network cable tester, Network Socket clamper, Rubber Tape, Tool Box

# सामाजिक बजारीकरण तथा आय-आर्जन तालिम

सामुदायिक रेडियोका स्टेसन प्रमुखको बजार व्यवस्थापन तथा कोष संकलनका लागि क्षमता अभिवृद्धि गर्न बीबीसी मिडिया एक्सनको सहयोगमा सामुदायिक रेडियो प्रसारक संघद्वारा पूर्वाञ्चलको इटहरी तथा मध्यमाञ्चलको सौराहा (चितवन), पश्चिमाञ्चलको लुम्बिनी, मध्यपश्चिमाञ्चलको ठाकुरद्वारा, बर्दिया तथा सुदूरपश्चिमाञ्चलको डडेल्धुरामा सामुदायिक रेडियोका लागि सामाजिक बजारीकरण तथा आय-आर्जन तालिम सञ्चालन गरिएको छ । तालिममा १५८ जना स्टेसन प्रमुखको सहभागिता थियो ।

तालिममा सामाजिक बजारीकरणको अवधारणा र त्यसको व्यावहारिक उपयोगबारे जानकारी गराउँदै सामुदायिक रेडियोले समाजको सकारात्मक रूपान्तरणका लागि खेल्न सक्ने भूमिका र सो भूमिका खेल्दा प्राप्त हुन सक्ने सम्भावित बजारका स्रोत र त्यसमा सामुदायिक रेडियोको पहुँच विस्तारबारे छलफल गरिएको थियो । सामुदायिक रेडियोले हालसम्म अपनाएका बजार रणनीतिबारे सहभागीहरूले अनुभवहरु आदान-प्रदान गरेका थिए । सामाजिक बजारीकरण तथा कार्ययोजनाबारेमा समूहगत छलफल गरी प्रस्तुत गरिएको थियो । सैद्धान्तिक प्रस्तुति र समूहगत छलफलद्वारा भएको सिकाई दिगो र व्यावहारिक भएको धारणा तालिमका सहभागीले राखेका थिए ।

यस तालिमले सहभागी सबै सामुदायिक रेडियोहरूलाई सामाजिक बजारीकरण योजना बनाई दिगो रूपमा आयआर्जनका स्रोत खोज्न अभिप्रेरित गरेको छ ।

## 'नयाँपन थप्न प्रेरित गऱ्यो'

सरगम रेडियो स्थापना त भयो, तर हामीसँग बजार विस्तार गर्ने कुनै योजना थिएन । यसै पनि झापामा यसअघि नै ६ वटा व्यावसायिक रेडियो प्रसारणमा थिए । उनीहरूसँगको प्रतिस्पर्धा पनि थियो । त्यसमा सामुदायिक हुनुको कर्तव्यबोध पनि हामीमा थियो । बजार नीतिको सही योजना नहुँदा आर्थिक रूपमा रेडियोहरु धराशायी बन्दै गइरहेको अवस्थाले सशंकित बनाइरहेको थियो । अकोराबद्वारा २०७१ माघ १४ देखि १७ गतेसम्म पूर्वाञ्चलका सामुदायिक रेडियोका स्टेसन म्यानेजरका लागि सामुदायिक दिइएको बजार व्यवस्थापन र कोष संकलन तालिममा सहभागी हुने मौका पाएँ ।

तालिमबाट वास्तवमा सामुदायिक रेडियो र समुदायबीचको सम्बन्धको आभास पाइयो । सामुदायिक रेडियोको परिभाषामा नै केही संशोधन गर्नुपर्छ कि भन्नेसमेत छलफल गरिएको उक्त चार दिने बसाइँ सामुदायिक रेडियोले बजारमा उपस्थिति जनाउँदा के कसरी जानुपर्छ भन्ने विषयमै केन्द्रित थियो । सामुदायिक रेडियोले मुनाफा नै आर्जन गर्दैन भन्ने बुझाइलाई चिर्दै रेडियोले मुनाफा कमाउने तर त्यो त्यही समुदायको हितमा खर्च गर्ने भन्ने कुरा नै तालिमको मुख्य विषय थियो । जुन मेरा लागि अत्यन्तै नयाँ रह्यो । सामाजिक संघसंस्थासँग समन्वयमा थुप्रै रेडियो कार्यक्रम उत्पादन गरेर प्रसारण गरिरहेको भए पनि यो ढंगबाट बजारी करणको योजना लागू गर्न सकिन्छ भन्ने सोच पलाएको थिएन । रेडियोले जनचेतनामूलक सामग्री प्रसारण गर्ने र त्यसबाट समाज रूपान्तरणमा आएको परिवर्तन नै रेडियोका देखिने काम हो भन्ने गरेको म र मजस्ता धेरै साथीका लागि रेडियोले पनि भौतिक रूपमा समाजमा काम गर्न सक्छ भन्ने कुरा अत्यन्त नौलो र उत्साहबर्द्धक थियो । सामुदायिक रेडियोको बजारीकरणमा नयाँपन थप्न प्रेरित गर्ने उक्त मेरो अवधारणामा नयाँपन दिन सफल भयो । सामुदायिक बजारीकरण सिद्धान्तलाई अवलम्बन गर्न सकिए हाल व्याप्त सामुदायिक र व्यावसायिक रेडियोबीचको उद्देश्यमा पनि आमसमुदायले सजिलै बुझ्न सक्ने छन् ।

-ज्ञानेन्द्र निरौला
स्टेसन म्यानेजर, रेडियो सरगम

सयौं रेडियो, हजारौं रेडियोकर्मी र करोडौं नेपालीको माझमा छ, अहिले सामुदायिक सूचना नेटवर्क (सीआईएन) । किनकि, देशको अहिलेसम्मकै सबैभन्दा ठूलो सामाजिक रेडियो नेटवर्क हो यो । यसमा देशभर प्रसारणमा रहेका सबै २ सय ९३ सामुदायिक रेडियो आबद्ध छन् । तीमध्ये २ सय ७० भन्दा बढी रेडियोमा सीआईएनको स्याटेलाइट रिसिभर जोडिएको छ । सामुदायिक सीआईएनले साझेदारसँगको सहकार्य र आफ्नै पहलमा हरेक दिन कार्यक्रम उत्पादन गरिरहेको छ । आफ्नो पहलमा साझा खबरसहित हरेक दिन ९ वटा र हप्तामा ६४ वटा कार्यक्रम आफ्नै पहलमा उत्पादन र प्रसारण भइरहेका छन् । साझेदारीमा हप्तामा चारवटा कार्यक्रम उत्पादन र प्रसारण भइरहेका छन् ।

Community Information Network

## CIN Broadcasting Schedule

### बिहान

| Time | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday | Saturday |
|---|---|---|---|---|---|---|---|
| 05:30-06:00AM | Opening | Opening | Opening | Opening | Opening | Opening | Opening |
| 06:00-06:30AM | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर |
| 06:30-07:00AM | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जनजीवन |
| 07:00-07:15AM | मिलिजुली | - | मिलिजुली | मिलिजुली | मिलिजुली | मिलिजुली | मिलिजुली |
| 07:15-07:30AM | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली |
| 07:30-07:45AM | विकासको बाटो | | महिला समानता | | | नेपालीको संविधान १५मि. | साझा नेपाल |
| 07:45-08:00AM | | | | | | | |
| 08:00-08:30AM | | | | | | नेपालचौतारी ८.१० (AFN) | सुनाखरी ८.२०(AFN) |
| 08:30-09:00AM | | | | | | | |
| 09:00-09:30AM | साथी सँग मनका कुरा- Repeat | | | | | सेती काली- 9.15 शुरु | |
| 09:30-09:45AM | | | | | | | |
| 07:15-07:30PM | | | | बेलुका | | | |
| 07:30-08:00PM | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर | साझा खबर |
| 08:00-08:45PM | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जीवन रक्षा | जनजीवन |
| 08:45-09:00PM | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली | बिबिसी नेपाली |
| 09:00-09:15PM | साझा सवाल | | | | | | |
| 09:15-09:30PM | | मिलिजुली | मिलिजुली | मिलिजुली | मिलिजुली | मिलिजुली | मिलिजुली |
| 09:30-09:45PM | | Closing | Closing | Closing | Closing | Closing | Closing |

